# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS – NEPALI

## SEMESTER-II

# साहित्य-तत्त्व तथा पूर्वीय काव्य सिद्धान्त

## NEP (DE)-PG-C-203

# BLOCK – 1

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U., Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: (O) +91 0353-2776331/2699008

Fax: (0353) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# साहित्य-तत्त्व तथा पूर्वीय काव्य सिद्धान्त

## BLOCK-1


एकाइ – 1, काव्यको परिचय, काव्य तथा साहित्यका विविध विधा.................8

एकाइ – २, काव्य हेतु र काव्य प्रयोजन.................................................45

एकाइ – ३, काव्यका प्रकार, काव्य गुण र दोष.........................................67

एकाइ – ४, रीति र शैली, छन्द र अलङ्कार,...........................................112

एकाइ – ५, ध्वनिको अर्थ र परिचय, ध्वनि विरोधी मत र तिनका खण्डन 187

एकाइ – ६, शब्दशक्ति र व्यङ्ग्यार्थ.......................................................215

एकाइ – ७, काव्यमा ध्वनिको स्थान, उपयोगिता र महत्व, ध्वनिका भेद - उपभेदहर.............................................................................257


## BLOCK-2


एकाइ – ८, रसको अर्थ र परिचय, रसोत्पत्ति प्रक्रिया र चिन्तनको विकासक्रम

एकाइ – ९, रसको स्वरूप र रसानुभूति प्रक्रिया

एकाइ – १०, काव्यमा रसको स्थिति, रसदोष

एकाइ – ११, रसवादको प्राप्ति र सीमा

एकाइ – १२, विविध रसहरूको सोदाहरण परिचय

एकाइ – १३, वक्रोक्तिको अर्थ र परिभाषा, वक्रोक्तिबारे चिन्तनको विकासक्रम

एकाइ – १४, वक्रोक्तिका भेदहरू, काव्य तथा समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान र महत्व

# BLOCK-1 साहित्य-तत्त्व तथा पूर्वीय काव्य सिद्धान्त

यस **साहित्य-तत्त्व तथा पूर्वीय काव्य सिद्धान्त**अन्तर्गत रहेको यस प्रभाग - १ लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – १, काव्यको परिचय, काव्य तथा साहित्यका विविध विधा ।** यस एकाइमा काव्यको विविध विधाहरूबारे विशेष विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ काव्यको परिचयलाई केलाउंधै यसका विभिन्न साहित्यिक विधाहरूको जस्तै – श्रव्यकाव्य, दृष्यकाव्य, महाकाव्य, खण्डकाव्य, चम्पूकाव्य, मुक्तककाव्य आदिलाई यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ ।

**एकाइ – २, काव्य हेतु र काव्य प्रयोजन ।** यस एकाइमा काव्य हेतु र काव्य प्रयोजनबारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ काव्य वा साहित्यका विभिन्न हेतुहरूलाई केलाइएको छ भने यस अतिरिक्त काव्य प्रयोजनका विभिन्न बुँदाहरू आदिको पनि अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यस बाहेक काव्य हेतुको अर्थ र परिभाषा, काव्यमा यसको प्रयोजन र महत्व, यसका भेदहरू आदिबारे अध्ययन गर्नुको साथै काव्य प्रयोजनको अर्थ र परिभाषा, काव्य वा साहित्यमा यसको महत्व र मूल्य , काव्य प्रयोजनको प्रकार आदिको अध्ययन यस एकाइमा गरिएको छ ।

**एकाइ – ३, काव्यका प्रकार, काव्य गुण र दोष ।** यस एकाइमा काव्यका विभिन्न प्रकार, काव्य गुण र दोषबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन काव्य कति प्रकारका हुन्छन् र यसका प्रकारहरू महाकाव्य, खण्डकाव्य, चम्पूकाव्य, लामो कविता, मुक्तक आदिको अध्ययन यस एकाइमा गरिने छ । यसका साथै काव्य गुणको अर्थ र परिभाषा, यसको काव्यमा प्रयोजन र उपयोगिता, काव्य गुणका प्रकारहरूबारे पनि यस एकाइमा अध्ययन गरिएको छ । यति मात्र नभएर काव्य दोषको अर्थ र परिभाषा, यसको काव्य वा साहित्यमा महत्व र मुल्य, काव्य दोषको प्रकार आदिको पनि उक्त एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – ४, रीति र शैली, छन्द र अलङ्कार, प्रतीक र बिम्ब ।**

यस एकाइमा रीति, शैली, छन्द, अलङ्कार, प्रतीक, बिम्ब आदिलाई अध्ययन गरिने छ । यस अध्ययन गनार्थ रीतिको अर्थ र परिभा, यसको

उत्पत्ति, काव्य वा साहित्यमा रीतिको मूल्य र महत्व, रीतिको प्रकार आदिको अध्ययन साथै शैलीको अर्थ र परिभाषा, काव्यमा यसोक महत्व र उपयोगिता, शैलीको प्रकार, यसको महत्व आदिको अध्ययन गरिएको छ । यस एकाइमा छन्द र अलङ्कारको अर्थ र परिभाषा, काव्यमा यी दुवैको महत्व र मूल्य, छन्द र अलङ्कारको प्रकारहरू आदिबारे पनि यस एकाइमा अध्ययन गरिएको छ । यसका अतिरिक्त प्रतीक र बिम्बबारे पनि विषद रूपमा अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – ५, ध्वनिको अर्थ र परिचय, ध्वनि विरोधी मत र तिनका खण्डन ।** यस एकाइमा धव्निबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ ध्वनिको अर्थ र परिभाषा, ध्वनि सिद्धन्त, ध्वनि विरोधी मत र ती विरोधी मतहरूको खण्डन र मण्डन पनि यस एकाइमा गरिएको छ । यसका साथै ध्वनि विरोधी मत किन र कसरी उत्पन्न भए ? साथै यस मतको किन साहित्यमा खण्डन गरिए ? भन्ने विशयमा पनि अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । मूलरूपमा ध्वनि विरोधी मतहरू कति प्रकारका छन् र ती विरोदी मतहरू क – कसद्वारा गरिएका हुन् ? भन्ने विशयमा यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – ६, शब्दशक्ति र व्यङ्ग्यार्थ ।**

यस एकाइमा शब्दश्कतिको विषद् रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ शब्दशक्तिको अर्थ र परिभाषा, शब्दशक्तिको काव्य वा साहित्यमा मूल्य र महत्व, शब्दशक्तिको विभिन्न प्रकारहरू आदिबारे अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका साथै शब्दशक्तिका तीन प्रकारहरू अमिधा, लक्षणा र व्यञ्जना अनि यी तीनका उपभेदहरूबारे यस एकाइमा विस्तृत रूपमा उदाहरण सहित अध्ययन गरिएको छ ।

**एकाइ – ७, काव्यमा ध्वनिको स्थान, उपयोगिता र महत्व, ध्वनिका भेद - उपभेदहरू ।**यस एकाइमा काव्यको सन्दर्भमा ध्वनिको विशेष अध्ययन गरिने छ । यस अध्ययन गनार्थ ध्वनिको सामान्य परिचय प्रस्तुत गर्दै काव्यमा ध्वनिको स्थान के कस्तो रहेको पाइन्छ यसबारे अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका साथै काव्यमा ध्वनिको उपयोगिता र महत्व के कस्तो रहेको छ भन्ने विषयमा पनि विस्तृत रूपमा यस एकाइमा अध्ययन गरिएको छ । यति मात्र नभएर ध्वनिको विभिन्न भेद र यी भेदहरूकमा विभिन्न उपभेदबारे पनि यस एकाइमा अध्ययन गरिएको छ ।

# एकाइ – 1, काव्यको परिचय, काव्य तथा साहित्यका विविध विधा

## संरचना

1.0 उद्देश्य

1.1 परिचय

1.2 काव्यको अर्थ र परिभाषा

1.3 काव्य तथा साहित्यका विविध विधा

1.4 स्वरूपको आधारमा काव्यको भेद

1.4.1 शैलीको आधारमा काव्यको भेग

1.4.1.1 श्रव्यकाव्य

1.4.1.2 प्रबन्ध काव्य

1.4.1.3 महाकाव्य

1.4.1.4 खण्डकाव्य

1.4.1.5 कविता

1.4.1.6 लामो कविता

1.4.1.7 उपन्यास

1.4.1.8 मुक्तक काव्य

1.4.2 दृश्यकाव्य

1.4.2.1 नाटक

1.4.2.2 रूपक

1.4.3 शैलीको आधारमा काव्यको भेद

1.4.3.1 पध्यकाव्य

1.4.3.2 गध्यकाव्य

1.4.3.3 चम्पूकाव्य

1.5 उपसंहार

1.6 सार

1.7 अनुशीलनी

1.8 अतिरिक्त अध्ययन

1.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 1.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- काव्यको सामान्य परिचय
- काव्यका अर्थ र परिभाषा
- काव्य वा साहित्यका विविध विधाहरू
- श्रव्यकाव्य र दृष्यकाव्य साथै यसका विविध विधाहरू कविता, कथा, उपन्यास, नाटक, निबन्ध, समालोचना आदिबारे अध्ययन

## १.२ परिचय

कविता साहित्यको एउटा पुरानो विधा भएकोले संसारका प्राय: साहित्यको थालनी पध्यबाटै भएको मानिन्छ । कवितालाई विशेष पध्य रचना भनि चिनिन्छ । संस्कृत भाषाको 'पद्' धातुमा 'ध्य' प्रत्यय लागेर बनिएको **पध्य** शब्दको शाब्दिक अर्थ चरण वा पाउ हो । यसअनुरूप कुनै चरण वा

पाठ, पद आदिमा बाँधिएको शास्त्रीय वा लौकिक छन्दोबद्ध रचनालाई पध्य भनिन्छ ।

काव्य, कविता या पद्य, साहित्यको त्यो विधा हो, जसमा कुनै कहानी या मनोभावलाई कलात्मक रूपले कुनै भाषाका माध्यमद्वारा अभिव्यक्त गरिने गरिन्छ । भारतमा काव्यको इतिहास र कविताको दर्शन बहुतै पुरानो मानिन्छ । यसको प्रारम्भ भरतमुनिबाट बुझ्न सकिन्छ । काव्यको शाब्दिक अर्थ काव्यात्मक रचना या कविको कृति हो, जो छन्दका शृङखलाहरूमा विधिवत रहने गरद्छ । यसैले काव्य त्यो वाक्य रचना हो, जसद्वारा चित्त कुनै रस या मनोवेगले पूर्ण हुँदछ । अर्थात् यो जुनरूपमा चुनिएका शब्दहरूका माध्यद्वारा कल्पना र मनोवेगहरूलाई प्रभावित गर्ने गर्दछ । **रस - गंगाधर**मा 'रमणीय' अर्थलाई प्रतिपादक गर्ने शब्दलाई 'काव्य' भनिएको छ । 'अर्थको रमणीयता' अन्तर्गत शब्दको रमणीयता वा शब्दलङ्कार पनि सम्झेर मानिसहरूले यसलाई स्वीकार गरेका छन् । यसबाट काव्यको लक्षण बहुतै स्पष्ट नभएको प्रतीत हुन्छ । **साहित्य दर्पणा**कार विश्वनाथको काव्यबारे लक्षणलाई सबैभन्दा सठीक मानिने गरिन्छ । उनको मतअनुसार 'रसात्मक वाक्य नै काव्य हो ।' रस अर्थात् मनोवेगहरूका सुखद संचारलाई काव्यको आत्मा मानिने गरिन्छ ।

**काव्यप्रकाश** कृतिमा तीन प्रकारका काव्यबारे कुरा गरिएको पाइन्छ । ती हुन् - ध्वनि, गुणीभूत व्यंग्य र चित्र । ध्वनि काव्य त्यो हो, जसमा शब्दहरूबाट निकलिएको अर्थ (वाच्य) प्रधान रूपमा रहेको हुन्छ । गुणीभूत व्यङ्ग्य काव्यमा अर्थको अभिप्राय कम रूपमा रहेर व्यङ्ग्य प्रधान रूपमा रहेको हुन्छ । यसरी नै चित्र काव्यमा विना व्यङ्ग्य अर्थको चमत्कार रहने

गर्दछ । यसैले यस्तो काव्यलाई अलङ्कार प्रधान काव्य पनि भनिने गरिन्छ । यी तूनै प्रकारका काव्यहरूलाई क्रमशः उत्तम, मध्यम र अधम पनि भन्न चलन छ । कतिपय विद्वानहरूले काव्यलाई दुई भेदमा विभक्त गरेका पनि छन् - महाकाव्य र खण्डकाव्य । महाकाव्य सर्गबद्ध र यसको नायक कुनै देवता, राजा या धीरोदात्त गुंण सम्पन्न क्षत्रिय हुनु पर्दछ । यसमा शृङ्गार, वीर या शान्त रसहरूमा कुनै एउटा रस प्रधानरूपमा रहेको हुनुपर्दछ । बीच - बीचमा करुणा, हास्य इत्यादि र रस तथा अन्य नायकहरूको प्रसङ्ग पनि आउनु पर्दछ । महाकाव्य कम्तिमा पनि आठ सर्गमा लेखिएको हुनुपर्छ । यो महाकाव्यको लक्षण हो । महाकाव्यमा सन्ध्या, सूर्य, चन्द्र, रात्रि, प्रभात, मृगया, पर्वत, वन, ऋतु, सागर, संयोग, विप्रलम्भ, मुनि, पुर, यज्ञ, रणप्रयाण, विवाह आदिका यथास्थान सन्निवेश भएको हुनु आवश्याक छ ।

मूलरूपमा काव्य वा साहित्यका विविध विधाहरूलाई अध्ययन – अवलोकन गर्दा काव्य मुख्य दुई प्रकारका हुन्छन् । ती हुन् - दृश्यकाव्य र श्रव्यकाव्य । दृश्य काव्य भनेको त्यो काव्य हो, जसमा अभिनयद्वारा अभिव्यक्ति गरिने साहित्यिक विधाहरू पर्दछन् । नाटक, प्रहसन आदि जो पढ़न र सुन्न योग्य हुन्छन् , यसलाई श्रव्य काव्य भनिन्छ । श्रव्यकाव्य पनि दुई प्रकारका हुन्छन् । ती हुन् - गध्य र पध्यकाव्य । पध्यकाव्य अन्तर्गत महाकाव्य र खण्डकाव्य दुई भेद पर्दछन् । गध्यकाव्य पनि अझ दुई प्रकारका हुन्छन् – कथा र आख्यायिका । विशेष कथा, उपन्यास गध्याख्यान भित्र पर्ने हुनाले यसलाई गध्यकाव्य पनि भन्न सकिन्छ ।

## 1.3 काव्यको अर्थ र परिभाषा

सामान्यत: संस्कृत वा पूर्वीय साहित्यका काव्य – साहित्यबारे अवधारलाई आधार गरेर काव्यको अर्थ र परिभाषा विद्वानहरूले खुट्याएको पाइन्छ । काव्य भनेको वास्तवमा कविता नै हो । **कवि** शब्दबाट बनिएको कविता 'कवृ' धातु **कव** मा **इ** प्रत्यय गाँसेर बनेको हो । कवि शब्दमा **त** (तल्) र **आ** (टाप्) प्रत्यय गासिएर कविता शब्द बनिएको पाइन्छ । **कवि** कविता रच्ने स्रष्टा हुन् भने **ता** प्रत्ययले कविको सिर्जनालाई बुझाउँछ । कवितालाई काव्य पनि भनिन्छ, जसको व्युत्पादन पनि संस्कृतबाट नै भएको हो । संस्कृतको ण्य/ ण्यत्/ ष्य<य प्रत्यय लगाएर **काव्य** शब्दको निर्माण भएको उल्लेख पाइन्छ । कविता भनेको कविद्वारा सिर्जना गरिएको रचना हो । सजिलो अर्थमा कवि कर्मलाई कविता भन्न सकिन्छ । कविले नै कविता लेख्ने हुनाले कवितालाई कविको कर्म भनिएको हो । कविको भाव वा कविकर्मलाई नै वास्तवमा कविता भनिन्छ ।

अङ्ग्रेजीमा कवितालाई पोयट्री वा पोयिम भनिन्छ । पोयिम शब्द ग्रिक ल्याटिनबाट विकसित भएको प्राचीन शब्द हो । यसले कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावद्वारा व्यक्त पद्यात्मक तथा गद्यात्मक रचना भन्ने अर्थलाई बुझाउँदछ । कविताको परिभाषाबारे पूर्व र पश्चिम दुवैका साहित्यका आचार्य, विद्वान, समीक्षक आदिले आ – आफ्नै धारणा – मत प्रकट गरेका पाउँछौं । पूर्वीय वा संस्कृत साहित्यमा काव्यबारे चर्चा गर्ने पहिलो आचार्य भरतमुनि हुन् । सम्भवतः उनले ईशाको दोस्रो शताब्दीतिर आफ्नो कृति **नाट्यशास्त्र**मा काव्यलाई चिनाउने झीनो प्रयास गर्दै कोमल पदयुक्त, सुबोध, गुढ शब्दार्थ रहित नृत्यमा उपयोग गरिने सकिने रसयुक्त र सन्धियुक्त रचना

नै कविता हो भनेका छन् । आचार्य भामहका अनुसार शब्द र अर्थयुक्त रचना काव्य हो । यसरी नै आचार्य दण्डीले अभीष्ट अर्थले युक्त पदावलीलाई काव्य भनेका छन् ।

**अग्नि पुराण**अनुसार अलङ्कार र गुणले युक्त संक्षेपी पदावली र दोषमुक्त रचना नै काव्य हो । ध्वनिवादी आचार्य आनन्दवर्धनले ध्वनिलाई नै कविताको आत्मा मान्दै शब्द एवम् अर्थ शरीर भएको काव्य हो भनेका छन् । रीतिवादी आचार्य वामनका अनुसार रीति नै काव्यको आत्मा हो । वक्रोक्तिवादी आचार्य कुन्तकले वक्र शैलीमा रचित आनन्ददायक शब्द र अर्थ नै काव्य हो भनेका छन् । आचार्य मम्मटका अनुसार रस र गुणयुक्त अदृष्ट शब्दार्थ काव्य हो । रसवादी आचार्य विश्वनाथ रसात्मक वाक्यले भरिएको कृतिलाई काव्य मानेका छन् । आचार्य रुद्रटका अनुसार शब्द र अर्थ नै काव्य हो । पूर्वीय आचार्य भोजले दोषले रहित गुणले सहित र अलङ्कारहरूले सुसज्जित भएको रसात्मक वाक्य रचना नै काव्य हो भनेका छन् । आचार्य क्षेमेन्द्रका अनुसार विशिष्ट शब्द र अर्थको सहभाव भएको र अलङ्कारयुक्त पदावलीलाई काव्य भनिन्छ । आचार्य वाग्भट्टका अनुसार साधु शब्द र अर्थले युक्त भएको तथा रीतु र रस भएखो गुण र अलङ्कारयुक्त रचना काव्य हो । आचार्य हेमचन्द्रले चाहिँ शब्द र अर्थले सहित भएको दोषले रहित भएको र गुणले युक्त रचनालाई काव्य भनेका छन् । आचार्य जयदेवका अनुसार निर्दोष लक्षणयुक्त, अलङ्कारप्रधान, रस र वृत्ति भएको वाणीलाई काव्य भनिन्छ । आचार्य विश्वनाथले रसात्मक वाक्यलाई नै काव्य मानेका छन् भने आचार्य जगनाथले रमणीय अर्थ दिन सक्ने शब्दलाई काव्य मानेका छन् ।

पूर्वीय काव्या आचार्यहरूले यसरी आ – आफ्नै धारणा – मान्यता काव्यबारे प्रकट गरेको पाइए तापनि उनीहरूका दृष्टिकोणहरूमा एकरूपता पाइँदैनन् । पूर्वीय साहित्यमा झैं पाश्चात्य साहित्यमा पनि विद्वान् , समालोचक तथा स्वच्छन्दतावादी कविहरूले काव्यबारे आ – आफ्नै मत प्रकट गरेका पाउँछौं । उनीहरूले विशेष कविताको कलापक्ष तथा बाह्यपक्षमाथि जोड दिएका छन् । कवितालाई कलाको रूपमा मान्ने पाश्चात्य विद्वान्हरूमध्ये पहिलो अरस्तू (एरिस्टोटल) हुन् । उनले कविताको परिभाषा नदिए तापनि उनको भनाई अनुसार काव्य भाषाको माध्यमद्वारा प्रकट गरिने प्रकृतिको अनुकरणात्मक कला हो । यसरी नै बेनिडोटे क्रोचेका अनुसार कविता मान्छेको अन्तःप्रेरणाको उपज हो भनेका छन् । आइ. ए. रिचर्डसका अनुसार कलाकार वा कविको अनुभूति नै कविता हो । जोन ड्राइडेनका अनुसार कविता भावपूर्ण तथा छन्दोबद्ध भाषामा प्रकृतिको अनुकरण हो ।

पाश्चात्य साहित्यका स्वच्छन्दतावादी कविहरूको कविता सम्बन्धि धारणा अलिक भिन्दै प्रकारको पाइन्छ । अङ्ग्रेजी कवि विलियम वड्स्वर्थका अनुसार कविता सशक्त भावनाहरूको माध्यमबाट उत्पन्न सहज उज्छलन हो । सामुएल टी. कलरिजले भने सत्यता विहिन आनन्ददायक विज्ञानको प्रतिलोमलाई काव्य मानेका छन् । अङ्ग्रजी कवि पर्सी बेसी शेलीका अनुसार कविता व्यापक अर्थमा कल्पनाको अभिव्यक्ति हो । यसरी नै विलियम हैजलिष्टले कल्पना र तीव्ररागको भाषालाई कविता मानेका छन् । फिलिप सिड्नीका अनुसार अनुकरणको कला नै कविता हो । डा. जोन्सनले छन्दलाई मूल प्रशय दिँदै छन्दोमय रचनालाई नै कविता मानेका छन् । जोन मिल्टनका अनुसार कविता कम सूक्ष्म र सुकुमार भए पनि बढी सरल,

इन्द्रिय ग्राह्य र भावपूर्ण हुन्छ । नाटककार विलियम सेक्सपियरका अनुसार अदृश्य वस्तुलाई पनि साकर बनाउने किसिमको कल्पना बिम्ब र उडन्ते ई पनि मूर्त बनाएर नाम र स्थानअस्तित्वहीन एवम् नगण्य वस्तुला प्रदान गर्ने कविको लेखनी नै कविता हो । हड्सनले भने कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्यालाई नै कविता मानेका छन् । कार्लाइलका अनुसार सङ्गीतपूर्ण विचार नै काव्य हो ।

समालोटक टी. एस. इलियटले काव्य आत्म अभिव्यक्ति होइन, अपितु आत्माबाट पलायन हो भन्ने आफ्नो धारणा व्यक्त गरेका छन् । अमेरिकी नव आलोचक जोन क्रो ज्यानसमका अनुसार आफ्नै रूप विन्यासले युक्त भएको बौद्धिक वा तर्कयुक्त संरचनालाई नै कविता भनिन्छ । जे. विलियम म्याकाइलले छन्द र लय परिपूर्ण भएको कलाको प्रस्फुटन नै कविता हो भनेका छन् । क्रिस्टोफर कडवेलका अनुसार मानवमनको प्राचीन सौन्दर्यात्मक क्रियाकलाप नै कविता हो र यसले जीवनको आर्थिक पक्षसँग सम्बन्ध राख्छ । विस्टन ह्ग अडेनका अनुसार विशिष्ट अभिव्यक्ति नै कविता हो । एडगर एलेन पोले लयपूर्ण ढङ्गले सौन्दर्यको सृष्टि काव्य भने सिन्टबिआ मेसेन्जरले प्रतीकहरूको समग्रतालाई कविता मानेका छन् । यसरी पाश्चात्य़ विद्वान्हरूका परिभाषा सम्बन्धि परिभाषालाई निर्कोयल गर्दा उनीहरूका कविताबारे मतमा पनि सन्तुष्ट पाइन्न । पाश्चात्य विद्वानहरू प्लेटो, अरस्तु, कार्लाइल, जोन्सन आदिले कविताको कला तथा बाह्यपक्षमा जोड दिँदै कविताको परिभाषा दिएका पाउँछौं भने स्वच्छन्दतावादी कविहरू वर्डवस्वर्थ, शेली, कलरिज आदिले कविताको भाव तथा आन्दरिक पक्षमा जोड दिँदै कविताबारे आफ्नो मत प्रकट गरेका पाउँछौं ।

पूर्वीय र पाश्चात्य साहित्यमा जस्तै नेपाली साहित्यका विद्वान् , समालोचक, कविहरूले पनि कविताबारे आफ्नो धारणा प्रकट गरेका छन् । समावोचक बाबुराम आचार्यले प्रकृतिका अद्भुत रचनादेखि त्यसमा छक्क परेर तन्मय भई कविहरू जो बोल्छन् , त्यो कविता कहइन्छ भनेका छन् । यसरी नै सोमनाथ सिग्द्यालका अनुसार काव्य भनेको कुनै विषय वा कथानक लिएर मनोहर शैलीमा गुँथिएका शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो । भाषाविद् पारमणि प्रधानले कवि कविता होस् , कविता कवि होस् , शब्द थुपारेर केही पनि हुँदैन । केवल भाव भए पो कविता हुन्छ भन्ने आफ्नो मत प्रकट गरेका छन् । सूर्यविक्रम ज्ञवालीका अनुसार सृष्टिसौन्दर्यको उत्तेजनापूर्ण छन्दोबद्ध भाषामा आल्हादकारक चित्रण गर्ने कविको काम हो । समालोचक रामकृष्ण शर्माले कवि सर्वश्रेष्ठ सौन्दर्यव्द् हुन् ललित , कला आदि समालोचक हुन् र सर्वोपरि कला हुन् भनेका छन् । नेपाली कविताका महाकवि लक्ष्मीप्रसाद देवकोटाले कविता एउटा सानो झ्याल हो, जसबाट एउटा सानो संसार चिहाइन्छ भनेका छन् ।

वासुदेव त्रिपाठीका अनुसार कविता मूलतः कला हो र यो श्रव्य रूपमा पाठकको आस्वाद्यमा बोध्य हुन्छन् । रत्नध्वोज जोशीका अनुसार कविता जीवनको त्यो पोषक तत्त्व हो, जसमा मानव खाध्य स्वरूप प्राप्त हुँदछ । कवि माधव घिमिरेले शब्द र सङ्गीत, अर्थ र अभिप्रायमा सामेल भएर जुन अनौठो अनुभूति हुन्छ, त्यो नै कविता हो भनेका छन् । नाटककार बालकृष्ण समले बोद्धिकतामा जोड दिँदै कवितालाई भावनाको बौद्धिक कोमलता मानेका छन् । कवि सिद्धिचरण श्रेष्ठका अनुसार अनुभूति र कल्पनाको समन्वितिबाट भाव स्फूरण हुन्छ अनि त्यो काव्यमा व्यक्त हुँदछ

भनेका छन् । यहा स्फुरण नै यथार्थमा कविता हो । केदारमान व्यथितका अनुसार तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो । भाषाविद् तथा पाध्यपक घनश्याम नेपालका अनुसार कविता आत्मको ध्वनि हो । कविता जीवनको रस हो । कविता भोगाइको तीव्रतम अनुभूति र त्यसबाट प्राप्त हुने आस्वाद हो । यदुनाथ खनालका अनुसार कविता उत्तेजित मनोभावनाको प्रकाशन हो । नाटककार मोहनराज शर्माले विचार भाव र घटनाको लयात्मक संरचनालाई कविता मानेका छन् । मोहनहिमांशु थापाका अनुसार विशिष्ट भाव विचार र अनुभूति विशेषको कलात्मक र प्रभावात्मक अभिव्यक्ति नै कविता हो । यसरी नेपाल साहित्यका विद्वानहरूका कविता सम्बन्धि मतलाई निर्कोयल गर्दा उनीहरूले आफ्नो मतमा कवितालाई परिभाषाका सीमामा बाँध्न सकेका छैनन् । तर उनीहरूले कविताको आत्मवादी तथा आन्तरिक पक्षलाई जोड दिएर चित्तबुझ्दो परिभाषा भने दिएका छन् ।

## 1.4 काव्य तथा साहित्यका विविध विधा

काव्य वा साहित्यको मुख्य रूपमा दुई भेद रहेको विद्वानहरूले बताएका छन् । ती हुन् –

क) स्वरूपका आधारमा काव्यका भेद र

ख) शैलीका आधारमा काव्यका भेद

### 1.4.1 स्वरूपको आधारमा काव्यका भेद

काव्यको स्वरूपलाई अध्ययन – अवलोकन गर्दा यसका मुख्य दुई विविध विधाहरू देखापर्छन् । ती हुन् - श्रव्यकाव्य एवं दृश्यकाव्य।

### 1.4.1.1 श्रव्यकाव्य

श्रव्य भन्नाले सुन्ने र काव्य भन्नाले कुनै कवितारूपी साहित्यका एउटा विधा विशेषलाई बुझिन्छ । **श्रव्यकाव्य**को विषयमा भारतीय साहित्यमा आलोचकहरूका आ – आफ्नै धारणाहरू रहेको पाइन्छ । आचार्य विश्वनाथ, पंडितराज जगन्नाथ, पंडित अंबिकादत्त व्यास, आचार्य श्रीपति, भामह आदि संस्कृतका विद्वानहरूदेखि लिकर आधुनिक आचार्य रामचंद्र शुक्ल तथा जयशंकर प्रसाद जस्ता प्रबुद्ध कविहरू र आधुनिक युगका मीरा, महादेवी वर्मा आदिले कविताका स्वरूपलाई स्पष्ट गर्दै आ – आफ्ना मत व्यक्त गरेका पाउँछौँ । यी विद्वानहरूका विचार यही रहेको पाइन्छ कि मानव हृदय अनन्त रूपतामक जगतका नाना रूपहरू, व्यापारहरूमा भटकी रहन्छन् । तर जब मानवले अहमका भावनालाई परित्याग गरेर विशुद्ध अनुभूति मात्र रहने गर्दछ, तब उनीहरू मुक्त हृदय भएर जाँदा छन् । हृदयको यस मुक्तिका साधनाका निम्ति मनुष्यका वाणीहरू , जुन शब्द विधानमा परिणत हुने गर्दछन् , वास्तवमा यसैलाई काव्य वा कविता भन्न सकिन्छ ।

काव्यले मनुष्यलाई स्वार्थ सम्बन्धहरूका संकुचित घेरेबाट माथि उठाउँने गर्दछ । यस अतिरिक्त शेष सृष्टिद्वारा रागात्मक सम्बन्धहरूलाई जोड़नेमा पनि काव्य सहायक बन्दछ । काव्यका अनेक धारणाहरू पाइए तापनि काव्यले सिद्ध चित्तलाई अलौकिक आनन्दा अनुभूति प्रदान गर्ने कुरा सत्य हो । यसले मानवको हृदयका तारलाई झंकृत गर्ने गर्दछ । काव्यमा सत्यम्

शिवम् सुन्दरम् आदिको भावना विशेषरूपमा निहित रहेको हुन्छ । जुस काव्यमा यी सबै कुराहरू पाउन सकिन्छ, ती काव्यलाई उत्तम काव्य मानिने गरिन्छ । यसर्थ विद्वानहरूले श्रव्यकाव्यलाई उत्तम काव्य मानेका छन् । जुस काव्यको रसास्वादन अन्यलाई सुनेर या स्वयम् पढ़ेर गरिने गरिन्छ, त्यस काव्यलाई **श्रव्यकाव्य** भनिन्छ । जस्तै - रामायण र महाभारत । श्रव्यकाव्य अन्तर्गत पर्ने विभिन्न विधाहरूलाई यहाँ निम्नरूपमा अध्ययन गरिएको छ । विशेष श्रव्यकाव्यको पनि दुई भेद हुने गर्दछ । ती हुन् - प्रबन्ध काव्य तथा मुक्तक काव्य ।

### 1.4.1.2 प्रबन्ध काव्य

प्रबन्ध काव्यमा कुनै प्रमुख कथालाई आदिदेखि अन्तसम्म क्रमबद्ध रूपमा वर्णन गरिएको हुन्छ । कथाको क्रम बीचमा कुनै रूपमा नटूटी र गौण कथाहरूलाई बीच - बीचमा सहायक बनाएर यस काव्यमा चर्चा गरिने गरिन्छ । जस्तै - रामचरित मानस । प्रबन्ध काव्यको पनि दुई भेद हुन्छन् - महाकाव्य र खण्डकाव्य ।

### 1.4.1.3 महाकाव्य

कविताको बृहत् रूप मानिने **महाकाव्य** कविता कै सबैभन्दा ठूलो आयाम हो । यसमा कविताका लामा रचना र खण्डकाव्यभन्दा माथिका सबै सिर्जनाहरू समेटिन पुग्दछन् । यस्ता रचनाको सिर्जना बृहत आख्यानीकरणबाट मात्र सम्भव हुन्छ र यसमा जीवन जगतको सर्वपक्षीय अध्ययन भएको हुन्छ । कविताले जब सिङ्गो युग, जीवन र समाजलाई बोकेर हिँड्न लाग्छ र अनुभूतिको आख्यानीकरणमा कवित्वको महाप्रवाह बहन थाल्दछ तब कविताको बृहत् रूप महाकाव्य प्रकट हुन्छ । कविताको यस्तो आयाममा

जीवन जगतको सिङ्गो प्रस्तुति, खण्डयोजना, सन्धि, अर्थ प्रकृति र कार्यावस्था जस्ता प्राविधिक कुराको संयोजन गरिएको हुन्छ । कविताको बृहत् रूप चाही अनुभूतिको महाप्रवाह, जीवनको सिङ्गो अभिव्यक्ति, मानव सभ्यता र समाजको सिङ्गो इतिहासलाई बोकेको विराट संरचना र आख्यानलाई बोकेको कविताहरूको स्वरूप हो । कविताको विस्तारित आयामयुक्त यस्तो रूपले सिङ्गो युगलाई नै आत्मसात् गरेको हुन्छ । कविताको बृहत् रूप विकासशील अवस्थामा रहेको हुन्छ र यसको प्रवाह निरन्तर रूपमा चलिरहेको हुन्छ । जसले गर्दा कविताको बृहत् आयाम ललित महाकाव्यबाट माथि उठेर आर्ष महाकाव्यका तहसम्म पनि विस्तारित हुन पुग्छ । यसकारण कविताको बृहत् आयाममा विकसित र विकासशील, ललित र आर्ष महाकाव्य समेटिन पुग्दछन् ।

खण्डकाव्यमा कुनै ऐतिहासिक या पौराणिक महापुरुषका सम्पूर्ण जीवन कथाको आद्योपान्त वर्णन गरिएको हुन्छ । यसकाव्यका नायक कुनै पौराणिक, ऐतिहासिक भएका धीरोदात्त, गुणी र पराक्रमि हुनु आवश्यक छ । महाकाव्यमा जीवनका सम्पूर्ण कथालाई सविस्तार रूपमा वर्णन गरिएको पनि हुनुपर्छ । श्रृंगार, वीर र शान्त रस मध्ये कुनै एक रसको प्रधानता यसमा भएको हुनैपर्छ । यथास्थान अन्य रसहरूको पनि प्रयोग यसमा भए उत्तम मानिन्छ । महाकाव्यमा बिहान – बेलुकी, दिन – रात, नदी – नाला, वन – पर्वत, खोला - समुद्र आदि प्राकृतिक दृश्यहरूको स्वाभाविक चित्रण भएको हुनु पर्दछ । आठ तथा आठ भन्दा अधिक सर्ग महाकाव्यमा हुनु पर्दछ । यी प्रत्येक सर्गको अन्तमा छन्द परिवर्तन गरिएको हुनुपर्छ ।

यसका साथै महाकाव्यमा सर्गको अन्तमा आगामि अङ्कको सूचना पनि महाकाव्यकारले दिएको हुनु पर्दछ ।

### 1.4.1.4 खण्डकाव्य

कविताको मझौला रूप भएको **खण्डकाव्य** र **लामो कविता** पनि हो । कविताको ज्यादै विस्तृत र ज्यादै सङ्कुचित नभएको रचनालाई मझौला रूप भनिन्छ । यस्ता रचनामा एक विषय, एक घटना, एक सन्दर्भ र जीवनको एक पक्षको उद्घाटन भएको हुन्छ । अनुभूतिको उत्तरोउत्तर वृद्धि र विकास हुँदै जाँदा कविताको आख्यान तन्तु र संरचनागत सुगठनलाई अँगाल्न पुग्दछ त्यस अवस्थामा कविता मध्यम आयाममा प्रवेश गर्दछ । यसैले कविताको मझौला आयामलाई खण्डकाव्य वा लामो कविता भनिने गरिन्छ ।
विषयवस्तुको आयाम विस्तार, आख्यान र संरचनाका कारणले गर्दा कविताको मझौला रूप फुटकर कविताबाट छुट्टिन थाल्दछ । कविताको मझौला रूपमा आख्यानलाई अनुभूतिसँग घोलेर प्रस्तुत गरिएको हुन्छ । आख्यानयुक्त रचना र सुगठित संरचना भएको कविताको आयाम नै कवितामा मझौला रूप हो र यो लामो कविता र खण्डकाव्यमा विभक्त भएको हुन्छ ।
खण्डकाव्यमा कुनै सम्पूर्ण जीवन कथाको वर्णन नगरिएर केवल जीवनका कुनै एक अंश वा भागको मात्र वर्णन गरिएको हुन्छ । यसकाव्यको कथावस्तु काल्पनिक हुनु पर्दछ । यसमा सात या सात भन्दा कम सर्ग भएको हुनु जरूरी छ । खण्डकाव्यमा जीवनको वर्णन गरिएको भागको चित्रण त्यसै लक्ष्यमा पूर्ण तथा निहित भएको हुनुपर्छ । यसमा प्राकृतिक दृश्य आदिको चित्रण देश - काल अनुसार भएको हुनुपर्छ अनि यो विस्तृत नभएर संक्षिप्त हुनुपर्दछ ।

### 1.4.1.5 कविता

विशेषत: पध्यमय भाषामा लेखिएको सबै रचनालाई कविता मान्न सकिन्न । कविता गध्यमा पनि लेखिन्छ । छन्दोबद्ध रचनालाई कविता होइन, पध्यकाव्य भनिन्छ । पध्य मस्तिष्कसित सम्बन्धित हुन्छ । यसमा कोमलता, संवेग, कल्पना, अनुभूति र चिन्तन हुन्छ । पध्य शैलीका लेखकलाई गायक झैँ मानिन्छ । यो कोमल, ललित, गुढार्थ, प्रतीक - बिम्बयुक्त, छन्दमुखी हुन्छन् । अत : कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त, आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कविताको शैलीलाई पध्य शैली भनिन्छ । यसमा सरसता र सङ्गीतात्मकता रहन्छ । कवितालाई साहित्यका अन्यान्य विधाहरू मध्ये जेठो विधा मान्न सकिन्छ । अङ्ग्रेजी साहित्यमा कवितालाई पोयिम भनिन्छ। यो ग्रिक तथा ल्याटिन भाषाबाट विकसित भएको मानिन्छ । तथापि कवितालाई ल्याटिन भाषामा पोयटिकस (Poeticus) / पोयिमा (Poema), ग्रीक भाषामा पोयटिकोस (Poietikos) / पोइयिमा (Poiema), फ्रान्सेली भाषामा पोयसी (Poe’me) आदि नामले जानिन्छ । तर अङ्ग्रेजी भाषा र नेपाली भाषामा कविता सम्बन्धी धारणामा विविधता पाइन्छ ।

कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त, आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कविताको शैलीलाई पध्य शैली भनिन्छ । मूलत: भावना र कल्पनालाई वाहन बनाई चुनिएका पदावलीमा कविद्वारा व्यक्त भाव नै कविता हो ।कविता सशक्त भावना, कल्पना र आनन्दको अभिव्यक्ति हो । यो

भावनात्मक, लयात्मक र बौद्धिक काव्यको पध्य – लयात्मकतामा संरचित हुन्छ । कवितालाई भाव, विचार वा घटनाको अभिव्यक्ति पनि मानिन्छ । यसमा विभिन्न प्रकारका भाव वा विचारहरू प्रकटीकरण हुन्छन् । कविचा भाषिक अभिव्यक्ति भएको कला भएकोले यसलाई विशिष्ट भाषिक विधान पनि मान्न सकिन्छ । अतः कवितालाई मानव मनका भावहरूको सरल, सहज, सरस, कोमल, लयात्मक , कलात्मक एवम् रागात्मक अभिव्यक्ति मान्न सकिन्छ । कविताको भावपक्ष र शिल्पपक्ष मूलतः दुईवटा तत्त्व बुन्छन् । यसको भावुक्ष अन्तर्गत विषयवस्तु, भावविधान, कथानक, द्वन्द्व, परिवेश (स्थान, समय र वातावरण), उद्देश्य, दृष्टिबिन्दु आदि पर्दछन् भने शिल्पपक्ष अन्तर्गत भाषा, शैली, बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदि पर्दछन् ।

### 1.4.1.6 लामो कविता

कविताको ज्यादै विस्तृत र ज्यादै सङ्कुचित नभएको रचनालाई मझौला रूप भनिन्छ । यस्ता रचनामा एक विषय, एक घटना, एक सन्दर्भ र जीवनको एक पक्षको उद्घाटन भएको हुन्छ । अनुभूतिको उत्तरोउत्तर वृद्धि र विकास हुँदै जाँदा कविताको आख्यान तन्तु र संरचनागत सुगठनलाई अँगाल्न पुग्दछ त्यस अवस्थामा कविता मध्यम आयाममा प्रवेश गर्दछ । कविताको मझौला आयामलाई खण्डकाव्य वा लामो कविता पनि भनिन्छ । विषयवस्तुको आयाम विस्तार, आख्यान र संरचनाका कारणले गर्दा कविताको मझौला रूप फुटकर कविताबाट छुट्टिन थाल्दछ । कविताको मझौला रूपमा आख्यानलाई अनुभूतिसँग घोलेर प्रस्तुत गरिएको हुन्छ । आख्यानयुक्त रचना र सुगठित संरचना भएको कविताको आयाम नै कवितामा मझौला रूप हो र यो लामो कविता र खण्डकाव्यमा विभक्त भएको हुन्छ ।

### 1.4.1.7 उपन्यास

उपन्यास एउटा आख्यान लेखनको महत्वपूर्ण विधा हो । ल्याटिन भाषाको नेबुला शब्दाबाट उत्त्पत्ति भइ अङ्ग्रेजीमा नोबल र नेपालीमा उपन्यासको पर्यावाचीको रूपमा यो चलेको पाइन्छ । यसमा ऐतिहासिक, सामाजिक, धार्मिक, आर्थिक आदि विषयका अतिरिक्त राजा - महाराजाका यात्रा तथा किर्तिवर्णन, लोकगाथा आदि विषयमा आख्यानात्मक प्रस्तुति भएको हुन्छ । कथाको भन्दा उपन्यासको संरचना र आयाम धेरै ठूलो रहेको हुन्छ । तथापि यी दुवै गध्याख्यान भित्र पर्ने साहित्यिक विधा हुन् ।

उपन्यासले आख्यानमा रोमाञ्चकता यभित्र्याउने गर्दछ । यो विशेषत समाजका उच्च, मध्यम र निम्न वर्गका मानिसहरूको जीवनलाई चित्रण गर्नमा सक्षम हुन्छन् । विभिन्न मिथक, बिम्ब, प्रतीक आदिहरुलाई सङ्गाल्दै उपन्यास लेखिने गरिन्छ । यस्ता उपन्यासहरूलाई साहित्यमा मौलिक उपन्यास भनिने गरिन्छ , जहाँबाट आधुनिक उपन्यास लेखनको यात्रा सुरु भएको पनि मान्न सकिन्छ । अहिले लेखिएका उपन्यासहरूमा कमी - कमजोरी वस्तुगत रुपमा केलाउन सकिन्छ । यसैले वर्तमानका उपन्यासकारहरूलाई के - कस्ता औपन्यासिक विषयहरु संस्कृत महाख्यानको सागरबाट झिक्न सकिन्छ भन्ने चेतना पनि जाग उठेको प्रतीत हुन्छ ।

### 1.4.1.8 मुक्तक काव्य

मुक्तकमा केवल एकै पद या छन्दलाई स्वतन्त्र रूपमा कुनै भाव या रसका माध्यम प्रकट गरिएको हुन्छ । केवस चाह हरफमा लेखिने यो कविता भन्दा तथा फूटकर कविता भन्दा पनि सानो कवितात्मक विधा हो । गीत, कवित्त, दोहा आदिलाई मुक्तकको श्रेणीमा दर्न सकिन्छ । मूलरूपमा कविताको

सबैभन्दा लघुतम रूप **मुक्तक** हो । चार हरफे कविता मानिने मुक्तक कविताको सानो रूप हो ।

पूर्वीय ध्वनिवादी आचार्य अभिनव गुप्तले पूर्वापर प्रसङ्ग र पध्यहरूको सहारा नभएर पनि जसमा रसको अभिव्यक्ति हुन्छत्यलैलाई मुक्तक भनिन्छ भनेका , छन् ।यस अन्तर्गत कविताका ज्यादै साना संरचनाहरू समेटिन्छन् । छोटो छरितो भनाइबाट व्यङ्ग्य प्रहार गर्ने कविताको एक झिल्कालाई मुक्तक मानिन्छ । यस्तो कविताको संरचना निकै सानो हुन्छ तर आफैमा पूर्ण हुन्छ । यो सर्जकका मनमा तत्काल जन्मन्छ अनि तत्काल समाप्त भएर जान्छ । कविताका यस्ता स्वरूपमा दुई, तिन वा चार पाउसम्मका मुक्तक, हाइकु, सायरी र लोकसूक्तिहरू पर्दछन् ।

## 1.4.2 दृश्यकाव्य

दृश्यकाव्यमा शब्दहरूका अतिरिक्त पात्रहरूका वेश - भूषा, भाव - भङ्गि, आकृति, क्रिया र अभिनयका माध्यमद्वारा दर्शकहरूलाई हृदयमा रसोन्मेष गर्ने गर्दछ । यस अन्तर्गत विशेष रूपमा नाटक पर्ने गर्दछ । तथापि दृश्यकाव्यलाई 'रूपक' पनि भनिने गरिन्छ । नाटक र रूपकको रसास्वादन नेत्रहरूका माध्यम हुने हुनाले यसो भनिएको हो । श्रव्यकाव्य शब्दहरूका माध्यमद्वारा पाठकहरू र श्रोताहरूका हृदयमा रसलाई सञ्चार गर्ने गर्दछ । यस काव्यमा पध्य, गध्य र चम्पू आदि काव्यहरू समावेश रहेका हुन्छन् । गत्यर्थकमा पद् धातुबाट निष्पन 'पद्य' शब्दले गतिलाई प्रधानता सूचित गर्ने गर्दछ । अतः पध्यकाव्यमा ताल, लय र छन्द आदिको विशेष व्यवस्था हुने गर्दछ । यसर्थ पुनः पध्यकाव्यलाई अझ दुई उपभेदमा विभक्त पनि गरिएको

पाइन्छ । ती हुन् - महाकाव्य र खण्डकाव्य । यी मध्ये खण्डकाव्यलाई 'मुक्तकाव्य' पनि भनिने गरिन्छ । खण्डकाव्यमा महाकाव्यको समान जीवनका सम्पूर्ण इतिवृत्त आदिको चित्रण नभएर कुनै एक अंशका वर्णन गरिएको हुन्छ । यसैले **साहित्य दर्पण**मा यसो भनिएको छ –

*खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारि च। – साहित्यदर्पण, ६/३२१*

कवित्वमा साथ - साथ संगीतात्कताको प्रधानता रहने हुनाले यसलाई नेपाली वा हिन्दीमा 'गीतिकाव्य' पनि भनिन्छ । 'गीति' - को अर्थ हृदयको रागात्मक भावनाहरूलाई छन्दोबद्ध रूपमा प्रकट गर्नु हो । गीति मूलरूपमा आत्मा भावातिरेक हो । आफ्ना रागात्मक अनुभूति र कल्पनालाई कविले वर्ण्यवस्तुका माध्यम भावात्मक बनाउने गर्दछन् । गीतिकाव्यमा काव्यशास्त्रीय रूढ़िहरू र परम्पराहरूले मुक्त भएर वैयक्तिक अनुभवका सरलताले अभिव्यक्त गरिने गरिन्छ । स्वरूपत: गीतिकाव्यका आकार - प्रकार महाकाव्य भन्दा छोटा हुने गर्दछ । यी सबै तत्त्वहरूका सहयोगले संस्कृत मुक्तक काव्यलाई एक उत्कृष्ट काव्यरूप मानिएको पाइन्छ । मुक्तकाव्य महाकाव्यहरूका अपेक्षा अधिक लोकप्रिय पनि भएको देखिन्छ । संस्कृतमा गीतिकाव्य मुक्तक र प्रबन्ध दुवै रूपहरूमा प्राप्त छन् । प्रबन्धात्मक गीतिकाव्यको सर्वोत्कृष्ट उदाहरण कालिदासको **मेघदूत**लाई मान्न सकिन्छ । अधिकांश प्रबन्ध गीतिकाव्य यसै कृतिको अनुकरणमा लेखिएको पाइन्छ । मुक्तकमा चाहिँ प्रत्येक पध्य आफै आफैमा स्वतन्त्र रहने गर्दछ । यसको सुन्दर उदाहरण **अमरूक शतक** र **भतृहरि शतकत्रय** कृतिहरू हुन् । संगीतमय छन्द मधुर पदावली गीतिकाव्यहरूका विशेषता हुन् । शृङ्गार, नीति, वैराग्य र प्रकृति यसको प्रमुख प्रतिपाद्य विषय मानिन्छन् । नारीका

सौन्दर्य र स्वभाव आदिको स्वाभाविक चित्रण विशेष गीतिकाव्यमा भएको पाइन्छ । उपदेश, नीति र लोकव्यवहार आदिको सूत्र यसमा बड़े नै रमणीय ढंगमा रहेको हुन्छ । यही कारणले मुक्तकाव्यहरूमा सूक्तिहरू र सुभाषितहरूको प्राप्ति प्रचुरता रूपमा रहेको पाइन्छ ।

मुक्तक काव्यको परम्परा स्फुट सन्देश रचनाहरूका रूपमा वैदिक युगदेखि नै प्राप्त भएका छन् । ऋग्वेदमा सरमा नामक कुकुरलाई सन्देश वाहकको रूपमा पठाइएको प्रसङ्ग पाइन्छ । वैदिक मुक्तककाव्यको उदाहरणहरूमा वसिष्ठ र वामदेवका सूक्तहरू विशेष उल्लेखनीय छन् । रामायण, महाभारत र त्यसभन्दा परवर्ती ग्रन्थहरूमा पनि यस प्रकारका स्फुट प्रसङ्ग विपुल मात्रामा उपलब्ध छन् । कदाचित् महाकवि वाल्मीकिको शाकोद्गारहरूमा पनि यही भावना गोपित रूपमा रहेको देखिन्छ । पति - वियुक्ता प्रवासिनी सीताका प्रति प्रेषित श्री रामका सन्देश – वाहक मानिने हनुमान, दुर्योधनका प्रति धर्मराज युधिष्ठिरद्वारा प्रेषित श्रीकृष्ण र सुन्दरी दयमन्तीका निकट राजा नलद्वारा प्रेषित सन्देश - वाहक हाँस यही परम्पराका अन्तर्गत गनिन सकिने काव्यका प्रसङ्गहरू हुन् । यस सन्दर्भमा भागवत पुराणका वेणु गीत विशेष रूपले उद्धरणीय रहेको प्रतीत हुन्छ , जसका रस - विभोर गर्ने प्रकारका भावना छवि संस्कृत मुक्तककाव्यहरूमा अङ्कित छन् ।

जुन काव्यमा आनंदानुभूति अभिनयलाई देखेर एवम् पात्रहरूका कथोप - कथनलाई सुनेर हुने गर्दछ, त्यस काव्यलाई **दृश्यकाव्य** भनिन्छ । जस्तै - नाटक र चलचित्र । काव्य वा साहित्यका विविध विधा अन्तर्गत पर्ने दृश्यकाव्यमा विशेष दुई भेद रहेका छन् । ती हुन् – नाटक र रूपक ।

### 1.4.2.1 नाटक

दृश्यकाव्य अन्तर्गत पर्ने नाटक साहित्यको सबैभन्दा प्रथम तथा पुरानो विधा मानिन्छ । पूर्वीय आचार्य भरतमुनिले आफ्नो **नाटयशास्त्रा**मा नाटकलाई दुःख, आर्त तथा श्रान्त (थाकेको व्यक्तिहरू) आदिलाई मनोरञ्जन प्रदान गर्ने साहित्यिक विधा मानेका छन् । यसबारे उनले यसो भनेका छन् –

*दुःखार्तानां श्रमार्तानां शोकार्तानां तपसिवनाम ।*

*विश्रानितजननं काले नाटयमेतन्मया तम् ।।* ( **नाटयशास्त्रा** )

अर्थात् दुःखले पीड़ित, परिश्रमले थकेको, शोकले सन्तप्त असहाय जनहरूका निम्ति आराम एवम् शान्ति प्रदान गर्ने यो नाटय मद्वारा बनाइएको हो । वस्तुतः भरतमुनिको नाटयशास्त्रामा नायकको यही प्रयोजन रहेको पाइन्छ । उनले नाटक धर्म, यश र आयुका विवधर्क, हितकारी तथा बुद्धि बढ़ाउने एवम् लोक व्यवहारलाई उपदेश प्रदान गर्ने विधा मानेका पनि छन् । यसर्थ उनी भन्छन् –

*धर्मय यशस्यमायुष्यं हितं बुद्धिविवधर्नम् ।*

*लोकोपदेशजननं नाटयमेतद भविष्यति ।।*

भरतमूनिने नाटयशास्त्रामा नाटकलाई पञ्चम वेद मानेका छन् । यसको सृष्टि अन्य वेदहरूकै भान्ति, इन्द्रसहित देवहरूकी प्रार्थना, स्वयम् ब्रह्माले गरेका हुन् भन्ने उनको भनाई पाइन्छ । उदाहरण

*महेन्द्रप्रमुखैदेवैरुक्तः किल पितामहः ।*

*क्रीडनीयकमिच्छामो दृश्यं श्र्व्यं च यद भवेत। ।*

मूलरूपमा नाटयलाई वेदबाट सृष्टि गरेर ब्रह्मले इन्द्रदेवबाट वाक्यपटुता, कार्यकुशल, आलस्यहीन एवम् लोकशास्त्रा व्यवहारज्ञ देवहरूद्वारा यसको अभिनय गराएको पनि भरतले मानेका पाउँछौं । भनिन्छ देवराज इन्द्रद्वारा देवताहरूलाई अभिनयका लागि असमर्थता प्रकट गरेपछि भरतपुत्रोलाई यसको अभिनय गर्ने शिक्षा दिएका थिए । संस्कृतमा नाटकबारे यसो भनिएको छ

*अहो नाटयमिदं सम्यक त्वया सृष्टं महामते ।।*

अर्थात् नाटकको उत्पत्ति वेदहरूबाटै भएको हो । यसको प्रधन अङ्ग - सम्वाद, अभिनय, रस, संगीत, नृत्य आदि सबै वेदहरूबाटै लिइएको हो । यस प्रकार यही भन्न सकिन्छ कि वेदहरूमा प्रायः सबै नाटकीय तत्त्वहरूको बीज विधमान छन् । यसको विकसित रूप आज पनि संस्कृत नाटकहरूमा पाइने गरिन्छ । नाटयको उपयोग प्रत्येक वर्णका प्राणीहरूले गर्न सक्छन् । प्रत्येक व्यक्ति यसको आनन्द लिन सक्षम छन् । यसैले नाटकको प्रभाव कुनै एकै प्रकारका रुचि राख्ने दर्शक तथा व्यक्तिहरूका लागि पर्ने गर्दैनन् । यसले पुरै समाजलाई प्रभावित गर्दछ ।

नाटकको विषय - वस्तु तीन लोकहरूका गतिविधिहरूसित सम्बन्धित हुने गर्दछ । यसलाई लोकव्यवहारका अनुकरण प्रस्तुत गर्ने एउटा साहित्यिक माध्यम मानिने गरिन्छ । सम्पूर्ण विश्वका सुख - दुःख सम्बन्धी प्रवृत्तिहरूलाई विशेष नाटकका माध्यमद्वारा प्रस्तुत गर्न सकिने आलोचकहरूले बताएका छन् । यसर्थ भरतमुनिले कुनै पनि ज्ञान, शिल्प, विधा, योग अथवा कर्म आदि सबै मानिसहरूलाई नाटकबाटै प्राप्त हुन्छन् भनेर भनेका छन् । अर्थात जति पनि ज्ञानात्मक एवम् कलात्मक वस्तु जगतमा छन् , त्यो सबै नै नाटकका माध्यमद्वारा ग्रहण गर्न सकिन्छन् ।

#### 1.4.2.2 रूपक

काव्यलाई पढेर होइन देखेर आनन्द प्राप्ति गरिने नाटकको अर्को रूपलाई रूपक भनिन्छ । रूपक भनेको रूपको आरोप हो । यस काव्यमा वर्णित विषयवस्तुहरूलाई रङ्गमञ्चमा प्रस्तुत गरिने गरिन्छ । यही प्रस्तुति पात्राहरूका वेश - भूषा वा अभिनयका माध्यमद्वारा अधिक प्रभावशाली, बोध्गम्य तथा सरस रूपमा हुने गर्दछ । भरतभूमिले काव्यको भाषालाई 'रूपक भनेका छन् । उनी रूपको परिभाषा दिँदै यसो भन्छन् -

*रूपकं तत्समारोपात - दशरूपक ।*

कहिले काहि रूपकलाई पात्राहरूको अवस्थालाई अनुकरण गरिएको कारण वा खण्डमा नाटय पनि भनिने गरिन्छ । यसबारे भरतमूनिले यसो भनेका छन् –

*अवस्थानुति र्नाटयम ।*

दृश्यकाव्यमा पर्ने यसो साहित्यिक विधामा रूपकका उपरूपकको रूपमा दशवटा भेदहरू पनि पाइन्छन् ।  यस अतिरिक्त पुनरूपकको दश र उपरूपकको अठाह्र भेद पनि पाइएको छ ।

## 1.4.3 शैलीको आधारमा काव्यको भेद

#### 1.4.3.1 पध्यकाव्य

संस्कृत भाषाको ‘पद्’ धातुमा ‘ध्य’ प्रत्यय लागेर बनिएको **पध्य** शब्दको शाब्दिक अर्थ चरण वा पाउ हो । यसअनुरूप कुनै चरण वा पाउ, पद आदिमा बाँधिएको शास्त्रीय वा लौकिक छन्दोबद्ध रचनालाई पध्य भनिन्छ । तर

पध्यमय भाषामा लेखिएको सबै रचनालाई कविता मान्न सकिन्न । कविता गध्यमा पनि लेखिन्छ । छन्दोबद्ध रचनालाई कविता होइन, पध्यकाव्य भनिन्छ । संस्कृतमा 'छन्दोबद्ध मर्म पध्यम्' भनिएको छ । यसअनुसार छन्दमा बाँधिएको रचनालाई मात्र पध्य मानिन्छ । पध्य मस्तिष्कसित सम्बन्धित हुन्छ । यसमा कोमलता, संवेग, कल्पना, अनुभूति र चिन्तन हुन्छ । पध्य शैलीका लेखकलाई गायक झैँ मानिन्छ । यो कोमल, ललित, गुढार्थ, प्रतीक - बिम्बयुक्त, छन्दमुखी हुन्छन् । अत : कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त, आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कवितालाई पध्य भनिन्छ । यसमा सरसता र सङ्गीतात्मकता रहन्छ ।

पध्यको मूख्य विशेषता नै कृतिमा सोन्दर्यपन, कलात्मकता, कल्पनाशीलत, सङ्गीतप्रधान, मनोवेगको समन्वय गर्नु आदि हो । पध्यमा मूख्यरूपमा लयात्मकता रहेको हुन्छ । यसले मानव अन्तष्करणको मूर्त र कलात्मक रूपलाई व्यञ्जित गर्दछ । यसमा सङ्गीत, छन्द, तुक, मात्रा, स्वराधात, अनुप्रास, पुनरावृत्ति, रूपक आदि रहन्छ । यस अतिरिक्त पध्य शैलीले मन र मुटु दुवैलाई एकैसाथ छुने हुनाले यो संवेदनशील र भावात्मक हुन्छ । यसमा कोमल अनुभूतिको लयात्मक लहर रहेको हुन्छ । मूलत: सरस गेयारमक अभिव्यक्तिलाई पध्य भनिने भए तापनि यो बन्धन मुक्त हुँदैनन् । यसमा छन्द, अलङ्कार, पुनरावृत्ति, लय, ताल, शुर, गति, यति आदि कुराहरू रहेका हुन्छन् । पध्यकाव्यमा कुनै कथाको वर्णन काव्यको सन्दर्भमा तथा काव्य भाषाका माध्यम गरिने गरिन्छ । उदाहरण – रविन्द्रनाथ ठाकुरको **गीताञ्जलि** कृतिलाई पध्यकाव्यको श्रेणीमा दर्न सकिन्छ ।

### 1.4.3.2 गध्यकाव्य

संस्कृत भाषाको 'गद्' धातुमा 'ध्य' प्रत्यय मिलेर बनिएको गध्य शब्दको ब्युत्पत्तिगत अर्थ वाक्यहरूको माला हो । सामान्यत्य मानिसले बोल्ने र लेख्ने छन्दरहित साधारण व्यवहारको भाषालाई गध्य भनिन्छ । हामीले दैन्दिनि जीवनमा प्रयोग गर्ने, साधारण बोलचालमा प्रयोग गर्ने भाषा गध्य हो । यसको क्रम स्वाभाविक हुन्छ । छन्दमुक्त, पदविन्यासमा स्वतन्त्रतता, सरल र सहज भाषा शैलीलाई गध्य भनिन्छ ।अङ्ग्रेजी साहित्यमा यसलाई प्रोज ( Prose ) भनिन्छ । संस्कृत साहित्यमा गध्य भन्नाले कथा र आख्यायिका (उपन्यास) –लाई बुझिन्छ । बैदिक बाङ्मयमा छन्दोबद्ध नभएको रचनालाई गध्यरूप मानिन्छ ।

गध्यकाव्यमा कुनै कथाको वर्णन गध्य भाषाको माध्यम गरिने गरिन्छ । उदाहरणको रूपमा जयशंकर प्रसादको **कमायनी** काव्यलाई लिन सकिन्छ । गध्यमा काव्य रचना गर्नका लागि कविहरूलाई छन्द शास्त्रको नियमहरूबाट स्वच्छन्दता प्राप्त हुँदछ । कुनै पनि भाव तथा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । यही भाषालाई अभिव्यक्त गर्ने लेखकहरूको तरीका वा ढङ्गलाई शैली भनिन्छ । गध्यमा गध्यकार र उसले सृजना गरेका पात्रहरूले बोल्ने विभिन्न भाषा हुन्छन् । तर पात्रहरूले बोल्ने विभिन्न भाषा भए तापनि गध्यकारको भने आफ्नै एउटै भाषा हुन्छन् । यही एउटै मूलस्रोत भाषालाई गध्यकारले पात्रका माध्यम अभिव्यक्त गर्ने ढङ्गलाई गध्य भन्न सकिन्छ । अत: सामान्य भाषामा लेखिएको, सर्वसाधारणजनित, लोकभाषा तथा उखान, टुक्का र वाग्धरा प्रयोग गरिएको रचना

साथै कवितात्मक भाषारहित बोलचालको कुरालाई गध्य भनिन्छ । यस शैलीको लेखनमा लेखकलाई  कुनै बन्धन हुँदैन ।

गध्यले भावनाको तीब्र प्रभावलाई संरक्षण गरेर सह्रदयलाई प्रभावित तुल्याउँदछ । यस शैलीले रचनामा नैसर्गिक स्वत:  ल्याउदछ । यसर्थ गध्यको लेखक पारङ्गत, परिपक्वता र अनुभवी हुनुपर्दछ । गध्यको लेखनकला भिन्दै प्रकारको हुनेहुनाले त्यसमा सौन्दर्य उत्पन्न गर्ने क्षमता निपुण्ता र अभ्यासमा भर पर्दछ । मान्छेको सहज र स्वाभाविक अभिव्यक्तिको रूप नै गध्य भएकोले यसको लय वाक्यरचना नभएर विचारमा भर पर्दछ । साहित्यमा लोकव्यवहारअनुरूपको भाषा, देश,काल,परिस्थितिअनुकूलको भाषा प्रयोग गर्नुपर्दछ । सामान्य पात्रले बोल्ने भाशा र विशिष्ट व्यक्तिले बोल्ने भाषा भिन्दा - भिन्दै हुन्छन् । यी सबैको प्रयोग गध्यमा भएको हुन्छ । गध्य  साहित्यमा सहज, स्वाभाविक, विश्वसनीय र सम्प्रेषणीय रूपमा रहेका हुन्छन् । यसको कारण कृति प्रभावमयी, वर्णनात्मक र विवरणात्मक बन्दछ । उखान, टुक्का र बाग्धरा जस्तो वाक्यलाई खिरिलो पार्ने अवयव गध्यमै प्रयोग भएका हुन्छन् । गध्यको सम्बन्ध ह्रदयसित हुनेहुनाले यसका लेखक वक्ता जस्तै हुन्छन् । यसद्वारा साहित्य श्रुति माधुर्य, सोन्दर्य, सरसता, दृष्ययुक्त बन्दछ । गध्य पाठक तथा भावकको सोझै ह्रदयसित सम्बन्धित हुने हुनाले यसले साहित्यमा विशेषत:  यथार्थको उद्घाटन, मनस्थितिको विश्लेषण, सरस र गाउँले बोलीको प्रयोग, साङ्केतिकता आदि गर्दछ । यसद्वारा साहित्य आख्यानात्मकता, कौलुहल र रोचकपूर्ण, प्रभावयुक्त, मौलिकता, सुसङ्गठित र स्वत पूर्णता हुँदछ ।

### 1.4.3.3 चम्पूकाव्य

चम्पूकाव्यमा गध्य र पध्य दुवै समावेश रहेको हुन्छ । चम्पू श्रव्यकाव्यको एउटा भेद हो । गध्य – पध्य दुवै थरी रचना मिश्रित काव्यलाई चम्पू भनिन्छ । यसर्थ कवितामा चम्पू शैली भन्नाले गद्य र पद्य दुवैको समावेश भइ श्लेष आदि अलङ्कार, अनुप्रास आदिले मधूर शह्द योदना भएको शालीलाई बुझिन्छ । पूर्वीय आचार्य दण्डीले गध्य – पध्य मिश्रित गरी तेस्रो विभाग गरेर त्यसमा दृश्यकाव्यलाई गणना गर्दै चम्पू काव्यको अर्थ लाएका छन् ।

संस्कृत आचार्य विश्वनाथले **चम्पक** फूलले सबैतिर वासना छर्नाले यसको नाम चम्पू रहेको मानेका छन् । **साहित्यदर्पण**मा पनि गध्य – पध्य मिसिएको श्रब्यकाव्यलाई चम्पू भनिएको छ । यस चम्पू शैलीलाई अनुसरण गरेर लेखिएको प्राचीन कृति त्रिविक्रम भट्टको **नल चम्पू**लाई मानिन्छ । दशौ शताव्दीमा रचिएको यस कृतिका अतिरिक्त भारतेली साहित्यमा कवि भोजराजको **चम्पू नारायण**, गोस्वामीको **गोपाल चम्पू,** नीलकण्ठ दीक्षितको **नीलकण्ठ चम्पू** , **चम्पू भारत** आदि कृतिहरू प्रकाशित छन् । हिन्दी साहित्यमा मैथिलीशरण गुप्तको **यशोधरा** नामक काव्य चम्पू शैलीमा रचिएका छन् । नेपाली साहित्यमा भने कवि बालकृष्ण समको **मेरो कविताको आराधना** चम्पू शैलीमा लेखिएको कविता हो । भारतेली नेपाली कविता साहित्यमा भने त्यत्ति चम्पू शैलीलाई अनुसरण गरेर भारतेली कविहरूले कविता रचेको पाइन्न ।

## 1.5 उपसंहार

कविता साहित्यको एउटा पुरानो विधा हो । संसारका प्राय: साहित्यको थालनी पध्यबाटै भएको मानिन्छ । नेपाली साहित्यमा लेखनाथपूर्वका सम्पूर्ण नेपाली कविता पध्यमा लेखिएको पाइन्छ । पहिलो नेपाली कविता ई. १३९३ मा लेखिएको विष्णुदास आचार्यको **बडेराजा मलयबम्म** र ई. १७६९ देखि ई. १७७४ सम्मा रचिएको कवि सुवानन्द दासको **पृथ्वीनारायण** कविता पनि पध्य शैलीमै लेखिएको छ । कविता सशक्त भावना, कल्पना र आनन्दको अभिव्यक्ति हो । यो भावनात्मक, लयात्मक र बौद्धिक काव्यको पध्य – लयात्मकतामा संरचित हुन्छ । कवितालाई भाव, विचार वा घटनाको अभिव्यक्ति पनि मानिन्छ । यसमा विभिन्न प्रकारका भाव वा विचारहरू प्रकटीकरण हुन्छन् ।

नेपाली साहित्यको पृष्ठभूमिकाल अभिलेखकालीन र शिलालेखकालीन रहेको देखिन्छ । यो समय मुख्यतः मौखिक र श्रुतिपरम्पराको अवधि भएकोले नेपाली साहित्यले विकसित र विस्तारित हुने अवसर लोकसाहित्यबाट पाएको अनुभव हुन्छ । आदिकालदेखि नै नेपाली समाज गठन भएपछि समाजमा लोभ, डाह, ईर्ष्या, युद्ध, सन्त्रास, विसङ्गति जस्ता तत्त्वहरू व्याप्त थिए । यसको प्रमाण हामीलाई **पुराण**, **रामायण**, **महाभारत** जस्ता धार्मिक - पौराणिक ग्रन्थहरूले दिन्छन् । कुनै पनि मानव समाजमा विसङ्गत तत्त्वका बोध भएपछि यसको निराकरणका निमित्त मानवमा नै व्यङ्ग्यात्मक भावको सृजना हुन थाल्दछ ।

कविता साहित्यको एउटा पुरानो विधा हो । संसारका प्राय: साहित्यको थालनी पध्यबाटै भएको मानिन्छ । नेपाली साहित्यमा लेखनाथपूर्वका सम्पूर्ण नेपाली कविता पध्यमा लेखिएको पाइन्छ । संस्कृत भाषाको ‘पद्’ धातुमा ‘ध्य’ प्रत्यय लागेर बनिएको **पध्य** शब्दको शाब्दिक अर्थ चरण वा पाउ हो । यसअनुरूप कुनै चरण वा पाउ, पद आदिमा बाँधिएको शास्त्रीय वा लौकिक छन्दोबद्ध रचनालाई पध्य भनिन्छ । विशेषत: पध्यमय भाषामा लेखिएको सबै रचनालाई कविता मान्न सकिन्न । कविता गध्यमा पनि लेखिन्छ । छन्दोबद्ध रचनालाई कविता होइन, पध्यकाव्य भनिन्छ । संस्कृतमा ‘छन्दोबद्ध मर्म पध्यम्’ भनिएको छ । यसअनुसार छन्दमा बाँधिएको रचनालाई मात्र पध्य मानिन्छ । पध्य मस्तिष्कसित सम्बन्धित हुन्छ । यसमा कोमलता, संवेग, कल्पना, अनुभूति र चिन्तन हुन्छ । पध्य शैलीका लेखकलाई गायक झैँ मानिन्छ । यो कोमल, ललित, गुढार्थ, प्रतीक - बिम्बयुक्त, छन्दमुखी हुन्छन् । अत : कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त, आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कविताको शैलीलाई पध्य शैली भनिन्छ । यसमा सरसता र सङ्गीतात्मकता रहन्छ ।

कुनै पनि भाषाका साहित्यको आफ्नै पृष्ठभूमि रहेको हुनाले पृष्ठभूमिको परिप्रेक्ष्यमा नै साहित्यको जन्म र विकास हुने गर्दछ । भारतीय नेपाली कवितामा भजन र लोकगीतलाई नै कविताको उत्स मान्न सकिन्छ । भारतका विभिन्न मन्दिर, गुम्बा, मस्जिद, गिर्जा आदि धार्मिक स्थलमा गाइने भजनादि तथा गाउँघर, बस्ती, चियाकमान, मेलापाततिर स्वतः प्रस्फुटित लोकगीतहरू नै भारतीय नेपाली कविताका प्रेरक तत्त्व हुन् ।

मूलतः भारतीय नेपाली साहित्यको आफ्नो छुट्टै पृष्ठभूमि रहेको छ जसमा मूल रूपले लहरी र सवाई रचनालाई मानिन्छ । कविता साहित्यको सवैभन्दा प्राचीन विधा हो । कवितालाई लिएर पूर्व र पश्चिम दुवै जगत्मा धैरै चर्चा परिचर्चा भएको छ । यहाँ कविताको सामान्य र त्यसका संरचनात्मक तत्वहरूको परिचय दिइएको छ । कविता पद्य र गद्यमा लेखिने प्राचीन साहित्यिक विधा हो । कविताको लागि चाहिने आवश्यक सामग्री, उपकरण तथा घटक नै कविताका तत्त्व हुन् । प्रथमत: कविताको तत्त्वबारे जान्नुलाई यसको स्वरूपबारे अध्ययन गर्नु जरूरी हुन्छ । कविताको स्वरूपलाई चिनाउनका लागि पूर्व र पश्चिममा धैरै चर्चाहरू भएका छन् । पूर्वमा भरतमुनिदेखि जगन्नाथसम्मका र पश्चिममा अरस्तूदेखि इलियटसम्मका विद्वान्हरूले कविता सम्बन्धी विवेचना गरेका छन् ।

दृश्य र श्रव्य मध्ये श्रव्य अन्तर्गत पर्ने ललितकलाका विभिन्न विधामा भाषाकै माध्यमले अभिव्यक्त हुने विधा साहित्य कविता हो । अभिव्यक्तिका माध्यममा देखापर्ने छन्द, अलङ्कार र शैलीमा कविताको सिङ्गो स्वरुप (मुक्तकदेखि महाकाव्यसम्मको) अलगिन्छ भने भावगत विस्तारमा आख्यानात्मक स्वरुप तन्काइको विन्दु अगावैको अवस्था चाहिँ कविता उपविधा अन्तर्गतको अवस्था हो । संरचना र आयामका दृष्टिले विश्व कवितात्मक स्वरुपतिर दृष्टि दिदा पूर्वीय काव्यपरम्परा र पाश्चात्य काव्य परम्परामा निकै भिन्नताहरु भेटिन्छन् । पूर्वीय संस्कृत काव्य परम्परामा बैद्धिक कालदेखि नै द्धिपद्धी, त्रिपद्धी, चतुष्पदी जस्ता कविताका मसिना स्वरुप (जसलाई हामी लधुम र लघुरुपको संज्ञा दिन्छौ) भेट्न सकिन्छ । यही क्रम अगाडि बढ्दै आउँदा कुनै कालखण्ड विशेषमा

संस्कृत परम्परामै पनि यसको स्वरुपमा एउटै रुप देखा पर्दछ । अर्थात् लौकिक संस्कृतपरम्परा शुरु हुनासाथ कविताको चतुष्पदी स्वरुप मात्र देखा परेको पाइन्छ ।

## 1.6 सार

यस प्रखण्डमा नेपाली कविताको तत्त्वहरूबारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- कविता साहित्यको पुरानो र जेठो विधा हो । संसारका प्राय साहित्यको थालनी पध्यबाटै भएको कुरोलाई नकार्न सकिन्न । साधारणत: समय, स्थान र लोकदेखि बाहिरको कुरो देख्ने व्यक्ति कवि भएकोले कविले रचेको कृति नै कविता हो ।
- दृश्य र श्रव्य मध्ये श्रव्य अन्तर्गत पर्ने ललितकलाका विभिन्न विधामा भाषाकै माध्यमले अभिव्यक्त हुने विधा साहित्य कविता हो ।
- कविता रसानुभूति, मनोरञ्जन, आनन्द र शिक्षा प्रदान गर्दछ । मूलतः भावना र कल्पनालाई वाहन बनाई चुनिएका पदावलीमा कविद्वारा व्यक्त भाव नै कविता हो ।
- कविता पध्यमय शैलीमा रचिने हुनाले यो छन्दमा बाँधिएको हुन्छ । तर गध्यमय भाषा वा शैलीमा पनि कविता रचिन्च । पध्य मस्तिष्कसित सम्बन्धित हुन्छ भने गध्य ह्णदयसित सम्बन्धित हुन्छ।
- कविताममा कोमलता, संवेग, कल्पना, अनुभूति र चिन्तन हुन्छ । यसैले यो कोमल, ललित, गुढार्थ, प्रतीक - बिम्बयुक्त, छन्दमुखी हुन्छन् । कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त,

आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कविताको शैलीलाई पध्य शैली भनिन्छ ।

- ❖ कवितामा सरसता र सङ्गीतात्मकता रहन्छ । भारतीय नेपाली कवितामा भौगोलिक, ऐतिहासिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, धार्मिक र साहित्यिक आधारहरूलाई पृष्ठभूमि मान्न सकिन्छ । यसमध्ये ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिलाई मुख्य आधार मान्न सकिन्छ ।
- ❖ कविता आनन्द र शिक्षा विस्तारको वाहक हो । रसप्रधान वा व्यञ्जनात्मकता कविताको आधारशीला हो । कविले पाठकलाई मनोरञ्जन र आनन्द प्रदान गर्दछ र शिक्षाको विस्तार पनि गरिरहेका हुन्छन् । तर शिक्षा प्रदान गर्ने उद्देश्यले पाठकलाई उपदेश दिनु कविताको धर्म होइन । यसर्थ कविता र शास्त्रमा फरक हुन्छ ।
- ❖ कविता समाज र राष्ट्र परिवर्तनको हतियार हो । समाजलाई स्पष्ट दिशा निर्देश कविताले गरिरहेको हुन्छ । सामाजिक अवस्थालाई सुदृढ गराउनका लागि कविता हतियार हुन्छ । परोक्ष विरोध, विद्रोह र क्रान्तिले राष्ट्रको सर्वाङ्गीण विकासमा गति प्रदान गर्छ ।
- ❖ कविता विशुद्ध कला हो, शास्त्र होइन । कवितालाई साहित्यको विशुद्ध कला मानिन्छ। कविताको शिष्ट भाषा, विषय आदिले यो शास्त्रभन्दा अलग हुन्छ किनभने कविताले पाठकलाई उपदेश थोप्दैन ।
- ❖ कविताको चिन्हारी कान्तसम्मित उपदेश दिनु हो । कविताले दिने उपदेशको शैली अन्य शास्त्रले दिने उपदेशभन्दा भिन्न हुन्छ । इतिहास, पुराण, समाजशास्त्र र आफ्ना मालिकले दिने उपदेशभन्दा कविताको शैली प्रियाले बोलेको वचनजस्तो हुन्छ । पाठकलाई सजिलै आकर्षित गरी प्रभावकारीसित ज्ञानविस्तार गर्नु कविताको शैलीगत विशेषता हो ।

- ❖ श्रव्यकाव्यलाई उत्तम काव्य मानिन्छ । जुन काव्यको रसास्वादन अन्यलाई सुनेर या स्वयम् पढ़ेर गरिने गरिन्छ, त्यस काव्यलाई **श्रव्यकाव्य** भनिन्छ ।
- ❖ जुन काव्यमा आनंदानुभूति अभिनयलाई देखेर एवम् पात्रहरूका कथोप - कथनलाई सुनेर हुने गर्दछ, त्यस काव्यलाई **दृश्यकाव्य** भनिन्छ ।
- ❖ दृश्यकाव्यमा शब्दहरूका अतिरिक्त पात्रहरूका वेश - भूषा, भाव - भङ्गि, आकृति, क्रिया र अभिनयका माध्यमद्वारा दर्शकहरूलाई हृदयमा रसोन्मेष गर्ने गर्दछ । यस अन्तर्गत विशेष रूपमा नाटक र रूपक पर्दछन् ।

यस प्रखण्डको अध्ययनले **काव्यको परिचय, काव्य तथा साहित्यका विविध विधा**बारे बुनियाँदी जानकारी प्राप्त भयो । काव्यको परिचय र यसका विविध विधाहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 1.7 अनुशीलनी

१. काव्यको उद्भवबारे चर्चा गर्दै यसका विविध विधाहरूलाई सविस्तार चिनाउनुहोस्।

२. काव्यको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा काव्यको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. दृश्यकाव्य र श्रव्यकाव्यका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस्।

५. काव्यको पूर्वीय र पाश्चत्य मतमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. काव्य पध्यमा मात्र लेखिन्छ कि गध्यमा पनि लेखिन्छ ? आफ्नो तर्क दिनुहोस्।

७. नेपाली काव्यमा अन्य भाषाका काव्यको के कस्तो प्रभाव छ ? चर्चा गर्नुहोस्।

८. नेपाली काव्यको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

९. काव्यको वर्गिकरण गर्नो प्रमुख आधारहरूबारे विवेचना प्रस्तुत गर्नुहोस् ।

१०. दृश्यकाव्यको मुख्य प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

११. श्रव्यकाव्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 1.8 अतिरिक्त अध्ययन

१. सिग्देल, सोमनाथ – **साहित्य प्रदीप** ।

२. उपाध्याय, डा. केशवप्रसाद – **साहित्य प्रकाश** ।

३. अधिकारी, हेमाङ्ग – **पूर्वीय समालोचना-सिद्धान्त** ।

४. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

५. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

६. नेपाल, घनश्याम – **आख्यानका कुरा** ।

७. सिंह, अमरकुमार – **नयी कविता की रचना प्रक्रिया** ।

८. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

९. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श** ।

१०. प्रधान, डा. दिवाकर – **कविताका कुरा** ।

११. न्यौपाने, टङ्कप्रसाद, सन् १९९२, **साहित्यको रूपरेखा** ।

१२. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना**।

यस अतिरिक्त काव्यका विविध विधाहरूबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 1.9 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. काव्यको अर्थ र परिभाषा ।

...............................................................................

.......

...............................................................................

.......

...............................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.३ को काव्यको अर्थ र परिभाषा खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. स्वरूपको आधारमा काव्यको भेद ।

...............................................................................

...............................................................................

..............

..............................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.४.क) खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. शैलीको आधारमा काव्यको भेद ।

..............................................................................................

.......

..............................................................................................

.......

..............................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.४ ख) को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. श्रव्यकाव्यको विभिन्न विधाहरू ।

..............................................................................................

.......

..............................................................................................

.......

..............................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.४.क.१ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

५. दृश्यकाव्यका विभिन्न विधाहरू ।

.....................................................................................................

.......

.....................................................................................................

.......

.....................................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.४.क.२ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – २, काव्य हेतु र काव्य प्रयोजन

## संरचना

2.0 उद्देश्य

2.1 परिचय

2.3 काव्य हेतु र प्रयोजनको अर्थ र परिभाषा

2.4 साहित्यमा काव्य हेतु र काव्य प्रयोजन

2.5 उपसंहार

2.6 सार

2.7 अनुशीलनी

2.8 अतिरिक्त अध्ययन

2.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 2.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- काव्य हेतु र काव्य प्रयोजनको सामान्य परिचय
- काव्य हेतुको अर्थ र परिभाषा
- काव्य प्रयोजनको अर्थ र परिभाषा
- साहित्यमा काव्य हेतु
- साहित्यमा काव्य प्रयोजन

## 2.1 परिचय

पूर्वीय साहित्यशास्त्रमा काव्य शब्दको प्रयोग व्यापक अर्थमा भएको छ। व्यापक अर्थमा यस शब्दले कवितालाई मात्र नबुझाई साहित्यका गद्य-पद्य सबै रूपहरूलाई जनाएको छ। प्रस्तुत सन्दर्भमा पनि काव्यको परिभाषा शब्दले साहित्यको परिभाषालाई बुझाउँछ। मूलतः संस्कृत प्रतिपादित काव्यका प्रमुख परिभाषाहरूको नेपाली रूपान्तरण तल प्रस्तुत गरिएको छ ।

इस्वीपूर्व ४०० तिरका आचार्य भारतमूनिले **नाट्यशास्त्र**मा कोम तथा मनोहर पदयुक्त, गूढ शब्दार्थरहित, युक्तिसङ्गत, नृत्यमा उपयोग गर्न सकिने विविध रस, मार्ग तथा सन्धियुक्त कृति सबैका लागि योग्य हुन्छ भनेका छन् । यसरी नै छैटौँ शताब्दीका आचार्य भामह **काव्यालङ्कार**मा शब्द र अर्थको सहभाव काव्य हो भनेका छन् । इस्वीको सातौँ शताब्दीको अन्त्यतिरका आचार्य दण्डीले **काव्यादर्श**मा इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो भनेका छन् । इस्वीको नवौँ शताब्दीतिरका आचार्य वेदव्यासले **अग्निपुराण**मा अभीष्ट अर्थलाई संक्षेपमा प्रकट गर्ने दोषरहित तथा गुण र अलङ्कारसहित पदावलीयुक्त वाक्य नै काव्य हो भनेका छन् ।

वामन नवौँ शताब्दीका आचार्यले **काव्यालङ्कार सूत्रवृत्ति**मा काव्यको आत्मा रीति हो भनेका छन् । रुद्रट इस्वीको नवौ शताब्दीतिरका आचार्यले **काव्यालङ्कार**मा शब्द र अर्थ नै काव्य हो । आनन्दवर्धन नवौँ शताब्दीका आचार्यले **ध्वन्यालोक**मा काव्यको आत्मा ध्वनि हो । राजशेखर इस्वीको दसौँ शताब्दीतिरका आचार्यले **काव्य - मीमांसा**मा शब्द र अर्थको समुचित सहभाव साहित्य विद्या हो । कुन्तक एघारौँ शताब्दीका आचार्यले **वक्रोक्तिजीवित**मा शब्द र अर्थको सहभावयुक्त, वक्रोक्ति भएको, काव्यज्ञातालाई आनन्द दिने

व्यवस्थित रचना (बन्ध) काव्य हो । भोज इस्वीको एघारौँ शताब्दीतिरका आचार्यले **सरस्वतीकण्ठाभरण**मा दोषरहित, गुणसहित अलङ्कारद्वारा सुसज्जित रसले युक्त रचना काव्य हो । क्षेमेन्द्र इस्वीको एघारौँ शताब्दीको उत्तरार्धका आचार्यले **औचित्यविचारचर्चा**मा अलङ्कार अलङ्कार नै तथा गुण गुण नै हुन् । रसले सिद्ध (युक्त) काव्यको जीवित/जीवन (आत्मा) चाहिँ औचित्य हो । मम्मट एघारौँ शताब्दीको अन्त्यका आचार्यले **काव्यप्रकाश**मा दोषरहित र गुणसहित शब्दार्थ कहीँकहीँ अलङ्काररहित भए पनि काव्य हो । वाग्भट इस्वीको बारौँ शताब्दीतिरका आचार्यले **वाग्भटालङ्कार**मा सुन्दर शब्द र अर्थले युक्त, गुण, अलङ्कारले सिँगारिएको, रीति र रस स्पष्ट भएको रचना काव्य हो ।

हेमचन्द्र इस्वीको बारौँ शताब्दीतिरका आचार्य **काव्यानुशासन**मा दोषरहित गुणसहित अलङ्कारयुक्त शब्दार्थ काव्य हो भनेका छन् । जयदेव इस्वीको तेरौँ शताब्दीतिरका आचार्यले **चन्द्रलोक**मा दोषरहित, लक्षण, रीति, गुण, अलङ्कार र रसले युक्त अनेक वृत्ति भएको वाणीलाई काव्य भनिन्छ । विश्वनाथ चौधौँ शताब्दीको पूर्वार्धका आचार्यले **साहित्यदर्पण**मा रसात्मक वाक्य काव्य हो भनेका छन् । जगन्नाथ सत्रौँ शताब्दीको प्रारम्भका आचार्यले **रसगङ्गाधर**मा रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो भनेका छन् । पूर्वीय आचार्यहरूले उपर्युक्त परिभाषाहरूलाई काव्य परिभाषा नभनी काव्यलक्षण वा काव्यस्वरूप भनेका छन् । परिभाषा शब्दको प्रयोग नगरिए तापनि उपर्युक्त सबै काव्यधारणाहरू परिभाषाकै रूपमा अभिव्यक्त भएका हुँदा सामान्यतः तिनलाई काव्यको परिभाषा मानिन्छ ।

माथिका परिभाषाहरूमा काव्यका शब्द, अर्थ, अलङ्कार, रस, ध्वनि, रीति, वक्रोक्ति आदि वाह्य तथा आन्तरिक पक्ष दुवैको समावेश भएको पाइन्छ । भामहले अलङ्कार, वामनले रीति, आनन्दवर्धनले ध्वनि, कुन्तकले वक्रोक्ति, विश्वनाथ तथा जगन्नाथले रसलाई काव्यको आत्मा माने तापनि शब्द, वाक्य, अर्थजस्ता भाषिक एकाइहरूलाई यी सबैले उत्तिकै महत्त्व दिएको पाइन्छ । काव्य के हो भनेर चिनाउने पूर्वीय आचार्यमध्ये भामह अलङ्कारवादी हुन् । अलङ्कार शब्द र अर्थको चमत्कारबाट पैदा हुने हुँदा उनले काव्यको लक्षण बताउँदा शब्द र अर्थको सहभाव अर्थात उपयुक्त प्रयोगलाई विशेष जोड दिएका छन् । अर्का पूर्वीय आचार्य वामन रीतिवादी चिन्तक हुन्। यिनले रीतिलाई काव्यको आत्मा बताउँदै त्यसलाई सर्वोपरि महत्त्व दिएका छन् । रीति भनेको पदहरूको सङ्गठन हो र उनी उपयुक्त र सौन्दर्यपूर्ण पदहरूको सङ्गठनलाई काव्य मान्छन् । भामहले शब्द र अर्थ भनेझैँ यिनले पद शब्दको प्रयोग गरी काव्यलाई भाषावादी ढङ्गले हेर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

## 2.2 काव्य हेतु र प्रयोजनको अर्थ र परिभाषा

संस्कृतका आचार्यहरूले पनि आफ्नो धारणा व्यक्त गरेका पाउँछैं । उनीहरूले लोक मङ्गल र आनन्द नै कविताका “सकल प्रयोजन मौलिभूत” मान्दै कलावादबारे बताएका छन् । पछि यही कुरालाई अनुसरण गर्दै पाश्चात्य विचारकहरूले लोक मङ्गलवादी (शिक्षा र ज्ञान) – लाई काव्यशास्त्रमा समर्थन गरेका छन् । पाश्चात्य साहित्यमा नव जागरणकालको मुख्य ध्येय साहित्यको प्रयोजन रहेको मानिन्छ । मानवका सम्वेदनात्मक ज्ञानात्मक चेतनाको विकास र परिष्कार नै कला वा सहित्यको माध्यम हुन्छ भन्ने नव

जागरणकालको विद्वानहरूके रहेको पाइन्छ । नव अभिजात्यवादीहरूले पनि यही मान्यता रहेको थियो कि साहित्यको प्रयोजनमा आनन्द र नैतिक आदर्शहरूलाई शिक्षाको क्षेत्रमा महत्व दिनु जरूरी छ ।

साहित्य वा काव्यको रचना गराउने कारणलाई हेतु भनिन्छ । सर्जकमा साहित्य सिर्जनाको सामर्थ्य उत्पन्न गराउने मूल साधन यही हेतु हो । यसले साधन वा कारण बनेर काव्यको सिर्जना गराउने हुँदा यसलाई कारकक पनि भनिन्छ । प्रत्येक सर्जक काव्यका हेतु वा कारकबाट प्रेरित भएर सिर्जनातर्फ उन्मुख हुन्छ। पूर्वीय साहित्यशास्त्रमा काव्य हेतुबारे गम्भीर चिन्तनमनन गरेको पाइन्छ । हेतुसम्बन्धी चिन्तनको प्रारम्भ भामहदेखि निरन्तर रूपमा भएको र जगन्नाथसम्म पनि यस्तो चिन्तनको अविच्छिन्न परम्परा रहेको देखिन्छ । हेतुबारे विद्वानहरूमा गम्भीर चिन्तनमननको लामै परम्परा देखिए तापनि यस सम्बन्धमा मत्यैक्यचाहिँ पाइँदैन । काव्य हेतुबारे मत अघि सार्ने विद्वानहरूको मुख्यतः निम्नलिखित दुई वर्ग देखापर्छः

१. काव्यको प्रमुख हेतु प्रतिभा हो र व्युत्पत्ति तथा अभ्यास यसका संस्कारक हुन् । यस मतका विशिष्ट समर्थक राजशेखर, हेमचन्द्र, जगन्नाथ, जयदेव, वागभट आदि हुन् । यस मतलाई मान्नेहरूलाई वाग्भटले अत्यन्त स्पष्ट ढङ्गमा कविहरूका प्रतिभा नै काव्य निर्माणका कारण हुन् भनेका छन् । व्युत्पत्ति र अभ्यास त्यसैका संस्कारक हुन् ।

२. काव्यका अनिवार्य कारक प्रतिभा, व्युत्पत्ति र अभयास तीनवटै हुन् । यस मतका विशिष्ट समर्थक वामन, दण्डी, रुद्रट, मम्मट आदि हुन् । यस मतलाई मान्नेहरूको प्रतिनिधिमूलक अभिव्यक्ति मम्मटले यसप्रकार गरेका छन्- शक्ति (प्रतिभा), निपुणता (व्युत्पत्ति) र अभ्यास यी तीन काव्य उद्भवका सम्मिलित कारण हुन्, पृथक पृथक होइनन् ।

काव्य सिर्जना गर्ने उद्देश्यलाई प्रयोजन भनिन्छ । यसले कुनै साहित्यिक रचना किन लेखिएको हो र त्यसको सार्थकता के हो भन्ने बुझाउँछ । पूर्वीय आचार्यहरूका विचारमा प्रयोजन नबताइएको काव्यलाई कसैले ग्रहण गर्दैन भन्ने रहेको छ । प्रयोजनरहित रचना निस्फल र निरर्थक हुने हुँदा पूर्वीय साहित्यशास्त्रमा यसबारे गम्भीर छलफल गरिएको पाइन्छ ।

काव्यको प्रयोजनबारे सबै आचार्यहरूमा मत्यैक्य नपाइए तापनि तिनले उल्लेख गरेका मुख्यमुख्य प्रयोजनहरू निम्नलिखित छन् । भरतका दृष्टिमा काव्य प्रयोजन भनेको धर्म, अर्थ, काम, मोक्ष, लोकोपदेश, विश्राम, बुद्धिविलास, नैतिक शिक्षा, हित र विनोद हो । भामहका दृष्टिमा काव्य प्रयोजन भनेको धर्म, अर्थ, काम, मोक्ष, प्रीति (आनन्द), दण्डबाट रक्षा र व्याधिबाट सुरक्षा हो । आचार्य दण्डीका दृष्टिमा काव्य प्रयोजन भन्नाले सहृदयको प्रियता, कीर्ति विस्तार, धनार्जन, विपत्तिबाट रक्षा, असाधारण आनन्द र मनोवाञ्छित फलको प्राप्ति आदिलाई बुझिन्छ । वामनका दृष्टिमा काव्य प्रयोजन भनेको धर्म, अर्थ, काम, मोक्ष, प्रीति, रक्षा, सुरक्षा आदि हो भनेका छन् । आनन्दवर्धनका दृष्टिमा काव्य प्रयोजन रसनिष्पत्ति र चतुर्वर्ग फल (कर्म, अर्थ, काम, मोक्ष) को प्राप्तिलाई मानेका छन् ।

कुन्तकका दृष्टिमा काव्य प्रयोजन भनेको शिक्षा, चतुर्वर्ग, पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) को प्राप्ति, नित्य नयाँ व्यवहार र अन्तश्चमत्कार हो भनेका छन् । मम्मटका दृष्टिमा काव्य प्रयोजन यश, अर्थप्राप्ति, व्यवहारज्ञान, शिवेतर रक्षा, सद्यःपरिनिवृत्ति (अलौकिक रसानन्दको अनुभूति) र कान्तासम्मित उपदेश आदि हो । विश्वनाथका दृष्टिमा काव्य प्रयोजन भन्नाले चतुर्वर्ग सुख र काव्यानन्द आदिलाई बुझिन्छ ।

## 2.3 साहित्यमा काव्य हेतु र काव्य प्रयोजन

पूर्वीय आचार्यहरूमा कारक के के हुन् र तिनको सङ्ख्या के कति छ भन्ने कुरामा मतभिन्नता रहेको पाइँदैन। दुवै वर्गले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई काव्य हेतु मानेका छन्; फरक केवल यिनलाई महत्त्व दिने सन्दर्भमा देखिन्छ । पहिलो वर्गले प्रतिभालाई सर्वोपरि महत्त्व र अन्यलाई त्यसका तुलनामा गौण महत्त्व दिएको छ भने दोस्रो वर्गले सबै हेतुहरूलाई समान महत्त्व दिएको छ । दोस्रो व्रगका विद्वानहरूले पनि सर्वप्रथम प्रतिभाको उल्लेख गरेको हुँदा सामान्यतः यो नै काव्यको प्रमुख हेतु हो र अन्यचाहिँ सहायक हेतु हुन् भन्ने स्पष्ट हुन्छ।

### 1. काव्य हेतुका प्रकार

काव्य हेतु प्रतिभा, व्युत्पति र अभ्यास गरी तीन प्रकारका छन् । यिनको चर्चा तल क्रमशः गरिएको छः

#### (1) प्रतिभा

प्रतिभालाई काव्यको प्रमुख हेतु मानिन्छ। यसका लागि शक्ति शब्दको प्रयोग गरिएको पनि पाइन्छ । यसका बढी मान्य परिभाषाहरू निम्नलिखित छन् -

भट्टतौत – नवीनताको उन्मेष गर्ने प्रज्ञा वा बुद्धिलाई प्रतिभा भनिन्छ ।

अभिनवगुप्त – अपूर्व वस्तुको निर्माण गर्न सक्ने प्रज्ञा वा बुद्धिलाई प्रतिभा भनिन्छ ।

हेमचन्द्र – नवीनताको उल्लेख गर्ने प्रज्ञा वा बुद्धिलाई प्रतिभा भनिन्छ ।

काव्य हेतुबारे चिन्तनमनन गर्ने अन्य विद्वानहरूले प्रतिभालाई यसरी चिनाएका छन् -

भामह – काव्यको रचना गर्ने एक मात्र हेतु प्रतिभा हो ।

रुद्रट – अनेक प्रकारका भाव उत्पन्न हुने शक्ति प्रतिभा हो ।

वामन – काव्यको बीज प्रतिभा हो ।

कुन्तक – अनौठो काव्यशक्ति प्रतिभा हो ।

मम्मट – काव्यरचना गराउने संस्कार विशेष प्रतिभा हो ।

निष्कर्षतः प्रतिभा भनेको विशिष्ट प्रज्ञा वा संस्कार हो । यसलाई काव्यरचनाको बीजभूत संस्कार मानिन्छ। साहित्य स्रष्टाका मनमा पहिला यो विशिष्ट संस्कार जागरित हुन्छ र पछि यो नै काव्यका रूपमा प्रस्फुटित हुन्छ । यो संस्कार वा प्रज्ञा जन्मजात हुनसक्छ अथवा आनुवंशिक हुनसक्छ अथवा अभ्यासबाट पनि उत्पन्न हुनसक्छ । यीमध्ये कुनै पनि प्रकारको प्रतिभा नभएका व्यक्तिले काव्य रचना गर्न सक्दैन ।

प्रतिभा निम्नलिखित दुई प्रकारको हुन्छन् -

(क) **कारयित्री प्रतिभाः** काव्यको निर्माण गराउने प्रतिभालाई कारयित्री प्रतिभा भनिन्छ । यो निम्नलिखित तीन प्रकारको हुन्छः

**(अ) सहजा** – सर्जकको जन्मजात वा नैसर्गित प्रतिभालाई सहजा प्रतिभा भनिन्छ। यस खालको प्रतिभा भएको स्रष्टालाई सारस्वत् कविको संज्ञा दिइन्छ।

**(आ) आहार्य** – सर्जकको परिश्रण र अभ्यासबाट प्राप्त प्रतिभालाई आहार्य प्रतिभा भनिन्छ । यस प्रतिभालाई उत्पाद्य पनि भनिन्छ । यस खालको प्रतिभा भएको स्रष्टालाई आभ्यासिक कविको संज्ञा दिइन्छ ।

**(इ) औपदेशिक** – सर्जकले तन्त्रमन्त्र, साधना वा वरदानका रूपमा प्राप्त गरेको प्रतिभालाई औपदेशिक प्रतिभा भनिन्छ । यस खालको प्रतिभा भएको स्रष्टालाई औपाधिक कविको संज्ञा दिइन्छ ।

**(ख) भावयित्री प्रतिभा** – भावक वा समालोचक बनाउने प्रतिभालाई भावयित्री प्रतिभा भनिन्छ । यस खालको प्रतिभा भएको स्रष्टालाई भावक, समालोचक वा समीक्षक भन्ने चलन छ ।

**(2) व्युत्पति**

व्युत्पतिलाई काव्यको दोस्रो हेतु मानिन्छ । यसका लागि निपुणता शब्दको प्रयोग पनि गरिएको पाइन्छ । यसका विभिन्न परिभाषाहरूमध्ये निम्नलिखितलाई बढी महत्त्वपूर्ण मानिन्छ ।

हेमचन्द्र – लोकशास्त्र र काव्यमा निपुणतालाई व्युत्पति भनिन्छ ।

राजशेखर – बहुज्ञतालाई व्युत्पति भनिन्छ ।

यायावरीय – उचित र अनुचितको विवेकलाई व्युत्पति भनिन्छ ।

यिनका अतिरिक्त अन्य विद्वानहरूले व्युत्पतिबारे निम्नलिखित धारणा अघि सारेका छन् -

भामह – व्युत्पतिका लागि सर्जकले व्याकरण, छन्द, कोश, अर्थशास्त्र, इतिहासाश्रित कथा, लोकव्यवहार, तर्कशास्त्र र कलाको ज्ञान आवश्यक हुन्छ

दण्डी – काव्याङ्गगहरूको ज्ञानबाट सर्जक व्युत्पन्न बन्छ । मुख्यतः लोक (लोकव्यवहार), विद्या (व्याकरण), कोश, छन्दशास्त्र, दण्डनीति र प्रकीर्ण (लक्ष्यज्ञत्व, अभियोग, अवक्षेप र प्रतिमान)लाई काव्याङ्ग मानिन्छ ।

राजशेखरले व्युत्पतिका आधामरा कविहरूको निम्नलिखित वर्गीकरण गरेका छन् -

(1) शास्त्रकवि – काव्यमा शास्त्र वा शास्त्रमा काव्य लेख्न सक्ने कवि ।

(2) काव्यकवि – शब्द, अर्थ, अलङ्कार, उक्ति, रस, रीति आदिलाई प्रधानता दिने कवि । यस वर्गको कविलाई महाकवि पनि भनिन्छ ।

(3) उभयकवि – शास्त्र र काव्य दुवैको रचना गर्ने कवि ।

जुन सर्जकलाई यस व्यापक विश्वको जति बढी ज्ञान हुन्छ त्यसलाई त्यति नै व्युत्पन्न कवि भनिन्छ ।

**(3) अभ्यास**

अभ्यासलाई काव्यको तेस्रो हेतु भनिन्छ । अभ्यासको तात्पर्य काव्य लेखनको अभ्यास हो । यसको परिभाषा निम्नलिखित छः काव्यज्ञहरूबाट विधिवत् शिक्षा लिएर निरन्तर काव्यनिर्माणको आवृत्ति गर्नु वा त्यसमा पुनःपुनः प्रवृत्त हुनु नै अभ्यास हो । राजशेखरले काव्य हेतुअन्तर्गत अभ्याससँगै समाधिको पनि उल्लेख गरेका छन् । समाधि भनेको मनको एकाग्रता हो । सामान्यतः अभ्यासले वाह्य पक्षलाई जनाउने हुँदा समाधिलाई त्यसकै आन्तरिक पक्ष मानिन्छ । यसरी समाधिलाई अभ्यासभित्रै समेटिने एउटा प्रक्रिया देखिएको

हुँदा यसलाई छुट्टै काव्य हेतु  मानिदैन । अभ्यासका आधारमा कविहरूको निम्नलिखित श्रेणीकरण गरिएको पाइन्छः

(1) हृदयकवि – मनमनै सिर्जना गरे पनि अरूबाट लुकाउने कवि ।

(2) अन्यापदेशी – आफ्नो रचना अर्काको नामले सुनाउने कवि ।

(3) सेविता – कुनै सर्जकलाई आदर्श बनाएर सिर्जना गर्ने कवि ।

(4) घटमान – फुटकर रचना मात्र लेख्न सक्ने कवि ।

(5) महाकवि – प्रबन्धकाव्य समेत लेख्न सक्ने कवि ।

(6) आवेशिक – आवेशका समयमा लेख्ने कवि ।

(7) आशुकवि – तत्काल धाराप्रवाह सिर्जना गर्ने कवि ।

पूर्वीय साहित्यशास्त्रमा प्रतिभालाई बढी महत्त्व दिइएको पाइए पनि व्युत्पति र अभ्यासको महत्व पनि त्यति न्यून गरिएको छैन । प्रतिभालाई उकास्ने, उजिल्याउने र बढाउने कार्यमा व्युत्पति र अभ्यासले सहयोग गर्ने हुँदा काव्य हेतुका रूपमा यिनलाई पनि महत्त्व दिइएको हो । प्रतिभा काव्यको कारण हो, व्युत्पत्ति त्यसको विभूषण हो र अभ्यास शीघ्र रचना निर्माणको कारण हो भन्ने वाग्भटको भनाइले तीनवटै हेतुहरूको कार्य र महत्त्व टड्कारै दर्साएको छ ।

पूर्वीय आचार्यहरूले निरूपण गरेका काव्य प्रयोजनहरूलाई तल तालिकाबद्ध गरी प्रस्तुत गरिएको छः

| आचार्य / प्रयोजन | भरत | भामह | दण्डी | वामन | आनन्दवर्धन | कुन्तक | मम्मट | विश्वनाथ |
|---|---|---|---|---|---|---|---|---|
| 1. धर्म | + | + | | + | + | + | | + |
| 2. अर्थ | + | + | + | + | + | + | + | + |
| 3. काम | + | + | | + | + | + | | + |
| 4. मोक्ष | + | + | | + | + | + | | + |
| 5. प्रीति / आनन्द / तृप्ति | | + | + | + | | | + | + |
| 6. रक्षा | | + | + | + | | | + | |
| 7. शिक्षा / उपदेश | + | | | | | | + | |
| 8. सुरक्षा | | + | | + | | | | |
| 9. | | | + | | | + | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| फलप्राप्ति | | | | | | | | |
| 10. प्रियता | | | + | | | | | |
| 11. यश, कीर्ति | | | + | | | | | + |
| 12. रसनिष्पत्ति | | | | | + | | | |
| 13. व्यवहारज्ञान | | | | | | | + | |
| 14. विश्राम | + | | | | | | | |
| 15. अन्तश्चमत्कार | | | | | | + | | |
| 16. बुद्धिविकास | + | | | | | | | |
| 17. हित | + | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 18. विनोद / मनोरञ्जन | + | | | | | | | |
| 19. नयाँ व्यवहार | | | | | | + | | |

उपर्युक्त काव्य प्रयोजनहरूलाई महत्त्वका दृष्टिले निम्नलिखित ढङ्गले देखाइन्छः

मुख्य – प्रीति, रसानुभूति

व्यावहारिक – धर्म, अर्थ, काम, मोक्ष, लोकव्यवहार शिक्षा

प्रयोजन- वैयक्तिक – कृपापात्रता, व्याधिरक्षा, धनार्जन

आन्तरिक – कीर्ति, आनन्दाभूति

पूर्वीय साहित्य चिन्तकहरूले लेखक र पाठक दुवैका दृष्टिबाट काव्य प्रयोजनसम्बन्धी विचारहरू प्रस्तुत गरेका छन् । लेखकका दृष्टिले मुख्य प्रयोजन कीर्ति र तृप्ति हो भने अरू सबै प्रयोजन गौण छन् । पाठकका दृष्टिले मुख्य प्रयोजन आनन्दाभूति वा प्रीति हो भने अरू सबै प्रयोजन गौण हुन् । यस वर्गीकरणले पूर्वीय चिन्तकहरूको काव्य प्रयोजनसम्बन्धी दृष्टिकोण ज्यादै फराकिलो छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## 2.4 उपसंहार

काव्यका शब्द, अर्थ, अलङ्कार, रस, ध्वनि, रीति, वक्रोक्ति आदि वाह्य तथा आन्तरिक पक्ष दुवैको समावेश भएको पाइन्छ । भामहले अलङ्कार, वामनले रीति, आनन्दवर्धनले ध्वनि, कुन्तकले वक्रोक्ति, विश्वनाथ तथा जगन्नाथले रसलाई काव्यको आत्मा माने तापनि शब्द, वाक्य, अर्थजस्ता भाषिक एकाइहरूलाई यी सबैले उत्तिकै महत्त्व दिएको पाइन्छ । काव्य के हो भनेर चिनाउने पूर्वीय आचार्यमध्ये भामह अलङ्कारवादी हुन् । अलङ्कार शब्द र अर्थको चमत्कारबाट पैदा हुने हुँदा उनले काव्यको लक्षण बताउँदा शब्द र अर्थको सहभाव अर्थात उपयुक्त प्रयोगलाई विशेष जोड दिएका छन् ।

लेखकका दृष्टिले मुख्य प्रयोजन कीर्ति र तृप्ति हो भने अरू सबै प्रयोजन गौण छन् । पाठकका दृष्टिले मुख्य प्रयोजन आनन्दाभूति वा प्रीति हो भने अरू सबै प्रयोजन गौण हुन् । साहित्य वा काव्यको रचना गराउने कारणलाई हेतु भनिन्छ । सर्जकमा साहित्य सिर्जनाको सामर्थ्य उत्पन्न गराउने मूल साधन यही हेतु हो । यसले साधन वा कारण बनेर काव्यको सिर्जना गराउने हुँदा यसलाई कारकक पनि भनिन्छ । प्रत्येक सर्जक काव्यका हेतु वा कारकबाट प्रेरित भएर सिर्जनातर्फ उन्मुख हुन्छ। पूर्वीय साहित्यशास्त्रमा काव्य हेतुबारे गम्भीर चिन्तनमनन गरेको पाइन्छ । हेतुसम्बन्धी चिन्तनको प्रारम्भ भामहदेखि निरन्तर रूपमा भएको र जगन्नाथसम्म पनि यस्तो चिन्तनको अविच्छिन्न परम्परा रहेको देखिन्छ ।

काव्य सिर्जना गर्ने उद्देश्यलाई प्रयोजन भनिन्छ । यसले कुनै साहित्यिक रचना किन लेखिएको हो र त्यसको सार्थकता के हो भन्ने बुझाउँछ । पूर्वीय

आचार्यहरूका विचारमा प्रयोजन नबताइएको काव्यलाई कसैले ग्रहण गर्दैन भन्ने रहेको छ । प्रयोजनरहित रचना निस्फल र निरर्थक हुने हुँदा पूर्वीय साहित्यशास्त्रमा यसबारे गम्भीर छलफल गरिएको पाइन्छ । काव्यको प्रयोजनबारे सबै आचार्यहरूमा मत्यैक्य नपाइए तापनि तिनले उल्लेख गरेका मुख्यमुख्य प्रयोजनहरू निम्नलिखित छन् । भरतका दृष्टिमा काव्य प्रयोजन भनेको धर्म, अर्थ, काम, मोक्ष, लोकोपदेश, विश्राम, बुद्धिविलास, नैतिक शिक्षा, हित र विनोद हो । भामहका दृष्टिमा काव्य प्रयोजन भनेको धर्म, अर्थ, काम, मोक्ष, प्रीति (आनन्द), दण्डबाट रक्षा र व्याधिबाट सुरक्षा हो । आचार्य दण्डीका दृष्टिमा काव्य प्रयोजन भन्नाले सहृदयको प्रियता, कीर्ति विस्तार, धनार्जन, विपत्तिबाट रक्षा, असाधारण आनन्द र मनोवाञ्छित फलको प्राप्ति आदिलाई बुझिन्छ । वामनका दृष्टिमा काव्य प्रयोजन भनेको धर्म, अर्थ, काम, मोक्ष, प्रीति, रक्षा, सुरक्षा आदि हो भनेका छन् ।

## 2.5 सार

यस प्रखण्डमा काव्य हेतु र काव्य प्रयोजनबारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- काव्यका शब्द, अर्थ, अलङ्कार, रस, ध्वनि, रीति, वक्रोक्ति आदि वाह्य तथा आन्तरिक पक्ष दुनैको समावेश भएको पाइन्छ ।
- भामहले अलङ्कार, वामनले रीति, आनन्दवर्धनले ध्वनि, कुन्तकले वक्रोक्ति, विश्वनाथ तथा जगन्नाथले रसलाई काव्यको आत्मा माने तापनि शब्द, वाक्य, अर्थजस्ता भाषिक एकाइहरूलाई यी सबैले उत्तिकै महत्त्व दिएको पाइन्छ ।

- काव्यलाई चिनाउने पूर्वीय आचार्यमध्ये भामह अलङ्कारवादी हुन् । अलङ्कार शब्द र अर्थको चमत्कारबाट पैदा हुने हुँदा उनले काव्यको लक्षण बताउँदा शब्द र अर्थको सहभाव अर्थात उपयुक्त प्रयोगलाई विशेष जोड दिएका छन् ।
- लेखकका दृष्टिले मुख्य प्रयोजन कीर्ति र तृप्ति हो भने अरू सबै प्रयोजन गौण छन् । पाठकका दृष्टिले मुख्य प्रयोजन आनन्दाभूति वा प्रीति हो भने अरू सबै प्रयोजन गौण हुन् ।
- साहित्य वा काव्यको रचना गराउने कारणलाई हेतु भनिन्छ । सर्जकमा साहित्य सिर्जनाको सामर्थ्य उत्पन्न गराउने मूल साधन यही हेतु हो । यसले साधन वा कारण बनेर काव्यको सिर्जना गराउने हुँदा यसलाई कारकक पनि भनिन्छ ।
- प्रत्येक सर्जक काव्यका हेतु वा कारकबाट प्रेरित भएर सिर्जनातर्फ उन्मुख हुन्छ। पूर्वीय साहित्यशास्त्रमा काव्य हेतुबारे गम्भीर चिन्तनमनन गरेको पाइन्छ । हेतुसम्बन्धी चिन्तनको प्रारम्भ भामहदेखि निरन्तर रूपमा भएको र जगन्नाथसम्म पनि यस्तो चिन्तनको अविच्छिन्न परम्परा रहेको देखिन्छ ।
- काव्य सिर्जना गर्ने उद्देश्यलाई प्रयोजन भनिन्छ । यसले कुनै साहित्यिक रचना किन लेखिएको हो र त्यसको सार्थकता के हो भन्ने बुझाउँछ ।
- पूर्वीय आचार्यहरूका विचारमा प्रयोजन नबताइएको काव्यलाई कसैले ग्रहण गर्दैन भन्ने रहेको छ । प्रयोजनरहित रचना निस्फल र निरर्थक हुने हुँदा पूर्वीय साहित्यशास्त्रमा यसबारे गम्भीर छलफल गरिएको पाइन्छ ।
- काव्यको प्रयोजनबारे सबै आचार्यहरूमा मत्यैक्य नपाइए तापनि तिनले उल्लेख गरेका मुख्यमुख्य प्रयोजनहरू निम्नलिखित छन् ।

- भरतका दृष्टिमा काव्य प्रयोजन भनेको धर्म, अर्थ, काम, मोक्ष, लोकोपदेश, विश्राम, बुद्धिविलास, नैतिक शिक्षा, हित र विनोद हो ।
- भामहका दृष्टिमा काव्य प्रयोजन भनेको धर्म, अर्थ, काम, मोक्ष, प्रीति (आनन्द), दण्डबाट रक्षा र व्याधिबाट सुरक्षा हो ।
- आचार्य दण्डीका दृष्टिमा काव्य प्रयोजन भन्नाले सहृदयको प्रियता, कीर्ति विस्तार, धनार्जन, विपत्तिबाट रक्षा, असाधारण आनन्द र मनोवाञ्छित फलको प्राप्ति आदिलाई बुझिन्छ ।
- वामनका दृष्टिमा काव्य प्रयोजन भनेको धर्म, अर्थ, काम, मोक्ष, प्रीति, रक्षा, सुरक्षा आदि हो भनेका छन् ।

यस प्रखण्डको अध्ययनले **काव्य हेतु र काव्य प्रयोजन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । काव्यको परिचय र यसका हेतु र प्रयोजन सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 2.6 अनुशीलनी

१. काव्यको परिभाषाबारे चर्चा गर्दै यसका उद्भवबारे सविस्तार चिनाउनुहोस्।

२. काव्यको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. काव्यको हेतु भन्नाले के बुझिन्छ ? बताउनुहोस् ।

४. काव्यको प्रयोजन भनेको के हो ? सबिस्तार चर्चा गर्नुहोस् ।

५. काव्य हेतु र काव्य प्रयोजनका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

६. काव्य हेतु र काव्य प्रयोजन बीचमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

७. काव्य हेतु र प्रयोजनको साहित्यमा के कस्तो महत्व र मूल्यरहेको ठान्नुहुन्छ ? आफ्नो तर्क दिनुहोस् ।

८. काव्य हेतु कति प्रकारका हुन्छन् ? चर्चा गर्नुहोस्।

९. व्यत्पत्ति, अभ्यास र प्रतिभाबारे एउटा टिप्पणी लेख्नुहोस् ।

१०. काव्य प्रयोजनलाई कति प्रकारमा वर्गीकरण गर्न सकिन्छ ? आफ्नो विवेचना प्रस्तुत गर्नुहोस् ।

११. काव्य हेतुको मुख्य विशेषताबारे लेख लयार पार्नुहोस् ।

११. काव्य प्रयोजनको प्रमुख वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 2.7 अतिरिक्त अध्ययन

१३. सिग्देल, सोमनाथ – **साहित्य प्रदीप** ।

१४. उपाध्याय, डा. केशवप्रसाद – **साहित्य प्रकाश** ।

१५. अधिकारी, हेमाङ्ग – **पूर्वीय समालोचना - सिद्धान्त** ।

१६. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

१७. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

१८. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

१९. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श** ।

२०. न्यौपाने, टङ्कप्रसाद, सन् १९९२, **साहित्यको रूपरेखा ।**

२१. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना ।**

यस अतिरिक्त काव्य हेतु र काव्य प्रयोजनबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 2.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

६. काव्य हेतुको अर्थ र परिभाषा ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले २.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

७. काव्य प्रयोजनको अर्थ र परिभाषा ।

..........................................................................................

.......

..........................................................................................

.......

.........................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले २.३ को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

८. काव्य हेतुको प्रकार ।

.........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले २.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

९. काव्य प्रयोजनका प्रकारहरू ।

.........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले २.४ खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

१०. साहित्यमा काव्य हेतु र काव्य प्रयोजन ।

....................................................................................................

.......

....................................................................................................

.......

....................................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले २.४ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – ३, काव्यका प्रकार, काव्य गुण र दोष

## संरचना

3.0 उद्देश्य

3.1 परिचय

3.2 काव्य गुण र दोषको परिभाषा

3.3 काव्यका प्रकार

3.3.1 खण्डकाव्य

3.3.2 महाकाव्य

3.3.3 चम्पूकाव्य

3.3.4 पध्यकाव्य

3.3.5 गध्यकाव्य

3.4 काव्य गुणका प्रकार

3.5 साहित्यमा काव्य गुण

3.6 काव्य दोषका प्रकार

3.7 साहित्यमा काव्य दोष

3.8 उपसंहार

3.9 सार

3.10 अनुशीलनी

3.11 अतिरिक्त अध्ययन

3.12 मूल्यबृद्धिको निम्ति उत्तर

## 3.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- काव्यको सामान्य परिचय
- काव्यका विविध प्रकारहरू
- खण्डकाव्य, महाकाव्य, चम्पूकाव्य, गीतिकाव्य, नव्यकाव्य आदि
- काव्य गुणका प्रकार
- साहित्यमा काव्य गुण
- काव्य दोषका प्रकार
- साहित्यमा काव्य दोष

## 3.1 परिचय

काव्यका शब्द, अर्थ, अलङ्कार, रस, ध्वनि, रीति, वक्रोक्ति आदि वाह्य तथा आन्तरिक पक्ष दुनैको समावेश भएको पाइन्छ । भामहले अलङ्कार, वामनले रीति, आनन्दवर्धनले ध्वनि, कुन्तकले वक्रोक्ति, विश्वनाथ तथा जगन्नाथले रसलाई काव्यको आत्मा माने तापनि शब्द, वाक्य, अर्थजस्ता भाषिक एकाइहरूलाई यी सबैले उत्तिकै महत्त्व दिएको पाइन्छ । काव्य के हो भनेर चिनाउने पूर्वीय आचार्यमध्ये भामह अलङ्कारवादी हुन् । अलङ्कार शब्द र अर्थको चमत्कारबाट पैदा हुने हुँदा उनले काव्यको लक्षण बताउँदा शब्द र

अर्थको सहभाव अर्थात उपयुक्त प्रयोगलाई विशेष जोड दिएका छन् । अर्का पूर्वीय आचार्य वामन रीतिवादी चिन्तक हुन्। यिनले रीतिलाई काव्यको आत्मा बताउँदै त्यसलाई सर्वोपरि महत्त्व दिएका छन् । रीति भनेको पदहरूको सङ्गठन हो र उनी उपयुक्त र सौन्दर्यपूर्ण पदहरूको सङ्गठनलाई काव्य मान्छन् । भामहले शब्द र अर्थ भनेझैँ यिनले पद शब्दको प्रयोग गरी काव्यलाई भाषावादी ढङ्गले हेर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

गुणलाई स्पष्ट रूपमा अर्थ्याउने र अलङ्कारबाट यसको भिन्नता देखाउने प्रथम आचार्य रीतिवादी वामन हुन् । गुण काव्यको शोभाकरक धर्म हो र अलङ्कार त्यस शोभालाई बढाउने हेतु हो भन्ने मान्यता स्थापित गरी यिनले सर्वप्रथम गुणको परिभाषा र अलङ्कारसँग यसको विभेद सँगसँगै गरेका छन् । यिनले गुणलाई काव्यशोभाको कारक र अलङ्कारलाई शोभा बढाउने कारण मान्दै गुणलाई शब्दार्थको नित्य धर्म र अलङ्कारलाई अनित्य धर्म तथा गुण नहुँदा सौन्दर्य उत्पन्न नहुने र अलङ्कार नहुँदा पनि सौन्दर्य उत्पन्न हुने भनी अलङ्कारभन्दा भिन्न गुणको स्वरूप चिनाएका छन् ।

अग्निपुराणकारले अलङ्कारलाई काव्य शोभाकर धर्म र गुणलाई काव्यको सौन्दर्य विधायॉक तत्त्व मानेको हुँदा यी दुवैमा स्पष्ट सीमारेखा कोरेको देखिँदैन । उनको सम्पूर्ण भनाइलाई हेर्दा उनले अलङ्कारभन्दा गुणलाई बढी महत्त्व दिएको पुष्टि यस कथनबाट हुन्छ - अलङ्कृत भए पनि गुणहीन काव्य प्रिय हुँदैन। नारीको सौन्दर्य गुणरहित शरीरमा हार केवल भार हुन्छ । यसरी अलङ्कारवादी र रीतिवादी आचार्यहरूले गुणलाई शब्दार्थमा आश्रित तत्त्वका रूपमा चर्चा गरे पनि रस - ध्वनिवादी आचार्यहरूले यसको चर्चा रसमा

आश्रित तत्त्वका रूपमा गरेका छन् । यिनीहरूले अलङ्कार र गुणको भेदलाई सुस्पष्ट पार्दै गुणको लक्षणसम्बन्धी चर्चालाई निष्कर्षमा पुर्‍याएका छन् ।

## 3.2 काव्य गुण र दोषको परिभाषा

गुणको चर्चा मुख्यतः अलङ्कारवादी, रीतिवादी र रस-ध्वनिवादी आचार्यहरूले गरेका  छन् । यिनमा अलङ्कारवादी तथा रीतिवादी विचारकहरूले यसलाई शब्दार्थमा आश्रित धर्म मानेका छन् भने रस एवं ध्वनिवादीहरूले यसलाई रसमा आश्रित धर्म मानेका छन् । अलङ्कारवादीहरूले अलङ्कार र गुणमना प्रायः भेद गरेका छैनन् । अलङ्कार सम्प्रदायका प्रवर्तक भामहले अलङ्कार र गुणका बीचमा कुनै भेद नदेखाई गुणलाई अलङ्कारकै रूपमा हेरेका छन् । दण्डीले गुणलाई अलङ्कारभन्दा विशिष्ट शब्द र अर्थको उपकारक र मार्गको प्राण भने तापनि अलङ्कारबाट यसको स्पष्ट भिन्नता देखाएका छैनन् ।

गुणलाई स्पष्ट रूपमा अर्थ्याउने र अलङ्कारबाट यसको भिन्नता देखाउने प्रथम आचार्य रीतिवादी वामन हुन् । गुण काव्यको शोभाकरक धर्म हो र अलङ्कार त्यस शोभालाई बढाउने हेतु हो भन्ने मान्यता स्थापित गरी यिनले सर्वप्रथम गुणको परिभाषा र अलङ्कारसँग यसको विभेद सँगसँगै गरेका छन् । यिनले गुणलाई काव्यशोभाको कारक र अलङ्कारलाई शोभा बढाउने कारण मान्दै गुणलाई शब्दार्थको नित्य धर्म र अलङ्कारलाई अनित्य धर्म तथा गुण नहुँदा सौन्दर्य उत्पन्न नहुने र अलङ्कार नहुँदा पनि सौन्दर्य उत्पन्न हुने भनी अलङ्कारभन्दा भिन्न गुणको स्वरूप चिनाएका छन् ।

पूर्वीय साहित्यशास्त्रमा काव्यदोषको चर्चा प्रारम्भदेखि नै भएको पाइन्छ । भरतले दोषका १० प्रकारहरूको उल्लेख गरेका छन् , तर यसको स्वरूप

स्पष्ट्याएका छैनन् । उनले दोषको भावात्मक सत्ता स्वीकार्दै यसलाई गुणको विपर्यय ठहराएका छन् । उनले काव्यका घातस्थानहरूलाई दोष मानेका छन्। भरतका अनुसार घातले विनाश वा अपकर्षलाई जनाउँछ । भामहले काव्यदोषको लक्षण नबताई प्रकारान्तले चर्चा गरेका छन् । दोषका प्रति कठोरता देखाउँदै उनले दोषयुक्त काव्यको रचना गर्नु कविको साक्षात् मृत्यु हो भन्नेसम्म धारणा व्यक्त गरेका छन्। दोषयुक्त काव्य रच्ने कवि दुष्ट पुत्र उत्पन्न गर्ने बाबु जत्तिकै निन्दाको पात्र हुन्छ र निन्दित बन्छ भन्ने उनको अभिमत रहेको छ ।

## 3.3 काव्यका प्रकार

### 3.3.1 खण्डकाव्य

कविताको मझौला रूप भएको खण्डकाव्य र लामो कविता पनि हो । कविताको ज्यादै विस्तृत र ज्यादै सङ्कुचित नभएको रचनालाई मझौला रूप भनिन्छ । यस्ता रचनामा एक विषय, एक घटना, एक सन्दर्भ र जीवनको एक पक्षको उद्घाटन भएको हुन्छ । अनुभूतिको उत्तरोउत्तर वृद्धि र विकास हुँदै जाँदा कविताको आख्यान तन्तु र संरचनागत सुगठनलाई अँगाल्न पुग्दछ त्यस अवस्थामा कविता मध्यम आयाममा प्रवेश गर्दछ । यसैले कविताको मझौला आयामलाई खण्डकाव्य वा लामो कविता भनिने गरिन्छ । विषयवस्तुको आयाम विस्तार, आख्यान र संरचनाका कारणले गर्दा कविताको मझौला रूप फुटकर कविताबाट छुट्टिन थाल्दछ । कविताको मझौला रूपमा आख्यानलाई अनुभूतिसँग घोलेर प्रस्तुत गरिएको हुन्छ । आख्यानयुक्त रचना

र सुगठित संरचना भएको कविताको आयाम नै कवितामा मझौला रूप हो र यो लामो कविता र खण्डकाव्यमा विभक्त भएको हुन्छ ।

खण्डकाव्यमा कुनै सम्पूर्ण जीवन कथाको वर्णन नगरिएर केवल जीवनका कुनै एक अंश वा भागको मात्र वर्णन गरिएको हुन्छ । यसकाव्यको कथावस्तु काल्पनिक हुनु पर्दछ । यसमा सात या सात भन्दा कम सर्ग भएको हुनु जरूरी छ । खण्डकाव्यमा जीवनको वर्णन गरिएको भागको चित्रण त्यसै लक्ष्यमा पूर्ण तथा निहित भएको हुनुपर्छ । यसमा प्राकृतिक दृश्य आदिको चित्रण देश - काल अनुसार भएको हुनुपर्छ अनि यो विस्तृत नभएर संक्षिप्त हुनुपर्दछ ।

## 3.3.2 महाकाव्य

कविताको बृहत् रूप मानिने महाकाव्य कविता कै सबैभन्दा ठूलो आयाम हो । यसमा कविताका लामा रचना र खण्डकाव्यभन्दा माथिका सबै सिर्जनाहरू समेटिन पुग्दछन् । यस्ता रचनाको सिर्जना बृहत आख्यानीकरणबाट मात्र सम्भव हुन्छ र यसमा जीवन जगतको सर्वपक्षीय अध्ययन भएको हुन्छ । कविताले जब सिङ्गो युग, जीवन र समाजलाई बोकेर हिँड्न लाग्छ र अनुभूतिको आख्यानीकरणमा कवित्वको महाप्रवाह बहन थाल्दछ तब कविताको बृहत् रूप महाकाव्य प्रकट हुन्छ । कविताको यस्तो आयाममा जीवन जगतको सिङ्गो प्रस्तुति, खण्डयोजना, सन्धि, अर्थ प्रकृति र कार्यावस्था जस्ता प्राविधिक कुराको संयोजन गरिएको हुन्छ । कविताको बृहत् रूप चाही अनुभूतिको महाप्रवाह, जीवनको सिङ्गो अभिव्यक्ति, मानव सभ्यता र समाजको सिङ्गो इतिहासलाई बोकेको विराट संरचना र आख्यानलाई बोकेको

कविताहरूको स्वरूप हो । कविताको विस्तारित आयामयुक्त यस्तो रूपले सिङ्गो युगलाई नै आत्मसात् गरेको हुन्छ । कविताको बृहत् रूप विकासशील अवस्थामा रहेको हुन्छ र यसको प्रवाह निरन्तर रूपमा चलिरहेको हुन्छ । जसले गर्दा कविताको बृहत् आयाम ललित महाकाव्यबाट माथि उठेर आर्ष महाकाव्यका तहसम्म पनि विस्तारित हुन पुग्छ । यसकारण कविताको बृहत् आयाममा विकसित र विकासशील, ललित र आर्ष महाकाव्य समेटिन पुग्दछन् ।

खण्डकाव्यमा कुनै ऐतिहासिक या पौराणिक महापुरुषका सम्पूर्ण जीवन कथाको आद्योपान्त वर्णन गरिएको हुन्छ । यसकाव्यका नायक कुनै पौराणिक, ऐतिहासिक भएका धीरोदात्त, गुणी र पराक्रमि हुनु आवश्यक छ । महाकाव्यमा जीवनका सम्पूर्ण कथालाई सविस्तार रूपमा वर्णन गरिएको पनि हुनुपर्छ । श्रृंगार, वीर र शान्त रस मध्ये कुनै एक रसको प्रधानता यसमा भएको हुनैपर्छ । यथास्थान अन्य रसहरूको पनि प्रयोग यसमा भए उत्तम मानिन्छ । महाकाव्यमा बिहान – बेलुकी, दिन – रात, नदी – नाला, वन – पर्वत, खोला - समुद्र आदि प्राकृतिक दृश्यहरूको स्वाभाविक चित्रण भएको हुनु पर्दछ । आठ तथा आठ भन्दा अधिक सर्ग महाकाव्यमा हुनु पर्दछ । यी प्रत्येक सर्गको अन्तमा छन्द परिवर्तन गरिएको हुनुपर्छ । यसका साथै महाकाव्यमा सर्गको अन्तमा आगामि अङ्कको सूचना पनि महाकाव्यकारले दिएको हुनु पर्दछ ।

### 3.3.3 चम्पूकाव्य

चम्पूकाव्यमा गध्य र पध्य दुवै समावेश रहेको हुन्छ । चम्पू श्रव्यकाव्यको एउटा भेद हो । गध्य – पध्य दुवै थरी रचना मिश्रित काव्यलाई चम्पू भनिन्छ । यसर्थ कवितामा चम्पू शैली भन्नाले गद्य र पद्य दुवैको समावेश भइ श्लेष आदि अलङ्कार, अनुप्रास आदिले मधूर शह्द योदना भएको शालीलाई बुझिन्छ । पूर्वीय आचार्य दण्डीले गध्य – पध्य मिश्रित गरी तेस्रो विभाग गरेर त्यसमा दृश्यकाव्यलाई गणना गर्दै चम्पू काव्यको अर्थ लाएका छन् ।

संस्कृत आचार्य विश्वनाथले **चम्पक** फूलले सबैतिर वासना छर्नाले यसको नाम चम्पू रहेको मानेका छन् । **साहित्यदर्पण**मा पनि गध्य – पध्य मिसिएको श्रब्यकाव्यलाई चम्पू भनिएको छ । यस चम्पू शैलीलाई अनुसरण गरेर लेखिएको प्राचीन कृति त्रिविक्रम भट्टको **नल चम्पू**लाई मानिन्छ । दशौ शताव्दीमा रचिएको यस कृतिका अतिरिक्त भारतेली साहित्यमा कवि भोजराजको **चम्पू नारायण**, गोस्वामीको **गोपाल चम्पू**, नीलकण्ठ दीक्षितको **नीलकण्ठ चम्पू** , **चम्पू भारत** आदि कृतिहरू प्रकाशित छन् । हिन्दी साहित्यमा मैथिलीशरण गुप्तको **यशोधरा** नामक काव्य चम्पू शैलीमा रचिएका छन् । नेपाली साहित्यमा भने कवि बालकृष्ण समको **मेरो कविताको आराधना** चम्पू शैलीमा लेखिएको कविता हो । भारतेली नेपाली कविता साहित्यमा भने त्यत्ति चम्पू शैलीलाई अनुसरण गरेर भारतेली कविहरूले कविता रचेको पाइन्न ।

## 3.3.4 पध्यकाव्य

संस्कृत भाषाको ‘पद्’ धातुमा ‘ध्य’ प्रत्यय लागेर बनिएको **पध्य** शब्दको शाब्दिक अर्थ चरण वा पाउ हो । यसअनुरूप कुनै चरण वा पाउ, पद आदिमा बाँधिएको शास्त्रीय वा लौकिक छन्दोबद्ध रचनालाई पध्य भनिन्छ । तर पध्यमय भाषामा लेखिएको सबै रचनालाई कविता मान्न सकिन्न । कविता गध्यमा पनि लेखिन्छ । छन्दोबद्ध रचनालाई कविता होइन, पध्यकाव्य भनिन्छ । संस्कृतमा ‘छन्दोबद्ध मर्म पध्यम्’ भनिएको छ । यसअनुसार छन्दमा बाँधिएको रचनालाई मात्र पध्य मानिन्छ । पध्य मस्तिष्कसित सम्बन्धित हुन्छ । यसमा कोमलता, संवेग, कल्पना, अनुभूति र चिन्तन हुन्छ । पध्य शैलीका लेखकलाई गायक झैँ मानिन्छ । यो कोमल, ललित, गुढार्थ, प्रतीक - बिम्बयुक्त, छन्दमुखी हुन्छन् । अत : कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त, आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कवितालाई पध्य भनिन्छ । यसमा सरसता र सङ्गीतात्मकता रहन्छ ।

पध्यको मूख्य विशेषता नै कृतिमा सोन्दर्यपन, कलात्मकता, कल्पनाशीलत, सङ्गीतप्रधान, मनोवेगको समन्वय गर्नु आदि हो । पध्यमा मूख्यरूपमा लयात्मकता रहेको हुन्छ । यसले मानव अन्तष्करणको मूर्त र कलात्मक रूपलाई व्यञ्जित गर्दछ । यसमा सङ्गीत, छन्द, तुक, मात्रा, स्वराधात, अनुप्रास, पुनरावृत्ति, रूपक आदि रहन्छ । यस अतिरिक्त पध्य शैलीले मन र मुटु दुवैलाई एकैसाथ छुने हुनाले यो संवेदनशील र भावात्मक हुन्छ । यसमा कोमल अनुभूतिको लयात्मक लहर रहेको हुन्छ । मूलतः सरस गेयारमक अभिव्यक्तिलाई पध्य भनिने भए तापनि यो बन्धन मुक्त हुँदैनन् । यसमा छन्द, अलङ्कार, पुनरावृत्ति, लय, ताल, शुर, गति, यति आदि कुराहरू

रहेका हुन्छन् । पध्यकाव्यमा कुनै कथाको वर्णन काव्यको सन्दर्भमा तथा काव्य भाषाका माध्यम गरिने गरिन्छ । उदाहरण – रविन्द्रनाथ ठाकुरको **गीताञ्जलि** कृतिलाई पध्यकाव्यको श्रेणीमा दर्न सकिन्छ ।

## 3.3.5 गध्यकाव्य

संस्कृत भाषाको ‘गद्’ धातुमा ‘ध्य’ प्रत्यय मिलेर बनिएको गध्य शब्दको ब्युत्पत्तिगत अर्थ वाक्यहरूको माला हो । सामान्यत्य मानिसले बोल्ने र लेख्ने छन्दरहित साधारण व्यवहारको भाषालाई गध्य भनिन्छ । हामीले दैन्दिनि जीवनमा प्रयोग गर्ने, साधारण बोलचालमा प्रयोग गर्ने भाषा गध्य हो । यसको क्रम स्वाभाविक हुन्छ । छन्दमुक्त, पदविन्यासमा स्वतन्त्रतता, सरल र सहज भाषा शैलीलाई गध्य भनिन्छ ।अङ्ग्रेजी साहित्यमा यसलाई प्रोज ( Prose ) भनिन्छ । संस्कृत साहित्यमा गध्य भन्नाले कथा र आख्यायिका (उपन्यास) –लाई बुझिन्छ । बैदिक बाङ्मयमा छन्दोबद्ध नभएको रचनालाई गध्यरूप मानिन्छ ।

गध्यकाव्यमा कुनै कथाको वर्णन गध्य भाषाको माध्यम गरिने गरिन्छ । उदाहरणको रूपमा जयशंकर प्रसादको **कमायनी** काव्यलाई लिन सकिन्छ । गध्यमा काव्य रचना गर्नका लागि कविहरूलाई छन्द शास्त्रको नियमहरूबाट स्वच्छन्दता प्राप्त हुँदछ । कुनै पनि भाव तथा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । यही भाषालाई अभिव्यक्त गर्ने लेखकहरूको तरीका वा ढङ्गलाई शैली भनिन्छ । गध्यमा गध्यकार र उसले सृजना गरेका पात्रहरूले बोल्ने विभिन्न भाषा हुन्छन् । तर पात्रहरूले बोल्ने विभिन्न भाषा भए तापनि गध्यकारको भने आफ्नै एउटै भाषा हुन्छन् । यही एउटै मूलस्रोत भाषालाई गध्यकारले पात्रका माध्यम

अभिव्यक्त गर्ने ढङ्गलाई गध्य भन्न सकिन्छ । अत: सामान्य भाषामा लेखिएको, सर्वसाधारणजनित, लोकभाषा तथा उखान, टुक्का र वाग्धरा प्रयोग गरिएको रचना साथै कवितात्मक भाषारहित बोलचालको कुरालाई गध्य भनिन्छ । यस शैलीको लेखनमा लेखकलाई  कुनै बन्धन हुँदैन ।

गध्यले भावनाको तीब्र प्रभावलाई संरक्षण गरेर सह्रदयलाई प्रभावित तुल्याउँदछ । यस शैलीले रचनामा नैसर्गिक स्वत:  ल्याउदछ । यसर्थ गध्यको लेखक पारङ्गत, परिपक्वता र अनुभवी हुनुपर्दछ । गध्यको लेखनकला भिन्दै प्रकारको हुनेहुनाले त्यसमा सौन्दर्य उत्पन्न गर्ने क्षमता निपुण्ता र अभ्यासमा भर पर्दछ । मान्छेको सहज र स्वाभाविक अभिव्यक्तिको रूप नै गध्य भएकोले यसको लय वाक्यरचना नभएर विचारमा भर पर्दछ । साहित्यमा लोकव्यवहारअनुरूपको भाषा, देश,काल,परिस्थितिअनुकूलको भाषा प्रयोग गर्नुपर्दछ । सामान्य पात्रले बोल्ने भाशा र विशिष्ट व्यक्तिले बोल्ने भाषा भिन्दा - भिन्दै हुन्छन् । यी सबैको प्रयोग गध्यमा भएको हुन्छ । गध्य  साहित्यमा सहज, स्वाभाविक, विश्वसनीय र सम्प्रेषणीय रूपमा रहेका हुन्छन् । यसको कारण कृति प्रभावमयी, वर्णनात्मक र विवरणात्मक बन्दछ । उखान, टुक्का र बाग्धरा जस्तो वाक्यलाई खिरिलो पार्ने अवयव गध्यमै प्रयोग भएका हुन्छन् । गध्यको सम्बन्ध ह्रदयसित हुनेहुनाले यसका लेखक वक्ता जस्तै हुन्छन् । यसद्वारा साहित्य श्रुति माधुर्य, सोन्दर्य, सरसता, दृष्ययुक्त बन्दछ । गध्य पाठक तथा भावकको सोझै ह्रदयसित सम्बन्धित हुने हुनाले यसले साहित्यमा विशेषत:  यथार्थको उद्घाटन, मनस्थितिको विश्लेषण, सरस र गाउँले बोलीको प्रयोग, साङ्केतिकता आदि गर्दछ । यसद्वारा साहित्य आख्यानात्मकता, कौलुहल र रोचकपूर्ण, प्रभावयुक्त, मौलिकता, सुसङ्गठित र स्वत पूर्णता हुँदछ ।

## 3.4 काव्य गुणका प्रकार

पूर्वीय काव्यशास्त्रमा गुणसम्बन्धी चिन्तनमननको लामै परम्परा रहेको देखिन्छ । प्रारम्भमा यसलाई शब्दार्थ आश्रित धर्मका परिभाषित गरिए तापनि पछि यसलाई रसाश्रित धर्मका रूपमा परिभाषित गरिएको पाइन्छ। यी दुवैमा गुणलाई रसाश्रित मान्नेहरूको स्थापनाले बढी मान्यता पाएको देखिन्छ।

पूर्वीय काव्यशास्त्रीहरूमा गुणको सङ्ख्या र भेदबारे प्रशस्त मतमतान्तर रहेको पाइन्छ । यसकी भेदहरू निरूपित गर्नैतर्फ भरतदेखि जगन्नाथसम्मका सबैजसो मुख्यमुख्य आचार्यहरू लागेका देखिन्छन् । यी आचार्यहरूको प्रवृत्ति केलाउँदा केहीचाहिँ यसको सङ्ख्या घटाएर तीनवटा निर्धारित गर्ने र केहीचाहिँ यसको सङ्ख्या तीनबाट बढाएर लैजाने प्रयासमा लागेको देखिन्छ । यसै आधारमा गुण सङ्ख्या घटाउने र बढाउने आचार्यहरूको वर्गीकरण तल प्रस्तुत गरिएको छ -

(1) तीनभन्दा बढी गुणवादी आचार्यहरू

भरत -(1) श्लेष, (2) प्रसाद, (3) समता, (4) समाधि, (5) माधुर्य, (6) ओज, (7) पदसौकुमार्य, (8) अर्थव्यक्ति, (9) उदारता, (10) कान्ति।

दणडी -(1) श्लेष, (2) प्रसाद, (3) समता, (4) समाधि, (5) सुकुमारता (6) अर्थव्यक्ति, (7) उदारता, (8) ओज, (9) कान्ति, (10) समाधि।

अग्निपुराणकार -(क) शब्दगुणः (1) श्लेष, (2) लालित्य, (3) गाम्भीर्य, (4) सौकुमार्य, (5) औदार्य, (6) सत्या, (7) यौगिकी।

(ख) अर्थगुणः (1) माधुर्य, (2) संविधान, (3) कोमलता, (4) उदारता, (5) प्रौढि, (6) सामयिकता।

(ग) उभयगुणः (1) प्रसाद, (2) सौभाग्य, (3) यथासङ्ख्य, (4) प्रशस्तता, (5) पाक, (6) राग।

जयदेव -(1) श्लेष, (2) प्रसाद, (3) समता, (4) समाधि, (5) माधुर्य, (6) ओज, (7) सौकुमार्य, (8) उदारता।

वामन -(क) शब्दगुणः (1) ओज, (2) प्रसाद, (3) श्लेष, (4) समता, (5) समाधि, (6) माधुर्य, (7) सौकुमार्य, (8) उदारता, (9) अर्थव्यक्ति, (10) कान्ति।

(ख) अर्थगुणः (1) ओज, (2) प्रसाद, (3) श्लेष, (4) समता, (5) समाधि, (6) माधुर्य, (7) सौकुमार्य, (8) उदारता, (9) अर्थव्यक्ति, (10) कान्ति।

कुन्तक -(क) साधारण गुणः (1) औचित्य, (2) सौभाग्य।

(ख) विशेष गुण (सुकुमार र विचित्रमार्गी) ः (1) माधुर्य, (2) प्रसाद, (3) लावण्य, (4) आभिजात्य।

भोज -(1) श्लेष, (2) प्रसाद, (3) समता, (4) माधुर्य, (5) सुकुमारता, (6) अर्थव्यक्ति, (7) कान्ति, (8) उदारता, (9) उदात्तता, (10) ओज, (11) और्जित्य, (12) प्रेय, (13) सुशब्दता, (14) समाधि, (15) सौक्ष्म्य, (16) गाम्भीर्य, (17) विस्तार, (18) संक्षेप, (19) समितत्त्व, (20) भाविकत्व, (21) गति, (22) रीति, (23) उक्ति, (24) प्रौढि।

जगन्नाथ-(क) शब्दगुणः (1) कान्ति, (2) समाधि

(ख) अर्थगुणः (1) श्लेष, (2) माधुर्य, (3) अर्थव्यक्ति, (4) समाधि।

(2) त्रिगुणवादी आचार्यहरू

| | | | |
|---|---|---|---|
| भामह - | (1) माधुर्य | (2) ओज | (3) प्रसाद |
| आनन्दवर्धन - | (1) माधुर्य | (2) ओज | (3) प्रसाद |
| राजशेखर- | (1) माधुर्य | (2) ओज | (3) प्रसाद |
| मम्मट - | (1) माधुर्य | (2) ओज | (3) प्रसाद |
| हेमचन्द्र - | (1) माधुर्य | (2) ओज | (3) प्रसाद |
| विश्वनाथ - | (1) माधुर्य | (2) ओज | (3) प्रसाद। |

गुणको भेद तथा सङ्ख्याबारे त्रिगुणवादी र अन्यका बीचमा मतमतान्तर देखिए पनि अन्ततः त्रिगुणकै स्थापना भएको पाइन्छ। त्रिगुणका पक्षधर एवं समर्थक आचार्यहरूको प्रयासबाट गुणको सङ्ख्या बढाउनेभन्दा घटाउने दृष्टिकोणले व्यापक अनुमोदन पाएको देखिन्छ। व्यावहारिक दृष्टिले पनि गुणको सङ्ख्या बढी हुँदा जटिलता आउने र सङ्ख्या घटी हुँदा सरलता आउने हुँदा त्रिगुणवादले बढी महत्व पाएको हो। यिनै आधारमा यसमा पनि त्रिगुणलाई प्रमुख गुण मानी विशेष चर्चा गरिएको छ।

(1) **माधुर्य गुण**

मधुर शब्दको भाववाचक संज्ञा माधुर्य हो । काव्यमा मधुरसँग सम्बद्ध भाव मधुरता जगाउने हुँदा यस गुणलाई माधुर्य भन्ने नाम दिइएको हो । पूर्वीय

काव्यशास्त्रमा विभिन्न आचार्यहरूले यसको पहिचान निम्नलिखित ढङ्गमा गराएका छन् –

भरत -काव्यमा श्रुतिमधुरता वा श्रुतिसुखदता नै माधुर्य हो ।

भामह -काव्यमा श्रुतिमधुर असमस्त पदको प्रयोग नै माधुर्य हो ।

दण्डी -काव्यमा रसयुक्तता नै माधुर्य हो ।

वामन -काव्यमा समासरहित उक्तिवैचित्र्य नै माधुर्य हो ।

आनन्दवर्धन -काव्यमा हृदय द्रवित पार्ने गुण नै माधुर्य हो ।

मम्मट -काव्यमा चित्तआह्लादक वस्तु नै माधुर्य हो ।

विश्वनाथले अन्य सबै आचार्यहरूका माधुर्य गुणसम्बन्धी लक्षणहरूलाई समेटेर यसरी चिनाएका छन् -

चित्तलाई द्रवित पार्ने र आह्लाद दिने भावमय काव्यगुणलाई माधुर्य भनिन्छ।

माधुर्य गुणका मुख्य पहिचान र लक्षण निम्नलिखित छन् -

(1) यो गुण मुख्यतः वैदर्भी रीतिमा रहन्छ । यसलाई वैदर्भीको आधार मानिन्छ।

(2) यसलाई शृङ्गार (सम्भोग र विप्रलम्भ), करुण र शान्त रसका अनुकूल ठानिन्छ । यो गुण यी तीनवटै रसमा उत्तरोत्तर उर्लेर जान्छ ।

(3) यसमा वर्गका मञ्चम व्यञ्जन वर्णहरूको संयोग मूर्धन्य व्यञ्जन वर्णसँग हुँदैन र शेष व्यञ्जन वर्णहरूसँग हुन्छ ।

(२) **प्रसाद गुण**

प्रसादको तात्पर्य प्रसन्नता, निर्मलता र प्रफुल्लता भन्ने हुन्छ । यसले चित्तलाई प्रसन्न वा प्रफुल्ल गराउने हुँदा यस गुणलाई प्रसाद भन्ने नाम दिइएको हो । पूर्वीय काव्यशास्त्रमा विभिन्न आचार्यहरूले यसको पहिचान निम्नलिखित ढङ्गले गरेका छन् -

भरत - सुन्नासाथ अर्थ बुझिने काव्यगुण प्रसाद हो ।

भामह-विद्वानले मात्र नभएर स्त्री र बालकले समेत सजिलै बुझ्ने काव्यगुण प्रसाद हो ।

दण्डी -जनसाधारणका लागि सहज बोधगम्य काव्यगुण प्रसाद हो ।

वामन -अजटिल अर्थ भएको सरल शिथिल काव्यगुण प्रसाद हो ।

आनन्दवर्धन -चित्तमा सहज विस्तार हुने काव्यगुण प्रसाद हो ।

मम्मट -तत्काल चित्तमा व्याप्त हुने काव्यगुण प्रसाद हो ।

विश्वनाथले अन्य सबै आचार्यका प्रसाद गुणसम्बन्धी लक्षणलाई समेटेर यसरी चिनाएका छन् -

सुकेका दाउरालाई आगाले झट्ट टिपेझैँ चित्रमा तत्काल व्याप्त हुने काव्यगुणलाई प्रसाद भनिन्छ ।

प्रसाद गुणका मुख्य पहिचान र लक्षण निम्नलिखित छन् -

(1) यो गुण सबै रसमा आउनसक्छ ।

(2) यो गुण सबै रचना (उपनागरिक, पुरुषा, कोमला)मा रहनसक्छ ।

(3) यो गुण वर्णमा आश्रित नभई सरल पदावलीमा आधारित हुन्छ ।

(4) यो गुण प्रायः समासरहित पदरचनामा रहन्छ ।

(5) यो सरल, सहज र बोधगम्य हुन्छ ।

समग्रमा प्रसाद गुण भएको काव्य चित्तमा तत्काल व्याप्त हुने अजटिल र बोधगम्य हुन्छ । जस्तै -

(क)पढाइभन्दा लडाइ बढी भयो

गराइभन्दा कराइ व्याप्त रह्यो

बेरोजगारीले कमाइ शून्य भयो

राष्ट्र जीवनमा मुर्दा शान्ति छायो

सुन लौ के भयो के भयो। - कवि मोख

(ख)प्रत्येक फुटपाथमा नियालेर हेर

हत्यारा, पापी र भ्रष्ट मुर्दा हिँडिरहेछ

प्रत्येक अनुहारमा गहिरिएर हेर

बेकारी डिच्च हाँसिरहेछ। - रामकुमार पाँडे

उपर्युक्त तीन गुणलगायत जम्मा 24 वटा गुणहरूको संक्षिप्त परिचय तल तालिकाबद्ध गरिएको छ ।

| गुण | शब्द (बाह्य) तह | अर्थ (आन्तरिक तह) |
|---|---|---|
| 1. अर्थव्यक्ति | पूर्ण अर्थको बोध | प्रत्यक्ष अर्थको बोध |
| 2. उक्ति | घुमाउरो पदविन्यास | घुमाउरो वक्तव्य |
| 3. उदात्तता | उत्कर्षवाचक विशेषण | उत्कृष्ट आशय |
| 4. उदारता | अक्षरगत विकटता | उत्कृष्ट वैभव वर्णन |
| 5. ओज | समास बहुलता | निश्चयात्मक उक्ति |
| 6. और्जित्य | कसिलो बन्ध | अलङ्कारपूर्ण उक्ति |
| 7. कान्ति | रचनागत उज्ज्वलता | रस प्रदीप्ति |
| 8. गति | आरोहअवरोहयुक्त पदविन्यास | अन्योक्तिमूलकता |
| 9. गाम्भीर्य | ध्वनिबोधक पद | शास्त्रीय विषय |
| 10. प्रसाद | प्रसिद्ध अर्थ भएका पद | अर्थ स्पष्टता |
| 11. प्रेय | प्रिय वचन | मन परेको वचन |
| 12. प्रौढि | वाक्य परिपाक | थोरैमा धेरै कथन |
| 13. भाविकत्व | भावगर्भित वाक्य | अभिप्रायपूर्ण उक्ति |

| | | |
|---|---|---|
| 14. माधुर्य | पदगत असमस्तता | उक्तिवैचित्र्य |
| 15. रीति | आद्यन्त अर्थगत समानता | विषयको क्रमिक उत्पत्ति |
| 16. विस्तार | विस्तारक पद | अर्थ विकास |
| 17. श्लेष | पदहरूको मेल | उत्पत्तिमूलक घटना |
| 18. संक्षेप | संक्षिप्त पद | संक्षिप्त उक्ति |
| 19. संमितत्त्व | अर्थ बराबर पद | शब्द बराबर अर्थ |
| 20. समता | कोमल वर्णगत समानता | अर्थगत क्रमिकता |
| 21. समाधि | अन्य धर्मको अरोपण | वहानामूलक वक्तव्य |
| 22. सुकुमारता | कठोर वर्णको अभाव | कठोर उक्तिको अभाव |
| 23. सुशब्दता | सुन्दर शब्द | कोमल प्रस्तुति |
| 24. सौक्ष्म्य | आन्तरिक भावबोधक शब्द | सूक्ष्म भाव प्रकाशन |

**३) ओज गुण -**

ओज शब्दको भाववाचक संज्ञा गह्रौ हो । काव्यमा ओजसँग सम्बद्ध भाव ओजता जगाउने हुँदा यस गुणलाई ओज भनिएको हो । पूर्वीय काव्यशास्त्रमा विभिन्न आचार्यहरूले यसको पहिचान आ – आफ्नै ढङ्गमा दिएका छन् ।

## 3.5 साहित्यमा काव्य गुण

अग्निपुराणकारले अलङ्कारलाई काव्य शोभाकर धर्म र गुणलाई काव्यको सौन्दर्य विधायॅाक तत्त्व मानेको हुँदा यी दुवैमा स्पष्ट सीमारेखा कोरेको देखिँदैन । उनको सम्पूर्ण भनाइलाई हेर्दा उनले अलङ्कारभन्दा गुणलाई बढी महत्त्व दिएको पुष्टि यस कथनबाट हुन्छ - अलङ्कृत भए पनि गुणहीन काव्य प्रिय हुँदैन। नारीको सौन्दर्य गुणरहित शरीरमा हार केवल भार हुन्छ । यसरी अलङ्कारवादी र रीतिवादी आचार्यहरूले गुणलाई शब्दार्थमा आश्रित तत्त्वका रूपमा चर्चा गरे पनि रस - ध्वनिवादी आचार्यहरूले यसको चर्चा रसमा आश्रित तत्त्वका रूपमा गरेका छन् । यिनीहरूले अलङ्कार र गुणको भेदलाई सुस्पष्ट पार्दै गुणको लक्षणसम्बन्धी चर्चालाई निष्कर्षमा पुर्‍याएका छन् ।

ध्वनि - रसवादी आचार्य आनन्दवर्धनले आफ्नो मत यसरी व्यक्त गरेका छन्- अङ्गी (आत्तमा) रसलाई अवलम्बन गर्ने तत्त्वलाई गुण भनिन्छ र अङ्गमा आश्रित तत्त्वलाई कटक, कुण्डल आदिझैँ अलङ्कार मानिन्छ । यसरी आनन्दवर्धनले नै सर्वप्रथम गुणलाई रसको आश्रयमा रहने र त्यसको पोषण गर्दै तत्त्वका रूपमा तथा अलङ्कारलाई शब्दार्थका आश्रयमा रहने तत्त्वका रूपमा व्याख्या गरेका छन् । मम्मटले गुणको नित्यता र अलङ्कारको अनित्यताको स्पष्ट व्याख्या गरेका छन् । उनले अलङ्कारलाई आभूषणको थान्कामा राख्दै गुणको चर्चा यसप्रकार गरेका छन् - शूरता आदि अछल धर्मले मानव आत्माको सौन्दर्य बढाएझैँ काव्यको आत्मा रसमा रहने अचल धर्म गुणले रसको उत्कर्ष गर्छन्। विश्वनाथले मम्मटकै विचारको अनुसरण गर्दै आफ्नो विचार यसरी प्रस्तुत गरेका छन् - आत्माको उत्कर्ष गर्ने हुनाले

शौर्य आदिलाई गुण भनेझैँ काव्यको आत्मा रसको उत्कर्ष गर्ने हुनाले माधुर्य आदिलाई गुण भनिन्छ र ती रसका धर्म हुन् ।

## 3.6 काव्य दोषका प्रकार

दोषचिन्तनको विकास हुँदै जाँदा दोषहरूको सङ्ख्या बढ्दै गएको र तिनको वर्गीतकरणमा विविधतासमेत आएको देखिन्छ। प्रारम्भमा भरतले दोषको सङ्ख्या १० वटा बताएका छन् । उनले बताएका १० वटा दोषहरू निम्नलिखित छन् -

(1) गूढार्थ, (2) अर्थान्तर, (3) अर्थहीन, (4) भिन्नार्थ, (5) एकार्थ, (6) अभिप्लुतार्थ, (7) न्यायादपेत, (8) विषम, (9) विसन्धि, (10) शब्दच्यूत।

दोषहरूको वर्गीकरण भामहले गरेका छन्। उनले यसलाई सामान्य दोष, वाणी दोष र अन्य दोष गरी तीन वर्गमा विभाजित गरेका छन्। भामहले एक ठाउँमा 6 दोषहरू, अर्को ठाउँमा 4 दोषहरू र अझै अर्को ठाउँमा 1 दोष गरी दोषहरूको सङ्ख्या निम्नलिखित 11 पुर्‍याएका छन्-

(1) नेयार्थ, (2) क्लिष्ट, (3) अन्यार्थ, (4) अवाचक, (5) अयुक्तिमत्, (6) गूढशब्दाभिधान, (7) श्रुतिदुष्ट, (8) अर्थदुष्ट, (9) कलपनादुष्ट, (10) श्रुतिकष्ट, (11) प्रतिज्ञाहेतुदुष्टान्तहीन

दण्डीले पनि 11 वटा दोषहरूको उल्लेख गरेका छन् । तिनको नाम यसप्रकार छ -

(1) अपार्थ, (2) व्यर्थ, (3) एकार्थ, (4) ससंशय, (5) अपक्रम, (6) शब्दहीन, (7) यतिभ्रष्ट, (8) भिन्नवृत्त, (9) विसन्धि, (10) देशकालकलालोकन्यायागमविरोधी, (11) प्रहेलिका ।

वामनले दोषको निरूपय तथा वर्गीकरण निकै विस्तारका साथ गरेका छन् । यिनले सर्वप्रथम दोषहरूलाई शब्दगत र अर्थगत गरी दुई वर्गमा बाँडी तिनको विभाजन पददोष, पदार्थदोष, वाक्यदोष र वाक्यार्थदोष आदि भेदमा यसप्रकार गरेका छन् -

(1) शब्ददोष - (क) पददोष (ख) पदार्थदोष (ग) वाक्यदोष

(2) अर्थदोष - (क) पदार्थदोष (ख) वाक्यार्थदोष।

वामनले पददोष 5 वटा, पदार्थदोष 3 वटा र वाक्यार्थदोष 7 वटा गरी निम्नलिखित 20 वटा दोषहरू देखाएका छन् -

(1) पददोष- (क) असाधु, (ख) कष्ट, (ग) ग्राम्य, (घ) अप्रतीत, (ङ) अनर्थक।

(2) पदार्थदोष- (क) अन्यार्थ, (ख) नेयार्थ, (ग) गूढार्थ, (घ) अश्लील (ङ) क्लिष्टार्थ।

(3) वाक्यदोष – (क) भिन्नवृत्त, (ख) यतिभ्रष्ट, (ग) विसन्धि।

(4) वाक्यार्थदोष – (क) व्यर्थ, (ख) एकार्थ, (ग) सन्धि, (घ) अप्रयुक्त, (ङ) अपक्रम, (च) लोकविरुद्ध, (छ) विद्याविरुद्ध।

रुद्रटले दोषहरूलाई शब्ददोष र अर्थदोष गरी दुई वर्गमा विभाजित गरेका छन् । उनले शब्ददोषको पददोष र वाक्यदोष गरी पुनः दुई वर्गमा विभाजन गरेका छन् । उनले प्रतिपादन गरेका दोषहरू निम्नलिखित छन् -

(1) पददोष - (क) असमर्थ, (ख) अप्रतीत, (ग) विसन्धि

(घ) विपरीतकल्पना, (ङ) ग्राम्य, (च) देश्य।

(2) वाक्यदोष- (क) सङ्कीर्ण, (ख) गर्भित, (ग) गतार्थ।

(3) अर्थदोष - (क) अपहेतु, (ख) अप्रतीत, (ग) निरागम,

(घ) बाधयत्, (ङ) असम्बद्ध, (च) ग्राम्य

(छ) विरस, (ज) तद्वत्, (झ) अतिमात्र।

आनन्दवर्धनलाई दोषका स्वरूप चिन्तनको दिशा मोड्ने महत्त्वपूर्ण आचार्य मानिन्छ । उनी दोष चिन्तनका क्षेत्रमा युग्पर्वर्तक व्यक्तित्व मानिन्छन् । रस विरोधी दोषका रूपमा उनले निम्नलिखित दोषहरूको उल्लेख गरेका छन् -(1) विरुद्ध रससम्बन्धी विभावादिको वर्णन,

(2) प्रस्तुत रससँग अन्वित रहे पनि अन्य इतिवृत्तको अत्यन्त विस्तारपूर्वक वर्णन,

(3) अवसर नभए पनि रसको विच्छेद,

(4) असमयमा रसको प्रकाशन,

(5) रसले परिपुष्ट भए पनि त्यसको पटकपटक उद्दीपन

(6) वृत्त्यनौचित्य।

भोजराजले दोषहरूको वर्गीकरण पददोष, वाक्यदोष र वाक्यार्थदोष भन्ने तीन वर्गमा गरेका छन् । उनले यी तीनैका 16 -16 वटा भेदहरूको चर्चा यसप्रकार गरेका छन् -

(1) पददोष- (क) असाधु, (ख) अप्रयुक्त, (ग) कष्ट,

(घ) अनर्थक, (ङ) अन्वार्थक, (च) अपुष्टार्थ,

(छ) असमर्थ, (ज) अप्रतीत, (झ) क्लिष्ट,

(ञ) गूढ, (ट) नेयार्थ, (ठ) संदिग्ध,

(ड) विरुद्ध, (ढ) अप्रयोजक, (ण) देश्य, (त) ग्राम्य

(2) वाक्यदोष- (क) शब्दहीन, (ख) क्रमभ्रष्ट, (ग) विसन्धि,

(घ) पुनरुक्तिमत्, (ङ) व्याकीर्ण, (च) सङ्कीर्ण,

(छ) अपद, (ज) वाक्यगर्भित, (झ) भिन्नलिङ्ग,

(ञ) भिन्नवचन, (ट) न्यूनोपम, (ठ) अधिकोपम,

(ड) भग्नच्छन्द, (ढ) भग्नयति, (ण) अशरीर, (त) अरीतिमत्।

(3) वाक्यार्थदोष- (क) अपार्थ, (ख) व्यर्थ, (ग) एकार्थ,

(घ) ससंशय, (ङ) अपक्रम, (च) खिन्न,

(छ) अतिमात्र, (ज) पुरुष, (झ) विरस,

(ञ) हीनोपम, (ट) अधिकोपम, (ठ) असदृशोपम,

(ड) अप्रसिद्धोपम, (ढ) निरलङ्कार, (ण) अश्लील, (त) विरुद्ध।

मम्मटले काव्यदोषको स्पष्ट विवेचना गरी दोषचिन्तनलाई चरम उत्कर्षमा पुऱ्याएका छन् । यिनले शब्ददोष, अर्थदोष र रसदोष गरी तीन वर्गमा यसको विभाजन गरेका छन् । यिनले शब्ददोषअन्तर्गत पददोष र वाक्यदोषलाई समाविष्ट गरेका छन् । यिनले शब्ददोषको सङ्ख्या 37, अर्थदोषको सङ्ख्या 23 र रसदोषको सङ्ख्या 10 गरी जम्मा 70 वटा बताएका छन् । यिनले निर्धारण गरेका दोषहरूको सङ्ख्या यसप्रकार छ -

(1) पददोष - (क) श्रुतिकटु, (ख0 च्यूतसंस्कृति, (ग) अप्रयुक्त, (घ) असमर्थ,

(ङ) निहतार्थ, (च) अनुचितार्थ, (छ) निरर्थक, (ज) अवाचक,

(झ) अश्लील, (ञ) संदिग्ध, (ट) अप्रतीत, (ठ) ग्राम्य,

(ड) नेयार्थ, (ढ) क्लिष्ट, (ण) अविमृष्टविधेयांश,

(त) विरुद्धमतिकृत।

(2) वाक्यदोष - (क) प्रतिकूलवर्णत्व, (ख) उपहताविसरर्गत्व, (ग) लुप्तविसर्गत्व,

(घ) विसन्धित्व, (ङ) हतवृत्तता, (च) न्यूनपदता,

(छ) अधिकपदता, (ज) कथितपदता, (झ) पतत्प्रकर्षता,

(ञ) समाप्तपुनरात्तता, (ट) अर्थान्तरैकवाचकत्व,

(ठ) अभवनमतयोग, (ड) अनिभिहितवाच्यत्व,

(ढ) अपदस्तथपदता, (ण) अपदस्थसमासता, (त)

सङ्कीर्णत्व,

(थ) गर्भिततत्व, (द) प्रसिद्धिहततत्व, (ध) भग्नप्रक्रमत्व,

(न) अक्रमत्व, (प) अमतपरार्थत्व।

(3) अर्थदोष – (क) अपुष्ट, (ख) कष्ट, (ग) व्याहत

(ग) पुनरुक्त, (घ) दुष्क्रम, (च) ग्राम्य,

(छ) संदिग्ध, (ज) निर्हेतु, (झ) प्रसिद्धिविरुद्ध

(ञ) विद्याविरुद्ध, (ट) अनवीकृत, (ठ) सनियनपरिवृत्त

(ड) अनियमपरिवृत्त, (ढ) विशेषपरिवृत्त, (ण)

अविशेषपरिवृत्त

(त) साकाङ्क्ष, (थ) अपदयुक्त, (द) सहचरभिन्न

(ध) प्रकाशितविरुद्ध, (न) विध्ययुक्त, (प) अनुवादायुक्त,

(फ) त्यक्तपुनःस्वीकृत, (ब) अश्लील।

(4) रसदोष - (क) स्वशब्दवाच्यता, (ख) कष्टकल्पना, (ग)

विरोधीअङ्गकीर्तन

(घ) पुनःपुनः दीप्ति, (ङ) अकाण्डप्रथन, (च)

अकाण्डच्छेद

(छ) अङ्गको अतिविस्तृति, (ज) अङ्गीको

अननुसन्धान,

(झ) प्रकृति विपर्यय, (ञ) अनङ्गवर्णन।

3. प्रमुख काव्यदोषहरू

दोषका प्रमुख वर्ग तथा तिनका भेदहरू निम्नलिखित मानिएका छन् -

(1) पदांशदोष- पदको प्रकृति वा प्रत्यय अंशमा हुने दोषलाई पदांशदोष भनिन्छ ।

(2) पददोष – एउटा पदमा हुने दोषलाई पददोष भनिन्छ। यस्ता दोषहरू निम्नलिखित छन् -

(1) दुःश्रवता – सुन्दा कटु लाग्ने वर्णहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई दुःश्रवता भनिन्छ ।

(2) अश्लीलता – लाजभाँड बुझाउने शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई अश्लीलता भनिन्छ ।

(3) अनुचितार्थता – नचाहिँदा शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई अनुचितार्थता भनिन्छ ।

(4) अप्रयुक्तता – चल्तीमा नरहेका शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई अप्रयुक्तता भनिन्छ ।

(5) ग्राम्यता – अपरिष्कृत गाउँले शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई ग्राम्यता भनिन्छ ।

(6) अप्रतीतता – बेचल्ती (शास्त्रमा कतैकतै चल्ती) का शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई अप्रतीतता भनिन्छ ।

(7) संदिग्धता – यसो कि उसो (सन्देह) जनाउने शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई संदिग्धता भनिन्छ ।

(8) नेयार्थता – अप्रचलित लक्षण बुझाउने शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई नेयार्थता भनिन्छ ।

(9) निहतार्थता – प्रसिद्ध नभई अप्रसिद्ध अर्थ बुझाउने शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई निहतार्थता भनिन्छ ।

(10) अवाचकता – बुझाउनु पर्ने अर्थ बुझाउन नसक्ने शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई अवाचकता भनिन्छ ।

(11) क्लिष्टता – दुर्बोध्य शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई क्लिष्टता भनिन्छ ।

(12) विरुद्धमतिकारिता – विपरीत अर्थ बुझाउने शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई विरुद्धमतिकारिता भनिन्छ ।

(13) अविमृष्टविधेयता – विधेयलाई उद्देश्यसँग जोडी अप्रधान तुल्याउने शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई अविमृष्टविधेयता भनिन्छ ।

(14) निरर्थकता – काम नभएका फाल्टु शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई निरर्थकता भनिन्छ ।

(15) असमर्थता – प्रसिद्ध अर्थ भए पनि त्यसलाई बुझाउन नसक्ने शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई असमर्थता भनिन्छ ।

(16) च्यूतसंस्कृति – अव्याकरणात्मक शब्दहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई च्यूतसंस्कृति भनिन्छ ।

(3) **वाक्यदोष**- पदहरूबाट निर्मित वाक्यमा हुने दोषलाई वाक्यदोष भनिन्छ । यस्ता दोषहरू निम्नलिखित छन् -

(1) प्रतिकूलवर्णता – रसका प्रतिकूल वर्णहरूको  प्रयोगबाट उत्पन्न हुने दोषलाई प्रतिकूलवर्णता भनिन्छ ।

(2) अधिकपदता – नचाहिँदा बढी पदहरूको प्रयोगबाट उत्पन्न हुने दोषलाई अधिकपदता भनिन्छ।

(3) न्यूनपदता – चाहिने पदको कम प्रयोगबाट उत्पन्न हुने दोषलाई न्यूनपदता भनिन्छ ।

(4) कथितपदता – उही पद फेरि दोहोरिँदा उत्पन्न हुने दोषलाई कथितपदता भनिन्छ ।

(5) हतवृत्तता – छन्दभङ्ग छन्द मिले पनि श्रुतिकटु, रससँग, अन्तिम लघुवर्ण गुरु बन्न नसकी उत्पन्न हुने दोषलाई हतवृत्तता भनिन्छ ।

(6) पतत्प्रकर्षता – क्रमशः अनुप्रास घट्दै गएर उत्पन्न हुने दोषलाई पतत्प्रेकर्षता भनिन्छ ।

(7) अर्धान्तरैकपदता – एक पाउको आधी पद अर्को पाउमा परी उत्पन्न हुने दोषलाई अर्धान्तरैकपदता भनिन्छ ।

(8) समाप्तपुनरात्तता – वाक्य समाप्त भएपछि फेरि पद जोड्दा उत्पन्न हुने दोषलाई समाप्तपुनरात्तता भनिन्छ ।

(9) अभवन्मतसम्बन्ध – वाक्यमा पदको अभीष्ट सम्बन्ध नबुझिँदा उत्पन्न हुने दोषलाई अभवन्मतसम्बन्ध भनिन्छ ।

(10) अक्रमता – आफ्ना ठाउँमा नभई पद यताउति सरेर प्रयुक्त हुँदा उत्पन्न हुने दोषलाई अक्रमता भनिन्छ ।

(11) अस्थानस्थपदता - ठाउँमा पद नपर्दा उत्पन्न हुने दोषलाई अस्थानस्थपदता भनिन्छ ।

(12) अमतपरार्थता – सँगै रहेको अर्को पद अमिल्दो हुँदा उत्पन्न हुने दोषलाई अमतपरार्थता भनिन्छ ।

(13) वा्च्यानभिधान – चाहिँदो कुरा बुझाउने पदको अभावबाट उत्पन्न हुने दोषलाई वाच्यानभिधान भनिन्छ ।

(14) भग्नप्रक्रमता – उठान र बैठानमा भिन्नता हुँदा उत्पन्न हुने दोषलाई भग्नप्रक्रमता भनिन्छ ।

(15) अस्थानस्थसमासता – बेठाउँमा समास गर्दा उत्पन्न हुने दोषलाई अस्थानस्थसमासता भनिन्छ ।

(16) प्रसिद्धित्याग – चलनचल्तीको उल्टो गर्दा उत्पन्न हुने दोषलाई प्रसिद्धित्याग भनिन्छ ।

(17) गर्भितता – एउटा वाक्यको गर्भमा अर्को वाक्य पस्दा उत्पन्न हुने दोषलाई गर्भितता भनिन्छ ।

(18) सङ्कीर्णता – वाक्यका पद छ्यासमिस हुँदा उत्पन्न हुने दोषलाई सङ्कीर्णता भनिन्छ ।

(19) आहतविसर्गता – ओकारको बढी प्रयोग हुँदा उत्पन्न हुने दोषलाई आहतविसर्गता भनिन्छ ।

(4) **अर्थदोष-** पद बदले पनि अर्थका आधारमा हुने दोषलाई अर्थदोष भनिन्छ । यस्ता दोषहरू निम्नलिखित छन् -

(1) अपुष्टता – विशेषणको मुख्य कुरालाई पुष्टि नगर्दा उत्पन्न हुने दोषलाई अपुष्टका भनिन्छ ।

(2) दुष्क्रमता – कथनको क्रम अमिल्दो हुँदा उत्पन्न हुने दोषलाई दुष्क्रमता भनिन्छ ।

(3) ग्राम्यता – गाउँले पाराको कथन हुँदा उत्पन्न हुने दोषलाई ग्राम्यता भनिन्छ ।

(4) व्याहतता – अघि र पछिका कुरा नमिल्दा उत्पन्न हुने दोषलाई व्याहतता भनिन्छ ।

(5) अश्लीलता – लाजभाँडका कुरा हुँदा उत्पन्न हुने दोषलाई अश्लीलता भनिन्छ ।

(6) कष्टता – दुर्बोध्य हुँदा उत्पन्न हुने दोषलाई कष्टता भनिन्छ ।

(7) अनवीकृत – कथन शैली नभई पुरानै रहँदा उत्पन्न हुने दोषलाई अनवीकृति भनिन्छ ।

(8) निर्हेतुता – विशेष कुराको कारण नदेखाउँदा उत्पन्न हुने दोषलाई निर्हेतुता भनिन्छ ।

Notes

(9) प्रकाशितविरुद्धता – कथन गरिएका कुराबाट विरोधी भाव झल्कँदा उत्पन्न हुने दोषलाई प्रकाशितविरुद्धता भनिन्छ ।

(10) सन्दिग्धता – भनेका कुरामा यसो कि उसो भन्न अनिश्चय हुँदा उत्पन्न हुने दोषलाई सन्दिग्धता भनिन्छ ।

(11) पुनरुक्तता – पटकपटक कुरा दोहोर्‍याउँदा उत्पन्न हुने दोषलाई पुनरुक्तता भनिन्छ।

(12) प्रसिद्धिविरुद्धता – मानिआएको प्रसिद्ध कुरामा विरोध पर्दा उत्पन्न हुने दोषलाई प्रसिद्धिविरुद्धता भनिन्छ ।

(13) विद्याविरुद्धता – शास्त्रसंमत कुराको विरुद्ध हुँदा उत्पन्न हुने दोषलाई विद्याविरुद्धता भनिन्छ ।

(14) साकाङ्क्षता – केही भन्न बाँकी रहेर भन्ने आकाङ्क्षा रहिरहँदा उत्पन्न हुने दोषलाई साकाङ्क्षता भनिन्छ ।

(15) सहचरभिन्नता – असल र कमसललाई समान तहमा राख्दा उत्पन्न हुने दोषलाई सहचरभिन्नता भनिन्छ ।

(16) अस्थानयुक्तता – समाप्तिपछि अमिल्दो गरी कुरा जो्ड्दा उत्पन्न हुने दोषलाई अस्थानयुक्तता भनिन्छ ।

(17) निर्मुक्तपुनरुक्तता – समाप्तिपछि कारक थप्दा उत्पन्न हुने दोषलाई निर्मुक्तपुनरुक्तता भनिन्छ ।

(18) अविशेषमा विशेष – सामान्य कुरा जनाउनु पर्नेमा विशेष कुरा जनाउँदा उत्पन्न हुने दोषलाई अविशेषमा विशेष भनिन्छ ।

(19) विशेषमा अविशेष – विशेष कुरा जनाउनु पर्नेमा सामान्य कुरा जनाउँदा उत्पन्न हुने दोषलाई विशेषमा अविशेष भनिन्छ ।

(20) अनियममा नियम – किटानसाथ भन्नु नपर्नेमा किटानसाथ भन्दा उत्पन्न हुने दोषलाई अनियममा नियम भनिन्छ ।

(21) नियममा अनियम – किटानसाथ भन्नु पर्नेमा किटान नगर्दा उत्पन्न हुने दोषलाई नियममा अनियम भनिन्छ ।

(22) विध्ययुक्तता – उद्देश्यलाई विधेय बनाउँदा उत्पन्न हुने दोषलाई विध्ययुक्तता भनिन्छ।

(23) अनुवादायुक्तता – उद्देश्य खण्डमा राख्न नहुने कुरा राख्दा उत्पन्न हुने दोषलाई अनुवादायुक्तता भनिन्छ ।

(5) **रसदोष-** रसको आस्वादमा ठाडै हानि पुर्‍याउने दोषलाई रसदोष भनिन्छ । यस्ता दोषहरू निम्नलिखित छन् -

(1) स्वशब्दवा्च्यता – रसलाई भाव, विभाव, अनुभाव आदिबाट अभिव्यञ्जित नगराई व्यभिचारीभाव, रस तथा स्थायीभावका वाचक शब्दबाट वाच्य गराउँदा उत्पन्न हुने दोषलाई स्वशब्दवाच्यता भनिन्छ ।

(2) कष्टकल्पना – अनुभाव एवं विभावको अभिव्यक्तिमा क्लिष्टकल्पना गर्दा उत्पन्न हुने दोषलाई कष्टकल्पना भनिन्छ ।

(3) विरोधी अङ्गकीर्तन – प्रकृत रसका विरुद्ध विभावादिको वर्णन गर्दा उत्पन्न हुने दोषलाई विरोधी अङ्गकीर्तन भनिन्छ ।

(4) पुनःपुनः दीप्ति – अङ्गभूत रसको पटकपटक दीप्ति गर्दा उत्पन्न हुने दोषलाई पुनःपुनः दीप्ति भनिन्छ ।

(5) अकाण्डप्रथन – बैमौकामा रसको वर्णन गर्दा उत्पन्न हुने दोषलाई अकाण्डप्रथन भनिन्छ ।

(6) अकाण्डच्छेद – बेमौकामा प्रकृत रसको त्याग गर्दा उत्पन्न हुने दोषलाई अकाण्डच्छेद भनिन्छ ।

(7) अङ्गको अतिविस्तृति – अङ्ग वा अप्रधान रसको ज्यादा वर्णन गर्दा उत्पन्न हुने दोषलाई अङ्गको अतिविस्तृति भनिन्छ ।

(8) अङ्गीको अननुसन्धान – प्रधान नायक-नायिकालाई बिर्सदा उत्पन्न हुने दोषलाई अङ्गीको अननुसन्धान भनिन्छ ।

(9) प्रकृति विपर्यय – प्रकृतिगत औचित्यको प्रतिकूल वर्णन गर्दा उत्पन्न हुने दोषलाई प्रकृति विपर्यय भनिन्छ ।

(10) अनङ्गवर्णन – अङ्गका रूपमा नरहेकाको बढी वर्णन गर्दा उत्पन्न हुने दोषलाई अनङ्गवर्णन भनिन्छ ।

उपर्युक्त विभिन्न दोषहरूका कारण काव्यको अर्थ नै नबुझिने वा अर्थ बुझ्न विलम्ब हुने वा रसको आस्वाद फिक्का हुने वा प्रकृतको प्रतीतिलाई रोकिदिने हुँदा पूर्वीय साहित्य सिद्धान्तमा कविहरूलाई काव्य रचना गर्दा दोष परिहार गर्न सचेत गराइएको छ ।

## 3.7 साहित्यमा काव्य दोष

दण्डीले दोषका लक्षणहरूको निर्धारण नगरी प्रासङ्गिक रूपमा तिनको चर्चा गरेका छन् । यिनले गुण र दोष दुवैको भावात्मक सत्ता स्वीकार गर्दै गुण तथा दोषमा विपर्ययात्मक सम्बन्ध छ भन्ने दृष्टिकोण अघि सारेका छन् । उनले काव्यमा विफलताका कारण दोष आउँछ भन्दै कविले दोषको त्याग गर्नुपर्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । वामनले सर्वप्रथम प्रत्यक्ष रूपमा दोषका लक्षणहरूको निरूपण गर्दै दोषलाई गुण विपर्ययात्मक भनेर परिभाषित गरेका छन् । यिनका अनुसार विपर्ययको तात्पर्य वैपकरीत्य मात्र नभएर अभाव पनि भएकाले यिनको धारण भरतको भावात्मक धारणाका विपरीत देखिन्छ।

रुद्रटले दोषहरूको विस्तृत वर्गीकरण र प्रतिपादन गरेका छन् । यिनले रस तथा औचित्यको सम्बन्ध स्थापित गर्दै अनौचित्यलाई पनि एउटा महत्त्वपूर्ण दोष मानेका छन् । आनन्दवर्धनले दोषसम्बन्धी नवीन विचार प्रस्तुत गर्दै यसको सम्बन्ध काव्यको आत्मगत सौन्दर्यसँग स्थापित गरेका छन् । उनले दोषको मुख्य स्वरूप ध्वन्यात्मक रसभङ्ग हो भन्ने प्रभावशाली मान्यता अघि सारेका छन् । उनले श्रुतिदुष्टादि दोषलाई काव्यको नित्य दोष नमानी अनित्य दोष मानेका छन् । दोषको अनित्यतासम्बन्धी उनको यस दृष्टिकोणलाई सर्वथा नौलो, मौलिक र सूक्ष्म व्याख्या मानिन्छ । कुन्तकको काव्यदोषसम्बन्धी दृष्टिकोण अरूभन्दा फरक रहेको छ । उनले दोषको सत्तालाई नै स्वीकार गरेका छैनन् । कविले आफ्ना काव्यमा विशिष्ट शब्दार्थको प्रयोग गरेका खण्डमा त्यसबाट दोषहरू स्वतः पन्छिन्छन् भन्दै उनले दोषको पृथक् चर्चा गर्ने कुरालाई अमान्य तुल्याएका छन् ।

अभिनवगुप्तले आनन्दवर्धनकै दोषसम्बन्धी मान्यताको पुष्टि गरेका छन् । उनले श्रुतिदुष्टादि दोष एउटा रसमा दोष बन्छ अन्य रसमा पनि बन्ध भन्ने कुराको थप व्याख्या गरेका छन् । महिमभट्टले दोषलाई अनौचित्यका रूपमा अर्थ्याउँदै यसलाई रसभङ्गको मुख्य कारण मानेका छन् । उनले दोषलाई रसको प्रतीतिमा बिघ्नविधायक भनेका छन् । मम्मटले आनन्दवर्धन र अभिनवगुप्तका मान्यतालाई समन्वित गर्दै दोषको अर्थ मुख्यार्थहति हो भन्ने स्पष्ट पारेका छन् । उनका अनुसार मुख्यार्थ भनेको रस हो र हति भनेको अपकर्ष हो । मुख्यार्थले मुख्यतः रसलाई जनाउँछ भने मम्मटका अनुसार यसले गौणतः वाच्यलाई पनि जनाउँछ । उनी रस तथा वाच्य दुवैको हति वा खतीलाई दोष मान्छन् ।

जयदेवले दोषलाई रसको अपकर्षक नमानी काव्यसौन्दर्यको विघातक हेतु मानेका छन् । उनी अलङ्कारवादी भएकाले रस र दोषको सम्बन्धलाई स्वीकार गर्दैनन् । विश्वनाथले दोषको लक्षण रसको अपकर्षकका रूपमा बताएका छन् । यिनका अनुसार कानोपन, खोरण्डोपन आदि दोषले शरीरलाई दूषित देखाउँछ भने त्यस्ता शरीरमा रहने आत्माको अपकर्ष वा हानिलाई पनि बुझाउँछ । श्रुतिदुष्टादि दोषले काव्य शरीरलाई मात्र दूषित पार्दैन त्यसको आत्मा रसको पनि अपकर्ष गर्छ । यसरी उनले दोषको स्वरूप रसको अपकर्षक भन्ने मानेका छन् ।

समग्रतः मूल रूपमा रसको हानि गर्ने र गौण रूपमा शब्द तथा अर्थको हानि गर्ने तत्त्वलाई काव्यदोष भनिन्छ । कसैले काव्यमा अनुदारतापूर्वक एउटा पनि दोष हुनु हुँदैन भन्ने कठोर मत प्रकट गरेका छन् भने कसैले यस सम्बन्धमा उदार दृष्टिकोण पनि लिएका छन् ।

## 3.8 उपसंहार

काव्यमा शब्द, वाक्य, अर्थजस्ता भाषिक एकाइहरू उत्तिकै महत्त्वका रूपमा रहने गर्दछन् । काव्य भनेको शब्द र अर्थको सहभाव पनि हो । रीतिवादी चिन्तकहरूले रीतिलाई काव्यको आत्मा बताउँदै त्यसलाई सर्वोपरि महत्त्व दिएका छन् । रीति भनेको पदहरूको सङ्गठन हो र उनी उपयुक्त र सौन्दर्यपूर्ण पदहरूको सङ्गठनलाई काव्य मान्छन् । भामहले शब्द र अर्थ भनेझैँ यिनले पद शब्दको प्रयोग गरी काव्यलाई भाषावादी ढङ्गले हेर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

गुणलाई स्पष्ट रूपमा अर्थ्याउने र अलङ्कारबाट यसको भिन्नता देखाउने प्रथम आचार्य रीतिवादी वामन हुन् । गुण काव्यको शोभाकरक धर्म हो र अलङ्कार त्यस शोभालाई बढाउने हेतु हो भन्ने मान्यता स्थापित गरी यिनले सर्वप्रथम गुणको परिभाषा र अलङ्कारसँग यसको विभेद सँगसँगै गरेका छन् । यिनले गुणलाई काव्यशोभाको कारक र अलङ्कारलाई शोभा बढाउने कारण मान्दै गुणलाई शब्दार्थको नित्य धर्म र अलङ्कारलाई अनित्य धर्म तथा गुण नहुँदा सौन्दर्य उत्पन्न नहुने र अलङ्कार नहुँदा पनि सौन्दर्य उत्पन्न हुने भनी अलङ्कारभन्दा भिन्न गुणको स्वरूप चिनाएका छन् । अग्निपुराणकारले अलङ्कारलाई काव्य शोभाकर धर्म र गुणलाई काव्यको सौन्दर्य विधायॉक तत्त्व मानेको हुँदा यी दुवैमा स्पष्ट सीमारेखा कोरेको देखिँदैन । उनको सम्पूर्ण भनाइलाई हेर्दा उनले अलङ्कारभन्दा गुणलाई बढी महत्त्व दिएको पुष्टि यस कथनबाट हुन्छ - अलङ्कृत भए पनि गुणहीन काव्य प्रिय हुँदैन। नारीको सौन्दर्य गुणरहित शरीरमा हार केवल भार हुन्छ । यसरी अलङ्कारवादी र

रीतिवादी आचार्यहरूले गुणलाई शब्दार्थमा आश्रित तत्त्वका रूपमा चर्चा गरे पनि रस - ध्वनिवादी आचार्यहरूले यसको चर्चा रसमा आश्रित तत्त्वका रूपमा गरेका छन् । यिनीहरूले अलङ्कार र गुणको भेदलाई सुस्पष्ट पार्दै गुणको लक्षणसम्बन्धी चर्चालाई निष्कर्षमा पुर्‍याएका छन् ।

गुणलाई अलङ्कारभन्दा विशिष्ट शब्द र अर्थको उपकारक र मार्गको प्राण भने तापनि अलङ्कारबाट यसको स्पष्ट भिन्नता देखाएका छैनन् । भरतले दोषका १० प्रकारहरूको उल्लेख गरेका छन् , तर यसको स्वरूप स्पष्ट्याएका छैनन् । उनले दोषको भावात्मक सत्ता स्वीकार्दै यसलाई गुणको विपर्यय ठहराएका छन् । उनले काव्यका घातस्थानहरूलाई दोष मानेका छन्। भरतका अनुसार घातले विनाश वा अपकर्षलाई जनाउँछ । भामहले काव्यदोषको लक्षण नबताई प्रकारान्तले चर्चा गरेका छन् । दोषका प्रति कठोरता देखाउँदै उनले दोषयुक्त काव्यको रचना गर्नु कविको साक्षात् मृत्यु हो भन्नेसम्म धारणा व्यक्त गरेका छन् । पूर्वीय काव्यशास्त्रीहरूमा गुणको सङ्ख्या र भेदबारे प्रशस्त मतमतान्तर रहेको पाइन्छ । यसकी भेदहरू निरूपित गर्नेतर्फ भरतदेखि जगन्नाथसम्मका सबैजसो मुख्यमुख्य आचार्यहरू लागेका देखिन्छन् । यी आचार्यहरूको प्रवृत्ति केलाउँदा केहीचाहिँ यसको सङ्ख्या घटाएर तीनवटा निर्धारित गर्ने र केहीचाहिँ यसको सङ्ख्या तीनबाट बढाएर लैजाने प्रयासमा लागेको देखिन्छ ।

प्रारम्भमा भरतले दोषको सङ्ख्या १० वटा बताएका छन् । उनले बताएका १० वटा दोषहरू (1) गूढार्थ, (2) अर्थान्तर, (3) अर्थहीन, (4) भिन्नार्थ, (5) एकार्थ, (6) अभिप्लुतार्थ, (7) न्यायादपेत, (8) विषम, (9) विसन्धि, (10) शब्दच्यूत हुन् । काव्यदोषको वर्गीकरण गर्दै भामहले यसलाई सामान्य दोष,

वाणी दोष र अन्य दोष गरी तीन वर्गमा विभाजित गरेका छन् । भामहले एक ठाउँमा 6 दोषहरू, अर्को ठाउँमा 4 दोषहरू र अझै अर्को ठाउँमा 1 दोष गरी दोषहरूको सङ्ख्या ११ बताएका छन् । ती हुन् - (1) नेयार्थ, (2) क्लिष्ट, (3) अन्यार्थ, (4) अवाचक, (5) अयुक्तिमत्, (6) गूढशब्दाभिधान, (7) श्रुतिदुष्ट, (8) अर्थदुष्ट, (9) कलपनादुष्ट, (10) श्रुतिकष्ट, (11) प्रतिज्ञाहेतुदुष्टान्तहीन । आचार्य दण्डीले पनि ११ वटा दोषहरूको उल्लेख गरेका छन् । ती हुन् - 1) अपार्थ, (2) व्यर्थ, (3) एकार्थ, (4) ससंशय, (5) अपक्रम, (6) शब्दहीन, (7) यतिभ्रष्ट, (8) भिन्नवृत्त, (9) विसन्धि, (10) देशकालकलालोकन्यायागमविरोधी, (11) प्रहेलिका ।

## 3.9 सार

यस प्रखण्डमा काव्यको प्रकार,  काव्य गुण र दोषबारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ काव्यमा शब्द, वाक्य, अर्थजस्ता भाषिक एकाइहरू उत्तिकै महत्त्वका रूपमा रहने गर्दछन् । काव्य भनेको शब्द र अर्थको सहभाव पनि हो ।
- ❖ गुणलाई स्पष्ट रूपमा अर्थ्याउने र अलङ्कारबाट यसको भिन्नता देखाउने प्रथम आचार्य रीतिवादी वामन हुन् ।
- ❖ गुण काव्यको शोभाकरक धर्म हो र अलङ्कार त्यस शोभालाई बढाउने हेतु हो ।
- ❖ गुणलाई काव्य - शोभाको कारक मानिन्छ । मूलरूपमा अलङ्कारलाई काव्य शोभाकर धर्म र गुणलाई काव्यको सौन्दर्य विधायॉक तत्त्व मानेको हुँदा यी दुवैमा स्पष्ट सीमारेखा कोरेको देखिँदैन ।

- ❖ गुणलाई शब्दार्थमा आश्रित तत्त्वका रूप मानिन्छ । ध्वनिवादी आचार्यहरूले यसको चर्चा रसमा आश्रित तत्त्वका रूपमा गरेका छन् ।
- ❖ गुणलाई अलङ्कारभन्दा विशिष्ट शब्द र अर्थको उपकारक र मार्गको प्राण भने तापनि अलङ्कारबाट यसको स्पष्ट भिन्नता देखाएका छैनन् ।
- ❖ भरतले दोषका १० प्रकारहरूको उल्लेख गरेका छन् , तर यसको स्वरूप स्पष्ट्याएका छैनन् । उनले दोषको भावात्मक सत्ता स्वीकार्दै यसलाई गुणको विपर्यय ठहराएका छन् । उनले काव्यका घातस्थानहरूलाई दोष मानेका छन्।
- ❖ दोषयुक्त काव्यको रचना गर्नु कविको साक्षात् मृत्यु हुनु मानिन्छ ।
- ❖ पूर्वीय काव्य - शास्त्रीहरूमा गुणको सङ्ख्या र भेदबारे प्रशस्त मतमतान्तर रहेको पाइन्छ । यसकी भेदहरू निरूपित गर्नेतर्फ भरतदेखि जगन्नाथसम्मका सबैजसो मुख्यमुख्य आचार्यहरू लागेका देखिन्छन् ।
- ❖ प्रारम्भमा भरतले काव्यदोषको सङ्ख्या १० वटा बताएका छन् । उनले बताएका १० वटा दोषहरू (1) गूढार्थ, (2) अर्थान्तर, (3) अर्थहीन, (4) भिन्नार्थ, (5) एकार्थ, (6) अभिप्लुतार्थ, (7) न्यायादपेत, (8) विषम, (9) विसन्धि, (10) शब्दच्यूत हुन् ।
- ❖ काव्यदोषको वर्गीकरण गर्दै भामहले यसलाई सामान्य दोष, वाणी दोष र अन्य दोष गरी तीन वर्गमा विभाजित गरेका छन् ।
- ❖ भामहले एक ठाउँमा 6 दोषहरू, अर्को ठाउँमा 4 दोषहरू र अझै अर्को ठाउँमा 1 दोष गरी दोषहरूको सङ्ख्या ११ बताएका छन् । ती हुन् - (1) नेयार्थ, (2) क्लिष्ट, (3) अन्यार्थ, (4) अवाचक, (5) अयुक्तिमत्, (6)

गूढशब्दाभिधान, (7) श्रुतिदुष्ट, (8) अर्थदुष्ट, (9) कलपनादुष्ट, (10) श्रुतिकष्ट, (11) प्रतिज्ञाहेतुदुष्टान्तहीन ।

❖ आचार्य दण्डीले पनि ११ वटा दोषहरूको उल्लेख गरेका छन् । ती हुन् - 1) अपार्थ, (2) व्यर्थ, (3) एकार्थ, (4) ससंशय, (5) अपक्रम, (6) शब्दहीन, (7) यतिभ्रष्ट, (8) भिन्नवृत्त, (9) विसन्धि, (10) देशकालकलालोकन्यायागमविरोधी, (11) प्रहेलिका ।

यस प्रखण्डको अध्ययनले **काव्यका प्रकार, काव्य गुण र दोष**बारे बुनियाँदी जानकारी प्राप्त भयो । काव्यको भेद तथा यसका गुण र दोष सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 3.10 अनुशीलनी

१. काव्यको परिभाषाबारे चर्चा गर्दै यसका उद्भवबारे सविस्तार चिनाउनुहोस्।

२. काव्यको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. काव्य - गुण भन्नाले के बुझिन्छ ? बताउनुहोस् ।

४. काव्य - दोष भनेको के हो ? सबिस्तार चर्चा गर्नुहोस् ।

५. काव्य गुण र काव्य दोषका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

६. काव्य गुण र काव्य दोष बीचमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

७. काव्य गुण र दोषको साहित्यमा के कस्तो महत्व र मूल्यरहेको ठान्नुहुन्छ ? आफ्नो तर्क दिनुहोस् ।

८. काव्य गुण कति प्रकारका हुन्छन् ? चर्चा गर्नुहोस्।

९. काव्यको प्रकारहरू खण्जकाव्य, महाकाव्य, चन्पूकाव्य, पध्यकाव्य, गध्यकाव्य आदिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

१०. काव्य दोषलाई कति प्रकारमा वर्गीकरण गर्न सकिन्छ ? आफ्नो विवेचना प्रस्तुत गर्नुहोस् ।

११. काव्य गुणको मुख्य विशेषताबारे लेख लयार पार्नुहोस् ।

११. काव्य दोषको प्रमुख वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 3.11 अतिरिक्त अध्ययन


२२. सिग्देल, सोमनाथ – **साहित्य प्रदीप** ।

२३. उपाध्याय, डा. केशवप्रसाद – **साहित्य प्रकाश** ।

२४. अधिकारी, हेमाङ्ग – **पूर्वीय समालोचना - सिद्धान्त** ।

२५. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

२६. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

२७. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

२८. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श** ।

२९. न्यौपाने, टङ्कप्रसाद, सन् १९९२, **साहित्यको रूपरेखा** ।

३०. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना ।**

यस अतिरिक्त काव्य गुण र काव्य दोषबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 3.12 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

११. काव्य गुणको अर्थ र परिभाषा ।

.......................................................................................

.......

.......................................................................................

.......

.......................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. काव्य दोषको अर्थ र परिभाषा ।

.......................................................................................

.......

.......................................................................................

.......

..................................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.३ को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

१३. काव्य गुणको प्रकार ।

..................................................................................................

.......

..................................................................................................

.......

..................................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१४. काव्य दोषका प्रकारहरू ।

..................................................................................................

.......

..................................................................................................

.......

..................................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.७ खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

१५. साहित्यमा काव्य गुण र काव्य दोष ।

...........................................................................................

.......

...........................................................................................

.......

...........................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.६ र ३.८ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – ४, रीति र शैली, छन्द र अलङ्कार, प्रतीक र बिम्ब

## संरचना

4.0 उद्देश्य

4.1 परिचय

4.2 रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्बको अध्ययन

4.2.1 रीति

4.2.2 शैली

4.2.3 छन्द

4.2.4 अलङ्कार

4.2.5 प्रतीक

4.2.6 बिम्ब

4.3 उपसंहार

4.4 सार

4.5 □ □ □ □ □ □ □ □

4.6 अतिरिक्त अध्ययन

4.7 मूल्यवृद्धिको निम्ति उत्तर

## 4.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- काव्यको सामान्य परिचय

- रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्बको परिचय
- रीतिको अर्थ, प्रकृति, प्रकार, विशेषता
- शैलीको अर्थ, प्रकृति, प्रकार, विशेषता
- छन्दको अर्थ, परिभाषा, प्रकार, विशेषता
- अलङ्कारको अर्थ, परिभाषा, प्रकार, विशेषता
- प्रतीकको अर्थ, परिभाषा, प्रकार, विशेषता
- बिम्बको अर्थ, परिभाषा, प्रकार, विशेषता

## 4.1 परिचय

कुनै पनि भाव तथा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । यही भाषालाई अभिव्यक्त गर्ने लेखकहरूको तरीका वा ढङ्गलाई शैली भनिन्छ । गध्यमा गध्यकार र उसले सृजना गरेका पात्रहरूले बोल्ने विभिन्न भाषा हुन्छन् । तर पात्रहरूले बोल्ने विभिन्न भाषा भए तापनि गध्यकारको भने आफ्नै एउटै भाषा हुन्छन् । यही एउटै मूलस्रोत भाषालाई गध्यकारले पात्रका माध्यम अभिव्यक्त गर्ने ढङ्गलाई गध्य शैली भन्न सकिन्छ । अत: सामान्य भाषामा लेखिएको, सर्वसाधारणजनित, लोकभाषा तथा उखान, टुक्का र वाग्धरा प्रयोग गरिएको रचना साथै कवितात्मक भाषारहित बोलचालको शैलीलाई गध्य शैली भनिन्छ ।यस शैलीको लेखनमा लेखकलाई कुनै बन्धन हुँदैन ।

कविता साहित्यको एउटा पुरानो विधा भएकोले संसारका प्राय: साहित्यको थालनी पध्यबाटै भएको मानिन्छ । कवितालाई विशेष पध्य रचना भनि चिनिन्छ । संस्कृत भाषाको ‘पद्’ धातुमा ‘ध्य’ प्रत्यय लागेर बनिएको **पध्य** शब्दको शाब्दिक अर्थ चरण वा पाउ हो । यसअनुरूप कुनै चरण वा

पाठ, पद आदिमा बाँधिएको शास्त्रीय वा लौकिक छन्दोबद्ध रचनालाई पध्य भनिन्छ । छन्द र अलङ्कार काव्यको शोभाकारक तत्त्व हो। छन्द र अलङ्कारलाई काव्यको बाह्यतत्त्व मानिन्छ। छन्दको प्राचीन रूप मानव जातिको इतिहाससित जोडिएको देखिन्छ। संस्कृत भाषाका आदिकवि वाल्मीकिको प्रथम करुण अभिव्यक्ति छन्दमा रहेको उदाहरण पाइन्छ। छन्दमा लेखिएको काव्यलाई पद्यकाव्य भनिन्छ। यसैले छन्दलाई पद्यको पर्यायवाची मान्नसकिन्छ । जुन शास्त्रमा पद्य-रचनाका नियम ,लक्षण तथा उदाहरणहरूको विवेचन हुन्छ त्यसलाई छन्दशास्त्र भनिन्छ । छन्दशास्त्रका आदि प्रवर्तक महर्षि पिंगल हुन् । यसर्थ छन्दशास्त्रलाई पिङगलशास्त्र पनि भनिएको पाइन्छ ।

छन्द यति ,गति र लय मिलेको वर्ण र मात्राको निश्चित गणनाअनुसार सङ्ख्या र विश्रामको नियामक तत्त्व हो । रचनालाई स्वर र लयमा वद्ध गरी वर्ण र मात्राको निश्चित सङ्ख्या र विश्रामका नियमले नियमित तुल्याउने तत्त्वलाई छन्द भनिन्छ । छन्दको आफ्नै शास्त्रीय बन्धन छ जसले लयलाई नियमबद्ध रूप दिने कार्य गर्दछ । यदि छन्दको नियमलाई पालन गरिएन भने त्यसलाई छन्ददोष मानिन्छ । पूर्वीय साहित्यमा छन्दको प्राचीन परम्परा रहेको देखिन्छ। छन्दले साहित्यलाई आकर्षक ,लयात्मक र पाठकलाई प्रभावकारी बनाउँछ। काव्यको सौन्दर्यतत्त्वलाई बढाउनु ,भावलाई सम्प्रेषणीय गराएर श्रोतालाई आनन्द दिनु ,काव्यलाई थप गेयत्व ,लालित्य ,मधुर एवम् रोचकता बनाउनु छन्दको विशेषता हो ।

अलङ्कारको अर्थ आभूषण हो। अलङ्कारको मुख्य धर्म साहित्यको सौन्दर्य बढाउनु हो। अलङ्कार शब्दको व्युत्पत्ति संस्कृतको अलम् शब्दमा कृ धातु र

घञ् प्रत्यय लागेर हुन्छ। अलम् सौन्दर्य वा शोभा बढाउने वस्तु हो। अलङ्कारलाई साहित्यको गहना मानिन्छ। अलङ्कारशास्त्रमा अलंकरोतीति अलङ्कार भनेर जसले सौन्दर्य वा शोभा बढाउँछ र सिँगार्दछ त्यसलाई अलङ्कार भनिएको छ। पूर्वीय साहित्यमा अलङ्कारबारे दुवै सम्प्रदायका आचार्यहरूले चिनाउने कार्य गरेका छन्। भामहको दृष्टिमा वक्रोक्तिपूर्ण अभिव्यक्ति नै अलङ्कार हो। उनको विचारमा वक्रोक्तिविना अलङ्कार हुँदैन। त्यसरी नै उद्भटले पनि सौन्दर्यको पर्यायलाई अलङ्कार मानेका छन्। जयदेव काव्यको पहिचान र स्वधर्मलाई नै अलङ्कार मान्छन्। रीतिवादी वामनले पनि अलङ्कारलाई बाह्य शोभावर्द्धक तत्त्व मानेका छन्। ध्वनिवादी आनन्दवरधनले अलङ्कारलाई लौकिक आभूषण मान्दै रसको साधन मानेका छन्। जगनाथले पनि अलङ्कारलाई रसको सौन्दर्यलाई उजागर गर्ने तत्त्वको रूपमा स्वीकार्दै काव्यात्मा - रसका सौन्दर्यका कारण मानेका छन् ।

प्रतीक भाव सत्तालाई अप्रस्तुत ढङ्गमा प्रकट गर्ने साहित्यको माध्यम हो । यसैले काव्यमा भावलाई आक्रषण बनाउनु नै प्रतीकको मूल उद्देश्य मानिन्छ । यो काव्य वा साहित्यमा सोझै रूपमा भावकलाई प्राप्त हुँदैन । बक्रोत्तिको रूपमा आभास हुने प्रतीकको सम्बन्ध मनुष्य वा पाठकको चिन्तनप्रणालीसित हुँदछ । स्रष्ट्राले मिल्दो – जुल्दो गुण वा बिशेषताको आधारमा मूर्त (बुझिने) कुरोलाई अमूर्त ( बुझ्न नसकिने ) रूपमा प्रस्तुत गर्नु तथा नदेखिने अर्को कुनै वस्तुको कल्पना गरी प्रयोग गरेका चिन्ह नै प्रतीक हुन् । बिम्बको प्रस्तुतिद्वारा कुनै वस्तु वा पदार्थको चित्र पाठकको स्मृतिमा आउने तन्तु हो । कहिले काँही भावक तथा हामीले साहित्य आदि अध्ययन गर्दा, नाटक - चलचित्र हेर्दा आफु र आफ्ना वरिपरिको वस्तु - स्तिथिलाई भुलेर पूर्ण रूपले

त्यसैमा तल्लीन भइ आनन्दीत हुनपुग्छौँ । कविता- साहित्य पढदा वा सुन्दा भावकले पाउने त्यसप्रकारको आनन्दको अनुभूतिलाई रसानुभूति भनिन्छ । वास्तवमा यही रसानुभूति नै साहित्यको बिम्ब हो । विशेष रूपमा कविले कल्पना र भावनाका माध्यम साहित्यमा बिम्बको निर्माण गरेका हुन्छन् । यो कविताको सजावट र आभूषण मात्र नभएर आवश्यक तत्व पनि हो । अतः पाठकले साहित्यको अध्ययन वा आस्वदान गर्दा उनीहरूका मस्तिष्कमा कुनै न कुनै रूपममा त्यसको चित्र उत्पन्न हुदँछ, यसकै विशालता र आकृतिको स्मरणलाई बिम्ब भन्न सकिन्छ ।

## 4.2 रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्बको अध्ययन

### 4.2.1 रीति

काव्यमा रीतिको अत्यन्तै महत्वपूर्ण स्थान रहेको छ ।

यद्यपि 'अङ्कसंस्थाविशेषवत्' भनेर रीति अर्थात् संघटनालाई काव्यको शरीर स्थानीय पक्ष मात्रै हो भन्ने पनि पाइन्छ । तर संघटना भन्नु नै शब्दविन्यास भएको, शब्दमा अर्थ आश्रित रहेको एवं शब्द र अर्थको विशिष्ट सहभावविना रसको अभिव्यक्ति हुन नसक्ने भएकोले रीतिलाई काव्यको अनिवार्यतŒवको रूपमा स्वीकार गरिएको छ । पदविन्यासको शैली मूलतः दुईप्रकारको हुन्छ ( सुकुमार शैली र कठोर शैली । यही कोमलकान्त कमनीय शैली वा रचना पद्धतिलाई सुकुमार मार्ग वा वैदर्भ मार्ग पनि भनियो ।

कठोर, उद्धत वा ओजपूर्ण शैली वा रचना पद्धतिलाई विचित्र मार्ग वा गौडमार्ग भनियो । काव्यरचनाका यही मूल दुई शैली वा रचनापद्धतिको मूल आधार चाहिँ कवि स्वभाव नै हो । सुकुमार स्वभाव भएका कविका रचना स्वाभाविक रूपमा सुकुमार नै हुने भए भने कठोर, उद्धत स्वभावका कविका रचना अलि उद्धत, ओजपूर्ण नै हुने भए । महाकविहरूका मुख्य यी दुई स्वभाव वा प्रवृत्ति नै कालान्तरमा काव्यरचनाका मूल आधार बन्न पुगे । प्रारम्भमा व्यक्तिको स्वभावमा आधारित काव्यरचना शैली पछि गएर देश विशेषको नामबाट वैदर्भ मार्ग वा गौडमार्गका रूपमा प्रसिद्ध भए । कालान्तरमा यही दुई मार्गको बीचबाट मिश्रित मार्ग वा मध्यम मार्गका रूपमा तेस्रो मार्गको पनि उदय हुन गयो । यही दुई मूल प्रवृत्ति विकासको क्रमसँगै पदसंघटनाका रूपमा वैदर्भी, गौडी, पाञ्चाली एवं लाटी रीतिको रूपमा परिणत भए । कविको व्यक्तिगत स्वभाव, रुचि वा प्रवृत्ति कतिपय अवस्थामा समूहगत वा जातिगत स्वभावका रूपमा परिणत हुन्छ र तत् तत् जातीय वा देशीय स्वभाव वा प्रवृत्तिका रूपमा परिणत भएर परम्परा बन्न जान्छ । शायद यही तथ्यलाई विचार गरेर बाणभट्टले उदीच्यमा श्लेष, प्रतीच्यमा अर्थगौरव, दाक्षिणात्यमा उत्प्रेक्षा एवं गौडमा वर्णहरूको आडम्बर हुन्छ भनेका हुन् ( श्लेषप्रायमुदीच्येषु प्रतीच्येष्वर्थ गौरवम् । उत्प्रेक्षा दाक्षिणात्येषु गौडेष्वक्षरडम्बरः ।।

## *रीति शब्दको व्युत्पत्ति र परिभाषा*

भोजदेवको अनुसार गत्यर्थक 'रीङ्' धातुबाट रीतिशब्द व्युत्पन्न भएको छ ( 'रीङ्गताविति धातोः सा व्युत्पŒया रीतिरुच्यते ।' अर्थात् जेद्वारा गइन्छ वा पुगिन्छ त्यसलाई रीति भनिन्छ । यस अर्थमा

पद्धति, सरणी, मार्ग, वृत्ति, प्रवृत्ति, शैली आदि शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । काव्यलक्षण ग्रन्थहरूमा पदविन्यासको तरिका वा शैलीलाई रीति मानिएको छ । यही रीतिलाई नै संघटना पनि भनिन्छ । राजशेखरको अनुसार रीतिसिद्धान्तका प्रथम आचार्य सुवर्णनाभ हुन् ।

### *रीतिको लक्षण*

वामनाचार्यले रीतिको लक्षण गर्दै 'विशिष्टा पदरचना रीतिः' एवं 'विशेषो गुणात्मा' भनेका छन् । उनको मतमा ओज, प्रसाद आदि काव्यशोभाको सम्पादक धर्मविशेष गुण हो र गुण नै आत्मा अर्थात् स्वभाव भएको विशेषले युक्त पदरचना रीति हो । ध्वन्यात्मवादी आचार्य आनन्दवर्धनले रीतिको स्थानमा संघटना शब्दको प्रयोग गर्दै माधुर्य आदि गुणलाई आश्रित गरेर रहने एवं रसादिलाई अभिव्यक्त गर्नेलाई संघटना भनिन्छ भनेका छन् –

गुणानाश्रित्य तिष्ठन्ती माधुर्यादीन् व्यनक्ति सा ।
रसान् तन्नियमे हेतुरौचित्यं वक्तृवाच्ययोः ।।

विश्वनाथले शरीरमा अंगप्रत्यङ्कको बनावट अर्थात् शरीरको संगठन भए जस्तै पदहरूको मेल वा संगठनलाई रीति भनिन्छ र यो रसादिको उपकारक हुन्छ भनेका छन् ।

'पदसंघटना रीतिरङ्कसंस्थाविशेषवत् । उपकर्त्री रसादीनाम् ।।'

अर्थात् जसरी एउटी युवतिका

हातगोडा, नाक, कान, मुख, कटि, वक्ष, नितम्ब आदि शरीरका अङ्क प्रत्यङ्गको बनावटले बाè सौन्दर्यको निरूपण गरेर तिनलाई दर्शनीय बनाउनुका साथै तिनको आन्तरिक स्वरूपलाई समेत चमत्कारी बनाउँदछ त्यसैगरी रीतिले

पनि पदहरूको सौन्दर्य अभिवृद्धि गर्दै त्यसका माध्यमबाट काव्यको आत्मभूत रसको अनुभूतिलाई दिव्य बनाउनमा मद्दत गर्छ ।

## *रीतिका भेद*

नाट्यशास्त्रकार भरतमुनिले नाट्यप्रयोगका आधारमा चारप्रकारको प्रवृत्ति ड्ढवेष, भूषा, व्यवहार) मानेका छन् । आवन्ती, दाक्षिणात्या, पाञ्चाली र औड्र मागधी । विष्णुधर्मोत्तर पुराणको अनुसार वृत्ति चार प्रकारको छ – 'आवन्ती, दाक्षिणात्या, मागधी र पाञ्चाली ।' दण्डीको मतमा श्लेष, प्रसाद, समता, माधुर्य, सुकुमारता, अर्थव्यक्ति, उदारत्व, ओज, कान्ति एवं समाधि यी दशगुण समग्रले युक्त वैदर्भमार्ग हुन्छ भने यिनीहरूको विपर्ययमा ड्ढआंशिकसम्बन्ध वा अत्यन्ताभावमा) गौड मार्ग हुन्छ । दण्डीका पूर्ववर्ती भामहाचार्यका अनुसार गौड र वैदर्भ भनेर काव्यको नामाकरण गरी कुनै एउटालाई उत्कृष्ट मान्नु बुद्धिहीनको भेंडचाल मात्र हो ।

वैदर्भभिदमेतत्तु गौडीयमिति किं पृथक ।
गतानुगतिकन्यायान्नानाख्येयममेधसाम् ।।

उनको विचारमा वक्रोक्ति र अतिशयोक्ति नै काव्यको चमत्कारका कारण हुन् । यसैले जुनमा काव्यको आन्तरिक तŒव चमत्कारी हुन्छ, त्यो नै ग्राè हुन्छ । दण्डीले परस्पर सूक्ष्मभेद भएको वाणीको मार्ग अनेक छ जसको मुख्य दुई भेद ( वैदर्भमार्ग र गौडमार्ग हुन् भनेका छन् ।

अस्त्यनेको गिरां मार्गो सूक्ष्मभेदः परस्परम् ।
तत्र वैदर्भगौडीयौ वण्र्येते प्रस्फुटान्तरौ ।।'

कुन्तकले पनि भामहकै विचारलाई समर्थन गर्दै देशभेदका आधारमा गरिने काव्य विभाजन उचित होइन भनेका छन् । उनको विचारमा यसबाट

आनन्त्यदोष आउँछ अर्थात् जति देश छन् त्यति नै काव्यभेद मान्नुपर्छ अनि एकै देशका कविहरू सबैले एकै रीतिमा रचना पनि गर्दैनन् त्यसैले देशधर्मका रूपमा कुनै एक रीति स्वीकार गरेर त्यसैमा सबै कविका काव्यको रचना संभव छैन ।

वामनाचार्यले 'रीतिरात्मा काव्यस्य' भनेर रीतिलाई काव्यको आत्मा अर्थात् मूलत्वपूर्ण मानेका छन् । वामनाचार्यले वैदर्भी, गौडी र पाञ्चाली गरी तीन प्रकारको रीति मानेका छन् ( 'सा त्रेधा वैदर्भी गौडीया पाञ्चाली चेति ।' उनको अनुसार विदर्भ आदि देशका कविहरूको व्यवहार ड्ढकाव्य प्रयोग) का आधारमा वैदर्भी आदि नाम रहन गएको हो । 'वैदर्भादिषु दृष्टत्वात् तत्समाख्या ।' अर्थात् विदर्भदेशका कविले प्रयोग गर्ने शैलीविशेष वैदर्भी, गौडदेशीय कविव्यवहृत सरणी गौडी एवं पाञ्चाल देशका कविले अङ्कीकार गरेको काव्यरचना पद्धति पाञ्चाली हो ।
वामनको मत अनुसार समस्त गुणले युक्त वैदर्भी, ओज र कान्तिले युक्त गौडी एवं माधुर्य र सौकुमार्यले युक्त पाञ्चाली रीति हुन्छ ।

भोजराजको मान्यता अनुसार रीति छ प्रकारका छन् ।
वैदर्भी, पाञ्चाली, गौडी, आवन्ती, लाटी र मागधी । काव्यप्रकाशकार मम्मटाचार्यले आफ्नो लक्षण ग्रन्थमा रीतिको छुट्टै निरूपण नगरी अनुप्रास अलङ्गार ड्ढवृŒयनुप्रास) को विवेचनको क्रममा उपनागरिका, परुषा र कोमला यी तीन वृत्ति हुन्छन् भनेका छन् । उनको अनुसार माधुर्यव्यञ्जकवर्णहरूद्वारा निर्मित वृत्ति उपनागरिका, ओजोगुण प्रकाशक वर्णहरूद्वारा रचित वृत्ति परुषा एवं शेष वर्णहरूद्वारा रचित वृत्ति कोमला ड्ढकसैको मतमा ग्राम्या भनिन्छ -

माधुर्यव्यञ्जकैर्वर्णैरुपनागरिकोच्यते ।

ओजः प्रकाशकैस्तैस्तु परुषा, कोमला परै ः ।।

उनले यहाँ व्यक्त गरेका यी तीन वृत्ति उद्भटसम्मत वृत्ति हुन् । यिनै उपनागरिका आदि वृत्तिलाई वामन आदिको मतमा वैदर्भी आदि भनिन्छ भन्ने पनि उल्लेख गरेका छन् ।

केषाञ्चिदेषा वैदर्भीप्रमुखा रीतयो मताः ।

साहित्यदर्पणकार विश्वनाथले 'सा पुनः स्याच्चतुर्विधा' भनेर वैदर्भी, गौडी, पाञ्चाली र लाटीसमेत चार प्रकारका रीति अङ्कीकार गरेका छन्।

वैदर्भी चाथ गौडी च पाञ्चाली लाटिका तथा ।

***वैदर्भी***

माधुर्यगुणका व्यञ्जक वर्णहरूद्वारा गरिएको समासरहित अथवा अल्पसमासयुक्त मनोहर रचनालाई वैदर्भी रीति भनिन्छ । संस्कृतमा यस रीतिलाई यसो भनिएको छ -

माधुर्यव्यञ्जकैर्वर्णै रचना ललितात्मिका ।

अवृत्तिरल्पवृत्तिर्वा वैदर्भीरीतिरिष्यते ।

वैदर्भी रीतिको उदाहरणका रूपमा विश्वनाथले अधोलिखित पद्यलाई प्रस्तुत गरेका छन् -

अनङ्कमङ्कलभुवस्तदपाङ्कस्य भङ्कयः ।

जनयन्ति मुहुर्यूनामन्तःसन्तापसन्ततिम् ।।

उपुर्यक्त उदाहरणमा माधुर्यगुणका अभिव्यञ्जक वर्णहरू ञकारजकार, ङकारगकार, नकादकार आदि ड्ढमूर्ध्नि वर्गान्त्यवर्णेन युक्ताष्टठडढान्विना । रणौ लघू च इत्यादि श्लोकले निर्दिष्ट गरेका अक्षरहरू एवं

अनङ्क इत्यादि तीनपद मात्रको अल्पसमासविशिष्ट रचना भएको कारणले वैदर्भी रीति मानिएको हो ।

***गौडी***

ओजो गुणलाई अभिव्यक्त गर्ने कठोर वर्णहरूद्वारा बनाइएको समासबहुल उद्धत रचनालाई गौडीरीति भनिन्छ । ओजः प्रकाशकैर्वणैर्बन्ध आडम्बरः पुनः । समासबहुला गौडी ।।

ओजोगुणलाई प्रकट गर्ने वर्णहरू अर्थात 'वर्गस्याद्यतृतीयाभ्यां युक्तौ वर्णौ तदन्तिमौ ।

उपर्यधो द्वयोर्वा सरेफाष्टठडढैः सह ।।

शकारश्च षकारश्च तस्य व्यञ्जकतां गताः ।

तथा समासबहुलो घटनौद्‌ध्यत्यशालिनी ।।'

उपर्युक्त उदाहरणमा 'द्‌ भु', द्ध, भ्र, ण्ड, शो शो, एवं अन्य संयुक्त वर्णहरू तथा दीर्घसमासयुक्त रचना भएकोले गौडी रीति स्वीकार गरिएको छ ।

**पाञ्चाली**

माधुर्य एवं ओजोगुणका व्यञ्जक वर्ण बाहेकका वर्णहरूद्वारा गरिने, पाँच वा छ पदको समास भएको रचनालाई पाञ्चाली भनिन्छ । संस्कृतमा यसो भनिएको छ -

शेषैर्वर्णैः पुनद्र्वयोः ।

समस्तपञ्चषपदो बन्धः पाञ्चालिका मता ।।

जस्तो -

मधुरया मधुबोधितमाधवीमधुसमृद्धिसमेधितमेधया ।

मधुकराङ्कनया मुहुरुन्मदध्वनिमृता निभृताक्षरमुज्जगे ।।

*लाटी*

वैदर्भी र पाञ्चाली रीतिको बीचको अर्थात् दुवैको किञ्चित् लक्षणले युक्त रचनालाई लाटी भनिन्छ । संस्कृतमा यसो भनिएको पाइन्छ -

लाटी तु रीतिर्वैदर्भी पाञ्चाल्योन्तरे स्थिता ।

जस्तो - अयमुदयति मुद्राभञ्जनः पद्मिनीनामुदयगिरिवनालीबालमन्दारपुष्पम् ।

विरहविधुरकोकद्वन्द्वबन्धुर्विभिन्दन् कुपितकपिकपोलक्रोडताम्रस्तमांसि ।।

## 4.2.2 शैली

संस्कृत भाषाको शील शब्दबाट उत्पत्ति भएको शैलीको उत्पत्तिगत अर्थ लक्षण, स्वभाव, चरित्र आदि बुझिन्छ । संस्कृतको शील शब्दले सिउनु, उन्नु, तुन्नु र बुन्नुलाई पनि जनाउँने हुनाले शैली भनेको भाषालाई प्रस्तुत गर्ने ढङ्ग, पद्धति, विधि वा तरिका हो । मूलत: भाषाअन्तर्गत शब्दयोजना र वाक्यविन्यास पर्दछन् । शब्द र वाक्यहरू जति सहज, सरल, स्वाभाविक, सार्थक र सुगठित हुन्छन्, त्यो कृति त्यति नै प्रभावकारी बन्दछ । यहीअनुरूप लेखकले प्रयोग गर्ने भाषा लेखनलाई शैली भनिन्छ । यसअतिरिक्त साहित्यमा विषय, कथाबस्तु, घटना, पात्र, देशकाल र वातावरण आदि सामग्रीहरू तयार भइसकेपछि साहित्याकारले तिनीहरूलाई रूप दिने जुन बाटो वा तरीका अप्नाउछन् , त्यस ढाँचालाई शैली भनिन्छ । साहित्यकारले कुनै पनि बिषवस्तु रोजीसकेपछि त्यसलाई जुन तरीकाले प्रस्तुत गर्दछ, त्यस ढङ्ग र प्राण – प्रतिष्ठाको लागि आवश्यक शरीर नै शैली हो । यसको निर्धारण साहित्यमा घटना र कथावस्तुको आधारमा हुन्छ ।

कविताको कलापक्षसित सम्बन्धित तत्त्व शैली हो । यसलाई शब्दतत्त्व पनि भनिएको पाइन्छ। कविले जुन भाषा ,जुन रूप वा पद्धतिमा आफ्नो अनुभूतिलाई अभिव्यक्त गर्छ त्यसैलाई शैली भनिन्छ । यसअन्तर्गत भाषा , शब्दचयन ,अलङ्कारको प्रयोग ,शब्दको उपयोगका साथै कविताको स्वरूप आदिको समावेश हुन्छ । शैलीलाई पूर्वीय विद्वान्हरूले काव्यको शरीरतत्त्वको रूपमा परिभाषित गरेका छन् । शैलीको आधारतत्त्व भाषा हो । शैली कविताको बाह्य अङ्गसित सम्बन्धित हुन्छ। कवितामा शैली र भाव दुवैको समुचित समन्वय हुन अनिवार्य हुन्छ । यसैले भाव तथा विचार ,शैलीको सङ्गठित रूप नै कविता हो । काव्यका शैलीका तत्त्वहरू उद्धृत गरेका छन् - भाषा ,शैली ,बिम्ब ,प्रतीक ,लय आदि हुन्छन् । लयअन्तर्गत छन्द , अलङ्कार ,मानवीकरणलाई राख्न सकिन्छ ।

भावको अभिव्यक्तिगत सशक्त माध्यम भाषा हो । कवितामा प्रयोग गरिने भाषा अन्य साहित्यिक विधाहरूको तुलनामा भिन्नता हुन्छ । कविताको भाषा लयात्मक र कोमल पदावलीयुक्त कान्तसम्मित आग्रही हुन्छ । भाषाद्वारा नै कवितामा लाक्षणिक र व्यञ्जनात्मकका साथै प्रतीक र बिम्बहरूको यथा प्रयोग गरिएको हुन्छ । प्रतीक र बिम्बको प्रयोगद्वारा नै कवितामा कविहरूले शैलीको विशिष्टता प्रदान गर्दछन् । यसका साथै कवितामा लयको आफ्नै महत्त्व रहेको हुन्छ । साहित्यका अन्य विधाहरूबाट कवितालाई छुट्याएर अलग गराइ स्पष्ट चिनाउने आधार नै लय विन्यास हो । कवितालाई गति प्रदान गर्ने तत्त्व नै लय हो । आज छन्दविना पनि कविता हुन्छ तर लयविना कविता हुँदैन। त्यसरी नै अलङ्कार पनि कविता शैलीको आधारभूत अङ्ग हो । अलङ्कारको संयोजनले गर्दा कविता

चमत्कारयुक्त ,सौन्दर्यपूर्ण र आकर्षक एवम् प्रभावशाली हुन्छ । कविता छन्दोबद्ध र छन्दमुक्त दुई भाषिक परिपाटीमा लेखिएको पाइए पनि आज छन्दोबद्ध कविता लेख्ने प्रचलन धेरै घटेर गएको छ। सुरुमा पद्यलाई कविता भनिन्थ्यो जुन छन्दमा लेखिन्थे तर आधुनिक युगमा कविता छन्दमा लेखिन छाडे। यसैले पद्य र गद्य कविताको भाषिक विन्यासमा प्रशस्तै भिन्नता रहेको बोध गरिन्छ। कविता लयात्मक ,सौन्दर्यात्मक ,प्रतीकात्मक ,बिम्बात्मक र आलाङ्कारिक हुनाले यसको भाषाशैली पनि अन्य साहित्यको विधाहरूभन्दा विशिष्ट र कोमल हुन्छ ।

शैलीको आधारमा साहित्यलाई तीन भागमा विभक्त गरिने कुरा विद्वानहरूले बताएका छन् । ती हुन् – **गध्य, पध्य र चम्पू** । भनिन्छ - जहाँ कविता हुन्छ, त्यहाँ छन्द हुन्छै हुन्छ । तर हामीले छन्दयुक्त कवितालाई पध्य र छन्दमुक्त कवितालाई गध्य कविता भन्छौं । गध्य र पध्य मिसिएको रचनालाई चम्पू भन्दछ । संस्कृत भाषाको ‘गद्’ धातुमा ‘ध्य’ प्रत्यय मिलेर बनिएको गध्य शब्दको ब्युत्पत्तिगत अर्थ वाक्यहरूको माला हो । सामान्यत्य मानिसले बोल्ने र लेख्ने छन्दरहित साधारण व्यवहारको भाषालाई गध्य भनिन्छ । हामीले दैन्दिनि जीवनमा प्रयोग गर्ने, साधारण बोलचालमा प्रयोग गर्ने भाषा गध्य हो । यसको क्रम स्वाभाविक हुन्छ । छन्दमुक्त, पदविन्यासमा स्वतन्त्रतता, सरल र सहज भाषा शैलीलाई गध्य भनिन्छ । अङ्ग्रेजी साहित्यमा यसलाई प्रोज ( Prose ) भनिन्छ । संस्कृत साहित्यमा गध्य भन्नाले कथा र आख्यायिका (उपन्यास) –लाई बुझिन्छ । बैदिक बाङ्मयमा छन्दोबद्ध नभएको रचनालाई गध्यरूप मानिन्छ । कुनै पनि भाव तथा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । यही भाषालाई अभिव्यक्त गर्ने

लेखकहरूको तरीका वा ढङ्गलाई शैली भनिन्छ । गध्यमा गध्यकार र उसले सृजना गरेका पात्रहरूले बोल्ने विभिन्न भाषा हुन्छन् । तर पात्रहरूले बोल्ने विभिन्न भाषा भए तापनि गध्यकारको भने आफ्नै एउटै भाषा हुन्छन् । यही एउटै मूलस्रोत भाषालाई गध्यकारले पात्रका माध्यम अभिव्यक्त गर्ने ढङ्गलाई गध्य शैली भन्न सकिन्छ । अत: सामान्य भाषामा लेखिएको, सर्वसाधारणजनित, लोकभाषा तथा उखान, टुक्का र वाग्धरा प्रयोग गरिएको रचना साथै कवितात्मक भाषारहित बोलचालको शैलीलाई गध्य शैली भनिन्छ । यस शैलीको लेखनमा लेखकलाई कुनै बन्धन हुँदैन ।

गध्य शैलीले भावनाको तीब्र प्रभावलाई संरक्षण गरेर सह्रदयलाई प्रभावित तुल्याउँदछ । यस शैलीले रचनामा नैसर्गिक स्वतः ल्याउदछ । यसर्छ गध्य शैलीको लेखक पारङ्गत, परिपक्वता र अनुभवी हुनुपर्दछ । गध्य शैलीको लेखनकला भिन्दै प्रकारको हुनेहुनाले त्यसमा सौन्दर्य उत्पन्न गर्ने क्षमता निपुण्ता र अभ्यासमा भर पर्दछ । मान्छेको सहज र स्वाभाविक अभिव्यक्तिको रूप नै गध्य भएकोले यस शैलीको लय वाक्यरचना नभएर विचारमा भर पर्दछ । साहित्यमा लोकव्यवहारअनुरूपको भाषा, देश,काल,परिस्थितिअनुकूलको भाषा प्रयोग गर्नुपर्दछ । सामान्य पात्रले बोल्ने भाशा र विशिष्ट व्यक्तिले बोल्ने भाषा भिन्दा - भिन्दै हुन्छन् । यी सबैको प्रयोग गध्य शैलीमा भएको हुन्छ । यस शैलीलाई भाषाको बिशेषता मानिन्छ । गध्य शैली साहित्यमा सहज, स्वाभाविक, विश्वसनीय र सम्प्रेषणीय रूपमा रहेका हुन्छन् । यसको कारण कृति प्रभावमयी, वर्णनात्मक र विवरणात्मक बन्दछ । उखान, टुक्का र बाग्धरा जस्तो वाक्यलाई खिरिलो पार्ने अवयव गध्य शैलीमै प्रयोग भएका हुन्छन् । गध्य शैलीको सम्बन्ध ह्रदयसित

हुनेहुनाले यसका लेखक वक्ता जस्तै हुन्छन् । यस शैलीद्वारा साहित्य श्रुति माधुर्य, सोन्दर्य, सरसता, दृष्ययुक्त बन्दछ । गध्य शैली पाठक तथा भावकको सोझै ह्रदयसित सम्बन्धित हुने हुनाले यसले साहित्यमा विशेषत: यथार्थको उद्घाटन, मनस्थितिको विश्लेषण, सरस र गाउँले बोलीको प्रयोग, साङ्केतिकता आदि गर्दछ । यसद्वारा साहित्य आख्यानात्मकता, कौलुहल र रोचकपूर्ण, प्रभावयुक्त, मौलिकता, सुसङ्गठित र स्वत पूर्णता हुँदछ ।

गध्य शैलीको प्रारम्भ इतिहास, विज्ञान, सौन्दर्यशास्त्र आदिका भाषाको रूपमा भएको मानिन्छ । पछि यसको उपयोग कलामा भएको हो । साहित्यमा प्रयोग हुने विभिद शैलीहरू मध्ये गध्य शैली जेठो शैलीको रूपमा प्रयोग भएको मानिन्छ । अन्य भाषाका साहित्यमा झै नेपाली साहित्यमा पनि नेपाली भाषामा लेखिएको सबैभन्दा पहिलो प्रमाणिक ग्रन्थ इश्वी १३१२ तीर लेखिएको अशोकचल्लको **ताम्रपत्र** हो । त्यसपछि मेदिनी बर्माको **कनकपत्र**, मुन्सीकृत **तीन आहान**, सदाशीव शर्माको **हितोपदेश मित्रलाभ**, प्रेमनिधि पन्तको **प्रायश्चितप्रदील**, **दिव्योपदेश**, **भाष्वति,** प्रतिमानसिंह तामाको **महाकाल जासुस** आदि कृतिहरू नेपाली साहित्यमा लेखिए । यी सबै कृतिहरू गध्य शैलीमै लेखिएका छन् । यसर्थ साहित्यिक शैलीमा गध्य शैलीको उदयलाई पहिलो मान्न सकिन्छ । तर लोकले रूचाएको जेठो शैली भने पध्य नै हो । साहित्यका विभिद विधाहरू मध्ये कथा, गल्प, किस्सा, कहानी, आख्यायिका, खण्डकथा, कथालिका, उपन्यास, नाटक, रूपक, निबन्ध, जीवनी, यात्रा साहित्य आदिमा गध्य शैलीको बडी प्रयोग भएको पाइन्छ । यी विधाहरूमा बोलचालको सामान्य भाषा धैरै रूपमा प्रयोग भएका हुन्छन् ।

छन्दोबद्ध रचनालाई हामी पध्य भन्छौ , कविता होइन । अङ्ग्रेजी साहित्यमा छन्दोबद्ध रचनालाई भर्स ( Verse ) र छन्दविहिन कवितालाई पोयट्री ( Poetry ) भन्दछन् । उनीहरूले गध्य कवितालाई पोयिम (Poem) भन्दछन् । संस्कृत भाषाको ‘पद्’ धातुमा ‘ध्य’ प्रत्यय लागेर बनिएको **पध्य** शब्दको शाब्दिक अर्थ चरण वा पाउ हो । यसअनुरूप कुनै चरण वा पाउ, पद आदिमा बाँधिएको शास्त्रीय वा लौकिक छन्दोबद्ध रचनालाई पध्य भनिन्छ । तर पध्यमय भाषामा लेखिएको सबै रचनालाई कविता मान्न सकिन्न । कविता गध्यमा पनि लेखिन्छ । छन्दोबद्ध रचनालाई कविता होइन, पध्यकाव्य भनिन्छ । संस्कृतमा ‘छन्दोबद्ध मर्म पध्यम्’ भनिएको छ । यसअनुसार छन्दमा बाँधिएको रचनालाई मात्र पध्य मानिन्छ । पध्य मस्तिष्कसित सम्बन्धित हुन्छ । यसमा कोमलता, संवेग, कल्पना, अनुभूति र चिन्तन हुन्छ । पध्य शैलीका लेखकलाई गायक झैँ मानिन्छ । यो कोमल, ललित, गुढार्थ, प्रतीक - बिम्बयुक्त, छन्दमुखी हुन्छन् । अत : कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त, आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कविताको शैलीलाई पध्य शैली भनिन्छ । यसमा सरसता र सङ्गीतात्मकता रहन्छ ।

पध्य शैलीको मूख्य विशेषता नै कृतिमा सोन्दर्यपन, कलात्मकता, कल्पनाशीलत, सङ्गीतप्रधान, मनोवेगको समन्वय गर्नु आदि हो । पध्य शैलीमा मूख्यरूपमा लयात्मकता रहेको हुन्छ । यसले मानव अन्तष्करणको मूर्त र कलात्मक रूपलाई व्यन्जित गर्दछ । यसमा सङ्गीत, छन्द, तुक, मात्रा, स्वराधात, अनुप्रास, पुनरावृत्ति, रूपक आदि रहन्छ । यस अतिरिक्त पध्य शैलीले मन र मुटु दुवैलाई एकैसाथ छुने हुनाले यो संवेदनशील र

भावात्मक हुन्छ । यसमा कोमल अनुभूतिको लयात्मक लहर रहेको हुन्छ । मूलतः सरस गेयारमक अभिव्यक्तिलाई पध्य शैली भनिने भए तापनि यो बन्धन मुक्त हुँदैनन् । यसमा छन्द, अलङ्कार, पुनरावृत्ति, लय, ताल, शुर, गति, यति आदि कुराहरू रहेका हुन्छन् । पाश्चत्य विद्वान् हर्वट रिजले शब्दले बार – बार जन्म लिएर लेखिएको रचनालाई पध्य भनेका छन् । यसर्छ पध्य शैलीमा शब्दको नयाँ सृष्टि भइरहन्छ । यस शैलीमा विचारको तर्कसङ्गत क्रम, वर्णनमा सजीवता, कल्पनायुक्त, चित्रयोजना, सहजता, लयपूर्ण, उक्ति – सौन्दर्य, ओज र संयमपूर्ण हुदछ । पध्य शैलीमा वाक्यरचनालाई एकाई बनाएर पुनरावृत्तिद्वारा तीब्रता दिइएको हुन्छ ।

नेपाली साहित्यमा लेखनाथपूर्वका सम्पूर्ण नेपाली कविता पध्यमा लेखिएको पाइन्छ । पहिलो नेपाली कविता ई. १३९३ मा लेखिएको विष्णुदास आचार्यको **बडेराजा मलयबम्म** र सुवानन्ददासको **पृथ्वीनारायण** कविता पनि पध्य शैलीमै लेखिएको छ । यी कविताहरूमा खाँडो जगाउने लोकलय छन्दको प्रयोग पाइन्छ । त्यसपछि कवि शक्तिबल्लभ अर्याल, उदयानन्द अर्याल, बसन्त शर्मा, इन्दिरस आदिका रचनाहरू सबै पध्य शैली मै लेखिएका छन् । यस अतिरिक्त आफ्ना रचनामा छन्दलाई महत्व दिँदै लेखनाथ पोड्यालले शिखरिणी, बालकृष्ण समले अनुष्टुप, माधव धिमिरेले मन्दाक्रान्त, लक्ष्मीप्रसाद देवकोटाले जातीय लोकछन्द आदिको प्रयोग गरेका पाउँछौं । पध्य शैली अन्तर्गत छन्दयुक्त कविता, फुटकर, मुक्तक, गीत, श्लोक, हाइकु, लहरी, सवाई, गजल, गीतिकाव्य, नव्यकाव्य, खण्डकाव्य, महाकाव्य आदि पर्दछन् । यसमा स्फुट कविताका सम्पूर्ण भेदहरू पनि पर्दछन् । पध्य शैलीको लेखकले रचनाको आकार – प्रकार, पङ्क्ति र पाउ, शब्द, अर्थ र

ध्वनिको विन्यासक्रममा ध्यान दिनु पर्दछ । वस्तुत : विलियम वर्डस्वर्थले गध्य र पध्यको भाषामा कुनै अन्तर न हुन्छ , न त हुनै सक्छ भनेका छन् । तथापि यी दुवै एउटै कुरो होइन । गध्य शैली जगतसित सम्बन्धित हुन्छ भने पध्य शैली जीवनसित सम्बन्धित हुन्छ । गध्य कथ्यशून्य रहित हुँदैन भने पध्य भावशून्य रहित हुँदैन । गध्यमा विचारको प्रधानता रहन्छ भन् पध्यमा भावुकताको प्रधानता रहन्छ ।

## 4.2.3 छन्द

कवितामा कविको आन्तरिक भावावेगलाई नियन्त्रण गर्ने तत्त्व छन्द हो । छन्दलाई पूर्वमा वेदका छ अङ्गमध्ये एउटा मानिएको छ । वेद छन्दमा लेखिएका छन् । यसैले छन्दको प्रभाव र यसको विस्तार एवम् प्रयोग वैदिक साहित्यदेखि नै भएको बुझिन्छ । भगवान् शंकरलाई छन्दको आदिगुरु मानिन्छन्। प्राचीन साहित्यको सुरुवात नै छन्दबाट भएको अनुमान गर्न सकिन्छ । छन्द कविताको प्रमुख तत्त्व भए पनि यसको प्रयोग शास्त्रको रूपमा गरिन्छ । भगवान् शंकरको नृत्य र अनेक शारीरिक मुद्रा र भङ्गीबाट छन्दको प्रचार हुँदै आदिकालपछि लौकिक रूपमा छन्दलाई शास्त्रीय रूप दिने कार्य आचार्य पिङ्गलबाट भयो । यसैले आचार्य पिङ्गलको छन्दसूत्रको कारण छन्दलाई पिङ्गलशास्त्र पनि भनिन्छ । छन्दको मूल विशेषता भनेको कविको उदात्त भाव र संवेगलाई संयोजन गरी निश्चित आकारमा बाँधेर प्रस्तुत गराउनु हो । कविताको आन्तरिक भाववेगलाई नियनबद्ध गर्ने कार्य छन्दले गर्दछ । कविलाई अनावश्यक भाववेगदेखि नियन्त्रण गरेर उपयोगी र आवश्यक भावप्रस्फुरणसित बाँधेर राख्ने कार्य छन्दले गर्छ ।

छैटौँ शताब्दीका आचार्य भामहले अलङ्कारलाई काव्यको आत्मा मानेका छन् । अलङ्कारलाई काव्यको देहवादी तत्त्व मानिन्छ । कविताको सौन्दर्यधर्मलाई बढाउने शोभाकारक तत्त्व अलङ्कार हो । यसैले अलङ्कारलाई काव्यको आभूषण भनिन्छ । संस्कृतमा -अलंकरोतीति अलंकारः भनिएको छ । अलङ्कारबारे चर्चाको थालनी आचार्य भरतमुनिदेखि नै भएको मानिए पनि यसभन्दा अघि याक्सले निरुक्तमा उपमा अलङ्कारको स्वरूप र भेद केलाएका देखिन्छन् । त्यसपछि यसको व्यवस्थित अध्ययन र शास्त्रीय स्वरूप प्रदान गर्ने कार्य भने ईशाको सातौ र आठौ शताब्दीमा मात्र आएर भयो । संस्कृत काव्य परम्परामा अलङ्कार सम्प्रदायको रूपमा प्रादुर्भाव हुनपुग्यो । साथै यसले वादको रूप ग्रहण गर्यो र यस वादलाई पछ्याउनेहरूलाई अलङ्कारवादी भनियो । भामहवामन आदिले आफूहरूलाई अलङ्कारवादीका रूपमा ,दण्डी , दै काव्यमा अलङ्कारचिनाउँलाई सर्वस्व मान्नपुगेका छन् । आचार्य भरतमुनिले नाटकको चर्चा र्ने क्रममा काव्यको आत्मवादी पक्षलाई सूत्रवद्ध गर्ने कार्य गरेपछि नै काव्यको खास गुण वा आत्माबारे कालान्तरमा अनेक विवाद सृष्टि भएको देखिन्छ । काव्यको आत्मा के हो ? भन्ने विषयमा पूर्वीय साहित्यमा धेरै चर्चा परिचर्चाका साथै विवाद भएका देखिन्छन् । त्यसैलाई लिएर थुप्रै साहित्यिक सम्प्रदायहरू पनि खडा हुनपुग्यो । अलङ्कार सम्प्रदाय पनि यसै विवादबाट स्थापित वाद हो । अलङ्कारवादले काव्यको आत्मा बाह्यपक्ष वा काव्यको शरीरसित गाँसिको हुन्छ भन्ने ठान्छ । यसरी काव्यमा छन्द र अलङ्कारको महत्त्व धेरै नै रहे पनि वर्तमानमा छन्दमा कविता रच्ने परम्परा मासिएर गएको पाइन्छ । आधुनिक युगको

Notes

प्रादूर्भावसितै छन्दमा काव्यसिर्जिने परम्परामा सुस्तता आएको अनुभव हुन्छ ।

नेपाली साहित्यमा एकदुई कविहरूले छन्दमा कविता लेखेर यसको अस्तित्वलाई ओझेलमा पर्न दिएका छैनन् । छन्द बचाऊँ अभियान कविता केन्द्रित आन्दोलन देख्न पाइन्छ। छन्द बचाऊँ अभियानका अभियन्ता माधव वियोगीअनुसार "कवितामा छन्द प्रयोग हराउँदै गएकाले विसङ्गति देखापरेको छ । काव्य संस्कृतको रूपमा रहेको छन्दलाई जोगुन र यसको उच्च मूल्यलाई व्यापक तुल्याउन आजका बाल र युवा पिंढीलाई सजग र सचेत पारी छन्दलाई प्रयोग र्नु सक्नुपर्छ । आधुनिक कवि गोपालप्रसाद रिमालले नेपाली कविता परम्परामा छन्दको प्रयोगलाई दिशा लगाएर गद्य लेखन शैलीको आभिर्भाव गरेपछि छन्द सङ्कटमा परेको हो । यसको तुलनामा अलङ्रकार साहित्यका सबै विधामा प्रयोग हुन्छ । काव्यमा अलङ्कारलाई आत्माको श्रेणी दिएकै छन् साथै साहित्यका गद्य विधाहरूमा पनि अलङ्कारको महत्त्व र विशेषता पाएको छ ।

**छन्द** शब्द संस्कृतको छत् धातुमा असन् प्रत्यय लागेर बन्दछ । छत् धातुले आच्छादन गर्नु ,रक्षा गर्नु ,प्रसन्न गर्नु वा बाँध्नु भन्ने अर्थ दिन्छ । छन्द आनन्द दिने वस्तु हो अर्थात् छन्दयति आह्लादयति इति छन्दः भनिन्छ । साहित्यमा छन्दको प्रयोजन र महत्त्व विशिष्ट मानिन्छ । यसले काव्य विधालाई अन्य साहित्यिक विधाको तुलनामा अलग र विशिष्ट  तुल्याउँछ । पाठकलाई आफूतिर आकर्षण गर्दै काव्य रसास्वादन गर्ने अभिरूचि बढाइदिन्छ । काव्यलाई श्रव्य विधाको गरिमा दिने कार्य छन्दले नै दिएको हो । श्रव्य हुनु काव्यको विशेषता  हो । जसको कारण पाठकले सुनेर पनि

काव्यको रसास्वादन गर्न सक्दछ । नेपाली अशिक्षित समाजमा भानुभक्तीय रामायण छन्दको सुललिता र समधुरता कै कारण धेरै समयसम्म मुख-मुखमा कण्ठ रहन सक्यो। छन्दले भावलाई छरिनबाट जोगाउँछ र अर्थसापेक्ष बनाउँछ। कविको भावअनुरूपको अभिव्यक्ति दिनका लागि छन्दको प्रयोग गरिन्छ। पद्य-रचनामा बन्धन वा नियमको आवश्यकता हुन्छ।

### *छन्दका तत्त्व*

छन्दका गण, मात्रा, लघु र गुरु, यति र गति, चरण वा पाउ आदि तत्त्वहरू हुन्छन्। यी तत्त्वहरूको समीश्रण काव्यमा हुनेहुँदा यसबारे जान्न आवश्यक हुन्छ।

### *गण*

तीन-तीन वर्ण वा अक्षरको समूहलाई गण भन्दछन्। वार्णिक छन्द जान्नका लागि गणको ज्ञान हुन आवश्यक छ। वर्ण लघु र गुरुको हिसाबले दुईप्रकारका हुन्छन्। यसरी तीन-तीन वर्णका आठ गण हुन्छन्। गणलाई चिन्ने र त्यसको विशेषतालाई खुट्याउनका लागि तलका सूत्र जान्नसके सजिलो हुन्छ। गण चिन्ने प्रमुख दुईवटा सूत्रहरू छन्-

प्रथम सूत्र – यमाताराजभानसलगा

यस सूत्रमा आठवटा वर्ण यमाताराजभानस गणसूचक र दुईवटा ल र गा वर्ण लघु र दीर्घ छन्। गण छुट्याउनका लागि प्रत्येक एकपछि अर्को वर्णलाई क्रमशः राख्दै जानसकिन्छ। गणका नाम र लक्षण यसप्रकार छ। जस्तै –

| सङ्केत | गण | चिन्ह | उदाहरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| यमाता | यगण | (ISS) | यमुना |
| मातारा | मगण | (SSS) | मायावी |
| ताराज | तगण | (SSI) | मायालु |
| राजभा | रगण | (SIS) | भावना |
| जभान | जगण | (ISI) | गणेश |
| भानस | भगण | (SII) | भारत |
| नसल | नगण | (III) | समिति |
| सलगा | सगण | (IIS) | सरिता |

द्वितीय सूत्र – भ,ज,स दीर्घ (S) हुन्छन् है, आदि, मध्य र अन्त्यमा ।

य,र,त ह्रस्व (I) नै हुन्छन्, म(SSS), न (III) दीर्घ र ह्रस्व हुन् ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भ | ज | स | दीर्घ (S) | हुन्छन् | SII, | ISI | IIS |
| य | र | त | ह्रस्व (I) | हुन्छन् | ISS | SIS | SSI |
| न | | | ह्रस्व (I) | हुन्छ | III | | |
| म | | | दीर्घ (S) | हुन्छ | SSS | | |

## मात्रा

मात्राको आधारमा गणना गरिने छन्द मात्रिक छन्द हो । ह्रस्वको एक मात्रा र दीर्घको दुई मात्रा गरी चार मात्राको एक गुण हुन्छ । हलन्तलाई आधा मानिन्छ । मात्रिक छन्दमा वर्णको गणना हुँदैन । मात्राको आधारमा गणना गरिने हुनाले स्वर, ताल र लयको ख्याल गरिन्छ । जस्तै-

सुन्दर फुलमा, कोमल तृणमा

उक्त पद्यांशमा १६ मात्रा छन् । सुन्दर मा सुन् दीर्घ र दुई मात्रा, र, त एक - एक मात्रा गरी जम्मा चार मात्रा छन् । फुलमा फु र ल ह्रस्व दुई मात्रा र मा दीर्घ, दुई मात्रा छन् । मात्रिक छन्द आर्या, चौपाई, जातीय तीन प्रकारका छन् भने जातिय झ्याउरे, सेलो र सवाई गरी जम्मा तीन उपभेद छन् ।

## *आर्या*

पहिलो र तेस्रो पाउ १२ मात्राको, तोस्रो पाउ ८ मात्राको र चौथो पाउ १५ मात्रा भएमा आर्या छन्द हुन्छ ।

उदाहरण- सागर मथेर मदिरा दानवलाई सुधा त सुरलाई ।

हरिले बाँडेर दिए योग्य दिनू योग्य जनलाई ।।

५ ५ ३ = १२ ३ ३ ३ ३ = १५

## *चौपाई*

प्रत्येक चरणमा १६ मात्रा हुने चौपाई छन्द हो।

उदाहरण- सुन्दर फुलमा, कोमल तृणमा

हरियो रूखको पल्लवदलमा = १६

तेरो नर्तन कति मनमोहन = १६

पुतली, सार्थक मेरो जीवन। = १६(कवि : सिद्धिचरण श्रेष्ठ)

***जातीय***

गण र मात्राको विचार नगरी लय र तालमा गाउन सकिने छन्द जातीय छन्द हो । यसका तीन उपभेद छ न्-

***झ्याउरे***

नेपाली लोक गीतको एउटा लयलाई झ्याउरे भनिन्छ। यसमा राग र लयको संयोजन हुन्छ । जस्तै - हातको मैला सुनको थैला के र्नु धनले

साग र सिस्नु खाएको वेस आनन्दी मनले । (कवि : लक्ष्मीप्रसाद देवकोटा)

***सेलो***

तामाङ र भोटे जातिमा प्रचलित लोक छन्दलाई सेलो भनिन्छ । यो पनि नेपाली लोकगीतको एउटा लय अर्थात् शैली हो ।

उदाहरण – रानी पोखरी छेउछेउमा

हरियो नीलो फूल फुल्यो

गरीबको जीवन परदेशमा

दाह्री जुँगा केश फुल्यो । (कवि : धर्मराज थापा)

## *सवाई*

राग र लयको भरमा गाउन सकिने छन्द सवाई छन्द हो।

उदाहरण - सुन सुन भला पञ्च ! आजको सभा यो ।

जाति-भाषा उन्नतिवाई, भेला हो भयाको।

राजादेखि लिईकन, कुल्लीसम्मलाई ।

जाति-भाषा प्यारो हुन्छ, निस्से सम्झ भाई ।। (कवि : धरणीधर शर्मा)

## *लघु-गुरु*

ह्रस्व र दीर्घ गरी वर्ण दुई किसिमका हुन्छन् । एक मात्रा भएका वर्णलाई ह्रस्व वा लघु भनिन्छ भने दुई मात्रा भएका वर्णलाई दीर्घ वा गुरु भनिन्छ । लघु बुझाउने चिन्ह (I), दीर्घ बुझाउने चिन्ह (S)हुन् ।

## *यति र गति*

रोकिनु यति हो । यसलाई अडान पनि भनिन्छ । कविता पाठ गर्दा विशेष ठाउँमा रोकिँदै विश्रामका साथ पाठ गरिन्छ । यसरी अडिने कामलाई यति भनिन्छ भन् कहीँ कतै नरोकीकन लगातार अघि बढ्नु गति हो । कविता

पाठ गर्दा विशेष ठाउँमा रोकिँदै, कतै अडिँदै गर्नुपर्छ नभए यतिको सटीक पालन नगरिँदा यतिभङ्ग दोष लाग्नसक्छ ।

### *चरण वा पाउ*

पद्य कविताको प्रत्येक एक-एकवटा पङ्तिलाई पाउ वा चरण भनिन्छ । वर्ण र मात्राको निश्चित सङ्ख्या र नियमित प्रयोगको आधारमा पाउको रचना हुन्छ । पद्य मूलतः चार पाउका हुन्छन् तापनि कुनै पद्य रचना केवल दुई पंक्तिमा मात्र पनि लेख्ने गरिन्छ । चार पाउको एउटा समूहलाई श्लोक भनिन्छ । दुई पंक्तिको समूहलाई दल भनिन्छ । चार पाउको समूहका पहिलो र तेस्रो पाउलाई विषम पाउ अनि दोस्रो र चौथो पाउलाई सम पाउ भनिन्छ । नेपालीमा १ अक्षरदेखि २१ अक्षरका पाउ भएका छन्द पाइन्छ ।

### *छन्द प्रकार*

छन्द मबलतः दुई प्रकाका हुन्छन्- १. मात्रिक र २. वार्णिक छन्द । मात्रिक छन्दमा मात्राको गणना हुन्छ अर्थात् मात्राको आधारमा पद राखिन्छन् । वार्णिक छन्दको आधार वर्ण हो । यसमा अक्षरहरूको सङ्ख्या र क्रमको आधारमा पद रचना गरिन्छ । मात्रिक छन्दको प्रकारबारे अघिल्लो एकाइमा विस्तृत चर्चा गरिसेकेको हुँदा वार्णिक छन्दका भेदहरूको मात्र चर्चा गरिनेछ ।

## *अनुष्टुप्*

८ अक्षरको एक पाउ हुने छन्द अनुष्टुप् हो । विषम पाउ (१-३) – को सातौँ अक्षर गुरु र सम पाउ (२-४) – को सातौँ अक्षर लघु हुन्छ । ४ पाउमा पाँचौँ अ७र लघु र छैटौँ अक्षर गुरु हुन्छ ।

उदाहरण- भाषा हो सभ्यता हाम्रो सारा उद उन्नति ।

जीत वैभव भाषामै बाँच्दछन् पछिसम्म यी । (कविः बालकृष्ण सम)

अर्को - दुःखीको घरमा मात्रै तेरो वास हुने भए ।

हे ईश्वर ! दया राखी मलाई अझ दुःख दे ।।(कविः बालकृष्ण सम)

## *शार्दूलविक्रीडित छन्द*

मगण, सगण, जगण, सगण दुई तगण हुने र अन्त्यमा गुरु हुनेलाई शार्दूलविक्रीडित छन्द भन्दछन् । यसमा १२ अक्षरमा यति र विश्राम हुन्छ ।

उदाहरण- एक् दिन् नारद सत्यलोक् पुगि गया लोक्को गरूँ हित् भनी।

ब्रह्मा ताहिँ थिया पऱ्या चरणमा खूसी गराया पनी।।

क्या सोध्छौ तिमी सोध भन्छु म बनी मर्जी भयेथ्यो जसै।

ब्रह्माको करुणा बुझेर ऋषिले बिन्ती गऱ्या यो तसै।। (कविः भानुभक्त)

### *वंशस्थ छन्द*

जगण, तगण, जगण अनि रगण भए वंशस्थ छन्द हुन्छ । यसमा ५ अक्षरमा विश्राम हुन्छ ।

उदाहरण- कहाँ थियो वास अघी म को थिएँ

कसो हुँदा यो पिँजरा लिँदो भएँ।

कहाँ छ जानू कुन साथ लीकन

तँलाइ मालुम् छ कि यो कुरा मन ।। (कविः लेखनाथ पौड्याल)

### *शिखरणी छन्द*

यगण, मगण, नगण, सगण, भगण र एउटा लघु र गुरु हुने शिखरिणी छन्द हो । यसमा ६ र ११ अक्षरमा विश्राम हुन्छ ।

उदाहरण- गजाघर सोतीकी घरबुढि अलच्छिन् कि रहिछन् ।

नरक् जानालाई सब सित विदाबादि भइछन् ।।

पुग्यौं साँझमा तिन्का घर पिंढि महाँ वास गरियो ।

निकालिन् साँझैमा इलिक पर गुल्जार गरियो।। (कविः भानुभक्त)

## इन्द्रावज्रा छन्द

दुई तगण, एक जगण र दुई गुरु हुने, ५ अक्षरमा यति वा विश्राम हुने छन्द इन्द्रावज्रा हो ।

उदाहरण- कुन् धन्य हो ? जुन् छ परोपकारी,

कुन् पूज्य हो ? तत्तव लिन्या विचारी ।

कौनै वखत् पनि क्या नगर्नू ?

पाप्मा अगाडी कहिल्यै नसर्नू।। (कविः भानुभक्त)

## *इन्द्रावंशा छन्द*

दुई तगण, एक जगण र एक रगण हुने अनि प्रत्येक पाउको ५ अक्षर यति हुने छन्द इन्द्रावंशा हो ।

उदाहरण- निद्रा सुसारे छ अपूर्व सुन्दरी,

जादू छ उस्को सपना मिठो सरी ।

संसार विर्सन्छु म अङ्कमालमा,

भाग्छे विहानै लजिली मनोहरमा ।। (कविः देवकोटा)

## *मालिनी छन्द*

दुई नगण, एक मगण, दुई यगण हुने अनि प्रत्येक पाउको ८ अक्षर यति हुने छन्द मालिनी हो ।

उदाहरण- हुन त म अतिथि हूँ यस् बिनु क्या छ खाँचो ।

तर पनि म त भन्छू मित्र हौ जानि साँचो ।।

घर चतुरत्रि गर्छन् बुद्धिमानले अगाडी ।

बखत चुकि दिंदा हुन्छ काहाँ पछाडी ।।

## बसन्ततिलका छन्द

तगण, भगण, दुई जगण र दुई गुरु हुने अनि प्रत्येक पाउको ८ अक्षरमा यति हुने छन्द बसन्ततिलका हो ।

उदाहरण- भर् जन्म घाँस तिर मन् दिइ धन् कमायो ।

नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो।।

घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो ।

मो भानुभक्त धनि भैकन आज यस्तो ।।

## स्रग्धरा छन्द

मगण, रगण, भगण, नगण र तीनवटा यगण हुने अनि प्रत्येक पाउको ७-७ अक्षरमा यति हुने छन्द स्रग्धरा हो ।

उदाहरण- मग् मग् मग् मग् छ चल्दो परिमल रसिलो भृङ्ग मौरी झुलाई ।

ती राम्रा पुष्प झुल्छन् मलय पवनमा झैं चलेका सजीव ।।

सानो मीठो बगैँचा पसल हुन गई नक्कली बोट पारी

मीठो सौन्दर्यका छन् पहिरन कहँदा ल्यौ मलाई मलाई ।। (कविः देवकोटा)

## *उपेन्द्रावज्रा छन्द*

जगण, तगण, जगण दुई तगण हुने अनि प्रत्येक पाउको ५ अक्षरमा यति हुने उपेन्द्रावज्रा हो ।

उदाहरण- अपार संसार समुद्रमाहाँ ।

डुब्याँ शरण् कुन् छ मलाइ याहाँ ।। (कविः भानुभक्त

## *स्वागता छन्द*

रगण, नगण, भगण दुई गुरु हुने अनि प्रत्येक पाउको ७ अक्षरमा यति हुने स्वागता हो ।

उदाहरण- जाग जाग अब जागन जाग

लाग उन्नतिविषे अब लाग ।

घोर नीँद अब ता परित्याग

भो भयो अति सुत्यौ अब जाग ।। (कविः धरणीधर शर्मा)

### *शालिनी छन्द*

मगण दुई तगण, दुई गुरु हुने अनि प्रत्येक पाउको ४ अक्षरमा यति हुने शालिनी हो ।

उदाहरण- विद्या नै हो रत्नमा मुख्य रत्न

हामीलाई छैन दोस्रो प्रयत्न ।

विद्यार्थी छौँ यै छ बिन्ती चढाइ

देऊ विद्या शारदे ! हामिलाई ।। (कविः गोविन्दप्रसाद ढुङ्गाना)

### *तोटक छन्द*

४ सगण हुने अनि प्रत्येक पाउको ३-३ अक्षरमा यति हुने तोटक हो ।

उदाहरण- अति सुन्दर मानव जीवन यो

अझ सुन्दर पार्नु कसो गरि हो ।

पढि काव्य-सुधा-रस पान अरे

गर मानव जीवन सार्थक रे ।। (कविः धरणीधर कोइराला)

### *भुजंगप्रयात छन्द*

४ यगण हुने भुजंगप्रयात हो ।

उदाहरण- यहाँ छन् धरामा अनेकौँ अभाव

कडा वस्तुमा दुःखदायी स्वाभाव ।

यहाँ फूल काँडा विना राखिँदैन

विना आँसुको नेत्र कोही हुँदैन ।। (कविः देवकोटा)

### *मन्दाक्रान्ता छन्द*

मगण, भगण, नगण दुई तगण, दुई गुरु हुने अनि प्रत्येक पाउको ४, १२ अक्षरमा यति हुने मन्दाक्रान्ता हो ।

उदाहरण- हृदय-पङ्कज फुल्ल हुने गरी

अधर-पल्लव कम्पित गर्दछन् ।

अब भने कृतकृत्य भयौं भनी

मुनिहरू प्रभुका अघि सर्दछन् ।। (कविः कुलचन्द्र गौतम)

### *रथोद्धता छन्द*

रगण, नगण, रगण, एउटा लघु, एउटा गुरु हुने अनि प्रत्येक पाउको ७ अक्षरमा यति हुने रथोद्धता हो ।

उदाहरण- प्रश्नसाथ अलि घुम्छ फन्फनी ।

केश रेशमलता भनी भनी ।।

भाव भै कुसुम रङ्गको त्यहाँ ।

घुम्छ शंसक पखेरु भुन्भुनी ।। (कविः देवकोटा)

### *मालती छन्द*

नगण र दुई जगण, एउटा रगण हुने मालती हो ।

उदाहरण- खुरु खुरु आउँछ हरे मूषिक,

तल तल झर्छ कि झैं बराबर ।

तर जब देख्दछ हेर मानिस,

खुरुरुरु भाग्दछ बन्छ कातर ।। (कविः देवकोटा)

### *मालभारिणी छन्द*

१ र ३ पुमा दुई सगण, जगण, दुई गुरु हुने २ र ४ पाउमा सगण, भगण, रगण, जगण हुने मालभारिणी हो ।

उदाहरण- सुख सम्पत्ति तुच्छ भेल पानी,

विजुली हो सव उर्लँदो जवानी ।

मनले सव हाल जानि जानि,

भन नानी!  किन गर्दछ्यौ रिसानी ।। (कविः भरतराज पन्त)

## 4.2.4 अलङ्कार

अलङ्कारको प्राचीन प्रयोग ऋग्वेदमा, यास्कको निरुक्तमा तथा पाणिनिको अष्टाध्यायीमा भएको पाइए तापनि यसको काव्यशास्त्रीय प्रथम चर्चा भरतको नाट्यशास्त्रमा भएको छ । भरतले उपमा, रूपक, दीपक र यमक गरी चार अलङ्कारहरूको चर्चा गरे तापनि काव्यमा अलङ्कारलाई भन्दा रसलाई विशेष महत्व दिएका छन् । काव्यमा अलङ्कारलाई सर्वोच्च स्थान र महत्त्व दिने आचार्य भामह छन् । यिनले नै अलङ्कारलाई व्यापकता दिँदै आफ्नो ग्रन्थ काव्यालङ्कारमा यसको विशद् चर्चा गरेको हुँदा यिनलाई अलङ्कार सम्प्रदायको संस्थापक र अलङ्कारवादको जनक मानिन्छ । यिनैले सर्वप्रथम अलङ्कारालई काव्यको मुख्य तत्त्व मानी यसको सर्वोपरि वर्चस्व कायम गरेका हुन् ।

भामहपछि दण्डीले यस सम्प्रदायको विकासमा योगदान दिएका छन् । उनी कट्टर अलङ्कारवादी नभए पनि उनले आफ्नो ग्रन्थ काव्यादर्शनमा अलङ्कारको अर्थ वर्गीकरण र सङ्ख्याबारे महत्त्वपूर्ण ढङ्गले विचार गरेका छन् । यस वादका प्रवल समर्थकहरूमा उद्भट, रुद्रट र रुय्यक रहेका छन् । उद्भटले काव्यालङ्कार सारसङ्ग्रहमा, रुद्रटले काव्यालङ्कारमा र रुय्यकले अलङ्कारसर्वस्वमा अलङ्कारको अर्थविस्तार, तर्कपूर्ण व्याख्या र वैज्ञानिक वर्गीकरण गरेर त्यसलाई काव्यको सर्वस्वसमेत मानेका छन् । रीतिवादी आचार्य वामनले आफ्नो ग्रन्थ काव्यालङ्कारसूत्रवृत्तिमा अलङ्कारको महत्त्वलाई दर्साएका छन्। यिनले अलङ्कार शब्दको भावपरक व्युत्पत्ति र करणपरक

व्युत्पत्ति गरेका छन् । यिनले अलङ्कृतिः अलङ्कार भन्नमे भावपरक व्युत्पत्तिद्वारा अलङ्कारलाई सौन्दर्य भन्ने अर्थ दिएका छन् भने अलङ्क्रियते अनेन इति अलङ्कारः भन्ने करणपरक व्युत्पतिद्वारा यो सौन्दर्यकारक उपमा, यमक, रूपक आदि हो भन्ने अर्थ दिएका छन् ।

भामह, उद्भट, रुद्रट आदिले अलङ्कार सम्प्रदायलाई चरमोत्कर्षमा पुर्‍याएपछि पूर्वीय काव्यशास्त्रमा ध्वनिवादको उदय भएको र यसले अलङ्कारको महत्व घटाएको देखिन्छ । आनन्दवर्धन तथा अन्य रसध्वनिवादी आचार्यहरूले अलङ्कारका ठाउँमा रसध्वनिलाई काव्यको आत्मा मान्दै अलङ्कारलाई काव्यसौन्दर्य बढाउने साधनका रूपमा सीमित गरेको पाइन्छ । यस समयमा काव्यको सौन्दर्य मानिने अलङ्कारलाई वाह्य सौन्दर्यका साधन उपमा, रूपकादि मानी यसको व्यापकतालाई सङ्कुचित तुल्याएका छन् । पछिल्ला आचार्यहरू रुय्यक, भोज, जयदेव, अप्पय दीक्षित आदिले अलङ्कारवादलाई पुनः माथि उठाउने प्रयास गरेका छन् । यस प्रयासमा विपरीत मम्मट, विश्वनाथ, जगन्नाथ आदिले यसलाई सीमित पार्दै एउटा अलङ्कारको थान्कामा पुर्‍याएका छन् ।

### *अलङ्कार चिन्तनको विकासक्रम*

पूर्वीय काव्यशास्त्रमा भामहदेखि अप्पय दीक्षितसम्म अलङ्कारको चर्चा कुनै न कुनै रूपमा चलेको पाइन्छ । लामै समयसम्म काव्यशास्त्रलाई प्रभावित पार्ने र चर्चाको विषय बन्ने अलङ्कारवादले नयाँ नयाँ काव्यशास्त्रीय मान्यताहरूलाई जन्म दिएको मानिन्छ । वाद वा सम्प्रदायका रूपमा दीर्घ परम्परा रहेको अलङ्कारसम्बन्धी चिन्तनको विकास निम्नलिखित ढङ्गमा भएको देखिन्छः

(1) भामहदेखि रुद्रटसम्मको अवधिमा अलङ्कार सम्प्रदायको चरम विकास भएको छ। यस कालमा अलङ्कारको स्थापना काव्यको अङ्गीसौन्दर्य र प्रमुख तत्त्वका रूपमा भएको देखिन्छ।

(2) आनन्दवर्धनदेखि यसको विकासमा सङ्कुचन आएको देखिन्छ। उनले अलङ्कारलाई अङ्गीबाट अङ्गसौन्दर्यका श्रेणीमा झारेका छन्।

(3) रुय्यकदेखि अलङ्कारको पुनरोत्थान गरिएको पाइन्छ। रुय्यक, भोज, जयदेव, अप्यय दीक्षित आदिले यसको महत्त्व पुनर्स्थापित गर्ने प्रयास गरेका छन्।

(4) मम्मट, विश्वनाथ, जगन्नाथ आदिले अलङ्कारको अर्थ सङ्कोच गरी यसलाई अतिरिक्त अङ्गसौन्दर्यका अर्थमा सीमित गरेका छन्।

यसरी अत्थान-पतनका बाटामा अग्रसर हुनु परे पनि अलङ्कार पूर्वीय काव्यशास्त्रको सर्वाधिक चर्चित विषय रहेको देखिन्छ ।

## *अलङ्कारको परिभाषा र स्वरूप*

अलङ्कार शब्दको व्युत्पत्ति अलम्+कृ+घञ्बाट भएको हो । यस व्युत्पत्तिबाट अलङ्कारको शाब्दिक अर्थ आभूषण वा गहना भन्ने हुन्छ । काव्यका सन्दर्भमा यस शब्दको तात्पर्य काव्यको गहना वा आभूषण हो । काव्यको गहना भन्नाले काव्यको सौन्दर्यलाई पनि र त्यस सौन्दर्यको कारक (उपमादि अलङ्कार)लाई पनि जनाउँछ। जसरी सुनचाँदी आदिका गहनाले शरीरको

शोभा बढाउँछ त्यसै गरी भाषिक गहना अलङ्कारले काव्यको सौन्दर्य बढाउँछ।

अलङ्कारको परिभाषा अलङ्कार सम्प्रदायका आचार्यहरू र अन्य सम्प्रदायका आचार्यहरूले पनि गरेका छन् । यी दुवै प्रकारका आचार्यहरूका अलङ्कारसम्बन्धी मुख्यमुख्य धारणाहरू तल दिइन्छः

(1) अलङ्कारवादी आचार्यहरूका परिभाषा

भामह – वक्र वा घुमाउरो भनाइ रहेको शब्दोक्तिलाई अलङ्कार भनिन्छ।

दण्डी – काव्यको शोभा गराउने धर्मलाई अलङ्कार भनिन्छ।

वामन – काव्यलाई ग्राह्य तुल्याउने सौन्दर्य नै अलङ्कार हो।

रुद्रट – विशेष प्रकारको उक्ति अलङ्कार हो।

### *4.6.3 अन्य सम्प्रदायका आचार्यहरूका परिभाषा*

आनन्दवर्धन – वाह्य आभूषणझैँ अङ्गी रसको चारुत्वहेतु वा सौन्दर्यको साधनलाई अलङ्कार भनिन्छ ।

मम्मट – अङ्ग (शब्द र अर्थ) द्वारा रसको उपकरण गर्ने हार आदि आभूषण मसान रहेका अनुप्रास, उपमा आदिलाई अलङ्कार भनिन्छ ।

विश्वनाथ – हार आदि आभूषणले मानिसको शरीरको कण्ठ आदि अङ्गलाई सौन्दर्यबर्द्धक तुल्याएझैँ काव्यको सौन्दर्य बढाउने अर्थका अस्थिर धर्म मानिने उपमादिलाई अलङ्कार भनिन्छ ।

जगन्नाथ – काव्यको आत्मा रसको सौन्दर्यकारकलाई अलङ्कार भनिन्छ ।

उपर्युक्त परिभाषाहरूलाई हेर्दा अलङ्कारवादी आचार्यहरूले अलङ्कारलाई अङ्गी वा काव्य सौन्दर्यका रूपमा चिनाएका र अन्य सम्प्रदायका आचार्यहरूले यसलाई अङ्ग वा सौन्दर्यको कारकका रूपमा परिचित गराएका देखिन्छ ।

### *4.6.4 अलङ्कारसम्बन्धी मूलभूत मान्यता*

अलङ्कार सम्प्रदायका संस्थापक भामहले अलङ्कारसम्बन्धी नयाँनयाँ धारणाहरूको प्रतिपादन गरेका छन् । यिनै धारणामा अलङ्कारवादको मूलभूत मान्यता निहित रहेका छन् । अलङ्कारसम्बन्धी मूलभूत मान्यताहरू तल प्रस्तुत गरिन्छः

(1) अलङ्काररहित काव्य सौन्दर्यपूर्ण हुँदैन । सौन्दर्य नै काव्यको साध्य हो । अलङ्कारयुक्त काव्य नै सुन्दर हुन्छ । अलङ्कार काव्यको सौन्दर्य सिर्जनाको मूलकारक हो ।

(2) अलङ्कार शब्द र अर्थ दुवैमा हुन्छ । शब्दमा मात्र अलङ्कार हुन्छ भन्ने शब्द प्राधान्यवाद र अर्थ दुवैमा अलङ्कार मान्ने शब्दार्थोभयवादी दृष्टिकोण विकसित गरिएको छ ।

(3) अलङ्कारको मूल आधार वा निमित्त कारण वक्रोक्ति हो, त्यसबिना कुनै अलङ्कार निर्मित हुँदैन । स्वभावोक्तिमा वक्रोक्तिको अभाव रहने हुँदा त्यो अलङ्कार होइन ।

(4) काव्य सामान्य कथन नभई विशिष्ट कथन भएकाले यसमा विशिष्टता अतिशयोक्ति वा वक्रोक्तिद्वारा उत्पन्न हुन्छ । यही वक्रोक्ति वा अतिशयोक्ति नै काव्यमा अलङ्कारको कारण हो ।

(5) अलङ्कार भनेको सौन्दर्य हो र वक्रोक्ति त्यस सौन्दर्यको मूल तत्त्व हो । अलङ्कारवाद अलङ्कारमै केन्द्रित काव्य सिद्धान्त हो र यसले काव्यका रस आदि सबै तत्त्वलाई अलङ्कारभित्र समाहित गरेको छ ।

### *अलङ्कारको वर्गीकरण*

अलङ्कारको सङ्ख्यामा निरन्तर वृद्धि गरिएकाले यसको निश्चित सङ्ख्या छैन । यसको सङ्ख्या भरतले 4, भामहले 39, उद्भवले 40, वामनले 33, रुद्रटले 52, भोजले 103, मम्मटले 67, जयदेवले 100, विश्वनाथले 89, रुय्यकले 85, अप्यय दीक्षितले 124, जगन्नाथले 151 निर्धारण गरेका छन् । रामचन्द्र-गुणचन्द्रका पालामा यो सङ्खअया अझै बढी 191 पुगेको छ । अलङ्कारको सङ्ख्या जुन समयमा जति रहे तापनि यसको प्रमुख वर्गीकरण शब्दालङ्कार र अर्थालङ्कार गरी दुई वर्गमा गरिएको छ । केही विद्वान्ले यसमा अझै बढी वर्ग पनि निर्धारित गरेका छन् । जस्तै

(1) उद्भट – प्रथमवर्गदेखि षष्ठवर्गसम्म गरी 6 वर्ग।

(2) रुद्रट – वास्तववर्ग, औपम्यवर्ग, अथिशयवर्ग, श्लेषवर्ग गरी 4 वर्ग।

(3) रुय्यक – सादृश्यगर्भ, विरोधगर्भ, शृङ्खलाबन्ध, न्यायमूल, गूढार्थप्रतीतिमूल गरी मुख्य 5 वर्ग।

(4) अग्निपुराणकार र भोज – शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कार गरी 3 वर्ग।

५) रुय्यकको अलङ्कार वर्गीकरण

अलङ्कारको सबैभन्दा व्यापक र स्पष्ट वर्गीकरण गर्ने विद्वान् रुय्यक हुन् । उनले आफ्नो ग्रन्थ अलङ्कारसर्वस्वमा अलङ्कारहरूको वर्गीकरण मूलतत्त्वका आधारमा गरेका छन् । उनको वर्गीकरण मूलतत्त्वमा आधारित भएकाले अन्य विद्वान्हरूको वर्गीकरणभन्दा बढी युक्तिसङ्गत मानिन्छ । उनले अर्थालङ्कारहरूको विभाजन मुख्य 5 वर्गमा गरी तिनको उपविभाजन अन्य अनेक उपवर्गमा यसप्रकार गरेका छन्ः

(1) सादृश्यगर्भ

मूल आधार आधर्म्य भएका अलङ्कारहरूलाई सादृश्यगर्भ अलङ्कार भनिन्छ । अलङ्कारमा साधर्म्यको वर्णन भेदाभेदतुल्यप्रधान, अभेदप्रधान र गम्यमान औपम्य गरी तीन प्रकारबाट गरिन्छ । यस्तो साधर्म्य कतै वाच्य रूपमा भने कतै प्रतीयमान भएर रहन्छ । रुय्यकले यसप्रकारका अलङ्कारको सङ्ख्या निम्नलिखित 28 वटा निर्धारण गरेका छन्-

(क) भेदो - भेदतुल्यप्रधान अलङ्कारः उपमेय र उपमानको साधर्म्यमा भेद नभई तुल्य हुने अलङ्कारलाई भेदाभेदतुल्यप्रधान अलङ्कार भनिन्छ । यसमा उपमा, उपमेयोपमा, अनन्वय र स्मरण गरी 4 वटा अलङ्कार पर्छन् ।

(ख) अभेदप्रधान अलङ्कारः उपमेय र उपमानको साधर्म्यमा अभेद हुने अलङ्कारलाई अभेदप्रधान अलङ्कार भनिन्छ । यसका निम्नलिखित दुई भेद र 8 उपभेद छन्-

(अ) आरोपमूलः रूपक, परिणाम, सन्देह, भ्रान्ति, उल्लेख र अपह्नुति गरी 6 वटा।

(आ) अध्यवसायमूलः उत्प्रेक्षा र अतिशयोक्ति गरी 2 वटा ।

(ग) गम्यमान औपम्य अलङ्कारः उपमेय र उपमान (औपम्य) वाच्य नभई प्रतीयमान वा व्यङ्ग्य हुने अलङ्कारलाई गम्यमान औपम्य अलङ्कार भनिन्छ । यी निम्नलिखित 16 वटा छन्-

(अ) पदार्थगत – दीपक र तुल्ययोगिता गरी 2 वटा।

(आ) वाक्यार्थगत – दृष्टान्त, प्रतिवस्तूपमा र निदर्शना गरी 3 वटा।

(इ) भेदगत – व्यतिरेक, सहोक्ति र विनोक्ति गरी 3 वटा।

(ई) विशेषण-विशेष्य वैचित्र्यगत – श्लेष, अप्रस्तुत प्रशंसा, अर्थान्तरन्यास, पर्यायोक्ति, व्याजस्तुति र आक्षेप गरी 6 वटा।

(2) विरोधगर्भ

मूल आधार विरोध हुने अलङ्कारलाई विरोधगर्भ अलङ्कार भनिन्छ । यसअन्तर्गत निम्नलिखित 12 वटा अलङ्कार पर्दछन् -

(क) कार्यकारण पूर्वापरः विरोध, विभावना, विशेषोक्ति, सम, विचित्र, अधिक, अन्योन्य, विशेष, व्याघात र अतिशयोक्ति गरी 10 वटा।

(ख) समविरोधी – विषम।

(ग) अन्य – असङ्गति।

(3) शृङ्खलाबन्ध

एउटा पद वा वाक्यको अर्को पद वा वाक्यसँग शृङ्खलावत् सम्बन्ध हुने अलङ्कारलाई शृङ्खलाबन्ध अलङ्कार भनिन्छ । यी निम्नलिखित 4 वटा छन् -

(क) तर्कन्यायमूल – काव्यलिङ्ग र अनुमान गरी 2 वटा ।

(ख) काव्य वा वाक्यन्यायमूल – यथासङ्ख्य, पर्याय, परिवृत्ति, अर्थापत्ति, विकल्प, परिसङ्ख्या, समुच्चय र समाधि गरी 8 वटा।

(ग) लोकन्यायमूल – प्रत्यनीक, प्रतीप, मीलित, सामान्य, तदगुण, अतद्गुण र उत्तर गरी 7 वटा।

(5) गूढार्थप्रतीतिमूल

गूढ अर्थको प्रतीति वा बोध हुने अलङ्कारलाई गूढार्थप्रतीतिमूल अलङ्कार भनिन्छ। यसअन्तर्गत 3 वटा अलङ्कार पर्दछन्-

(क) सूक्ष्म,

(ख) व्याजोक्ति,

(ग) वक्रोक्ति।

रुय्यकले स्वाभावोक्ति, भाविक, उदात्त, संसृष्टि, सङ्कर, रसवत्, प्रेयस्, उर्जस्वि, समाहित, भावोदय, भावासन्धि, भावसबलता आदि अलङ्कारहरूलाई कुनै वर्गमा राखेका छैनन् ।

## *अलङ्कारको प्रमुख वर्गीकरणः शब्दालङ्कार र अर्थालङ्कार*

अलङ्कारहरूको वर्गीकरण वा विभाजन उपर्युक्त विभिन्न वर्गमा गरिएको पाइए तापनि ती त्यति मान्य र प्रचलित छैनन् । यसका शब्दालङ्कार र अर्थालङ्कार गरी दुई वर्गीकरणहरू बढी प्रचलित र मान्य छन् ।

(1) **शब्दालङ्कार**

शब्दमा चमत्कार हुने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ । यो शब्दको प्रयोगमा आधारित हुन्छ र यसले शब्द एवं ध्वनिको चमत्कारपूर्ण प्रयोगबाट काव्य सौन्दर्य पैदा गर्छ । यसमा शब्दको प्रधानता हुने हुँदा पर्यायवाची शब्द राख्दा यो अलङ्कार नासिन्छ । तसर्थ शब्दालङ्कारलाई त्यही अर्थ बुझाउने अन्य शब्दद्वारा बदल्न मिल्दैन। यसमा शब्द वा ध्वनिको वैचित्र्य हुन्छ । सामान्यतः शब्दालङ्कारका अनुप्रास, यमक, श्लेष र वक्रोक्ति आदि भेद हुन्छन् ।

(1) अनुप्रासः परिभाषा र उदाहरण

उही क्रममा व्यञ्जन वर्णको पुनरावृत्तिलाई अनुप्रास भनिन्छ । यसमा व्यञ्जनसँगै उही स्वर दोहोरिनु आवश्यक हुँदैन । यसका निम्नलिखित चार मुख्य भेद छन् -

(क) छेकानुप्रास

उही क्रममा अनेक व्यञ्जनको एक पुनरावृत्ति (दोहोरिनु)लाई छेकानुप्रास भनिन्छ । जस्तै

अब अन्त छैन करुणा, सन्तहरू व्यर्थ भूलमा पर्छन्

शवरी मङ्गलदाता जङ्गलवासी उनै दया गर्छन् ।

- कुलचन्द्र गौतम

अन्त

सन्त न्, त् व्यञ्जनको एक पुनरावृत्ति

मंगल

जंगल ङ्, ग्, ल् व्यञ्जनहरूको एक पुनरावृत्ति

बेला छैन त बेलामा कसरी दौडनुपर्दछ

बेला होला तबेलामा कसेरै दौडनुपर्दछ।

- बालकृष्ण सम

बेला

तबेला ब्, ल् व्यञ्जनको एक पुनरावृत्ति

कसरी

कसेरै क्, स्, र् व्यञ्जनहरूको एक पुनरावृत्ति।

सीधा र साधा छ विचार लोकको

देखिन्न सञ्चार विषाद शोकको।

- सोमनाथ सिग्देल

सीधा

साधा स्, ध् व्यञ्जनको एक पुनरावृत्ति

(ख) वृत्यनुप्रास

उही क्रममा एक वा अनेक व्यञ्जनहरूको पटकपटक पुनरावृत्तिलाई व्युत्यनुप्रास भनिन्छ । जस्तै - पोखराजका पिता पुष्पजीवी। पिल्पिलाउँदो पिलन्धरे। पुवाले पगरी पछ्यौरा र पटुका त्यसको परापूर्वदेखिको पहिरन। - रूपनारायण सिंह

यसमा एक वर्ण प् को अनेक पुनरावृत्ति भएको छ ।

लड्थे षण्ड मुसण्ड जण्ड मदका झण्डा सरी हुण्डरी

रक्षोमण्डल खण्ड खण्ड दलले चौखण्ड घेरा गरी

हुन्थ्यो राघवको प्रचण्ड खँदिलो दोर्दण्डको वास्तव

तोड्ने शत्रु घमण्ड हन्डर दिँदै कोदण्डको ताण्डव।

- सोमनाथ सिग्देल

यसमा न्, ण्, ड् वर्ण तथा षण्ड, मुसण्ड, जण्ड, झण्डा, हुण्डरी, मण्डल, खण्ड, प्रचण्ड, दण्ड आदि शब्दको पटकपटक पुनरावृत्ति भएको छ ।

(ग) लाटानुप्रास

भिन्न - भिन्न तात्पर्यमा उही शब्द र वाक्यको पुनरावृत्तिलाई लाटानुप्रास भनिन्छ । जस्तै -

कल्ले घिसार्छ अति वेग् गरि रेललाईआ

कल्ले घिसार्छ अति वेग् गरि रेललाई

कस्ले बिगार्दछ विशेष फलामलाई

कस्ले बिगार्दछ विशेष फलामलाई

- मोतीराम भट्ट

कल्ले ⇨ कुन कुराले

कल्ले ⇨ यन्त्रले

कस्ले ⇨ कुन कुराले

कस्ले ⇨ कस वा खियाले

यसमा कल्ले शब्दको दुईपटक प्रयोग दुई भिन्न अर्थमा भएको छ भने कस्ले शब्दको पनि त्यस्तै प्रयोग भएको छ ।

(घ) अन्त्यानुप्रास

प्रत्येक हरफको अन्त्यमा गरिने समान वर्णको पुनरावृत्तिलाई अन्त्यानुप्रास भनिन्छ । जस्तै

मध्यम वर्गकी श्रीमती कामदेवकी रतिजस्ती

अनि यति प्यारी कि शिवजीकी सतीजस्ती।

-

भीमनिधि तिवारी

रतिजस्ती

सतीजस्ती पहिलो र दोस्रो हरफको अन्त्यमा पुनरावृत्ति

म आफ्नो देशको छहरामा हुन्छु

म आफ्नो देशको पहरामा हुन्छु।

- हिमांशु

थापा

छहरामा हुन्छु

पहरामा हुन्छु पहिलो र दोस्रो हरफका अन्त्यमा पुनरावृत्ति

(2) यमकः परिभाषा र उदाहरण

उही क्रममा भिन्न अर्थ भएका स्वर र व्यञ्जनको पुनरावृत्तिलाई यमक भनिन्छ । जस्तै -

उदय भो अब सन्त वसन्तको,

प्रकट भो छवि चित्र विचित्रको,

कम भयो बल शीतल शीतको,

रुचिर भो अनि सर्ग निसर्गको।

- सोमनाथ सिग्देल

सन्त – सज्जन महात्मा

(व) सन्त – एउटा ॠतु

चित्र – तस्विर

(वि) चित्र – अनौठो

शीत(ल) – चीसो

शीत – ओस

सर्ग – सृष्टि

(नि)सर्ग – प्रकृति

माथिका प्रत्येक शब्दमा समान वर्णको उही क्रममा पुनरावृत्ति भएको छ र अर्थ भिन्न - भिन्न छ ।

विनयले नयले न धपाइने

उभयले भयले न हटाइने

मधुर आशयले शयले पनि

पर धपाउन पाउन मुस्किल।

- लक्ष्मीप्रसाद देवकोटा

(वि) नय – विन्ती

नय – नम्रता

उ) भय – दुवै

भय – डर

(आ)शय – अभिप्राय

शय – एक सय, अत्यधिक

(ध)पाउन – खेदाउन

पाउन – प्राप्त गर्न

माथिका प्रत्येक शब्दमा समान वर्णको उही क्रममा पुनरावृत्ति भएको छ र अर्थ भिन्न - भिन्न छ ।

(3) श्लेषः परिभाषा र उदाहरण

एक शब्दले अनेक अर्थ दिन्छ भने त्यसलाई श्लेष भनिन्छ । जस्तै -

अडिने साहसै छैन चाहन्छन् सब पल्टनै

खुला दो कान को राख्छ गलेबन्द भए कुनै।

- लेखनाथ पौड्याल

यसमा दो कान शब्दले दुइटा कान र पसल भन्ने भिन्नभिन्न अर्थ बुझाएको छ।

यो जो-वनको सुषमा देखी आँखा डुबे बडो सुखमा,

मह-गो-रसको धारा पाई अब अङ्गमग्न हुन् साका।

-सोमनाथ सिग्देल

यसमा जो-वन शब्दले जुन वन र यौवन तथा मह-गो-रस शब्दले मह र दूध तथा महँगो रस भन्ने भिन्नभिन्न अर्थ बुझाएको छ ।

(4) वक्रोक्तिः परिभाषा र उदाहरण

एउटा अर्थमा प्रयोग गरिएको वाक्यको अर्को अर्थ लगाइएमा त्यसलाई वक्रोक्ति अलङ्कार भनिन्छ । जस्तै -

सुन्देउ गाउँछु उमापतिको चरित्र

सुन्छैन मित्र! सकियो अवधान दिन्छु

पाएँ अभीष्ट अब रद्द गऱ्यौ मलाई

सद्दे छँदै कसरि रद्द भयौ त भाई।

-कुलचन्द्र गौतम

प्रेषक – सुन्देउः सुन्ने काम गरिदेऊ

श्रोता – सुन्छैनः स्वर्ण छैन

प्रेषक – अव-धानः मनको एकाग्रता

श्रोता – अव धानः अहिले अन्नविशेष

प्रेषक – रद्दः प्रसन्न

श्रोता – रद्दः रद्दी

यसमा सुन, अवधान र रद्द शब्दमा श्लेष वक्रोक्ति छ।

छन्दमा नाम चेप्राई ठस्कने कुन काम छ ?

कविले छन्द लेख्तैमा उसको के बिराम छ ?

- भरतराज

पन्त

यसमा काकु (स्वरविकार) बाट काम छ को अर्थ काम छैन र विराम छ को अर्थ विराम छैन भन्ने भएकाले काकुवक्रोक्ति हो ।

वक्रोक्तिको गणना अर्थालङ्कारमा पनि गरिन्छ ।

(2) अर्थालङ्कार

अर्थमा चमत्कार हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । यो शब्दको अर्थमा आधारित हुन्छ र यसले शब्दको अर्थगत चमत्कारबाट काव्य सौन्दर्य उत्पन्न गर्छ । पर्यायवाची शब्द राख्दा पनि यो अलङ्कार नासिँदैन । त्यसैले अर्थालङ्कारलाई त्यही अर्थ बुझाउने अन्य शब्दद्वारा बदल्न मिल्छ। यसमा अर्थ वा उक्तिको वैचित्र्य हुन्छ । उपमा, रूपक, दृष्टान्त, उत्प्रेक्षा, अतिशयोक्ति आदि अलङ्कार यसका भेद हुन् ।

(1) उपमाः परिभाषा र उदाहरण

दुई व्यक्ति वा वस्तु (उपमेय र उपमान)को सादृश्य वा तुल्यतालाई उपमा भनिन्छ । यस अलङ्कारमा निम्नलिखित चार कुरा हुनु अनिवार्य छः

(1) उपमेयः जुन व्यक्ति वा वस्तुको तुल्यता देखाइन्छ।

(2) उपमानः जुन व्यक्ति वा वस्तुसँग तुल्यता देखाइएको छ।

(3) धर्मः उपमेय र उपमानमा पाइने समानता वा तुल्यता।

(4) वाचक शब्दः तुल्यता बुझाउने झैँ, जस्तै, सरी, तुल्य आदि शब्दहरू।

अकेली मुना अत्यन्तै राम्री कमलझैँ फुलेकी

बादलका चाँदी किनारा छोई जून झैँ खुलेकी।

-लक्ष्मीप्रसाद देवकोटा

उपमेय – मुना

उपमान – कमल, जून

धर्म – फुल्नु, खुल्नु

वाचक शब्द – झैँ, झैँ।

निकाली अग्निको ज्वाला आपसैमा भिडीकन

कुरुवंशी सरी थाल्यो वंशश्रेणि विनाशिन।

-लेखनाथ पौड्याल

उपमेय – वंशश्रेणि

उपमान – कुरुवंशी

धर्म – विनासिनु

वाचक शब्द – सरी

(2) रूपकः परिभाषा र उदाहरण

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु नै फलानु हो भन्नुलाई रूपक अलङ्कार भनिन्छ । उपमेय र उपमानमा अभेद वा अभिन्नता देखाइने हुँदा यसमा वाचक शब्दको प्रयोग गरिँदैन । जस्तै –

पुरुषको प्यारी, सङ्ग्राम संसार,

विजय उसको सार।

- लक्ष्मीप्रसाद देवकोटा

| | | | |
|---|---|---|---|
| फलानु (उपमेय) | नै | फलानु (उपमान) | हो। |
| सङ्ग्राम | नै | संसार | हो। |
| विजय | नै | सार | हो। |

रस-वेतनको लोभी यद्वा भ्रमर-शिक्षक

आफ्नू जीविका गर्छन् पढाई पुष्प-बालक।

-लेखनाथ पौड्याल

| | | | |
|---|---|---|---|
| फलानु (उमपेय) | नै | फलानु (उपमान) | हो। |
| रस | नै | वेतन | हो। |
| भ्रमर | नै | शिक्षक | हो। |
| पुष्प | नै | बालक | हो। |

(3) उत्प्रेक्षाः परिभाषा र उदाहरण

प्रस्तुत अप्रस्तुतको सम्भावना देखाइएमा उत्प्रेक्षा अलङ्कार हुन्छ । जस्तै -

पृथ्वीको दिव्य सौन्दर्य न अल्पेर पट्ट भै
फुटी बाहिर निस्क्यो कि पुष्पको रूपमा सबै ।

-लेखनाथ पौड्याल

प्रस्तुत – पुष्प

अप्रस्तुत – पृथ्वीको दिव्य सौन्दर्य

(4) दृष्टान्तः परिभाषा र उदाहरण

दुई वा दुईभन्दा बढी वाक्यार्थमा एउटै धर्म नभए पनि ती विम्ब (छाया) र प्रतिविम्ब (प्रतिच्छाया) जस्ता भई वाक्यार्थको समानता बुझाउने अलङ्कारलाई दृष्टान्त अलङ्कार भनिन्छ । यसमा एउटा भनाइ (वाक्यार्थ)लाई अर्को भनाइ (उदाहरण) बाट पुष्टि गरिएको हुन्छ । जस्तै -

सानैदेखि छुचो हुन्छ दुष्ट मानिसको मति

घोचने जङ्गली काँढा पहिले नै तिखा कति।

-लेखनाथ पौड्याल

वाक्यार्थ 1 – दुष्ट मानिसको छुचो मति (विम्ब, उपमेय)

वाक्यार्थ 2 – जङ्गली तिखा काँडा (प्रतिविम्बित, उपमान)

यसमा वाक्यार्थ 1 लाई वाक्यार्थ 2 ले उदाहरणद्वारा पुष्टि गरेको छ।

वसन्तमा समानै छन् ठण्डी गर्मी दुनै गुण

तुल्य तुल्य दया दण्ड राजाका हुन् विभूषण।

-लेखनाथ पौड्याल

वाक्यार्थ 1 – वसन्तका समान गुण ठण्डी गर्मी (विम्ब, उपमेय)

वाक्यार्थ 2 – राजाका विभूषण दया दण्ड (प्रतिविम्ब, उपमान)

(5) सन्देहः परिभाषा र उदाहरण

प्रस्तुत विषयमा यस्तो हो कि उस्तो हो भनी शङ्का पैदा भएमा त्यसलाई सन्देह वा संशय अलङ्कार भनिन्छ । जस्तै –

मुख हो वा कमल हो भनी हेरी टुलूटुलू

नठम्याई त्यसै फर्क्यो मुग्ध भ्रमर-सन्तति।

-गोविन्दप्रसाद भट्टराई

यसमा मुख र कमलका बीचमा शङ्का पैदा भई कुन हो भन्ने सन्देह भएको छ ।

(6) अपह्नुतिः परिभाषा र उदाहरण

प्रस्तुत (उपमेय) निषेध गरी अप्रस्तुत (उपमान) को आरोप गरिएमा त्यसलाई अपह्नुति अलङ्कार भनिन्छ । जस्तै –

यो पानी होइन, जीवन हो

खेर नफाल जीवन यो।

-कवि मोख

यसमा उपमेय पानीको निषेध गरी उपमान जीवनको स्थापना गरिएको छ ।

(7) अतिशयोक्तिः परिभाषा र उदाहरण

प्रस्तुतको उल्लेख नगरी अप्रस्तुतको बढाइचढाइ उल्लेख गरिएमा त्यसलाई अतिशयोक्ति अलङ्कार भनिन्छ । जस्तै –

चन्द्रमालाई चन्द्रमा हेर्छिन् कौसी र आकाश

स्वर्गको अटाली हाँस्दिछिन् यौटी, यौटी छन् उदास?

- लक्ष्मीप्रसाद देवकोटा

यसमा प्रस्तुत (मुना) को उल्लेख नगरी अप्रस्तुत (चन्द्रमा)सँग अभेद रूपमा बढाइचढाइ वर्णन गरिएको छ ।

(8) तुल्ययोगिताः परिभाषा र उदाहरण

प्रस्तुतहरू वा अप्रस्तुतहरूका बीच एउटै धर्मद्वारा सम्बन्ध देखाइने अलङ्कारलाई तुल्ययोगिता अलङ्कार भनिन्छ । जस्तै –

वसन्तमा फूले बेली, चमेली, मालती जुही
दबेक्षुधा, तृषा, निद्रा कोकिल-स्वरमा नुही।

-सोमनाथ सिग्देल

यसमा बेली, चमेली, मालती, जुहीको एउटै धर्म फुल्नु र क्षुधा, तृषा, निद्राको एउटै धर्म दब्नुको उल्लेख गरी सम्बन्ध देखाइएको छ ।

(9) समासोक्तिः परिभाषा र उदाहरण

विशेषणको प्रयोगद्वारा प्रस्तुतमा अप्रस्तुतका व्यवहारको आरोप हुने अलङ्कारलाई समासोक्ति अलङ्कार भनिन्छ । जस्तै –

कलीली लहरालाई रसीलो नव वृक्षले
प्रेमले देहमा बाँधी अँगालेर उठाउँछ।

-गोविन्दप्रसाद भट्टराई

यसमा स्त्रीलिङ्गी विशेषण कलिलीद्वारा प्रस्तुत लहरमा अप्रस्तुत नायिकाको र पुलिङ्गी विशेषण रसिलोद्वारा प्रस्तुत वृक्षमा अप्रस्तुत नायकको आरोप गरिएको छ ।

(10) अर्थान्तरन्यासः परिभाषा र उदाहरण

सामान्य वा विशेष कथनलाई अर्को सामान्य वा विशेष कथनले समर्थन गर्ने अलङ्कारलाई अर्थान्तरन्यास अलङ्कार भनिन्छ । जस्तै –

दियो यो जन्म जदसले उसले नै खुवाउला

जसले नाउमा हाल्यो उसैले पार लाउला।

-बालकृष्ण सम

यसमा जन्माउनेले खुवाइला भन्ने कथनको समर्थन नाउमा हाल्नेले पाल लाउला भन्ने कथनले गरेको छ।

(11) विषमः परिभाषा र उदाहरण

नमिल्दा वा परस्पर विपरीत दुईवटाको मिलन भएमा त्यसलाई विषम अलङ्कार भनिन्छ । जस्तै –

म चाहन्थे वसन्त बसेको फूल

भेटियो केवल हेमन्त खसेको शूल।

-कवि मोख

यसमा प्राप्त गर्न खोजेको वसन्त बसेको फूल र प्राप्त हुन आएको हेमन्त खसेको शूल दुई विपरीत कथनमा मिलन देखाइएको छ ।

यिनका अतिरिक्त अर्थालङ्कारहरू अरू थुप्रै प्रकारका हुन्छन्।

8. साहित्यमा शब्दालङ्कार र अर्थालङ्कारको भूमिका

साहित्यमा अलङ्कारको भूमिका महत्त्वपूर्ण हुन्छ । यसले एकातिर साहित्यमा उक्तिवैचित्र्य, चमत्कार तथा विलक्षणता उत्पन्न गर्ने हुँदा र अर्कातिर सौन्दर्य उत्पन्न गर्ने हुँदा यसको महत्त्व स्वतः स्पष्ट देखिन्छ । अलङ्कारले साहित्यलाई विशेष कथन तुल्याई प्रभावोत्पादक बनाउँछ। यसका अभावमा साहित्य अनाकर्षक र सामान्य कथनजस्तो बन्छ । साहित्यमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको भूमिका विशिष्ट रहेको छ। सब्दालङ्कारले साहित्यमा प्रयुक्त शब्दलाई चामत्कारित र सौन्दर्यमूलक तुल्याउँछ । त्यस्तै अर्थालङ्कारले अर्थलाई भावपूर्ण र सुन्दर  बनाउँछ । शब्दालङ्कार शब्दमा आधारित हुने हुँदा यसले विशेषतः वाह्य सौन्दर्य वा प्रभावको सिर्जना गर्छ भने अर्थालङ्कार भावमा आधारित हुने हुँदा यसले आन्तरिक सौन्दर्य वा प्रभाव उत्पन्न गर्छ । यी दुई प्रकारका सौन्दर्य वा प्रभावको सिर्जनामा यिनको आफ्नो-आफ्नै विशेष भूमिका र महत्त्व छ ।

शब्दालङ्कार श्रमसाध्य हुन्छ । साहित्यमा यसको बढी प्रयोग हुँदा बौद्धिक चमत्कार  बढ्छ । अर्थालङ्कार सर्जकको भावनाबाट उत्पन्न हुने यो सरस, सहज हुन्छ । यी दुई प्रकारका अलङ्कारहरूले दुई भिन्न किसिमबाट साहित्यलाई सिङ्गार्ने हुँदा यी दुवैको आफ्नाआफ्नै ढङ्गको विशिष्ट भूमिका रहेको देखिन्छ । यी दुवैले नै साहित्यलाई प्रभावकारी, विशिष्ट र सौन्दर्ययुक्त तुल्याए पनि शब्दालङ्कारको बाहुल्य हुँदा कृति बौद्धिक कृत्रिमताको नमुना बन्छ भने अर्थालङ्कारको बाहुल्य हुँदा पनि कृति बोझिलो बन्न पुग्छ । यिनको सन्तुलित र आवश्यक प्रयोग हुँदाचाहिँ कृति ग्राह्य हुन्छ। अलङ्कार स्वयंमा गहना भए पनि यिनको प्रयोग गराइबाट ग्राह्यर  अग्राह्य बन्न पुग्छन् । त्यसैले अलङ्कारको प्रयोग अपकारक ढङ्गमा नभएर उपकरण ढङ्गमा,

अनाकर्षक नभएर आकर्षक ढङ्गमा, निरर्थक नभएर सार्थक ढङ्गमा गरिएमा मात्र यसले साहित्यको गरिमा अभिवृद्धि गर्छ । कृतिमा यसको उपयोग पाण्डित्य प्रदर्शनका दृष्टिले नभएर भाव प्रकाशनका दृष्टिले गरिनुपर्छ र त्यसो गरिएमा मात्र कृति उत्कृष्ट बन्दछ ।

साहित्यमा अलङ्कारको सिर्जना अलङ्कारकै निम्ति हुनु हुँदैन । त्यस्तो भएमा अलङ्कार बाहिरबाट जडान गरिएको गहनाजस्तो भद्दा हुन्छ । यसको प्रयोग भावाभिव्यक्तिका लागि हुँदा यो सुन्दर एवं प्रभावयुक्त बन्छ र काव्यको आस्वादनमा सहायक सिद्ध हुन्छ । शब्द र अर्थको चमत्कारबाट मात्र सबल साहित्यको सिर्जना नहुने हुँदा यसको समुचित प्रयोग वाञ्छनीय  ठानिन्छ । अलङ्कारवादीहरूले अलङ्कारको भूमिकालाई सर्वोपरि मानेका छन्, तर रस ध्वनिवादीहरूले यसकुरालाई स्वीकार नगरे पनि अलङ्कारलाई आवश्यक महत्त्व दिएका छन् । उनीहरूले यसलाई अलङ्कारवादीझैँ सौन्दर्य नमानेर सौन्दर्यको कारक मानेका छन् । अलङ्करवादीका दृष्टिमा यो साधन र साध्य दुवै हो भने अन्यका दृष्टिमा यो साध्य नभएर साधन मात्र हो । आधुनिक विचारकहरू पनि अलङ्कारलाई सौन्दर्य नमानेर त्यसको साधन मान्छन् । त्यति हुँदाहुँदै पनि साहित्यलाई विशिष्ट अभिव्यक्ति तुल्याउने सन्दर्भमा अलङ्कारको ठूलो भूमिका छ ।

## 4.2.5 प्रतीक

'प्रति' धातुमा 'इक' प्रत्यय मिलेर बनिएको **प्रतीक** शब्दको अर्थ आफूमा राख्नु, झुक्नु वा एकैसाथ फ्याक्नु हो ।यसलाई साधारणरूपमा चिन्ह वा सङ्केत भनिन्छ । प्रतीक सामान्यतः वस्तु, भाव, विचार, क्रियाकलाप, देश, जाति,

संस्कृति आदिलाई ध्योतन गर्ने सङ्केतक तत्त्व हो । ल्याटिन भाषाको **स्यमबोलन** शब्दबाट उत्पत्ति भएको प्रतीक शब्द सर्वप्रथम ग्रीक कवि होमरको गीत ( हाइम ) - मा प्रयोग भएको मानिन्छ । पाश्चत्य साहित्यमा स्विस मनोविश्लेषक **कार्ल जंग**ले प्रतीकको प्रयोग र महत्वलाई बडाएर लगेको देखिन्छ । मूलतः प्रतीकलाई सङ्केत भने तापनि उनले प्रतीकलाई सङ्केत वा साइन मानेका छैनन् । जंगको बिचारमा सङ्केत (साइन) – को प्रयोग ज्ञात बस्तुहरूका निम्ति गरिन्छ भने प्रतीकको प्रयोग अज्ञात बस्तुहरूको निम्ति गरिन्छ भन्ने छ । तथापि काव्य वा साहित्यको सन्दर्भमा प्रतीक भन्नाले कुनै वस्तु, चित्र, लिखित शब्द, ध्वनि आदिको विशिष्ट चिन्हलाई बुझिन्छ, जसको सम्बन्ध तथा सादृश्यता अन्य कुनै वस्तुलाई प्रतिनिधित्व गर्नु हुन्छ । यसैले काव्य वा साहित्यमा कुनै वस्तु, पदार्थ, बिषय आदिको भाव वा विचारको सङ्केतलाई नै प्रतीक भन्न सकिन्छ ।

कवि जस योञ्जन ‘प्यासी’ - को **शान्ति – सन्देह** कवितामा प्रयुक्त कालो परेवा अशान्तिको प्रतीक र सेतो परेवा चाहिँ शान्तिका प्रतीक हुन् । अतः कुनै वस्तु वा घटनालाई सङ्केत गर्ने पदसमूहलाई प्रतीक मान्न सकिन्छ । नेपाली साहित्यको आधुनिक कालमा प्रतीकको भरमार प्रयोग साहित्यकारहरूद्वारा भएको पाइन्छ । कविताको क्षेत्रमा प्रयोगकालीन आधुनिक कविता लेखनदेखि प्रतीकको प्रयोग बिशेषरूपमा भएको मान्न सकिन्छ । आधुनिक स्रष्ट्राहरू मोहन कोइराला, जस योञ्जन प्यासी, मनप्रसाद सुब्बा, गोपालप्रसाद रिमाल आदिका कविता ; रूपनारायण सिन्हा, विश्वेश्वरप्रसाद कोइरला, भवानी भिक्षु आदिका उपन्यास ; मोहनराज शर्मा, बासु शशि, मोहन - पुकार आदिका नाटकहरूमा प्रतीकको सुन्दर प्रयोग भएको पाइन्छन् । कवि

गोपालप्रसाद रिमालको **आमाको सपना** कवितामा **आमा** नेपाल राष्ट्रको प्रतीक, **सपना** सून्दर भबिष्यको प्रतीक, **त्यो** क्रान्तिको प्रतीक अनि **छोरा** शोषित जनताको प्रतीक हो भने रूपनारायण सिन्हाको **भ्रमर** उपन्यासमा नायक **शेखर** स्वच्छन्द विचार र भोग बिलासी भएको पुरूषको प्रतीक, नायीका **वीणा** सह्दयी स्वभावकी पतिब्रत नारीको प्रतीक हुन् । यसरी नै मोहनराज शर्माकृत **बैखुण्ड एक्सप्रेस** नाटकमा **बैखुण्ड** सुख – सुबिघा चाहने मानवीय गुणको प्रतीक मान्न सकिन्छ । साहित्यको क्षेत्रमा प्रतीक उन्नाइसौँ शताब्दीदेखि एउटा आन्दोलनको रूपमा चलेको देखिन्छ । साहित्यमा यस आन्दोलनलाई प्रतीकबाद ( Symbolism ) भनिन्छ । सन् १८८६ मा फ्रान्सबाट यो बाद प्रारम्भ भएको हो , जुन फ्रान्सिली पत्रिका **फिगारो**मा प्रकाशित घोषणाबाट भएको थियो । प्रतीकबादको अग्रणी खाम्बो पाश्चत्य कवि **एडगर एलेन पो**लाई मानिन्छ । उनीपछि बोदलेयर, मर्लामो, भर्लाइन आदि कविहरूले यस बादलाई अधि बडाएका हुन् । मूलतः बीशौँ शताब्दीको प्रारम्भमा टी. एस. इलियट, डब्लू. बी. मोने आदिले यस प्रतीकबाद आन्दोलनलाई अझ अधि बडाएर लगेको मानिन्छ ।

## 4.2.6 बिम्ब

बिम्ब भनेको छायाँ वा नक्सा हो । कुनै पदार्थको मानचित्र तथा छायाँलाई बिम्ब  भनिन्छ । काव्य – साहित्यको अध्ययन गर्दा भावकलाई कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छायाँलाई बिम्ब भन्न सकिन्छ । मूलरूपमा शब्दको माध्यमबाट पाठकको मस्तिष्कमा कुनै स्तिथि, स्थान, घटना वा पात्रको मनभावमा उत्पन्न हुने भाव नै बिम्ब हो ।

काव्य वा साहित्यको श्रेत्रमा बिम्ब शब्दले उपमा, रूपक, अलङ्कार आदिलाई जनाउँदछ । यसर्थ बिम्बलाई अलङ्कारवाद कै एउटा प्रतिरूप पनि मान्न सकिन्छ । ग्रीक भाषाको इम्याज ( Image) शब्दवाट उत्पत्ति भएको यो शब्द अङ्ग्रेजीमा इम्याजिनिज्म् ( Imaginism ) भइ नेपालीमा बिमबबादको रूपले चलेको पाइन्छ । यो इम्याज ( Image) शब्दको प्रथम प्रयोग सन् १९१२ मा अङ्ग्रेजी विद्वान् एज्रा पाउण्डले गरेका थिए । उनले साहित्यमा देखा पर्ने वस्तुपरकता, स्पष्टता, यथार्थता र मूर्तताको रूपमा बिम्ब शब्दको अर्थ खोलेको मानिन्छ । मूलतः बिम्बले साहित्यमा भाषाको लयात्मक संरचनामा जोड दिन्छ ।

नेपाली साहित्यमा कवि बालकृष्ण सम, लश्र्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, मोहन कोइराला आदिका कविताहरू, लेनसिहं बाङ्गदेल, इन्द्र सुन्दास, लीलबहादुर छेत्री आदिका उपन्यासहरूमा बिम्बको भरमार प्रयोग पाइन्छन् । बिम्ब साहित्यमा साहित्यकारद्वारा कोरेको चित्रमयताको कारण पाठकको मनमा उत्पन्न भाव भएको हुनाले यो कल्पना निर्मित र भाव गर्भित हुन्छ । नेपाली आधुनिक कवितामा बिम्बको भरमार प्रयोग पाइन्छ । कवि मोहन कोइरालाको **घाइते युग** कवितामा मृत मानवको बिम्ब, **कार्टुनको सहर** कवितामा धमिलो पोस्टर टालिएको नगरको बिम्ब आदि पाइन्छ । गोपालप्रसाद रिमालको **आमाको सपना** कवितामा यसरी बिम्बको प्रयोग भएको छ –

**त्यो विहानको सूर्य झैं उज्यालो छर्दै आउँछ**

**त्यसको कम्मरमा झुण्डिएको शीत जस्तै टल्कदै ।**

मूलत : बिम्बको प्रयोगका कारण कविता वा साहित्य पाठकका निम्ति रोचकपूर्ण, आनन्दपूर्ण, आह्लादकारी, रसात्मक हुन्छ । यसको मोहनीले पाठकको हृदयलाई छोएपछि काव्य वा साहित्य पढौ-पढौ लाग्ने हुन्छन् ।

## 4.3 उपसंहार

छन्द र अलङ्कार काव्यको बाह्य शोभाकारक तत्त्व हो । अलङ्कारलाई काव्यको आत्मा मानिएको हो। त्यसरी नै छन्द पनि काव्यको आधारभूत तत्त्व नै हुन् यसले काव्यको भावलाई नियन्त्रण गरेर अनुसाशित तुल्याउँदछ । अनि काव्यको सौन्दर्यलाई बढाउँदछ । पूर्वीय साहित्यमा छन्दको ज्यादै महत्त्व रहेको देखिन्छ । प्राचीनकालदेखि नै छन्दको प्रभाव साहित्यमा रहिआएको उदाहरणहरू छन् । ऋग्वेदका ऋचाहरू छन्दमै संरचित पाइन्छ । यसैले वेदका ६ अङ्गहरूमध्ये छन्द पनि एउटा हो । तर वर्तमान काव्यलेखनको सन्दर्भमा छन्दको प्रभावमा न्यूनता आएको देखिन्छ । लयपूर्ण गद्यशैलीको परिमार्रजन र विकास भएपछि नयाँ पुस्ताका कविहरूले छन्दलाई भन्दा गद्यशैलीलाई ज्यादा रूचाएर कविता सिर्जना गरिरहेका स्थिति छन् ।

कविता साहित्यको सवैभन्दा प्राचीन विधा हो । कवितालाई लिएर पूर्व र पश्चिम दुवै जगत्मा धेरै चर्चा परिचर्चा भएको छ । यहाँ कविताको सामान्य र त्यसका संरचनात्मक तत्त्वहरूको परिचय दिइएको छ । कविता पद्य र गद्यमा लेखिने प्राचीन साहित्यिक विधा  हो । कविताको लागि चाहिने आवश्यक सामग्री, उपकरण तथा घटक नै कविताका तत्त्व हुन् । प्रथमत: कविताको तत्त्वबारे जान्नुलाई यसको स्वरूपबारे अध्ययन गर्नु जरूरी हुन्छ । कविताको स्वरूपलाई चिनाउनका लागि पूर्व र पश्चिममा धेरै चर्चाहरू भएका

छन् । पूर्वमा भरतमुनिदेखि जगन्नाथसम्मका र पश्चिममा अरस्तूदेखि इलियटसम्मका विद्वान्हरूले कविता सम्बन्धी विवेचना गरेका छन् ।

अलङ्कारलाई काव्यको सर्वोच्च तत्त्वको रूपमा स्थापन गर्ने आचार्य भामह हुन् । उनीभन्दा पहिले भरतमुनि अनि भरतमुनिभन्दा पनि पहिले याक्सले निरुक्तमा अलङ्कारलाई चिनाएका हुन् । तापनि अलङ्कारवादको प्रवर्तक भामहलाई मानिन्छ। भामहपछि देखापर्ने दोस्रो अलङ्कारवादी आचार्य दण्डी हुन् । यिनले समस्त वाङ्मयलाई स्वभावोक्ति र वक्रोक्तिका रूपमा छुटाएर दुई भेदमा राख्दै स्वभावोक्तिलाई अलङ्कारको स्थान दिएका छन् । दण्डीपछि काव्याङ्कारका टीकाकार उद्भट ,रूद्रट र जयदेव हुन् । अलङ्कारवादीहरूले मात्र नभएर रस ,ध्वनि ,वक्रोक्ति र रीतिवादी सम्प्रदायकाहरूले पनि अलङ्कारलाई चिनाउने कार्य गरेका छन् । उनीहरूले काव्यमा अलङ्कारलाई त्यत्तिकै महत्त्व दिएका छन् । अलङ्कारलाई लिएर सोही सम्प्रदायका आचार्यहरूमा पनि मतभिन्नता पाइन्छ । भामहले अलङ्कारलाई वक्रशब्द र अर्थको रूपमा मानेका छन् भने दण्डीले काव्यको शोभा बढाउने धर्मलाई अलङ्कार मानेका छन् । अन्ततः अलङ्कारलाई सौन्दर्य वस्तुको अझ सौन्दर्य अभिवृत्ति गर्ने तत्त्व मान्न सकिन्छ भन्ने विद्वान्हरू ठान्छन् । अलङ्कारलाई काव्यको आन्तरिक र बाह्य तत्त्वको रूपमा विभाजन गरी हेर्ने गरेको पनि पाइन्छ ।

प्रतीक भाव सत्तालाई अप्रस्तुत ढङ्गमा प्रकट गर्ने साहित्यको माध्यम हो । यसैले काव्यमा भावलाई आक्रषण बनाउनु नै प्रतीकको मूल उद्देश्य मानिन्छ । यो काव्य वा साहित्यमा सोझै रूपमा भावकलाई प्राप्त हुँदैन । बक्रोत्तिको रूपमा आभास हुने प्रतीकको सम्बन्ध मनुष्य वा पाठकको चिन्तनप्रणालीसित

हुँदछ । स्रष्टाले मिल्दो – जुल्दो गुण वा बिशेषताको आधारमा मूर्त (बुझिने) कुरोलाई अमूर्त ( बुझ्न नसकिने ) रूपमा प्रस्तुत गर्नु तथा नदेखिने अर्को कुनै वस्तुको कल्पना गरी प्रयोग गरेका चिन्ह नै प्रतीक हुन् । बिम्बको प्रस्तुतिद्वारा कुनै वस्तु वा पदार्थको चित्र पाठकको स्मृतिमा आउने तन्तु हो । कहिले काँही भावक तथा हामीले साहित्य आदि अध्ययन गर्दा, नाटक - चलचित्र हेर्दा आफु र आफ्ना वरिपरिको वस्तु - स्तिथिलाई भुलेर पूर्ण रूपले त्यसैमा तल्लीन भइ आनन्दीत हुनपुग्छौं । कविता- साहित्य पढदा वा सुन्दा भावकले पाउने त्यसप्रकारको आनन्दको अनुभूतिलाई रसानुभूति भनिन्छ । वास्तवमा यही रसानुभूति नै साहित्यको बिम्ब हो । विशेष रूपमा कविले कल्पना र भावनाका माध्यम साहित्यमा बिम्बको निर्माण गरेका हुन्छन् । यो कविताको सजावट र आभूषण मात्र नभएर आवश्यक तत्व पनि हो । अत: पाठकले साहित्यको अध्ययन वा आस्वदान गर्दा उनीहरूका मस्तिष्कमा कुनै न कुनै रूपममा त्यसको चित्र उत्पन्न हुदँछ, यसकै विशालता र आकृतिको स्मरणलाई बिम्ब भन्न सकिन्छ ।

## 4.4 सार

यस प्रखण्डमा **रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्ब**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- विशिष्ट पदरचना भनौं अथवा पदसंघटना भनौं जे भने पनि काव्यमा पद विन्यासको शैलीलाई रीति भनिएको हो र काव्यमा रीतिको अत्यन्त महŒवपूर्ण भूमिका रहेको छ भन्ने स्पष्ट हुन्छ ।

- कोमल र कठोर अनि यी दुईको मध्यम कविस्वभावबाटै वृत्ति, रीति वा संघटनाको उदय भएर पहिले देशविशेषको नामबाट अनिपछि कविप्रवृत्ति अनुसार वैदर्भी आदि रीतिको स्थापना हुन पुगेको हो ।
- पदहरूको विशिष्ट विन्यासचातुरीले काव्यमा विच्छित्तिविशेष उत्पन्न हुन्छ र काव्य रसात्मक बन्दछ । त्यसैले रीतिलाई काव्यको उत्कर्षाधायक तŒवको रूपमा स्वीकार गरिएको छ ।
- परम सुन्दरी लावण्यवती रमणीको अङ्कविन्यासको सुषमा एवं गजगामी पदविन्यासले रसिक जनलाई सम्मोहित पारेजस्तै काव्यमा पदविन्यासको रसात्मक शैलीले सहृदयलाई मुग्ध तुल्याउँदछ । यसर्थ काव्यमा रीतिको अत्यन्त महत्वपूर्ण स्थान रहेको छ ।
- छन्द र अलङ्कार काव्यको बाह्य शोभाकारक तत्त्व हो । अलङ्कारलाई काव्यको आत्मा मानिएको हो ।
- छन्दले काव्यको सौन्दर्यलाई बढाउँदछ ।
- अलङ्कारलाई काव्यको सर्वोच्च तत्त्वको रूपमा स्थापन गर्ने आचार्य भामह हुन् । उनीभन्दा पहिले भरतमुनि अनि भरतमुनिभन्दा पनि पहिले याक्सले निरुक्तमा अलङ्कारलाई चिनाएका हुन् ।
- वक्रशब्द र अर्थको रूप साथै काव्यको शोभा बढाउने धर्मलाई अलङ्कार हो।
- अलङ्कारलाई सौन्दर्य वस्तुको अझ सौन्दर्य अभिवृत्ति गर्ने तत्त्व मान्न सकिन्छ भन्ने विद्वान्हरू ठान्छन् । अलङ्कारलाई काव्यको आन्तरिक र बाह्य तत्त्वको रूपमा विभाजन गरी हेर्ने गरेको पनि पाइन्छ ।

- प्रतीक भाव सत्तालाई अप्रस्तुत ढङ्गमा प्रकट गर्ने साहित्यको माध्यम हो । यसैले काव्यमा भावलाई आक्रषण बनाउनु नै प्रतीकको मूल उद्देश्य मानिन्छ ।
- बक्रोत्तिको रूपमा आभास हुने प्रतीकको सम्बन्ध मनुष्य वा पाठकको चिन्तनप्रणालीसित हुँदछ । स्रष्ट्राले मिल्दो – जुल्दो गुण वा बिशेषताको आधारमा मूर्त (बुझिने) कुरोलाई अमूर्त ( बुझ्न नसकिने ) रूपमा प्रस्तुत गर्नु तथा नदेखिने अर्को कुनै वस्तुको कल्पना गरी प्रयोग गरेका चिन्ह नै प्रतीक हुन् ।
- बिम्बको प्रस्तुतिद्वारा कुनै वस्तु वा पदार्थको चित्र पाठकको स्मृतिमा आउने तन्तु हो ।
- कहिले काँही भावक तथा हामीले साहित्य आदि अध्ययन गर्दा, नाटक - चलचित्र हेर्दा आफु र आफ्ना वरिपरिको वस्तु - स्तिथिलाई भुलेर पूर्ण रूपले त्यसैमा तल्लीन भइ आनन्दीत हुनपुग्छौं ।
- कविता- साहित्य पढदा वा सुन्दा भावकले पाउने त्यसप्रकारको आनन्दको अनुभूतिलाई रसानुभूति भनिन्छ । वास्तवमा यही रसानुभूति नै साहित्यको बिम्ब हो ।
- विशेष रूपमा कविले कल्पना र भावनाका माध्यम साहित्यमा बिम्बको निर्माण गरेका हुन्छन् । यो कविताको सजावट र आभूषण मात्र नभएर आवश्यक तत्व पनि हो ।
- पाठकले साहित्यको अध्ययन वा आस्वदान गर्दा उनीहरूका मस्तिष्कमा कुनै न कुनै रूपममा त्यसको चित्र उत्पन्न हुदँछ, यसकै विशालता र आकृतिको स्मरणलाई बिम्ब भन्न सकिन्छ ।

- ❖ काव्यको शोभाकारक तत्त्व नै अलङ्कार हो तथा अलङ्कार भन्नु नै सौन्दय हो ।

यस प्रखण्डको अध्ययनले **रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्ब**बारे बुनियाँदी जानकारी प्राप्त भयो । काव्य वा साहित्यको प्रमुख घटकको रूपमा मानिने उपर्युक्त विषयहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 4.5 अनुशीलनी

१. साहित्यको विभिद घटकहरूबारे चर्चा गर्दै रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्बलाई सविस्तार चिनाउनुहोस् ।

२. साहित्यको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्ब आदिको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्ब आदिका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

५. रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्ब माझ के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. नेपाली काव्यमा रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्ब आदिको प्रभाव कतिसम्म रहेको ? चर्चा गर्नुहोस्।

७. नेपाली काव्यमा रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्बको योगदानबारे एउटा टिप्पणी लेख्नुहोस् ।

८. रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्ब आदिको वर्गिकरण गर्नो प्रमुख आधारहरूबारे विवेचना प्रस्तुत गर्नुहोस् ।

९. रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्ब आदिको मुख्य प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

१० रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्ब आदिको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 4.6 अतिरिक्त अध्ययन


३१. सिग्देल, सोमनाथ – **साहित्य प्रदीप** ।

३२.उपाध्याय, डा. केशवप्रसाद – **साहित्य प्रकाश** ।

३३.अधिकारी, हेमाङ्ग – **पूर्वीय समालोचना - सिद्धान्त** ।

३४.हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

३५. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

३६. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

३७. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श** ।

३८.न्यौपाने, टङ्कप्रसाद, सन् १९९२, **साहित्यको रूपरेखा ।**

३९. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

४०.बदरीनाथ भट्टराई – **संस्कृत साहित्यको सिंहालोकन** ।

४१. गोविन्दप्रसाद शर्मा ढुङ्गेल – **छन्दोहार** ।

४२.हेमाङ्ग अधिकारी – **पूर्वीय समालोचना - सिद्धान्त** ।

४३.सरोजिनी मिश्रा – **साहित्य शास्त्र के सिद्धान्त** ।

४४. राजुप्रधान हिमांशु- **साहित्य परिचय** ।

४५. गोविन्दप्रसाद भट्टराई – **पूर्वीय साहित्य - सिद्धान्त ।**

४६.अभि सुवेदी – **पाश्चात्य काव्य - सिद्धान्त ।**

4.7 ईश्वरकुमार श्रेष्ठ – **पूर्वीय एवम् पाश्यात्य साहित्य - समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली ।**

यस अतिरिक्त रीति, शैली, छन्द, अलङ्कार, प्रतीक र बिम्बबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 4.7 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१६. रीतिको अर्थ र परिभाषा ।

...........................................................................................

.......

...........................................................................................

.......

...........................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ४.४ खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१७. शैलीको विस्तृत परिचय ।

...........................................................................................

.......

......................................................................................

.......

......................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ४.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. छन्द र अलङ्कारको विस्तृत परिचय ।

......................................................................................

.......

......................................................................................

.......

......................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.६ र ३.७ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१९. प्रतीक परिचय, प्रकार र विशेषता ।

......................................................................................

.......

......................................................................................

.......

...........................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ४.८ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

२०. बिम्बको परिचय, प्रकार र विशेषता ।

...........................................................................................

.......

...........................................................................................

.......

...........................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ४.९ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – ५, ध्वनिको अर्थ र परिचय, ध्वनि विरोधी मत र तिनका खण्डन

## संरचना

5.0 उद्देश्य

5.1 परिचय

5.2 ध्वनिको अर्थ र परिभाषा

5.3 ध्वनि विरोधी मत

5.3.1 अभाववादी मत

5.3.2 अन्तर्भाववादी मत

5.3.3 भक्तिवादी मत

5.3.4 अनिवर्चनीयतावादी मत

5.4 ध्वनि विरोधी मतको खण्डन

5.5 ध्वनि विरोधी मतको मण्डन

5.6 उपसंहार

5.7 सार

5.8 अनुशीलनी

5.9 अतिरिक्त अध्ययन

5.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 5.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- ध्वनिको अर्थ र परिभाषा
- ध्वनि विरोधी मत
- अभाववादी मत
- अभिहितान्वयवादी मत
- भक्तिवादी मत
- *अनिर्वचनीयतावादी मत*
- ध्वनि विरोधी मतको खण्डन

## 5.1 परिचय

पूर्वीय साहित्य जगतमा विभिन्न साहित्यिक चिन्तन र सिद्धान्तहरूको जन्म र विकास भएको छ । परापूर्व कालदेखि नै साहित्यका विभिन्न विषयमा चर्चा परिचर्चा हुँदै यस्ता सैद्धान्तिक मान्यताको उत्कर्ष रूप देखा परेको पाइन्छ । यिनै चिन्तनहरूमध्ये ध्वनि सिद्धान्त एक चर्चित साहित्य सिद्धान्तको रूपमा रहेको छ । वैदिक साहित्यदेखि प्रयोग हुँदै आएको ध्वनि सिद्धान्तको व्यापक रूपमा व्याख्या र विश्लेषण गर्ने काम आनन्दवर्द्धनले गरे । आनन्दवर्द्धनले ध्वनि सिद्धान्तलाई व्याकरणको स्फोटवादसँग जोडेर काव्य वा साहित्यको आत्माको रूपमा व्याख्या गर्दै विशेष गरी रस ध्वनिलाई काव्यको प्राण तत्त्व मानेका छन् । उनको यस सिद्धान्तलाई केही उत्तरवर्ती आचार्यहरूले विरोध वा खण्डन गरेका छन् भने केही आचार्यहरूले समर्थन । यहाँ ध्वनि सिद्धान्तमा देखिएका प्रतिवाद र समर्थनलाई सैद्धान्तिक कोणबाट प्रस्तुत गरिएको छ ।

मानिसको कानले २० हर्ज देखि २० किलोहर्ज फ्रिक्वेन्सि सम्मका ध्वनीलाई सुन्न सक्छ । फ्रिक्वेन्सि २० किलोहर्ज भन्दा बढि भएका ध्वनीलाई अल्ट्रासाउण्ड तरङ्ग भनिन्छ । फ्रिक्वेन्सि २ हर्ज भन्दा कम भएका ध्वनी तरङ्गलाई इन्फ्रसाउण्ड तरङ्ग भनिन्छ । मानिसको कानले अल्ट्रासाउण्ड र इन्फ्रसाउण्ड तरङ्गलाई सुन्न सक्तैन । तर जनावरहरू सँग अल्ट्रासाउण्ड र इन्फ्रसाउण्ड सुन्न सक्ने क्षमता हुन्छ |अल्ट्रासाउण्ड सुन्ने जनावरहरूमा कमेरो, ह्वेल,मुसा आदि पर्छन भने इन्फ्रसाउण्ड सुन्ने जनावरहरूमा कुकुर्,हात्ती,कुखुरा,गाई आदि पद्छर्न् | भुइचलो पनि इन्फ्रासाउण्ड अन्तर्गत पर्दछ|त्येसैले भुइचलो आउनु भन्द केही क्षीण् अगाडि यी जनावरहरू कराउने गर्दछ |यिनिहरूले भुक्म्पको कम्पन् सुनिसकेको हुन्छन् |

## 5.2 ध्वनिको अर्थ र परिभाषा

ध्वनिवादी आचार्य आनन्दवर्धनले काव्यको मुख्य स्वरूप ध्वनि हो भन्ने अवधारणा ल्याएका छन् । ध्वनि भनेको काव्यको अन्तरङ्ग वा आत्मगत तत्त्व हो र यिनले यही आत्मगत तत्त्वलाई बढी प्रमुखता दिए तापनि शब्द र अर्थको उपेक्षा गरेका छैनन् । **ध्वनी** कम्पन हो, जसलाई सुन्ने ईन्द्रीय, कानले महसुस् गर्छ । मेकानिकल कम्पन र हावाको चाप द्वारा ध्वनी उत्पादन हुन्छ । हामीले ध्वनि कसरी सुन्छौ त ? ध्वनि सुनिनको लानि ध्वनिको स्रोतबाट हाम्रो कान सम्म ध्वनिको स्थान्तरण हुन जरुरी हुन्छ | ध्वनिको स्रोतबाट उत्पन्न भएको तरन्ग हावामा अवस्थित शुक्ष्म मोलिकुलहरू एक आपसमा एक पछि अर्को गर्दै ठोकिएर हाम्रो कान सम्म पुग्छ | ती मोलिकुलहरूको मात्रा जति धेरै हुन्छ त्यतिनै तरंगको गति उतिनै

छिटो हुन्छ |ध्वनी ठोस, तरल र वायु बाट हिड्न सक्छ तर भ्याक्युमबाट भने सक्दैन । हावामा ध्वनीको गति ३३१.५ मिटर प्रति सेकेण्ड (०° सेल्सियसमा) हुन्छ । हावाको तापक्रम बढ्दै जाँदा ध्वनीको गति बढ्दै जान्छ। किनकि हावाको तापक्रम बढ्दै जादा मोल्युकल्सहरू छुट्टिदै जान्छ |ध्वनी एक लङ्गिच्युडनल् तरङ्ग हो ।

अभिनव गुप्तको मतअनुसार ध्वनिको चारवटा अर्थ हुन्छ । ती हुन् –

१. **ध्वनयति यः व्यञ्जकः शब्दः स ध्वनिः** । अर्थात् जसले ध्वनित गर्छ गराउँछ त्यो व्यञ्जक शब्द ध्वनि हो ।

२. **ध्वनति ध्वनयति वा यः सः व्यञ्जकोऽर्थः ध्वनिः** । अर्थात् जसले ध्वनित गर्छ गराउँछ त्यो व्यञ्जक अर्थ ध्वनि हो ।

३. **ध्वन्यते इति ध्वनिः**। अर्थात् जुन ध्वनित हुन्छ त्यो ध्वनि हो ।

४. **ध्वन्यतेऽ स्मिन्तिति ध्वनिः**। अर्थात् जसद्वारा ध्वनित हुन्छ त्यो ध्वनि हो वस्तु, अलङ्कार र रस ध्वनित हुनु नै ध्वनि हो ।

संस्कृत काव्यशास्त्रमा ध्वनि - सिद्धान्त एक महत्वपूर्ण सिद्धान्तको रूपमा प्रतिष्ठित रहेको देखिन्छ । 'ध्वनि' शब्दको निष्पत्ति 'ध्वन' धातुमा 'इ' प्रत्ययको संयोगबाट भएको हो । ध्वनि शब्दको सामान्य अर्थ कानमा सुनाई पर्ने नाद या आवाजलाई पनि मानिन्छ । आनन्दवर्धनले ध्वनिको परिभाषा दिँदै यसो भनेका छन् :- "जुन रचनामा वाचक विशेष र वाच्य विशेष आफ्नो अभिधेय

अर्थलाई गौण बनाएर काव्यार्थ (व्यंग्यार्थ) व्यक्त गर्दछ , त्यसलाई 'ध्वनि' भनिन्छ । ध्वनिको व्युपत्ति मूलक परिभाषाहरू यस प्रकार रहका छन् :-

१. **व्यञ्जक ध्वनि:-** "ध्वनति ध्वनयति वा य:स: व्यंजक:शब्द: ध्वनि:।"

अर्थात् ध्वनित हुने व्यञ्जक शब्द ध्वनि हो ।

२. **व्यञ्जक अर्थ:-** "ध्वनति ध्वनयति व य:स: व्यंजक:अर्थ: ध्वनि:।"

अर्थात् त्यो व्यञ्जक अर्थ ध्वनि हो, जो अन्य अर्थहरूलाई ध्वनित गर्दछ वा हुँदछ ।

३. **व्यङ्ग्यार्थ:-** "ध्वन्यते इति ध्वनि:।"

अर्थात् जो ध्वनित हुन्छ, त्यसलाई ध्वनि भनिन्छ ।

४. **व्यञ्जना व्यापार:-** "ध्वन्यते अनेन इति ध्वनि:।"

अर्थात् जसकोद्वारा ध्वनित गरिन्छ, त्यो ध्वनि हो ।

५. **व्यञ्जना प्रधान काव्य:-** "ध्वन्यते अस्मिन् इति ध्वनि:।"

अर्थात् जुन काव्यमा रस, अलङ्कार एवम् वस्तु ध्वनित हुने गर्दछ, त्यो काव्य ध्वनि काव्य हो ।

यस प्रकार व्युपत्तिमूलक अर्थमा व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यङ्ग्यार्थ, व्यञ्जना व्यापर, व्यञ्जना प्रधान काव्य सबैमा ध्वनिको विस्तार पाइने गरिन्छ । आचार्य **मम्मट** को विचारअनुसार ध्वनि भनेको त्यो हो, जहाँ व्यंग्यार्थ वाच्यार्थको अपेक्षा अतिशय उत्तम अर्थात् चमत्कारपूर्ण हुने गर्दछ , त्यसैलाई विद्वानहरूले ध्वनि भनेका छन् ।

ध्वनिले रिफ्लेक्सन, रिफ्र्याक्सन, डिफ्र्याक्सन र इन्टरफरेन्स जस्ता गुणहरू देखाउँछ । ध्वनि शब्दको संरचनात्मक रूपलाई हेर्दा ध्वनन् धातुमा इ प्रत्यय लागेर ध्वनि शब्दको निर्माण भएको छ । काव्य जगतमा ध्वनिको चर्चा वैदिक कालदेखि भए पनि ध्वनिको स्वरूप, काव्यमा ध्वनिको स्थान र ध्वनिका भेद प्रभेदको व्यापक चर्चा र त्यसको सैद्धान्तिक स्थापना आचार्य आनन्दवर्द्धन ले ध्वन्यालोक नामक ग्रन्थमा गरेका छन् । आनन्दवर्द्धनले पूर्व चर्चित ध्वनि सिद्धान्तलाई लिपिबद्ध गरी ध्वनि विरोधी मतहरूको उल्लेख र खण्डनका साथ ध्वनिवादका रूपमा त्यसको स्थापना समेत गरे । आनन्दवर्द्धन ले ध्वनिको स्वरूप निर्धारण गर्दै यसलाई नै काव्यको आत्मा मानेका छन् । उनले जब शब्दले स्वयम् आफ्नो अर्थलाई गौण गरी विशेष अर्थ व्यक्त गर्दछ त्यस्तो प्रतीयमान अर्थ नै ध्वनि हो भनेका छन् ।

आनन्दवर्धनले ध्वनिबारे यसो भनेका छन् –

**काव्यविशेषो ध्वनिरिति सरभू : व्यङ्क्त**

**शब्दो तमर्थमुपसर्जनी कृतस्वार्थौ : ययार्थ ।।**

अर्थात् सोझो र अमिधा अर्थमा प्रयोद नहुने र विशेष अर्थमा ग्रहण गर्ने भाव व्यक्त नै ध्वनि हो । आचार्य आनन्दवर्द्धनले ध्वनिलाई स्फोटवादसँग जोड्दै व्याकरण जसरी तथ्यात्मक हुन्छ ध्वनि पनि त्यस्तै जीवन्त र सजीव हुने र विभिन्न अर्थको योगमा स्फुरित हुने बताएका छन् । 'ध्वन्यते इति ध्वनि', 'ध्वननीति ध्वनि' भन्दै विभिन्न अर्थमा ध्वनिको व्युत्पत्ति हुने बताउँदै आनन्दवर्द्धनले ध्वनिलाई व्यङ्य मानी यो महाकविहरूको वाणीमा पाइन्छ जुन नारीहरूको प्रत्येक अवयवको सुन्दरता भन्दा बेग्लै, लावण्य, हिस्सी जस्तो

बाहिरी शब्द अर्थ भन्दा विलक्षण, अति स्वादिलो अलौकिक प्रतिभाको स्फुरण हुन्छ भनेका छन् ।

**"प्रतीयमानं पुनन्यदेव वस्त्वस्ति वाणीषु महाकविनाम् ÷**

**यत्रत्प्रसिद्धाववातिरिक्त विभति लावण्यभिवाङ्गनासु" ।**

अर्थात् शब्दको अमिधा अर्थमा भन्दा प्रतीयमान अर्थ व्यङ्ग्यार्थमा ध्वनि रहेको हुन्छ । कुनै पनि शब्दले चम स्वरूप भेटिने निर्क्योल – चमत्कारी अर्थ प्रदान गर्नु नै ध्वनि हो । यो असाधारण हुने हुनाले प्रतिभाबाट मात्र प्राप्त हुन्छ भनेर ध्वनिकारहरूले भनेका छन् । शब्दको सुन्दरता अर्थको माधुर्यता, प्रभावोत्पादकताबाट नै काव्य बन्ने हुँदा ध्वनि नै काव्यको आत्मा बनेको कुरा आनन्दवर्द्धन ले आफ्नो 'ध्वन्यालोक'मा प्रस्तुत गरेका छन् ।

ध्वनि कुनै कल्पनामा आधारित कुरा होइन, यो त व्याकरणको क्षेत्रबाट काव्यमा प्रवेश गरेको हो । आनन्दवर्द्धन ले व्याकरणलाई सबै विधाको मूल मान्दै वैयाकरणहरूलाई प्रथम स्थानमा राखेका छन् । उनले ध्वनि र शब्दबिच परस्पर सम्बन्ध देखाउँदै जसरी वैयाकरणहरूले नादद्वारा ध्वनि स्फोट हुने बताएका छन् त्यसै गरी काव्यको ध्वनि सिद्धान्तमा पनि वाचक वाच्य अर्थ प्रतीयमान अर्थको व्यञ्जक मानिका छन् । कुनै पनि शब्द उच्चारणमा आएपछि अन्तिम अक्षरको समापनसँगै अर्थ प्रतीत हुन्छ भनी ध्वनिलाई वैज्ञानिक रूपमा पुष्टि गर्दै आनन्दवर्द्धन ले ध्वनिको महत्त्वलाई अलङ्कार, रीति, गुण आदिबाट भिन्न राख्दै यसको छुट्टै सत्ता बनाएका छन् । यिनले शब्दको वाच्यार्थमा खासै चमत्कार नहुने हुँदा प्रतीयमान अर्थलाई नै ध्वनि सिद्ध गर्ने काम गरेका छन् । यो ध्वनि एउटा विज्ञान हो । यो

कल्पना भन्दा टाढा हुन्छ । यसलाई सिद्ध गर्न सकिन्छ । यो साहित्यका अन्य सिद्धान्त भन्दा भिन्न र महत्त्वपूर्ण छ ।

आनन्दवर्धनले ध्वन्यालोकमा ध्वनि विरोधी मतहरूको खण्डन गर्दै ध्वनिवादको स्थापना गरेका हुन्। यस दर्जन जति ध्वनि विरोधी मतहरूको उल्लेख पाइए तापनि आनन्दवर्धनले चारवटा मुख्य मतहरूको खण्डन गरेको देखिन्छ। उनले खण्डन गरेका मुख्य चार ध्वनि विरोधी मतहरू अभाववादी, अन्तर्भाववादी, लक्षणावादी र अनिर्वचनीयतावादी हुन् ।

उपर्युक्त चारवटै ध्वनि विरोधी मतहरूको खण्डन गरेपछि आनन्दवर्धनले ध्वनिसम्बन्धी आफ्नो स्थापना अघि सारेका छन्। ध्वनिसम्बन्धी आफ्नो स्थापना प्रस्तुत गर्ने क्रममा उनले ध्वनि विरोधी मतमतान्तरबाट पीडित सहृदयहरूको मनलाई आनन्द प्रदान गर्नाका लागि ध्वनिलाई यसरी चिनाएका छन् –

(1) सहृदयबाट प्रशंसित अर्थ (व्यङ्ग्यार्थ / ध्वनि) काव्यको आत्मा हो। यसका वाच्य र प्रतीयमान गरी दुई भेद हुन्छन्।

(2) उपमादि अलङ्कारका रूपमा रहेको वाच्य अर्थको चर्चा पहिलेदेखि नै भएको हुँदा यसमा गरिएको छैन।

(3) प्रतीयमान अर्थ शब्दगत र अर्थगत यी दुवैभन्दा भिन्न हुन्छ। जसरी सुन्दरीका प्रसिद्ध अङ्गहरू (मुख, आँखा, वक्ष, नितम्ब आदि) भन्दा भिन्न लावण्य हुन्छ त्यसै गरी महाकविहरूको वाणीमा प्रतीयमान अर्थ झल्कन्छ।

(4) यो वाच्यार्थभन्दा भिन्न हुन्छ किनभने वाच्यार्थको विधिरूप (सकारात्मक अर्थ) ध्वनि अर्थमा निषेधरूप (नकारात्मक अर्थ) हुन्छ।

आनन्दवर्धनका यिनै भनाइभित्र ध्वनिको परिभाषा छरिएर रहेको छ, जस्तै –

(1) ध्वनि काव्यको आत्मा हो।

(2) ध्वनि शब्दगत र अर्थगतभन्दा भिन्न प्रतीयमान अर्थ हो।

(3) वाच्यार्थ विधिरूप हुँदा ध्वनि निषेधरूप हुन्छ।

आनन्दवर्धनले ध्वनिको उदाहरण यसप्रकार दिएका छन् –

हे धार्मिक! अब तिमी ढुक्कसँग डुल (तिमीलाई लखेटेर दुःख दिने) कुकुर आज गोदावरी तटकुञ्जमा रहने उन्मत्त सिंहद्वारा मारियो।

यस उदाहरणमा आएको ढुक्कसँग डुल विधिरूपको ढुक्कसँग नडुल भन्ने निषेधरूप नै ध्वनि वा प्रतीयमान अर्थ हो। यो अर्थ शब्दबाट वा वाच्यार्थबाट प्राप्त भएको अर्थ नभई तीभन्दा भिन्न अर्थ हो। वाच्यार्थमा विधिरूप नभई निषेधरूप छ भन्ने ध्वन्यार्थमा यो विधिरूप पनि हुनसक्छ।

आनन्दवर्धनले ध्वनि र रसमा निकट एवं घनिष्ट सम्बन्ध स्थापित गरेका छन्।

आनन्दवर्धनपछि मम्मटले ध्वनिविरोधी मतहरूको प्रवल खण्डन गर्दै यसको सशक्त प्रस्थापना गरेका छन्। यिनले वाच्यार्थ र व्यङ्ग्यार्थ / ध्वन्यार्थको

तुलना गरी यी दुवैका भेदकका रूपमा बोद्धा, स्वरूप, प्रतीतिकाल, आश्रय, निमित्त, कार्य, सङ्ख्या र विषयको चर्चा गरेका छन्। यिनै भेदकहरूका आधारमा यिनले व्यङ्ग्यार्थ / ध्वन्यार्थ वाच्यार्थभन्दा भिन्न हुन्छ भन्ने सिद्ध गरी ध्वनिको प्रस्थापना सशक्त ढङ्गले गरेका छन्। ध्वनिलाई विशेष सिद्धान्तका रूपमा स्थापित गर्नेतर्फ़ अभिनवगुप्तको विशेष योगदान गरेको छ।

ध्वनि शब्दका विभिन्न व्युत्पत्ति पाइन्छन्। व्युत्पतिका आधारमा यसका निम्नलिखित अर्थहरू छन्-

1. ध्वनित इति ध्वनि – जसले केही ध्वनित गर्छ त्यो ध्वनि हो। यस व्युत्पत्तिले ध्वनि भनेको व्यञ्जक शब्द हो भन्ने बुझाउँछ।
2. ध्वनयति ध्वनि – जसले केही ध्वनित गराउँछ त्यो ध्वनि हो। यस व्युत्पत्तिले ध्वनि भनेको व्यञ्जक अर्थ हो भन्ने बुझाउँछ।
3. ध्वन्यते इति ध्वनि – जे ध्वनित हुन्छ त्यो ध्वनि हो। यस व्युत्पत्तिले ध्वनि भनेको व्यङ्ग्यार्थ (रस, वस्तु र अलङ्कार ध्वनि) हो भन्ने बुझाउँछ।
4. ध्वन्यते अनेन इति ध्वनि – जसद्वारा केही ध्वनित हुन्छ त्यो ध्वनि हो। यस व्युत्पत्तिले व्यञ्जना व्यापार (शब्दशक्ति) हो भन्ने बुझाउँछ।
5. ध्वन्यते अस्मिन् इति ध्वनि – जसमा केही (रस, वस्तु, अलङ्कार आदि) ध्वनित हुन्छ त्यो ध्वनि हो। यस व्युत्पत्तिले व्यङ्ग्यार्थ प्रधान काव्य हो भन्ने बुझाउँछ।

ध्वनि शब्दका विभिन्न व्यत्पत्तिबाट व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यङ्ग्यार्थ व्यञ्जना व्यापार, व्यङ्ग्यार्थ प्रधान काव्य जस्ता विभिन्न अर्थ निस्किए तापनि ध्वनिवादीहरू यसको अर्थ मूलतः व्यङग्यार्थ (रसध्वनि, वस्तुध्वनि र अलङ्कारध्वनिमध्ये कुनै एक) लाई नै मान्दछन्। प्रतीयमान अर्थ भनेको पनि यही व्यङ्ग्यार्थ हो।

ध्वनिका परिभाषाहरू विभिन्न आचार्यहरूले दिएका छन्। तिनका प्रमुख परिभाषाहरू तल दिइन्छ-

आनन्दवर्धन – ध्वनि काव्यको आत्मा हो र यो प्रतीयमान हुन्छ।

अभिनवगुप्त – वस्तु, रस, अलङ्कार ध्वनित हुने काव्य ध्वनि हो।

मम्मट – वाच्यार्थभन्दा व्यङ्ग्यार्थ उत्तम हुन्छ र त्यस्तो व्यङ्ग्यार्थ नै ध्वनि हो।

माथिका परिभाषाहरूले व्यङ्ग्यार्थ वा प्रतीयमान अर्थलाई ध्वनि मानेको पाइन्छ।

## 5.3 ध्वनि विरोधी मत

संस्कृत काव्यशास्त्रमा काव्यको आत्मा विषयय विचार गर्ने विद्वानहरूले काव्य सिद्धान्तहरूमा 'ध्वनि सिद्धान्त' – लाई महत्वपूर्ण र उत्तम मानेका छन् । जुन आचार्यहरूले काव्यका आत्माको रूपमा ध्वनिलाई महत्त्व दिँदै उनीहरूका मतहरूकै आधारमा ध्वनि - सम्प्रदाय पनि प्रचलित भएको गएको देखिन्छ । ध्वनिवादी आचार्य **आनन्दवर्धन**लाई ध्वनि सिद्धान्तको प्रवर्तक आचार्य मानिने

गरिन्छ । उनले आफ्नो 'ध्वन्यालोक' नामक ग्रन्थको रचना गरेका छन् । मूलरूपमा ध्वनि - सिद्धान्तको निम्ति ध्वन्यालोकलाई एक मात्र प्रमुख ग्रन्थ पनि मानिने गरिन्छ । आचार्य आनन्दवर्धनले ९ औं शताब्दीमा यस ध्वनि सिद्धान्तको स्थापना गरेको मानिन्छ । उनले विशेष तीन सम्प्रदायहरूको उल्लेखहरूलाई ध्वनि विरोधी मतको खण्डन गरेको पाइन्छ । ती हुन् –

१. अभावादी २. भक्तिवादी र ३. अनिर्वचनियतावादि ।

यी तीनै ध्वनि विरोधी मतको खण्डन क्रममा ध्वनि - सिद्धान्त पनि स्थापना हुनसकेको कतिपय विद्वानहरूले मानेका छन् ।

कुनै पनि वस्तुको उत्पादन पछि त्यसको सकारात्मक र नकारात्मक टिप्पणी हुने कुरा त स्वाभाविकै छ । साहित्य र सिद्धान्तमा पनि कुनै वादको निर्माण पछि त्यसमा विभिन्न खण्डन हुने गर्छन् । आचार्य आनन्दवर्द्धनले ध्वनि सिद्धान्तको उत्पत्तिपछि हुन सक्ने खण्डनको पूर्वकल्पना गरेर त्यसको निराकरण समेत गरेका छन् । पछि उठ्न सक्ने तर्कलाई पहिले नै मत्थर पार्ने काम उनले गरेका छन् । आनन्दवर्द्धनले ध्वनि निरूपणको क्रममा सम्भावित विरोधी मतको कल्पना गरी त्यसको युक्तिपूर्ण खण्डन गरेका छन् । उनकाअनुसार ध्वनि विरोधी मत र त्यसको खण्डन यस प्रकार छन् : -

## 5.3.1 अभाववादी मत

यस मतअनुसार ध्वनि अप्रसिद्ध छ । प्राचीन आचार्यहरूले यसलाई कुनै मान्यता दिएका छैनन् । यस मतको खण्डन गर्दै आनन्दवर्द्धन ले ध्वनिको

अस्तित्व छैन भन्नु गलत ठहर गरेका छन् । उनले ध्वनि अप्रसिद्ध र अज्ञात जस्तो देखिए पनि असिद्ध वस्तु नभएको बताउँछन् । वास्तवमा ध्वनिमा नै काव्यत्व छ र ध्वनिमय काव्य नै आल्हादकारी हुने हुँदा यो काव्यको आत्मा बनेको मत आनन्दवर्द्धनले प्रस्तुत गरेका छन् ।

### 5.3.2 अन्तर्भाववादी मत

आनन्दवर्द्धनले ध्वनिलाई अलङ्कार, गुण, रीति, वृत्ति आदिमा अन्तर्भाव गरे हुन्छ भन्ने अन्तर्भाववादीहरूको विचारलाई अनुचित ठान्दै केवल वाच्य वाचक सम्बन्धमा आश्रित अलङ्कारादिमा व्यङ्ग्य व्यञ्जक सम्बन्धमा आश्रित भई अलौकिक आनन्द प्रदान गर्ने ध्वनिलाई अन्तर्भाव गर्न नसकिने तर्क प्रस्तुत गरेका छन् । यस हिसाबले ध्वनिलाई अन्य साहित्य सिद्धान्तमा अन्तर्भाव गर्न सकिँदैन भन्ने मत आनन्दवर्द्धनको छ ।

### 5.3.3 भाक्तवादी मत

लक्षणाले अर्थमा आल्हाद प्रदान गर्छ भन्ने मत भाक्तवादी वा लक्षणावादी मत हो । यस मतको खण्डन गर्दै आनन्दवर्द्धन ले ध्वनि र लक्षणको स्वरूप नै भिन्न रहेको भन्दै लक्षण एउटा आरोपित गौण वृत्ति मात्र हो र ध्वनि व्यञ्जनाबाट प्राप्त हुने मुख्य अर्थ भएकोले यी दुईबिच एकरूपता हुन नसक्ने तर्क व्यक्त गरेका छन् । उनले लक्षणाले लक्ष वस्तुको मात्र अर्थ व्यक्त गर्छ, यो ध्वनि हुन सक्दैन साथै अतिव्याप्ति र अव्याप्ति दोषका कारण लक्षणा र ध्वनि एक हुन सक्दैनन् भन्दै यस मतको खण्डन गरेका छन् ।

### 5.3.4 अनिर्वचनीयतावादी मत

यस मतको खण्डन गर्दै आनन्दवर्द्धन ले संसारका अनेकौँ अभौतिक वस्तुको निर्वाचन गर्न सकिन्छ भने ध्वनि अनिर्वचनीय हुन्छ भन्नु अज्ञानता भएको मत प्रस्तुत गरेका छन् । ध्वनिको वर्णन वर्गीकरण र परीक्षण समेत गर्न सकिने हुँदा यो निर्वचनीय हुन्छ भन्ने उनको तर्क रहेको छ । यसरी आनन्दवर्द्धनले ध्वनि विरोधी सम्भावित मतको खण्डन गरेर ध्वनि सिद्धान्तलाई स्थापित गराउने काम गरेका छन् (सहाय राजवंशः २००७ ई, ७६) । उनले वैज्ञानिक र तथ्यपूर्ण रूपमा ध्वनिलाई स्वतन्त्र सत्ता प्रदान गरेका छन् ।

## 5.4 ध्वनि विरोधी मतको खण्डन

आचार्य आनन्दवर्द्धनले काल्पनिक विरोधी मतको खण्डन गर्दै ध्वनि सिद्धान्त निर्माण गरे । उनले सम्भावित खण्डनको निरूपण गरे पनि यो सिद्धान्त विरोधी मतबाट अछुतो रहन सकेन । सिद्धान्त प्रतिपादन पछि केही आचार्यहरूले यसको खण्डन गरेका छन् ।
प्रथमतः आचार्य मुकुलभट्टले ध्वनि सिद्धान्तको विरोध गरेका छन् ।

*शब्दव्यापारतो यस्य प्रतीतिस्तस्य मुख्यता*

*अर्थावसेयस्य पुनर्लक्ष्यमाणत्वमुच्यते ।।*

यस भनाइ अनुसार उनले कुनै पनि शब्दको अभिधा र लक्षणा गरी दुई अर्थ हुन्छन्, मुख्यार्थ नै वास्तविक अर्थ भएकोले ध्वनि अनावश्यक भएको मत प्रतुत गरेका छन् । (सहाय राजवंशः २००७ ई,) त्यस्तै

मुकुलभट्टको मतबाट प्रभावित भएर धनन्जय र धनिकले तात्पर्य शक्तिमा जोड दिएका छन् । तात्पर्य शक्तिमा नै ध्वनिको अन्तर्भाव गर्दै उनीहरू अभिधा तथा लक्षणा शक्तिको सत्ता स्वीकार गर्दै व्यञ्जनाको शक्तिमाथि प्रश्न चिन्ह लगाएका छन् । प्रतीयमान अर्थ तात्पर्य अर्थबाटै बोध हुने हुँदा ध्वनिको कल्पना निरर्थक छ , तात्पर्यार्थको समापन जहाँ हुन्छ ध्वनि त्यहीँ हुन्छ, कुनै पनि वाक्य तात्पर्यार्थमा विश्रान्ति नभई त्यो काव्यको प्रयोजनमा आएर विश्रान्ति हुने हुँदा जहाँ व्यङ्ग्य हुन्छ त्यहाँ ध्वनिको स्वीकृति उचित नभएको मत धनन्जय र धनिकको रहेको छ ।

*एतावत्येव विश्रान्तिस्तात्पर्येस्येति किं कृतम् ।*

*यावत्कार्यप्रसारित्वात्तात्पर्य न तुलाधृतम् ।।*

यसो भन्दै यी आचार्यहरू ध्वनि सिद्धान्तको स्वतन्त्र सत्ता अस्वीकार गरेका छन् । (धनन्जय, धनिकः २०४३, ४/४)

ध्वनि सिद्धान्तका प्रबल विरोधी आचार्य महिम भट्टले ध्वनि सिद्धान्तको व्यापक खण्डन गरेका छन् । उनले आफ्नो कृति व्यक्तिविवेकमा ध्वन्यार्थको प्रतीत अनुमानबाट हुन्छ भन्दै ध्वनि सिद्धान्तमा नै दोष देखाएका छन् । उनले आनन्दवर्द्धन को ध्वनि परिभाषामा दश दोष देखाएका छन् ।

*अर्थस्य विशिष्टत्वं शब्दः सविशेषणस्तदः पुंस्त्वम् ।*

*द्विवचन वा शब्दौ च, व्यक्तिध्वनिर्नाम काव्यवैशिष्ट्यम् ।।*

*वचनश्च कथनकर्तुः कथिता ध्वनिलक्षणीति दश दोषाः ।*

*ये त्वन्ये तद्भेदप्रभेदलक्षणगता न ते गणिता ।।*

अर्थात् उनले ध्वनि लक्षणमा अर्थको उपसर्जनीकृतात्म स्वरूप विशेषण उपयुक्त छैन । लक्षणमा प्रयुक्त शब्द नै अनुपयुक्त छ । 'अर्थ' पदको अभिप्राय अनिश्चित छ । 'तम्' नामक पुलिङ्ग शब्दको प्रयोग अनुचित छ । 'व्यङ्क्त': क्रियापदमा द्विवचन अनुपयुक्त छ । 'च' संयोजकको प्रयोग अनुचित छ । 'व्यक्ति' को सिद्धिमा दोष छ । लक्षण कारीकामा 'काव्य विशेष' पदको प्रयोग उपयुक्त छैन । काव्य लक्षणमा 'ध्वनि' शब्दको प्रयोग निरर्थक छ । लक्षणमा कथित क्रियापद 'सूरभि'को प्रयोग निरर्थक छ (महिमभट्टः २०३५, १/२३ ) भनेका छन् । उनले वाच्यार्थका अतिरिक्त जति अर्थको ज्ञान हुन्छ ती सबै अनुमानमा परिणत हुन्छन्, काव्यको एक मात्र शक्ति अभिधा हो, लक्षणा नामक शब्द व्यापार हुनै सक्दैन व्यञ्जना अनुमानमा रहन्छ । ध्वनि पनि लक्षणा र व्यञ्जना जस्तै अनुमानमै समाविष्ट हुन्छ भन्ने मत राखेका छन् । त्यस्तै उनका अनुसार शब्दमा यति शक्ति हुँदैन जसले एक पटकमै एकाधिक अर्थ प्रकट गरोस् । महिम भट्टले कल्पनाको आधारमा गरेको ध्वनि व्याख्या र उदाहरणको पुनर्व्याख्या गरी ध्वनि काव्यात्मा नभएको सिद्ध गरेका छन् ।

## 5.5 ध्वनि विरोधी मतको मण्डन

आचार्य आनन्दवर्द्धनद्वारा प्रतिपादित ध्वनि सिद्धान्तलाई लिएर विभिन्न मत मतान्तर भएका छन् । पूर्ववर्ती केही आचार्यहरूले यस सिद्धान्तको खण्डन गरे तापनि केही आचार्यले मण्डन पनि गरेका छन् ।

सर्वप्रथम विवादित मतलाई मत्थर पार्दै अभिनव गुप्तले ध्वनि सिद्धान्तलाई काव्य जगतमा स्थायित्व प्रदान गर्दै ध्वनि सिद्धान्तको स्पष्टीकरणको क्रममा यस सम्प्रदायको सुदृढ आधारशिला प्रदान गरेका छन् । गुप्तले ध्वनिका प्रकारमध्ये रस ध्वनिलाई विशेष महत्त्वका साथ हेरेका छन् । ध्वनि वस्तु , अलङ्कार , रस गरी तीन प्रकारका हुन्छन् र रस ध्वनि नै गुप्तका विचारमा ध्वनिको आत्मा हो । अभिनव गुप्तले ध्वनिको प्रयोग पाँच अर्थमा हुने बताएका छन् । उनी शब्द, अर्थ, र शब्द व्यापार तीन वटैलाई ध्वनि मानी त्यसका पाँच अर्थमा प्रस्तुत गरेका छन् ।

अभिनव गुप्तको मतअनुसार ध्वनिको चारवटा अर्थ हुन्छ । ती हुन् –

५. जसले ध्वनित गर्छ गराउँछ त्यो व्यञ्जक शब्द ध्वनि हो । उनले यसो भनेका छन् –

ध्वनयति यः व्यञ्जकः शब्दः स ध्वनिः ।

६. जसले ध्वनित गर्छ गराउँछ त्यो व्यञ्जक अर्थ ध्वनि हो । अर्थात्

ध्वनति ध्वनयति वा यः सः व्यञ्जकोऽर्थः ध्वनिः ।

७. जुन ध्वनित हुन्छ त्यो ध्वनि हो । अर्थात्

ध्वन्यते इति ध्वनिः।

८. जसद्वारा ध्वनित हुन्छ त्यो ध्वनि हो वस्तु, अलङ्कार र रस ध्वनित हुनु नै ध्वनि हो अर्थात् ध्वन्यतेऽस्मिन्तिति ध्वनिः।

संस्कृतमा ध्वनिबारे यसो भनिएको पाइन्छ –

अर्थो वा शब्दो वा व्यापारो वा । अर्थोऽपि बाच्यो वा ध्वननीति शब्दोऽप्येवम्।

व्यङ्गयो वा ध्वन्यत इति व्यापारो वा शब्दार्थयोध्र्वननमिति ।

कारीका तु प्रधान्येन समुदाय एवं काव्यरुपो मुख्यता ध्वनि रीति प्रतिपादितम्।

तेन वाच्योऽपि ध्वनिः वाचकोऽपि शब्दो ध्वनिः, द्वयोरपि व्यञ्जकत्वं ध्वननीति कृत्वा ।

संमिश्रयते विभावानुभावसंवलनयेति व्यङ्गयोऽपि ध्वनिः ध्वन्यत इति

कृत्वा शब्द नं शब्दः शब्दव्यापारः स

चासावभिधादिरुपः, अतिस्वात्मभूतः सोऽपि ध्वनिः ।

काव्य मिति व्यपदेश्यश्च योऽर्थः सोऽपि ध्वनिः

उक्तप्रकारध्वनिचतुष्टयमयत्वात् पश्तधाऽपि ध्वनिशब्दार्थे

येन यत्र यतो यस्य यस्मै इति बहुव्रीह्यार्थाश्रयेण यथोचितं सामानधिकरण्यं सुयोग्यम् ।

यसो भन्दै आचार्य अभिनव गुप्तले आनन्धवद्र्धन कृत ध्वनि सिद्धान्तलाई काव्य जगतमा पुनस्थापना गराउने काम गरे । (गुप्तः १९९६ सन्, ३/३७–२८२)

त्यस्तै अर्का आचार्य भोजराजले काव्यमा ध्वनिलाई स्वीकार गर्दै ध्वनिको विवेचन स्वतन्त्र ढङ्गले गरेका छन् । उनले शब्दालङ्कार र अर्थालङ्कारमा ध्वनिको रूप प्रदर्शित गरी अलङ्कार र गुणलाई नै ध्वनि मानेका छन् । यिनले तात्पर्य शक्तिलाई ध्वनिको अभिन्न पक्ष मानी तात्पर्यकै अन्तर्गत ध्वनिको विवेचन गरेका छन् । लेखक शब्दद्वारा जुन अर्थको अभिव्यक्ति दिन्छ त्यही तात्पर्य हो । तात्पर्य अभिधीयमान, प्रतीयमान तथा ध्वनि रूप जस्ता अनेक प्रकार रहेको मत भोजराजको छ । यिनले ध्वनिलाई शब्द ध्वनि, अर्थ ध्वनि, अनुनादध्वनि र प्रतिध्वनि गरी वर्गीकरण गरेका छन् । व्यङ्यार्थलाई स्वीकार गरी वाच्यार्थपश्चात आउने अर्थको रूपमा लिने भोजराजले आनन्दवर्द्धन को ध्वनि सिद्धान्तलाई पूर्ण समर्थन नगरी आफ्नै प्रकारले व्याख्या गरेका छन् । (सहायः २००७ ई १५१)

ध्वनि सिद्धान्तको व्यापक चर्चा परिचर्चा र सिद्धान्तलाई व्यवस्थित बनाउने आचार्य मम्मटले ध्वनि सिद्धान्तको चित्त बुझ्दो पुनराख्यान गर्दै आनन्दवर्द्धन र अभिनव गुप्तपश्चात उद्भावित ध्वनि विरोधी मतका सयुक्तिक खण्डन गरी ध्वनि सिद्धान्तलाई काव्य जगतमा अस्तित्ववान् बनाउने काम गरे । उनले ध्वनि र व्यङ्ग्यको स्वरूप, भेद, र आनन्दवर्द्धन सम्मत रूप प्रस्तुत गरी

त्यसलाई प्रमाणिकसमेत बनाए । यिनले ध्वनिको व्यापकता, महत्ता एवं उपयोगिता सिद्ध गर्दै ध्वनिको शुद्ध ५१ भेदको सोदारोहण प्रस्तुत गरे । आचार्य मम्मटले महिमभट्टद्वारा व्यक्त ध्वनि अनुमानमा रहन्छ भन्ने मतको तर्कपूर्ण खण्डन गर्दै ध्वनि वाच्यार्थ र लक्ष्यार्थ भन्दा सर्वदा पृथक् हुने बताए ।

प्रथमतः उनले वाच्यार्थ र व्यङ्ग्यार्थबिच तुलना गरी यिनीहरूमा बोद्धा, स्वरूप, प्रतीतिकाल, आश्रय, निमित्त सङ्ख्या र विषयमा भिन्नता रहेको पुष्टि गरे भने लक्ष्यार्थ र व्यङ्ग्यार्थमा पनि भिन्नता भएकोले ध्वनि वाच्यार्थ र लक्ष्यार्थ भन्दा भिन्न व्यङ्ग्यार्थ रहेको मत सार्वजनिक गरे । यसै क्रममा मम्मटले तात्पर्य शक्ति र अभिधा शक्ति जस्ता ध्वनि विरोधी मतलाई प्रस्तुत गर्दै तिनको पनि खण्डन गरेका छन् । मम्मटका मतमा अभिधा र लक्षणद्वारा व्यङ्गयार्थ प्रकट नभएझैँ तात्पर्यशक्तिद्वारा पनि ध्वनि व्यक्त हुँदैन । यिनले अभिधालाई दीर्घ – दीर्घत्तर व्यापार मान्ने आचार्यहरूको विरोध गरी उनीहरूलाई तात्पर्यको ज्ञान नभएका महा मूर्ख ठानेका छन् । (उपाध्यायः २०६७, १८९)

## 5.6 उपसंहार

पूर्वीय साहित्य चिन्तन परम्परामा विवादास्पद भएर पनि स्थापित हुन सफल भएको ध्वनि सिद्धान्त काव्यको महत्त्वपूर्ण सिद्धान्तको रूपमा रहेको छ । वैदिक साहित्यदेखि समालोचनाको चर्चामा सानो ठाउँ बनाउँदै आएको यस सिद्धान्तले आनन्दवर्द्धन पछि आफ्नो विराट रूप देखाउन सफल भएको हो ।

कुनै पनि वस्तु वा सिद्धान्तका राम्रा र नराम्रा पक्ष हुन्छन् साथै विवाद र समर्थन पनि । विवादमा सङ्घर्ष गरी आफ्नो अस्तित्व कायम गर्ने र समर्थक बटुल्ने काम ध्वनि सिद्धान्तले गऱ्यो । आनन्दवर्द्धनले ध्वनि सिद्धान्त प्रतिपादन गर्ने समयमै त्यसका सम्भावित विरोधी मतको समाहार गरे पनि मुकुलभट्ट, धनन्जय, धनिक, महिमभट्ट आदि उत्तरवर्ती आचार्यहरूले यस सिद्धान्तको उछित्तो काँडे भनेका थिए ।

उनीहरूको विरोधी मतलाई मत्थर पार्दै साहित्य सिद्धान्तमा ध्वनि सिद्धान्तलाई जीवित राख्ने काम विशेषतः अभिनव गुप्त र आचार्य मम्मटले नै गरे । उनीहरूको प्रबल प्रयासमा नै ध्वनि सिद्धान्तले साहित्य सिद्धान्तको रूपमा मौलाउने अवसर प्राप्त गरेको हो । **ध्वनी** कम्पन हो, जसलाई सुन्ने ईन्द्रीय, कानले महसुस् गर्छ । मेकानिकल कम्पन र हावाको चाप द्वारा ध्वनी उत्पादन हुन्छ । हामीले ध्वनि कसरी सुन्छौ त ? ध्वनि सुनिनको लानि ध्वनिको स्रोतबाट हाम्रो कान सम्म ध्वनिको स्थान्तरण हुन जरुरी हुन्छ | ध्वनिको स्रोतबाट उत्पन्न भएको तरन्ग हावामा अवस्थित शुक्ष्म मोलिकुलहरू एक आपसमा एक पछि अर्को गर्दै ठोकिएर हाम्रो कान सम्म पुग्छ |

साहित्य र सिद्धान्तमा पनि कुनै वादको निर्माण पछि त्यसमा विभिन्न खण्डन हुने गर्छन् । आचार्य आनन्दवर्द्धनले ध्वनि सिद्धान्तको उत्पत्तिपछि हुन सक्ने खण्डनको पूर्वकल्पना गरेर त्यसको निराकरण समेत गरेका छन् । पछि उठ्न सक्ने तर्कलाई पहिले नै मत्थर पार्ने काम उनले गरेका छन् । आनन्दवर्द्धनले ध्वनि निरूपणको क्रममा सम्भावित विरोधी मतको कल्पना गरी त्यसको युक्तिपूर्ण खण्डन गरेका छन् । तात्पर्य शक्तिमा नै ध्वनिको

अन्तर्भाव गर्दै उनीहरू अभिधा तथा लक्षणा शक्तिको सत्ता स्वीकार गर्दै व्यञ्जनाको शक्तिमाथि प्रश्न चिन्ह लगाएका छन् । प्रतीयमान अर्थ तात्पर्य अर्थबाटै बोध हुने हुँदा ध्वनिको कल्पना निरर्थक छ , तात्पर्यार्थको समापन जहाँ हुन्छ ध्वनि त्यहीँ हुन्छ, कुनै पनि वाक्य तात्पर्यार्थमा विश्रान्ति नभई त्यो काव्यको प्रयोजनमा आएर विश्रान्ति हुने हुँदा जहाँ व्यङ्ग्य हुन्छ त्यहाँ ध्वनिको स्वीकृति उचित नभएको मत धनन्जय र धनिकको रहेको छ ।

## 5.7 सार

यस प्रखण्डमा **ध्वनिको अर्थ र परिचय, ध्वनि विरोधी मत र तिनका खण्डन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ध्वनिवादी आचार्य आनन्दवर्धनले काव्यको मुख्य स्वरूप ध्वनि हो भन्ने अवधारणा ल्याएका छन् ।
- ध्वनि भनेको काव्यको अन्तरङ्ग वा आत्मगत तत्त्व हो र यिनले यही आत्मगत तत्त्वलाई बढी प्रमुखता दिए तापनि शब्द र अर्थको उपेक्षा गरेका छैनन् ।
- वैदिक साहित्यदेखि समालोचनाको चर्चामा सानो ठाउँ बनाउँदै आएको यस सिद्धान्तले आनन्दवर्द्धन पछि आफ्नो विराट रूप देखाउन सफल भएको हो ।
- कुनै पनि वस्तु वा सिद्धान्तका राम्रा र नराम्रा पक्ष हुन्छन् साथै विवाद र समर्थन पनि । विवादमा सङ्घर्ष गरी आफ्नो अस्तित्व कायम गर्ने र समर्थक बटुल्ने काम ध्वनि सिद्धान्तले गर्‍यो ।

- आनन्दवर्द्धनले ध्वनि सिद्धान्त प्रतिपादन गर्ने समयमै त्यसका सम्भावित विरोधी मतको समाहार गरे पनि मुकुलभट्ट, धनन्जय, धनिक, महिमभट्ट आदि उत्तरवर्ती आचार्यहरूले यस सिद्धान्तको उछित्तो काँडे भनेका थिए ।
- उनीहरूको विरोधी मतलाई मत्थर पार्दै साहित्य सिद्धान्तमा ध्वनि सिद्धान्तलाई जीवित राख्ने काम विशेषतः अभिनव गुप्त र आचार्य मम्मटले नै गरे ।
- उनीहरूको प्रबल प्रयासमा नै ध्वनि सिद्धान्तले साहित्य सिद्धान्तको रूपमा मौलाउने अवसर प्राप्त गरेको हो ।
- **ध्वनि** कम्पन हो, जसलाई सुन्ने ईन्द्रीय, कानले महसुस् गर्छ । मेकानिकल कम्पन र हावाको चाप द्वारा ध्वनी उत्पादन हुन्छ ।
- ध्वनिको स्रोतबाट उत्पन्न भएको तरन्ग हावामा अवस्थित शुक्ष्म मोलिकुलहरू एक आपसमा एक पछि अर्को गर्दै ठोकिएर हाम्रो कान सम्म पुग्छ ।
- साहित्य र सिद्धान्तमा पनि कुनै वादको निर्माण पछि त्यसमा विभिन्न खण्डन हुने गर्छन् ।
- आचार्य आनन्दवर्द्धनले ध्वनि सिद्धान्तको उत्पत्तिपछि हुन सक्ने खण्डनको पूर्वकल्पना गरेर त्यसको निराकरण समेत गरेका छन् । पछि उठ्न सक्ने तर्कलाई पहिले नै मत्थर पार्ने काम उनले गरेका छन् ।
- आनन्दवर्द्धनले ध्वनि निरूपणको क्रममा सम्भावित विरोधी मतको कल्पना गरी त्यसको युक्तिपूर्ण खण्डन गरेका छन् । तात्पर्य शक्तिमा नै ध्वनिको अन्तर्भाव गर्दै उनीहरू अभिधा तथा लक्षणा शक्तिको सत्ता स्वीकार गर्दै व्यञ्जनाको शक्तिमाथि प्रश्न चिन्ह लगाएका छन् ।

- ❖ प्रतीयमान अर्थ तात्पर्य अर्थबाटै बोध हुने हुँदा ध्वनिको कल्पना निरर्थक छ , तात्पर्यार्थको समापन जहाँ हुन्छ ध्वनि त्यहीँ हुन्छ ।
- ❖ कुनै पनि वाक्य तात्पर्यार्थमा विश्रान्ति नभई त्यो काव्यको प्रयोजनमा आएर विश्रान्ति हुने हुँदा जहाँ व्यङ्ग्य हुन्छ त्यहाँ ध्वनिको स्वीकृति उचित नभएको मत धनन्जय र धनिकको रहेको छ ।

यस प्रखण्डको अध्ययनले **ध्वनिको अर्थ र परिचय, ध्वनि विरोधी मत र तिनका खण्डन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । काव्यको परिचय र यसका हेतु र प्रयोजन सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 5.8 अनुशीलनी

१. ध्वनिको परिभाषाबारे चर्चा गर्दै यसको काव्यमा के कस्तो भूमिका रहेकोबारे सविस्तार चिनाउनुहोस् ।

२. ध्वनिको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको उत्पत्तिबारे विभिन्न आचार्यहरूका मतको टिप्प्णी गर्नुहोस् ।

३. काव्यको ध्वनि भन्नाले के बुझिन्छ ? बताउनुहोस् ।

४. ध्वनिविज्ञान भनेको के हो ? सबिस्तार चर्चा गर्नुहोस् ।

५. काव्यमा रहेको ध्वनिका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

६. ध्वनि विरोधी मत के कारणले उत्पन्न भएको ठान्नुहुन्छ ? विवेचना गर्नुहोस् ।

७. काव्यमा ध्वनिको के - कस्तो महत्व र मूल्य रहेको ठान्नुहुन्छ ? आफ्नो तर्क दिनुहोस् ।

८. ध्वनि विरोधी मत कति प्रकारका हुन्छन् ? चर्चा गर्नुहोस्।

९. ध्वनि विरोधी मतको खण्डन गर्दै एउटा टिप्पणी लेख्नुहोस् ।

१०. काव्य ध्वनि विरोधी मतको मण्डनबारे आफ्नो विवेचना प्रस्तुत गर्नुहोस्।

११. काव्यमा ध्वनिको मुख्य विशेषताबारे एउटा लेख लयार पार्नुहोस् ।

१2. काव्य ध्वनिको प्रमुख वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 5.9अतिरिक्त अध्ययन

४७. सिग्देल, सोमनाथ – **साहित्य प्रदीप** ।

४८.उपाध्याय, डा. केशवप्रसाद – **साहित्य प्रकाश** ।

४९.अधिकारी, हेमाङ्ग – **पूर्वीय समालोचना - सिद्धान्त** ।

५०.हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

५१.उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

५२. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

५३. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श** ।

५४. न्यौपाने, टङ्कप्रसाद, सन् १९९२, **साहित्यको रूपरेखा ।**

५५. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

५६.*आनन्दवर्द्धन - **ध्वन्यालोक,** वाराणसी चौखम्बा :संस्कृत सिरिज ।*

५७. *गुप्त, अभिनव – **नाट्यशास्त्र** , वाराणसी ।*

५८. *धनञ्जय, धनिक* - ***दश रुपक*** *।*

५९.*महिमभट्ट* - ***व्यक्ति विवेक*** *।*

६०. *सहाय, राजवंश* - ***भारतीय काव्यशास्त्रका इतिहास,*** *वाराणासी ।*

यस अतिरिक्त ध्वनि र यसको विरोधीबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 5.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. ध्वनिको अर्थ र परिभाषा ।

..........................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ५.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. ध्वनि विरोधी विभिन्न मतहरू ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ५.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. ध्वनि विरोधी मतको खण्डन ।

.................................................................................................

.......

.................................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ५.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. ध्वनि वोरोधी मतको मण्डन ।

.................................................................................................

.......

.................................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ५.५ खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

५. अभाववादी मत र भक्तिवादी मतमा पार्थक्य ।

.................................................................................................

.......

.................................................................................................

.......

Notes

(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ५.४.१ र ५.४.४ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

# एकाइ – ६, शब्दशक्ति र व्यङ्ग्यार्थ

## संरचना

6.0 उद्देश्य

6.1 परिचय

6.2 शब्दशक्तिको अर्थ र परिभाषा

6.3 शब्दशक्तिको प्रकार

6.3.1 अभिधा

6.3.2 लक्षणा

6.3.3 व्यञ्जना

6.4 व्यङ्ग्यार्थ

6.4.1 शाब्दी व्यञ्जना शब्दशक्ति

6.4.2 आर्थी व्यञ्जना शब्दशक्ति

6.5 उपसंहार

6.6 सार

6.7 अनुशीलनी

6.8 अतिरिक्त अध्ययन

6.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 6.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- काव्यको सामान्य परिचय
- काव्यका अर्थ र परिभाषा
- काव्य वा साहित्यका विविध विधाहरू
- श्रव्यकाव्य र दृष्यकाव्य साथै यसका विविध विधाहरू कविता , समालोचना ,निबन्ध ,नाटक ,उपन्यास ,कथाआदिबारे अध्ययन

## 6.1 परिचय

साधारण रूपमा शब्दको अर्थ बोध गराउने शक्तिलाई 'शब्द शक्ति' भनिन्छ । शब्द - शक्तिलाई संक्षेपमा 'शक्ति' मात्र पनि भनिने गरिन्छ । कहिले काही यसलाई 'वृत्ति' या 'व्यापार' पनि भनिएको पाइन्छ । अतः जुन शक्तिद्वारा शब्दका अर्थगत प्रभाव पर्दछ, त्यो नै शब्दशक्ति हो । काव्यमा रसको विशेष सञ्चार शब्द – शक्तिका माध्यमद्वारा हुने गर्दछ । यस शक्तिमा शब्दहरूलाई विशेष महत्त्व मानिने गरिन्छ । काव्य - भाषामा वाक्यहरूको रचनाले यस कुराको सूचक गर्दछ कि त्यसमा अनेक प्रकारका शब्दहरूका प्रयोग प्रकरण, प्रसङ्ग र कवि - आशयका अनुसार हुने गर्दछ ।

तात्पर्य यही हुन्छ कि 'शब्दको शक्ति त्यस शब्दहरूमा अन्तर्निहित अर्थहरूलाई व्यक्त गर्ने एउटा व्यापार हो ।" अर्थलाई बोध गर्ने प्रसङ्गमा 'शब्द' कारण हुन्छ र अर्थलाई बोध गराउने व्यापार चाहिँ शब्द - शक्ति भनिन्छ । आचार्य मम्मटले व्यापार शब्दलाई र आचार्य विश्वनाथले शक्ति शब्दलाई शब्द – शक्तिमा प्रयोग गरेका छन् । हिन्दी साहित्यका रीतिकालीन आचार्य चिन्तामणिले शब्द – शक्तिको परिभाषा दिँदै यसरी लेखेका छन् - **"जो**

**सुनिन्छ, त्यो शब्द हो अनि जो सम्झिन्छ वा बुझिन्छ, त्यो चाहिँ अर्थ हो ।** " अर्थात स्पष्ट यही हुन्छ कि जुन ध्वनि हामी सुन्दछौं, त्यो 'शब्द' हो अनि त्यस ध्वनिबाट हामीलाई जो सङ्केत या मतलब ग्रहण हुन्छ, त्यो त्यसको 'अर्थ' बन्दछ । यसैले शब्दबाट अर्थको बोध हुँदछ । अतः शब्दलाई 'बोधक' (बोध गराउने) र अर्थलाई 'बोध्य' (जसबाट बोध गराइन्छ ) मान्न सकिन्छ ।

## 6.2 शब्दशक्तिको अर्थ र परिभाषा

भाषाको सार्थक एकाईलाई शब्द भनिन्छ । यो विभिन्न अक्षरहरूको समूहबाट निर्माण हुन्छ । वास्तवमा कुनै पनि अर्थ बुझाउने अक्षरहरूको समूह विषेशलाई शब्द भनिने हिनाले वक्ताले कुनै शब्द उच्चारण गरेपछि श्रोतालाई परिस्तिथिअनुरूप अन्य कुराहरूको बोध हुनेगर्छ । यो नै शब्द हो । पूर्वीय साहित्यका आचार्य पतञ्जली, भृर्तिहरी, नागेशभट्ट आदिले शब्दका दुई रूप मानेका छन् । ती हुन् – ध्वनि वा नाद रूप अनि स्फोट रूप । ध्वनि औचार्य र मुर्त रूप हो भने स्फोट अनुचार्य र अमुर्त रूप हो । ध्वनि वा नाद रूप भाषाको श्रावणीक वस्तु हो भने स्फोट रूप अवधारणाको रूप हो । कुनै पनि शब्द वक्ता र श्रोतामाझ ध्वनि वा नाद रूप अनि स्फोट रूपद्वारा प्रतित हुन्छ । मूलरूपमा उच्चारित शब्दको कुनै न कुनै अर्थ हुनेहुनाले शब्द र अर्थबीचको सम्बन्धलाई शब्दशक्ति भनिन्छ । अत: वाक्यमा प्रयोग भएको शब्दका अर्थ बुझाउने शक्तिलाई शब्दशक्ति भनिने गरिन्छ । वाक्यमा शब्दको प्रतीति वाचक, लक्षक र व्यञ्जकको अर्थमा हुनेगर्छ ।

शब्द तीन प्रकारका हुन्छन् - वाचक, लक्षक एवम् व्यञ्जक । यसै अनुरूप अर्थ पनि तीनै प्रकारका हुन्छन् - वाच्यार्थ, लक्ष्यार्थ एवम् व्यङ्ग्यार्थ । शब्द र अर्थका अनुरूप नै शब्दका तीन शक्तिहरू रहेको हुन्छ । ती हुन् - अभिधा, लक्षणा एवम् व्यञ्जना ।

| **शब्द** | **अर्थ** | **शक्ति** |
|---|---|---|
| वाचक/अभिधेय | वाच्यार्थ/अभिधेयार्थ/मुख्यार्थ | अभिधा |
| लक्षक/लाक्षणिक | लक्ष्यार्थ | लक्षणा |
| व्यञ्जक | व्यङ्ग्यार्थ/व्यङ्जनार्थ | व्यञ्जना |

वाच्यार्थ कथित हुने गर्दछ भने लक्ष्यार्थ लक्षित हुँदछ । व्यङ्ग्यार्थ व्यञ्जित, ध्वनित, सूचित या प्रतीत हुने गर्दछ । शब्दमा अर्थ तीन प्रकारले प्रयुक्त भएको पाइन्छ । अर्थका जुन तीन स्त्रोतहरू हुन्छन् , त्यसैको आधारमा शब्दको शक्तिहरूको पनि नामकरण गरिएको पाइन्छ । अभिधा शब्द – शक्तिबाट मुख्यार्थको बोध हुने गर्दछ भने लक्षणाबाट मुख्यार्थसित सम्बद्ध लक्ष्यार्थको वोध हुने गर्दछ । तर व्यञ्जनाबाट भने न मुख्यार्थको बोध हुने गर्दछ, न त लक्ष्यार्थको । बल्कि यी दुवै शब्द – शक्ति भन्दा भिन्न वा भित्र अर्थ व्यङ्ग्यार्थको बोध हुने गर्दछ ।

## 6.3 शब्दशक्तिको प्रकार

प्रक्रिया या पद्धतिको आधारमा शब्द - शक्ति तीन प्रकारका हुन्छन् । ती हुन् -

१. **अभिधा शब्द - शक्ति(Literal Sense Of a Word)**

२. **लक्षणा शब्द – शक्ति (Figurative Sense Of a Word)**

३. **व्यञ्जना शब्द – शक्ति (Suggestive Sense Of a Word)**

### 6.3.1 अभिधा शब्दशक्ति

जुन शव्दशक्तिको शाव्दिक अर्थ र भाव्रार्थ समान हुन्छ, त्यसलाई अभिधा शब्दशक्ति भनिन्छ । मुख्यार्थमा बाधा उत्पन्न नभइकन सोझै रूपमा वक्ताले भनेको कुरा वा उच्चारण गरेको शब्दको अर्थ श्रोतालाई प्रदान भए, त्यसलाई **अभिधा शब्दशक्ति** भन्न सकिन्छ । यस शब्दशक्तिमा कुनै पनि शब्दको साधारण रूप समान वा प्रचलित अर्थमा बुझिने गरिन्छ । अत: वाचक रूपमा शब्दको प्रतीति भए, त्यो नै **अभिधा शब्दशक्ति** हो ।

यस **अभिधा शब्द – शक्ति**लाई अङ्ग्रेजीमा Literal Sense Of a Word भनिन्छ । जुन शक्तिका माध्यमले शब्दका साक्षात् संकेतित (पहला/मुख्य/प्रसिद्ध/प्रचलित/पूर्वविदित) अर्थ बोध हुने गर्दछ, त्यसलाई 'अभिधा' भनिन्छ । जैसे - ' गाडी खड़ा छ ।' यस वाक्यलाई सुन्दा नै हाम्रो मनमा गाडी नामक एक विशेष प्रकारको वाहनलाई सम्झि हाल्छौ । यहाँ 'गाडी' वाचक शब्द हो, जसको मुख्यार्थ विशेष बाहन हो । परम्परा, कोश, व्याकरण आदिले यो अर्थ पूर्वविदित (पहलाबाटै ज्यात भएको) हुन्छ । यानी

शब्द र त्यसको अर्थका बीच कुनै प्रकारको बाधा उत्पन्न हुने गर्दैन । यसैले अभिधाको अर्थ 'नाम' पनि हुणदछ । अर्को अर्थमा भन्नुपर्दा शब्दहरूमा नामवाची अर्थलाई बोध गराउने शक्तिलाई अभिधा शब्द – शक्ति भन्न सकिन्छ । यो नाम जाति, गुण, द्रव्य या क्रियाको रूपमा रहेको हुन्छ र यो सबै साक्षात् संकेतित हुने गर्दछ । अभिधालाई **'शब्दका प्रथमा शक्ति'** पनि भनिने गरिन्छ ।

**उदाहरण** – कवि जयशंकर प्रसाद निरालाकी 'उनी तोड़छन् पत्थर' कविताको आरम्भिक पङ्क्तिहरू अभिधा शब्द – शक्तिको प्रयोगबाट प्रस्तुत गरिएको पाइन्छ –

**"उनी तोड़छन् पत्थर।**

**देखे उसलाई मैले इलाहाबादको पथमा ।"**

यी पङ्क्तिहरूमा कवि शब्दहरूमा सिधा - सिधै जुन अर्थलाई प्रकट गर्दछन् , त्यही अर्थ कविताको अर्थ पनि रहेको बुझिन्छ । कविले पत्थर तोड़दै गरेकी स्त्रीलाई इलाहाबादको पथमा देखेको यहाँ वर्णन पाइन्छ । अर्को **उदाहरण –** चन्द्र घर नआएको दुइ दिन भयो । चन्द्र रातमा उदाउँछ । उपर्युक्त दुवैवटा वाक्यमा 'चन्द्र' शब्दले भिन्दा – भिन्दै अर्थ बोध गराए पनि मुख्यार्थमा बाधा उत्पन्न नभइकन समान अर्थ प्रदान गरेको छ । यसैलाई अभिधेयार्थ भनिन्छ।

अमिधा शब्द - शक्तिका द्वारा तीन प्रकारका शब्दहरू विशेष रूपमा बोध हुने गर्दछ । ती हुन् - रूढ शब्द (जस्तै - कृष्ण), यौगिक शब्द (जस्तै - पाठशाला) एवम् योगरूढ शब्द (जस्तै - जलज) ।

## अभिधा शब्दशक्तिको प्रकार

अभिधा शब्दशक्तिको कुनै उपभेद नभए पनि पतिपय विद्वानहरूले यसको तीन भेद रहेको बताएका छन् । विशेष 'अभिधा' शब्द - शक्तिद्वारा तीन प्रकारका शब्दहरूको अर्थ बोध हुने हुनाले यसका तीन भेद रहेको विद्वानहरूले बताएका छन् । ती हुन् -

(1) **रूढ़ शब्द** - यो शब्द जातिवाचक हुने गर्दछ । जस्तै - घोड़ा, मनुष्य आदि ।

(2) **यौगिक शब्द** - यी शब्दहरूको अर्थ बोध अवयवहरू (प्रकृति र प्रत्यय) - को शक्तिका माध्यमद्वारा हुने गर्दछ । जस्तै - दिवाकर, सुधांशु आदि ।

(3) **योगरूढ़ शब्द** - यसको अर्थ - बोध समुदाय र अवयवहरूको शक्तिले हुने गर्दछ । यो शब्द यौगिक रूपमा रहेको हुन्छ भने रूढ़ पनि हुने गर्दछ । जस्तै - जलज, वारिज आदि । यसको यौगिक अर्थ जलमा उत्पत्र वस्तु हो । तर योगरूढ़ अर्थ केवल 'कमल' नै हुन्छ ।

## 6.3.2 लक्षणा शब्दशक्ति

जुन शव्दशक्तिको शाव्दिक अर्थ र भाव्रार्थ समान हुँदैन, त्यसलाई लक्षणा शब्दशक्ति भनिन्छ । मुख्यार्थमा बाधा उत्पन्न भएर सोझै रूपमा वक्ताले भनेको कुरा वा उच्चारण गरेको शब्दको अर्थ श्रोतालाई प्रदान नभएर भिन्दै लश्र्य अर्थको भरमा शब्दको अर्थ प्रतित भए , त्यसलाई **लक्षणा शब्दशक्ति** भन्न सकिन्छ । यस शब्दशक्तिमा कुनै पनि शब्दले आफ्नो मूल अर्थलाई छोडेर भिन्दै लक्षकको रूपमा अर्थ प्रदान गर्दछ । अत: वाचक शब्दले भन्न

चाहेको वाच्यार्थलाई नबुझाएर सम्बद्ध कुनै अर्थ प्रतीति भए, त्यो नै **लक्षणा शब्दशक्ति** हो । यस शब्दशक्तिले वाक्यको कुनै संज्ञा, सर्वनाम आदिको विशेषतालाई दर्शाउछ । त्यतिमात्र नभएर मुख्यार्थसँग सम्बद्ध अन्य अर्थ बुझ्नका लागि कुनै प्रयोजन ( उद्देश्य र आशय )- को खाचो परे, त्यसप्रकारको शब्दशक्तिलाई **लक्षणा शब्दशक्ति** भनिन्छ ।

**उदाहरण –** हरी कस्तो गोरू रहेछ ।

उपर्युक्त वाक्यमा हरी सिङ र पुच्छर भएको पशु भन्ने अर्थ नबुझाएर मुख्यार्थमा बाधा उत्पन्न भइ गोरू जस्तै विवेकहिन पशु समान अर्थ प्रदान गरेको छ । यसैलाई लक्षयार्थ भनिन्छ ।

# लक्षणा शब्दशक्तिको भेद

लक्षणा शब्दशक्तिको दुइ उपभेद छन् । ती हुन् – रूढि लक्षणा र प्रयोजनवती लक्षणा ।

## रूढि लक्षणा शब्दशक्ति

जुन शब्दशक्ति रूढिको आधारमा तथा परम्परागत चलनको रूपमा बोध हुन्छ, त्यसलाई **रूढि लक्षणा शब्दशक्ति** भनिन्छ । मुख्यार्थमा बाधा उत्पन्न भएपछि अर्थ स्पष्ट हुनलाई कुनै धारणाको आवश्यक्ता परे, त्यो नै **रूढि लक्षणा शब्दशक्ति** हो । रूढि भनेको परम्परागत चलन, धारणा हो । अत: जुन लक्षणा शब्दशक्तिको लक्ष्यार्थ रूढ भएर गएको हुन्छ, त्यसप्रकारको लक्षणा शब्दशक्तिलाई **रूढि लक्षणा शब्दशक्ति** भन्न सकिन्छ ।

**उदाहरण** – रमेश पढनमा कुशल छ ।

यस वाक्यमा **कुशल** शब्दको शाब्दिक अर्थ कुश एकठ्ठा गर्ने किशान वा व्यक्ति हो । तर परम्परागत रूपमा पछि यसको अर्थ रूढ भएर निपुण वा दक्ष भन्ने अर्थ भएको हो ।

## प्रयोजनवती लक्षणा शब्दशक्ति –

जुन शब्दशक्ति प्रयोजनको आधारमा तथा उद्देश्य र आशयको रूपमा बोध हुन्छ, त्यसलाई **प्रयोजनवती लक्षणा शब्दशक्ति** भनिन्छ । मुख्यार्थमा बाधा उत्पन्न भएपछि अर्थ स्पष्ट हुनलाई कुनै प्रयोजन सिद्धिका लागी शब्दको अर्थ प्रदान भए , त्यो नै **प्रयोजनवती लक्षणा शब्दशक्ति** हो । प्रयोजन भनेको खाँचो नभएर भाषाको क्षेत्रमा उद्देश्य र आशय हो । अतः जुन लक्षणा शब्दशक्तिको लक्ष्यार्थ केवल अर्थको प्रयोजन सिद्धिको निम्ति मात्र हुन्छ, त्यसप्रकारको लक्षणा शब्दशक्तिलाई **प्रयोजनवती लक्षणा शब्दशक्ति** भन्न सकिन्छ ।

**उदाहरण** – तलवारहरू मैदानमा उत्रिए ।

यस वाक्यमा **तलवार**लाई प्रयोजनको रूपमा सिपाही, लडाकु, सैनिक, योद्धा भनेर लिएको छ । अर्थ स्पष्ट वा छर्लङ्ग हुनको निम्ति तलवारको प्रयोजन सिपाही, लडाकु, सैनिक, योद्धा आदिको रूपमा प्रयोग भएको छ ।

**प्रयोजनवती लक्षणा शब्दशक्ति**को पनि अझ दुइ सह-उपभेद छन् । ती हुन् – **गौणी लक्षणा र शुद्धी लक्षणा ।**

### गौणी प्रयोजनवती लक्षणा शब्दशक्ति

जन प्रयोजनवती लक्षणा शब्दशक्तिमा समान गुण वा धर्मको आधारमा लक्ष्यार्थ बोध हुन्छ, त्यस शब्दशक्तिलाई **गौणी प्रयोजनवती लक्षणा शब्दशक्ति** भनिन्छ । वाक्यले भन्न चाहेको मुख्यार्थमा दुइ बस्तु तथा व्यक्तिबीच समानजस्य भए साथै प्रयोजन भएको शब्दको अर्थमा दुइ गुणको सम्बन्ध भए, त्यसलाई **गौणी प्रयोजनवती लक्षणा शब्दशक्ति** भन्न सकिन्छ।

**उदाहरण** – गान्धी भारतका पिता हुन् ।

यस वाक्यमा **गान्धी** शब्दमा बाधा उत्पन्न भइ गान्धीको समान गुण भारतीयहरूका पिताको रूपमा सम्बन्ध भएको छ । यहाँ पितालाई प्रयोजनको रूपमा लिएर गान्धीको गुण वा धर्मलाई दर्शाइएको छ ।

### शुद्धी प्रयोजनवती लक्षणा शब्दशक्ति

जुन प्रयोजनवती लक्षणा शब्दशक्तिमा शुद्ध रूपमा लक्ष्यार्थको बोध हुन्छ, त्यस शब्दशक्तिलाई **शुद्धी प्रयोजनवती लक्षणा शब्दशक्ति** भनिन्छ । वाक्यले भन्न चाहेको मुख्यार्थमा दुइ बस्तु तथा व्यक्तिबीच कुनै समानजस्य नभएकन साथै प्रयोजन भएको शब्दको अर्थ लक्ष्यार्थको निकटता, कार्यकारणभाव आदिको आधारमा स्पष्ट भए, त्यसलाई **शुद्धी प्रयोजनवती लक्षणा शब्दशक्ति** भन्न सकिन्छ ।

**उदाहरण** – रमेशको घर बाटोमा छ ।

यस वाक्यमा रमेशको घर र बाटोसित कुनै सम्बन्ध छैन । केवल प्रयोजनको रूपमा बोटो मात्र प्रयोग भएको छ । यहाँ घर र बाटोमा कुनै सादृश्य

सम्वन्ध नभएर अतिरिक्त अन्य सम्बन्ध तथा बाटोको छेउ, माथि कतै घर छ भनिएको भन्ने लक्ष्यार्श बोध हुन्छ ।

**शुद्धी प्रयोजनवती लक्षणा शब्दशक्ति**को पनि अझ चार सह-उपभेद छन् । ती हुन्- **उपादान लक्षणा, लक्षण लक्षणा, सारोपा लक्षणा** र **साध्यावसाना लक्षणा** ।

## उपादान लक्षणा

जुन शब्दशक्तिले आफ्नो मूल अर्थलाई नछोडी अन्यै अर्थ प्रदान गर्दछ, त्यस प्रकारको लक्षणा शब्दशक्तिलाई **उपादान लक्षणा** भनिन्छ । उपादानको अर्थ ग्रहण गर्नु हो । स्वअर्थलाई ग्रहण गरेर तथा नछोडीकन वाच्य अर्थसितै लक्ष्य अर्थ पनि बोध भए, त्यस शब्दशक्तिलाई **उपादान लक्षणा** भन्न सकिन्छ ।

**उदाहरण** – टोपीको इज्जत राख ।

यस वाक्यमा **टोपी** शब्दको अर्थ टाउकोमा लगाउने टोपी नभए तापनि टोपीको मूल अर्थलाई ग्रहण गरेर व्यक्तिको लाज, सम्पूर्ण जातिकै मान-मर्यादा भन्ने अर्थ स्पष्टिएको छ ।

## लक्षण लक्षणा

जुन शब्दशक्तिले वाक्यार्थ सिद्धिको निम्ति आफ्नो मूल अर्थलाई छोडेर केवल लक्ष्यार्थलाई मात्र सूचित गर्छ , त्यस प्रकारको लक्षणा शब्दशक्तिलाई **लक्षण लक्षणा** भनिन्छ । लक्षणको अर्थ स्वार्थ हो । वाक्यको लक्ष्य अर्थलाई सङ्केत गर्नुको निम्ति वाक्यको मतलबलाई त्यागेर भिन्नै अर्थ प्रदान गरे. त्यस

शब्दशक्तिलाई **लक्षण लक्षणा** भन्न सकिन्छ । यस प्रकारको शब्दशक्तिमा केवल लक्ष्य अर्थ मात्र सूचित भएको हुन्छ ।

**उदाहरण** – पेटमा आगो लाग्यो ।

उपर्युक्त वाक्यमा **आगो लाग्नु** लक्ष्य हो । तर **आगो**ले आफ्नो मूल अर्थलाई छोडेर केवल लक्ष्य अर्थ भोक लागेको भन्ने सङ्केत गरेको छ ।

**सारोपा लक्षणा**

जुन शब्दशक्तिमा समान गुणको आधारमा प्रयोजनवश लक्ष्यार्थको बोध हुन्छ , त्यस प्रकारको लक्षणा शब्दशक्तिलाई **सारोपा लक्षणा** भनिन्छ । सारोपाको अर्थ समान रूप हो । वाक्यको आफ्नो लक्ष्य अर्थलाई सङ्केत गर्नुको निम्ति शब्द र अर्थ दुवैमा अभेद सम्बन्द वा समान रूप भए, त्यस शब्दशक्तिलाई **सारोपा लक्षणा** भन्न सकिन्छ ।

**उदाहरण** – डोमा लामखुट्टे जस्ती छे ।

उपर्युक्त वाक्यमा **डोमा** र **लामखुट्टे**मा कमान रूप लक्षित भएको छ । यहाँ लामखुट्टेको जस्तै डोमाको खुट्टा भएको भन्ने नबुझिएर डोमा लामखुट्टे जस्तै दुब्ली रहेको बुझिन्छ ।

## साध्यावसाना लक्षणा

जुन शब्दशक्तिमा समान गुणको आधारमा प्रयोजनवश कुनै एउटाको लक्ष्यार्थ बोध हुन्छ , त्यस प्रकारको लक्षणा शब्दशक्तिलाई **साध्यावसाना लक्षणा** भनिन्छ । साध्यावसानाको अर्थ हराउनु वा लीन हुनु हो । यसर्थ वाक्यमा उपमेय र उपमान मध्ये कुनै एउटाको लोप भएर अर्कोको उल्लेख भए तथा उपमानमा उपमेय हराए वा उपमेयमा उपमान लीन भए , त्यस

शब्दशक्तिलाई **साध्यावसाना लक्षणा** भन्न सकिन्छ । यस प्रकारको शब्दशक्तिमा मूल अर्थ मध्ये एउटाको उल्लेख भएको हुँदैन ।

**उदाहरण** – अकबरी सुनलाई कसी लाउनु पर्दैन ।

उपर्युक्त वाक्यमा **सुन** आफैमा चम्किलो र मूल्यवान बस्तु हो । त्यसमाथि पनि अकबरी सुन त झन् चम्किलो र महङ्गा हुन्छन् । यसर्थ यसप्रकारको सुनलाई कसी लाएर वा सफा गरिरहनु कुनै आवश्यक्ता छैन भनिएको हो । यो शब्दशक्ति उखानसित सम्बन्धित हुन्छन् ।

यी चारैवटा **उपादान लक्षणा, लक्षण लक्षणा, सारोपा लक्षणा** र **साध्यावसाना लक्षणा** शब्दशक्तिको शुद्ध र गौण गरी अझ दुइ – दुइवटा उपभेद छन् ।

## 6.3.3 व्यन्जना

**प्रयोजनवती लक्षणाको भेद**

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| (1) गौणी लक्षणा | सादृश्य सम्बन्ध | जहाँ सादृश्य सम्बन्ध अर्थात समान गुण या धर्मका कारण लक्ष्यार्थको प्रतीति हुन्छ। **उदाहरण : 'मुख कमल'** । सादृश्य सम्बन्धका द्वारा लक्ष्यार्थको बोध भएर मुख |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
| --- | --- | --- |
| | | कमलका समान कोमल भएको छ । |
| (i) सारोपा (स +_आरोपा) | विषय/उपमेय/आरोपको विषय + विषयी/उपमान/आरोप्यमाण (दोनों) | जहाँ विषय र विषयी दुवैलाई शब्द निर्देश गर्दै अभेद बताइन्छ ।<br><br>**उदाहरण : 'सीता गाइ हो ।'** यसको लक्ष्यार्थ हुन्छ - सीता सिधा - सादा भन्ने । यहाँ गाइ (विषयी) – लाई सीधापन - सादापन सीता (विषय) – सित आरोपित गरिएको छ । |
| (ii) साध्यावसाना (स + अध्यवसाना) अध्यवसान | विषयी (केवल) | जहाँ केवल विषयीलाई कथन गरेर अभेद बताइने गरिन्छ ।<br><br>**उदाहरण :** यदि कुनै मालिक नौकरलाई खलालेर यसो भन्छन् कि **' गोरू कहाँ छ** |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| =आत्मसात, निगरण | | ।' यस वाक्यमा विषय (नौकर) – लाई निर्देश नगरिएर केवल विषयी (गोरू) – लाई कथन गरिएको पाइन्छ । |
| (2) शुद्धा लक्षणा | सादृश्येतर सम्बन्ध<br>सादृश्येतर<br>= सादृश्य + इतर | जहाँ सादृश्येतर सम्बन्ध (सादृश्य सम्बन्धका अतिरिक्त कुनै अन्य सम्बन्ध) - सित लक्ष्यार्थको प्रतीति हुने गर्दछ । सादृश्येतर सम्बन्ध हुन्छ - आधार-आधेय भाव, सामीप्य, वैपरीत्य, कार्य - कारण, तात्कर्म्य आदि ।<br>**उदाहरण :**<br>**(i) आधार - आधेय सम्बन्धका उदाहरण : 'महात्मा गाँधीलाई हेर्नका निम्ति सारा शहर निक्लेर आयो ।'** यहाँ 'शहर' - |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| | | को मुख्यार्थ (नगर) बाधित भएको छ, 'शहर' - को लक्ष्यार्थ - 'शहरका निवासी' हो । शहर चाहिँ - आधार र शहरका निवासीहरू आधेय हुन् ।<br><br>**(ii) सामीप्य सम्बन्धको उदाहरण : आँचलमा छ दूध अनि आँखमा छ पानी।** (यशोधरा) यहाँ आँचलको मुख्यार्थ (साड़ीको छोर) बाधित भएको पाइन्छ, आँचल मैथलीशरण गुप्तको लक्ष्यार्थ अनुसार – स्तन हो । आँचल सदैव स्तनकै समीप रहने हुनाले आँचल र स्तनमा सामीप्य सम्बन्ध रहेको पाइन्छ ।<br><br>**(iii) वैपरीत्य सम्बन्धोका उदाहरण : 'तिमी सुकेर हाथी** |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| | | **हुँदै जादैछौ ।'** कुनै व्यक्ति सुखेर हाथी हुन सक्दैन। लक्ष्यार्थ हुन्छ - तिमी धेरै दुर्बल भइसक्यो हो । |
| (i) उपादान लक्षणा (उपादान = ग्रहण करना) | मुख्यार्थ + लक्ष्यार्थ (दोनों) | जहाँ मुख्यार्थसित लक्ष्यार्थलाई पनि ग्रहण गरिएको हुन्छ ।<br><br>**उदाहरण : 'पगड़को लाज राख्नुहोस् ।'** यहाँ 'पगड़ी' - को मुख्यार्थ - पगड़ी, पाग अनि लक्ष्यार्थ - 'पगड़ी लगाउने ' भन्ने हुन्छ । यहाँ लक्ष्यार्थको साथ - साथ मुख्यार्थलाई पनि ग्रहण गरिएको छ । |
| (ii) लक्षण-लक्षणा | लक्ष्यार्थ (केवल) | जहाँ मुख्यार्थलाई छोडेर केवल लक्ष्यार्थलाई मात्र ग्रहण गरिन्छ । |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| | | **उदाहरण :**<br><br>**(i) ' उनी पढ़ानमा धेरै कुशल छन् ।'-** यस वाक्यमा 'कुशल' -को मुख्यार्थ (कुश काट्ने व्यक्ति) बाधित भएको छ र केवल लक्ष्यार्थ (दक्ष) – लाई मात्र ग्रहण गरिएको छ ।<br><br>**(ii) 'माधुरी नृत्य गर्नमा प्रवीण छै ।'-** यस वाक्यमा 'प्रवीण' -को मुख्यार्थ (वीणा बजाउनुमा निपुण) बाधित भएको छ अनि केवल लक्ष्यार्थ (कुशल) – लाई मात्र ग्रहीत गरिएको पाइन्छ ।<br><br>**(iii) 'देवदत्त चौकन्ना भए ।'-** यस वाक्यमा 'चौकन्ना' -को मुख्यार्थ (चारवटा कान भएको ) बाधित भएको छ र केवल लक्ष्यार्थ (सावधान) |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| | | भन्ने मात्र ग्रहण गरिएको छ । |

## 6.4 व्यञ्जना शब्दशक्ति

जुन शव्दशक्तिमा शाव्दिक अर्थ सबैको निम्ति समान भए पनि भाव्रार्थ आ-आफ्नै रूपले प्रतीत हुन्छ , त्यसलाई **व्यञ्जना शब्दशक्ति** भनिन्छ । मुख्यार्थमा बाधा उत्पन्न नभइकन लक्ष्यार्थमा बाधा उत्पन्न भइ भिन्दै व्यङ्ग्यार्थको भरमा वाक्य प्रतीत भए , त्यसलाई **व्यञ्जना शब्दशक्ति** भन्न सकिन्छ । यस शब्दशक्तिमा कुनै पनि शब्दले आफ्नो वाचक र लक्षक अर्थ भन्दा भिन्दै व्यङ्ग्यको रूपमा अर्थ प्रदान गर्दछ । अतः कहिले काँही वक्ताले भनेको कुरा स्रोताले सुन्दा अभिधा र लक्षणा अर्थमा कुरा स्पष्ट हुँदैन । त्यससमय भिन्दै अर्थद्वारा वाक्य बुझिए, त्यो नै **व्यञ्जना शब्दशक्ति** हो ।

**वि** उपसर्गमा **अञ्ज्** धातु मिलेर बनिएको **व्यञ्जना** शब्दको अर्थ विशेष रूपले हेर्नु वा अर्थ प्रकट गर्नु हो । कल्पना र क्षमता ( बोध्य) - को भरमा रसात्मक र आनन्दानुभूतिपूर्ण वाक्यको अर्थ स्पष्ट हुनुलाई  नै **व्यञ्जना शब्दशक्ति** भनिन्छ । यस शब्दशक्तिद्वारा उत्पन्न भावलाई व्यङ्ग्यार्थ अनि व्यङ्ग्यार्थ प्रकट गर्ने शब्दलाई चाहिँ व्यञ्जक भनिने गरिन्छ ।

**उदाहरण –** साझको ३ बजेछ ।

उपर्युक्त वाक्यमा साझको ३ बजेछ भन्दा मुख्यार्थमा बाधा उत्पन्न नभए तापनि लक्ष्यार्थमा बाधा उत्पन्न भएको छ । यस वाक्य सबैको निम्ति समान भएको भए तापनि अर्थ आ-आफ्नै रूपले प्रकट हुने गर्दछ । उक्त वाक्यमा साझको ३ बजेछ भन्दा गोठालाहरूका निम्ति गाई-बाख्रा चरनबाट फर्किने समयको बोध, विद्यार्थीहरूका निम्ति विद्यालय बन्द हुने समयको बोध, ग्रहिणीको निम्ति बेलुकीको भोजन तयार गर्ने समयको बोध आदि अर्थ प्रकट भएको छ । वास्तवमा यो नै व्यङ्ग्यार्थ हो ।

| **वाक्य** | **प्रसंग विशेष (वक्ता-श्रोता)** | **अर्थ** |
|---|---|---|
| सूर्य अस्त भएर गयो | पिताले पुत्रलाई केही भन्यो भने | पढ़ाई - लिखाई शुरू गर्नु । |
| | सासले बुहारीलाई भन्यो भने | चूल्हा - चौका आरम्भ गर्नु । |
| | किसानले हलवाहलाई भन्यो भने | हल चलाउन बन्द गर्नु । |
| | पशुपालकले गोठालालाई भन्यो भने | पशुहरूलाई घर लिएर आउनु । |

| वाक्य | प्रसंग विशेष (वक्ता-श्रोता) | अर्थ |
|---|---|---|
| | पुजारीले चेलालाई भन्यो भने | सन्ध्या - पूजनलाई प्रबन्ध गर्नु । |
| | राहगीर के अपने साथी से कहने पर | ठहरने का इंतजाम करो। |
| | पितले पत्निलाई भन्यो भने | खाना – पिनाको तयारी गर्नु । |

# व्यञ्जना शब्द - शक्तिको भेद

व्यञ्जना शब्दशक्तिको दुइ उपभेद छन् । ती हुन् – शाब्दी व्यञ्जना र आर्थी व्यञ्जना ।

## 6.4.1 शाब्दी व्यञ्जना शब्दशक्ति

जुन व्यञ्जना शब्दशक्तिमा समान गुण वा धर्मको आधारमा मुख्यार्थ बोध भएर केवल शब्द विशेषको रूपमा मात्र व्यङ्ग्यार्थको बोध हुन्छ , त्यस शब्दशक्तिलाई **शाव्दी व्यञ्जना शब्दशक्ति** भनिन्छ । यस शब्दशक्तिमा कुनै विशेष शब्दको ठाउँमा अर्को पर्यायवाची शब्द प्रयोग गर्दा पनि अर्थ स्पष्ट

हुन्छ । यसर्थ विशेष वा खास शब्दको भरमा उत्पन्न हुने व्यङ्ग्यार्थलाई **शाब्दी व्यञ्जना शब्दशक्ति** भन्न सकिन्छ ।

**उदाहरण** – डोमाको गंगामा घर छ ।

यस वाक्यमा **गंगा** शब्दमा मुख्यार्थमा बाधा उत्पन्न नभइ सबैको निम्ति गंगा नदी भन्ने लक्ष्यार्थ बोध भएको छ । तर विशेष शब्द गंगा नदीको अर्थमा भिन्दै व्यङ्ग्यार्थ गंगा नदीको वरिपरि कतै डोमाको घर छ भनिएको भन्ने अर्थ प्रतीत भएको छ ।

**शाव्दी व्यञ्जना शब्दशक्ति**को दुइ सह-उपभेद छन् । ती हुन् – अभिधामूला शाब्दी व्यञ्जना र लक्षणामूला शाव्दी व्यञ्जना ।

## अभिधामूला शाब्दी व्यञ्जना

जुन शब्दशक्तिमा प्रथम वाच्यार्थद्वारा मूख्य अर्थ स्पष्य भएर पछि व्यञ्जना शक्तिबाट अर्कै अर्थ बोध भए, त्यस प्रकारको शाब्दी व्यञ्जना शब्दशक्तिलाई **अभिधामूला शाब्दी व्यञ्जना शब्दशक्ति** भनिन्छ । यस शब्दशक्तिमा संयोग आदिद्वारा अनेकार्थ शब्दको बोध हुन्छ । अत: सुरूमा भिन्ने अर्थ बुझिएर त्यसपछि शब्दले अर्कै अनेकार्थी अर्थ प्रदान गरे , त्यस शब्दशक्तिलाई **अभिधामूला व्यञ्जना शब्दशक्ति** भन्न सकिन्छ ।

**उदाहरण** – भगवान बनमाली भएछ ।

यस वाक्यमा **बनमाली** शब्दको अर्थ पहिला बनको रक्षक वा बन विभागका कर्मी भन्ने मूल अर्थलाई बुझाए तापनि यसको अनेकार्थी अर्थ प्रकृति, खोला-नाला, कृष्ण भगवान भन्ने व्यङ्ग्यार्थ बुझाएको छ ।

### लक्षणामूला शाब्दी व्यञ्जना

जुन शब्दशक्तिमा प्रथम लक्ष्यार्थद्वारा मूख्य अर्थ स्पष्ट भएर पछि व्यञ्जना शक्तिबाट अर्कै अर्थ बोध भए, त्यस प्रकारको शाब्दी व्यञ्जना शब्दशक्तिलाई **लक्षणामूला शाब्दी व्यञ्जना शब्दशक्ति** भनिन्छ । यस शब्दशक्तिमा लक्षणाको आश्रय लिएर भिन्दै अर्थको बोध हुन्छ । अतः सुरूमा लक्ष्यार्थद्वारा मूख्य अर्थ बुझेर त्यसपछि व्यञ्जना शक्तिबाट भिन्दै अर्थ प्रदान भए , त्यस शब्दशक्तिलाई **लक्षणामूला व्यञ्जना शब्दशक्ति** भन्न सकिन्छ ।

**उदाहरण** – स्याबास......तैले ठीक गरिस् ।

यस वाक्यमा **स्यावास** शब्दले उपकारी व्यक्तिको प्रंशासा गरेको बुझिए तापनि उनलाई सोझै रूपमा गाली नगरेर लक्ष्यार्थको भरमा भिन्दै निन्दा वा व्यङ्ग्य गरिएको छ ।

## 6.4.2 आर्थी व्यञ्जना शब्दशक्ति

जुन व्यञ्जना शब्दशक्तिमा समान गुण वा धर्मको आधारमा मुख्यार्थ बोध भएर शब्द विशेषको रूपमा नभएर केवल अर्थमा मात्र भर परेर व्यङ्ग्यार्थ बोध भए , त्यस शब्दशक्तिलाई **आर्थी व्यञ्जना शब्दशक्ति** भनिन्छ । यस शब्दशक्तिमा कुनै विशेष शब्दको ठाउँमा अर्को पर्यायवाची शब्द प्रयोग गर्दा वाच्यार्थ वा मूख्यार्थमा वाधा उत्पन्न हुन्छ । अतः अर्थको आधारमा शब्दको व्यङ्ग्यार्थ बुझिए, त्यसलाई **आर्थी व्यञ्जना शब्दशक्ति** भन्न सकिन्छ । यस बाहेक व्यङ्ग्य अर्थजनित भएर प्रसङ्ग, देशकाल, वातावरण, वक्ता - श्रोता आदिद्वारा वाच्यार्थ भन्दा भिन्दै चमत्कारीपूर्ण अर्थ प्रदान भए, त्यो नै **आर्थी व्यञ्जना शब्दशक्ति** हो ।

**उदाहरण** – बीरेको बाह्र बज्यो ।

यस वाक्यमा **बाह्र** शब्दमा मुख्यार्थमा बाधा उत्पन्न भएर भिन्दै लक्ष्यार्थद्वारा अर्थ स्पष्ट भएको छ । यहाँ बाह्र शब्दको वाच्यार्थ समय नभएर लक्ष्यार्थद्वारा भिन्दै व्यङ्ग्यार्थ फसादमा परेको, कार्य गर्न साह्रो परेको भन्ने अर्थ अर्थिएको छ । यस बाह्र शब्दको ठाउँमा अन्य शब्द १ बजेछ, ३ बजेछ भन्दा फेरि अर्थ स्फष्ट हुँदैन ।

**व्यञ्जनाको भेद**

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| (1) शाब्दी व्यंजना | अनेकार्थक शब्दहरूको प्रयोग | जहाँ अनेकार्थक शब्दहरूको प्रयोग हुने गर्दछ , त्यहाँ 'शाब्दी व्यञ्जना' भएर जान्छ । अनेकार्थक शब्दको अर्थ निश्चय १४ वटा आधारहरूमा कुनै एक या अधिक आधारहरूमा गरिने गरिन्छ । ती हुन् - संयोग, असंयोग, साहचर्य, विरोध, अर्थ, प्रकरण, लिंग, अन्य- सन्निधि आदि । (वक्ता व श्रोताका अतिरिक्त कुनै अन्य व्यक्तिको उपस्थिति), सामर्थ्य, औचित्य, देश, काल, व्यक्ति र काकु (स्वर विकार) । |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
| --- | --- | --- |
| | | शाब्दी व्यञ्जनाको दुई भेद छन् – अभिधामूला एवम् लक्षणामूला। |
| **(i)** अभिधामूला शाब्दी व्यञ्जना | अभिधात्मक शब्दमा आश्रित (निर्भर) | अभिधात्मक शब्दमा आश्रित (निर्भर) शाब्दी व्यञ्जना 'अभिधामूला शाब्दी व्यञ्जना' भनिने गरिन्छ । **उदाहरण : चिर जीव जोरी जुरै , किन न सनेह गम्भीर। किन घट्यो यो वृषभानुजा, त्यो हलधरको वीर ।।** - हिन्दीका कवि बिहारीको यस दोहेका अभिधेयार्थ हुन्छ - राधा कृष्णका यो जोड़ी चिरजीवी छ। यनीहरूका गहिरो प्रेम किन न जुड़नु ? दुवैमा को को भन्दा घटेका छन् त ? यो वृषभानुजा (वृषभानु + जा = वृषभानुको जाया/बेटी = राधा) हुन् र हलधर चाहिँ (बलराम) - का वीर भाई यानी कृष्ण हुन् । तर 'वृषभानुजा' एवम् 'हलधरको वीर' |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| | | शब्द अनेकार्थक भएको छ। अतः यसबाट अन्य अर्थ ध्वनित भएको देखिन्छ । यो अन्य अर्थमा यो वृषभ + अनुजा = बैलकी बहिनी यानी 'गाय' हो र त्यो हलधर = बैलको वीर = भाई यानी 'साँढ़े' हो । यसको तेस्रो अर्थ यो 'वृष राशिमा उत्पन्न' हो र त्यो 'शेषनागका अवतार' हुन् । |
| **(ii)** लक्षणामूला शाब्दी व्यञ्जना | लाक्षणिक शब्दमा आश्रित (निर्भर) | लाक्षणिक शब्दमा आश्रित रहने व्यञ्जना 'लक्षणामूला शाब्दी व्यञ्जना' भनिने गरिन्छ । **उदाहरण : फल्यो सकल मनकामना, लूट्यो अगणित चैन । आजु अँचे हरि रूप सखि, भये प्रफुल्लित नैन ।।** यस उदाहरणमा लक्षणा 'फल्नु' - को अर्थमा प्रयोग भएको छ - पूर्ण भयो 'लूटयो' - को अर्थमा र 'अँचै' - को अर्थ – देख्यो भन्नेमा प्रतीत भएको छ । कतर व्यञ्जनाबाट सम्पूर्ण पदका व्यङ्ग्यार्थ |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| | | प्रतीत हुने हुनाले प्रियतमलाई दर्शनसित अत्यधिक आनन्द प्राप्त गर्नुमा भएको पाइन्छ । |
| **(2) आर्थी व्यंजना** | एकार्थक शब्दहरूका प्रयोग | जहाँ एकार्थक शब्दहरूको प्रयोग हुने गर्दछ, त्यसलाई 'आर्थी व्यञ्जना' शब्दशक्ति भनिन्छ । एकार्थक शब्दहरूका अर्थको निश्चय १० आधारहरू मध्ये कुनै एक या अधिक आधारमा गरिने गरिन्छ । जस्तै - वक्ता (भन्नेवाला), बोधव्य (सुन्नेवाला), काकु (स्वर विकार), वाक्य, वाच्य, अन्य - सन्निधि । भन्नेवाला र सुन्नेवालाका अतिरिक्त कुनै तेस्रो व्यक्तिको उपस्थिति, प्रकरण (प्रसंग), देश, काल एवम् चेष्टा । **उदाहरण : (i) काकुका उदाहरण-** |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| | | **म सुकुमारि, नाथ वन जोगू ।<br>तिमी उचित तप, मो कहाँ भोगु** ।। - तुलसी<br><br>सीता, रामसित यसो भन्छिन् कि म सुकुमारी हूँ र तपाइँ वन जानका योग्य हुनुहुन्छ । तपाइको तपको बाटो उचित छ र मलाई भोगको बाटोमा हिड्न भन्नुहुन्छ । यहाँ सीताको कथन विशेष प्रकार यानी स्वर विकार (काकु) - का कारण यह ध्वनित भएको पाइन्छ हो कि म मात्र सुकुमारी छुइन , तपाइ पनि सुकुमार हुनुहुन्छ । तपाइ वन जानका निम्ति योग्य हुनुहुन्छ भने मा पनि वन जान योग्यको छु । म राजकुमारी हूँ त तपाइ पनि राजकुमार हुनुहुन्छ । अतः मेरो पनि वन जानु उचित नै छ । यी वाक्यमा प्रयुक्त सबै शब्द एकार्थक भएको छ, यसर्थ यहाँ आर्थी व्यञ्जना पाइन्छ । |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| | | **(ii) अन्य सन्निधिका उदाहरण :** एउटी युवती कुनै युवकसित प्रेम गर्छिन् । उसलाई भेट्न उ व्याकुल छिन् । तर उसलाई कुनै खबर पठाउन उ असमर्थ छिन् । अचानक एक दिन त्यो युवकलाई युवतीले देखे । तर त्यससमय युवतीको आफ्नै साथी त्यहाँ थिइन् । युवतीले होशियारी पूरव्क आफ्नो साथीलाई भनिन् -" **के बताऊँ सखी, दिन भरी काममा जुटी रहन्छु । सिर्फ बेलुकी केही फुरसत मिल्छ तब कही नदी किनार पानी लिन जान्छु । तर उस समय कुनै चरा पनि त्यहाँ हुँदैनन् , के गरौ , लाचार हुँ ।"**<br><br>यस साधारण वाक्यको अर्थ त्यस युवतीको नजिक रहने (अन्य - सन्निधि) – सित यही अर्थ स्फष्ट हुन्छ कि युवक तिमी साँझमा नदी किनारमा मलाई भेट भन्ने । |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
|---|---|---|
| | | **(iii) चेष्टाका उदाहरण :**<br><br>**कोटि मनोज लजाएन हारे ।**<br>**सुमुखि कहहुको अहहिं तिम्रो ।।**<br>**सुनि स्नेहमय मञ्जुल बानी ।**<br>**सङ्कुचि सीय मन मँहा मुसकानी ।।** - तुलसी<br><br>कवि तुलसोको यस चौपाईको मुख्यार्थ हुन्छ - वनवासको समय राम, सीता एवं लक्ष्मणको दिव्य रूपलाई देखेर वनकी स्त्रिहरूमा सीताबाट रामको बारे धेरै संकेत गरेर परिचय सोधिएकोमा उनको स्निग्ध भोली वाणी सुनेर सीताले संकोच मानि मुस्काएको छ । तर यस चौपाईको व्यञ्ग्यार्थ भने अर्कै रहेको पाइन्छ । सीताले केही बोलेर वनकी ती स्त्रिहरूको प्रश्नका उत्तर दिएनन् |

| भेद | लक्षण/पहचान-चिह्न | परिभाषा एवं उदाहरण |
| --- | --- | --- |
| | | तरैपनि सीताकी संकोचले भरीएको मुस्कानले यही बताउँछ कि ' उनी मेरे पति हुन् ।' यसर्थ यस चौपाईमा प्रयुक्त सबै शब्द एकार्थक भएको छ । यस कारण यसमा आर्थी व्यन्जना रहेको पाइन्छ अनि यहाँ आर्थी व्यन्जनाको आधार आंगिक चेष्टा (संकोचले भरिएको मुस्कान) हो । |

## 6.5 व्यङ्ग्यार्थ

काव्य सौन्दर्यको बोधमा व्यङ्ग्यार्थको विशिष्ट एवं महत्त्वपूर्ण स्थान रहेको हुन्छ । यो व्यन्जना शब्द – शक्ति अन्तर्गत पर्दछ । काव्यमा अर्थको गहराई, सघनता र विस्तार ल्याउने कार्य विशेष रूपमा व्यङ्ग्यार्थ गर्दछ । काव्य – शास्त्रिहरूले सर्वश्रेष्ठ काव्यको सत्ता त्यसैलाई स्वीकार गरेका छन् , जहाँ रस व्यङ्ग्य (व्यन्जित) हुने गर्दछ । यो व्यङ्ग्यार्थ ध्वनिसित पनि सम्बन्धित रहेको हुन्छ ।

रीतिकालीन कवि र आचार्यहरूले व्यङ्ग्यार्थको परिभाषा दिँदै यसो भनेका छन् - व्यङ्ग्य जीव हो कवितामा शब्द अर्थ गति अङ्ग पनि हो यो । यसैले

काव्यमा  वरणै व्यङ्ग्य प्रसङ्ग आएको पनि देखिन्छ । व्यङ्ग्यार्थ अभिधा र लक्षणा भन्दा भिन्दै प्रकारले काव्य वा भाषामा प्रयुक्त हुने गर्दछ तथा पाठकलाई बोध्य हुने गर्दछन् । अभिधा र लक्षणा पनि दुवै शब्द – शक्तिकै भेदहरू हुन् । दुवैले शब्दहरूका अर्थलाई बोध गराउने कार्य गरद्छ । अभिधाबाट शब्दको मुख्यार्थमा बोध हुँदछ भने लक्षणाबाट मुख्यार्थको बोध नभएर बल्कि मुख्यार्थसित सम्बन्धित अन्य अर्थ (लक्ष्यार्थ) - को बोध हुने गर्दछ । तर व्यञ्जना शब्द – शक्तिमा भने अमिधाको मुख्यार्थ र लक्षणाको लक्ष्यार्थ भन्दा बेग्लै वाच्यार्यको वोध हुने हुनाले यसैलाई **व्यङ्ग्यार्थ** भनिने गरिन्छ ।

अभिधा शब्द – शक्तिमा ' गोरू आयो ' भन्दा यस वाक्यमा गोरू शब्द सुन्दा नै हामी कुनै 'पशु विशेष' - को चित्र आँखामा उतार्ने गर्छौ । फेरि यही वाक्य लक्षणा शब्द – शक्तिमा प्रयोग गर्दै 'सुनील गोरू हो ' भन्यो भने सुनीललाई गोरू भनिएकोमा मुख्यार्थमा बाधा उत्पन्न हुन्छ । कारण कुनै मानिस गोरू हुन सक्दैनन । गोरू शब्दमा जड़ता, बुद्धि - हीनता आदि धर्म रहेको हुन्छ । सुनीलमा पनि बुद्धिहीनता छ । यसर्थ साद्दश्य सम्बन्धले गोरूको लक्ष्यार्थ बुद्धिहीन रहेकोसित सुनिललाई गरिएको बुझिन्छ । यो बुद्धिहीनताको बोध लक्षणा शब्द – शक्तिद्वारा भएको छ । तर व्यञ्जना शब्द – शक्तिमा सुनिल गोरू हो भन्दा सुनिल पशु, बुद्धिहिनता नभएर गोरू जस्तै बलवान, शक्तिशाली तथा भिन्दै अन्य अर्थलाई बोध गराउँछ । यो नै शब्दको व्यङ्ग्यार्थ पनि हो ।

अभिधा शब्द - शक्तिले तत्काल आफ्नो मुख्यार्थलाई बोध गराउँदछ । लक्षणा शब्द – शक्तिले आफ्नो लक्ष्यार्थको बोध तत्कालै गर्ने गर्दैनन् । लक्षणाको

लागि तीन तथ्यहरू हुनु नितान्त आवश्यक हुन्छ । ती हुन् - मुख्यार्थमा बाधा, मुख्यार्थ र लक्ष्यार्थमा सम्बन्ध तथा रूढ़ि या प्रयोजन । यस त्रयीको अभावमा लक्षणा शब्द – शक्तिको कुनै कल्पना पनि गर्न सकिन्न । अभिधा शब्द - शक्ति शब्दको सबैभन्दा साधारण शक्ति मानिन्छ भने लक्षणालाई मध्यम र व्यङ्ग्यार्थलाई उत्तम शक्ति मानिने गरिन्छ । भनौ भने अमिधा शब्द - शक्तिको काव्यमा पनि कुनै विशेष स्थान रहेको हुँदानन् । कारण वाच्य (अभिधेय) शब्दमा कुनै चमत्कार उत्पन्न हुन सक्दैन । यसरी नै लक्षणा र व्यञ्जनाबाट हामी  शब्दहरूको जुन अर्थ निकाल्दछौ , त्यो पहिलाबाटै हामीले जानेको हुँदैनन् ।  लक्षणा भन्दा पनि व्यञ्जनाका माध्यद्वारा हामी शब्दहरूबाट यस्तो अर्थ निकाल्दछौ , जसको मुख्यार्थ र लक्षयार्थसित कुनै सम्बन्ध रहको हुँदैन । जुन शब्दहरूमा एक अर्थ भित्र अन्य दोस्रो वा तेस्रो अर्थ लुकोको हुन्छ, त्यसलाई व्यञ्जना शब्द - शक्तिको माध्यमद्वारा प्रकट हुने गर्दछ ।

मूलरूपमा व्यञ्जना र यसबाट निक्लिएको व्यङ्ग्यार्थको काव्य - शास्त्र (साहित्यशास्त्र) -मा धेरै महत्त्वपूर्ण स्थान मानिने गरिन्छ । हुन त हामी वैयाकरण, नैयायिक, मीमांसक, वेदान्ती आदि अभिधाको महत्त्वले संतुष्ट भए पनि काव्य - शास्त्र त रसप्रधान हुने गर्दछ । रसास्वादनको बिना, सह्रदयलाई तृप्ति प्रदान हुँदैनन् र त्यस रस - अभिव्यक्तिको लागि व्यञ्जना शक्ति तथा व्यङ्ग्यार्थको सत्ता नितान्त आवश्यक पर्दछ । विशेष गरेर अभिधा र लक्षणाको व्यापार केवल शब्दहरूमा मात्र हुने गर्दछ भने व्यञ्जना र व्यङ्ग्यार्थको व्यापार शब्द र अर्थ दुवैमा हुने गर्दछ । वाचक र लक्षक त केवल शब्द मात्र हुन् तर व्यञ्जक केवल शब्द मात्र नभएर अपितु वक्ता,

श्रोता, देश, काल, चेष्टा प्रकरण आदि पनि व्यञ्जक हुन र यसवाट प्राप्त हुने अर्थहरू चाहिँ व्यङ्ग्यार्थ हुन भन्न सकिन्छ ।

## 6.6 उपसंहार

विभिन्न अक्षरहरूको समूहबाट निर्माण हुने शब्दका दुई रूप हुन्छन् । ध्वनि वा नाद रूप अनि स्फोट रूप भएको शब्दले वक्ता र श्रोतामाझ संधै एउटै अर्थ प्रतीती गराउँछ भन्ने छैन । शब्दको उच्चारण, श्रवण र धवनको भरमा वक्ता र श्रोतामाझ देश, काल, परिस्तिथिअनुसार भिन्दा - भिन्दै अर्थ बोध हुने गर्छ । वक्ताले उच्चारण गरेको शब्द, वक्ताले सुन्दा कोही समय अन्य अर्थमा प्रकट हुन  सक्दछ । यसैले यही उच्चारित शब्दको कुनै न कुनै अर्थ हुनेहुनाले शब्द र अर्थबीचको सम्बन्धलाई शब्दशक्ति भनिन्छ । अत : वाक्यमा प्रयोग भएको शब्दका अर्थ बुझाउने शक्तिलाई शब्दशक्ति भनिने गरिन्छ । यो वाक्यमा वाचक, लक्षक र व्यञ्जकको अर्थमा प्रतीत हुनेगर्दछ ।

साधारण रूपमा शब्दको अर्थ बोध गराउने शक्तिलाई 'शब्द शक्ति' भनिन्छ । शब्द - शक्तिलाई संक्षेपमा 'शक्ति' मात्र पनि भनिने गरिन्छ । कहिले काही यसलाई 'वृत्ति' या 'व्यापार' पनि भनिएको पाइन्छ । अतः जुन शक्तिद्वारा शब्दका अर्थगत प्रभाव पर्दछ, त्यो नै शब्दशक्ति हो । काव्यमा रसको विशेष सञ्चार शब्द – शक्तिका माध्यमद्वारा हुने गर्दछ । यस शक्तिमा शब्दहरूलाई विशेष महत्त्व मानिने गरिन्छ । काव्य - भाषामा वाक्यहरूको रचनाले यस कुराको सूचक गर्दछ कि त्यसमा अनेक प्रकारका शब्दहरूका प्रयोग प्रकरण, प्रसङ्ग र कवि - आशयका अनुसार हुने गर्दछ । शब्दको शक्ति त्यस शब्दहरूमा अन्तर्निहित अर्थहरूलाई व्यक्त गर्ने एउटा व्यापार हो । अर्थलाई

बोध गर्ने प्रसङ्गमा 'शब्द' कारण हुन्छ र अर्थलाई बोध गराउने व्यापार चाहिँ शब्द - शक्ति भनिन्छ । आचार्य मम्मटले व्यापार शब्दलाई र आचार्य विश्वनाथले शक्ति शब्दलाई शब्द – शक्तिमा प्रयोग गरेका छन् ।

शब्द तीन प्रकारका हुन्छन् - वाचक, लक्षक एवम् व्यञ्जक । यसै अनुरूप अर्थ पनि तीनै प्रकारका हुन्छन् - वाच्यार्थ, लक्ष्यार्थ एवम् व्यङ्ग्यार्थ । प्रक्रिया या पद्धतिको आधारमा शब्द - शक्ति तीन प्रकारका हुन्छन् । ती हुन् - **अभिधा शब्द – शक्ति, लक्षणा शब्द – शक्ति र व्यञ्जना शब्द – शक्ति ।** जुन शव्दशक्तिको शाव्दिक अर्थ र भाव्रार्थ समान हुन्छ, त्यसलाई अभिधा शब्दशक्ति भनिन्छ । मुख्यार्थमा बाधा उत्पन्न नभइकन सोझै रूपमा वक्ताले भनेको कुरा वा उच्चारण गरेको शब्दको अर्थ श्रोतालाई प्रदान भए, त्यसलाई **अभिधा शब्दशक्ति** भन्न सकिन्छ । यस शब्दशक्तिमा कुनै पनि शब्दको साधारण रूप समान वा प्रचलित अर्थमा बुझिने गरिन्छ । अत: वाचक रूपमा शब्दको प्रतीति भए, त्यो नै **अभिधा शब्दशक्ति** हो । यसरी नै जुन शव्दशक्तिको शाव्दिक अर्थ र भाव्रार्थ समान हुँदैन, त्यसलाई लक्षणा शब्दशक्ति भनिन्छ । मुख्यार्थमा बाधा उत्पन्न भएर सोझै रूपमा वक्ताले भनेको कुरा वा उच्चारण गरेको शब्दको अर्थ श्रोतालाई प्रदान नभएर भिन्दै लश्र्य अर्थको भरमा शब्दको अर्थ प्रतित भए , त्यसलाई **लक्षणा शब्दशक्ति** भन्न सकिन्छ । यस शब्दशक्तिमा कुनै पनि शब्दले आफ्नो मूल अर्थलाई छोडेर भिन्दै लक्षकको रूपमा अर्थ प्रदान गर्दछ । अत: वाचक शब्दले भन्न चाहेको वाच्यार्थलाई नबुझाएर सम्बद्ध कुनै अर्थ प्रतीति भए, त्यो नै **लक्षणा शब्दशक्ति** हो । यस शब्दशक्तिले वाक्यको कुनै संज्ञा, सर्वनाम आदिको विशेषतालाई दर्शाउछ ।

जुन शव्दशक्तिमा शाव्दिक अर्थ सबैको निम्ति समान भए पनि भाव्रार्थ आ-आफ्नै रूपले प्रतीत हुन्छ , त्यसलाई **व्यञ्जना शब्दशक्ति** भनिन्छ । मुख्यार्थमा बाधा उत्पन्न नभइकन लक्ष्यार्थमा बाधा उत्पन्न भइ भिन्दै व्यङ्ग्यार्थको भरमा वाक्य प्रतीत भए , त्यसलाई **व्यञ्जना शब्दशक्ति** भन्न सकिन्छ । यस शब्दशक्तिमा कुनै पनि शब्दले आफ्नो वाचक र लक्षक अर्थ भन्दा भिन्दै व्यङ्ग्यको रूपमा अर्थ प्रदान गर्दछ । अतः कहिले काँही वक्ताले भनेको कुरा स्रोताले सुन्दा अभिधा र लक्षणा अर्थमा कुरा स्पष्ट हुँदैन । त्यससमय भिन्दै अर्थद्वारा वाक्य बुझिए, त्यो नै **व्यञ्जना शब्दशक्ति** हो ।

## 6.7 सार

यस प्रखण्डमा **शब्दशक्ति र व्यङ्ग्यार्थ**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- वक्ताले उच्चारण गरेको शब्द, वक्ताले सुन्दा कोही समय अन्य अर्थमा प्रकट हुन  सक्दछ । यसैले यही उच्चारित शब्दको कुनै न कुनै अर्थ हुनेहुनाले शब्द र अर्थबीचको सम्बन्धलाई **शब्दशक्ति** भनिन्छ ।
- शब्द - शक्तिलाई संक्षेपमा 'शक्ति' मात्र पनि भनिने गरिन्छ । कहिले काही यसलाई 'वृत्ति' या 'व्यापार' पनि भनिएको पाइन्छ । अतः जुन शक्तिद्वारा शब्दका अर्थगत प्रभाव पर्दछ, त्यो नै शब्दशक्ति हो ।
- शब्द तीन प्रकारका हुन्छन् - वाचक, लक्षक एवम् व्यञ्जक । यसै अनुरूप अर्थ पनि तीनै प्रकारका हुन्छन् - वाच्यार्थ, लक्ष्यार्थ एवम् व्यङ्ग्यार्थ ।

- प्रक्रिया या पद्धतिको आधारमा शब्द - शक्ति तीन प्रकारका हुन्छन् । ती हुन् - **अभिधा शब्द – शक्ति, लक्षणा शब्द – शक्ति र व्यञ्जना शब्द – शक्ति ।**
- जुन शव्दशक्तिको शाव्दिक अर्थ र भाव्रार्थ समान हुन्छ, त्यसलाई अभिधा शब्दशक्ति भनिन्छ ।
- मुख्यार्थमा बाधा उत्पन्न नभइकन सोझै रूपमा वक्ताले भनेको कुरा वा उच्चारण गरेको शब्दको अर्थ श्रोतालाई प्रदान भए, त्यसलाई **अभिधा शब्दशक्ति** भन्न सकिन्छ ।
- यस शब्दशक्तिमा कुनै पनि शब्दको साधारण रूप समान वा प्रचलित अर्थमा बुझिने गरिन्छ । अत: वाचक रूपमा शब्दको प्रतीति भए, त्यो नै **अभिधा शब्दशक्ति** हो ।
- जुन शव्दशक्तिको शाव्दिक अर्थ र भाव्रार्थ समान हुँदैन, त्यसलाई लक्षणा शब्दशक्ति भनिन्छ ।
- मुख्यार्थमा बाधा उत्पन्न भएर सोझै रूपमा वक्ताले भनेको कुरा वा उच्चारण गरेको शब्दको अर्थ श्रोतालाई प्रदान नभएर भिन्दै लश्र्य अर्थको भरमा शब्दको अर्थ प्रतित भए , त्यसलाई **लक्षणा शब्दशक्ति** भन्न सकिन्छ ।
- यस शब्दशक्तिमा कुनै पनि शब्दले आफ्नो मूल अर्थलाई छोडेर भिन्दै लक्षकको रूपमा अर्थ प्रदान गर्दछ ।
- वाचक शब्दले भन्न चाहेको वाच्यार्थलाई नबुझाएर सम्बद्ध कुनै अर्थ प्रतीति भए, त्यो नै **लक्षणा शब्दशक्ति** हो । यस शब्दशक्तिले वाक्यको कुनै संज्ञा, सर्वनाम आदिको विशेषतालाई दर्शाउछ ।

- ❖ जुन शव्दशक्तिमा शाव्दिक अर्थ सबैको निम्ति समान भए पनि भावार्थ आ-आफ्नै रूपले प्रतीत हुन्छ , त्यसलाई **व्यञ्जना शब्दशक्ति** भनिन्छ ।
- ❖ मुख्यार्थमा बाधा उत्पन्न नभइकन लक्ष्यार्थमा बाधा उत्पन्न भइ भिन्दै व्यङ्ग्यार्थको भरमा वाक्य प्रतीत भए , त्यसलाई **व्यञ्जना शब्दशक्ति** भन्न सकिन्छ ।
- ❖ यस शब्दशक्तिमा कुनै पनि शब्दले आफ्नो वाचक र लक्षक अर्थ भन्दा भिन्दै व्यङ्ग्यको रूपमा अर्थ प्रदान गर्दछ ।
- ❖ कहिले काँही वक्ताले भनेको कुरा स्रोताले सुन्दा अभिधा र लक्षणा अर्थमा कुरा स्पष्ट हुँदैन । त्यससमय भिन्दै अर्थद्वारा वाक्य बुझिए, त्यो नै **व्यञ्जना शब्दशक्ति** हो ।
- ❖ **वि** उपसर्गमा **अञ्ज्** धातु मिलेर बनिएको **व्यञ्जना** शब्दको अर्थ विशेष रूपले हेर्नु वा अर्थ प्रकट गर्नु हो ।
- ❖ कल्पना र क्षमता ( बोध्य) - को भरमा रसात्मक र आनन्दानुभूतिपूर्ण वाक्यको अर्थ स्पष्ट हुनुलाई  नै **व्यञ्जना शब्दशक्ति** भनिन्छ ।
- ❖ यस शब्दशक्तिद्वारा उत्पन्न भावलाई व्यङ्ग्यार्थ अनि व्यङ्ग्यार्थ प्रकट गर्ने शब्दलाई चाहिँ व्यञ्जक भनिने गरिन्छ ।

यस प्रखण्डको अध्ययनले **शब्दशक्ति र व्यङ्ग्यार्थ**बारे बुनियाँदी जानकारी प्राप्त भयो । काव्य वा भाषाको आधारमा शब्द - शक्तिको परिचय र यसका विविध प्रकारहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## ६.८ अनुशीलनी

१. काव्यको उद्भवबारे चर्चा गर्दै यसका विविध विधाहरूलाई सविस्तार चिनाउनुहोस् ।

२. शब्दको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

३. शब्द – शक्ति भन्नाले के बुझिन्छ ? बताउनुहोस् ।

४. शब्द – शक्तिका भेदहरू कति प्रकारका छन् ? उदाहरण सहित विश्लेषण गर्नुहोस् ।

५. अमिधा र लक्षणा शब्दशक्तिमा माझ के - कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. व्यञ्जना शब्दशक्तिलाई किन उत्तम शक्ति मानिन्छन् ? आफ्नो तर्क दिनुहोस् ।

७. शब्दशक्तिको महत्व र मूल्य काव्य वा भाषामा के कस्तो रहेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस् ।

८. व्यङ्ग्यार्थ भनेको के हो ? यसको उपयोगिता भाषामा कतिसम्म रहेको हुन्छ ? विवेचना प्रस्तुत गर्नुहोस् ।

९. शब्द - शक्तिको मुख्य भूमिकाबारे लेख लयार पार्नुहोस् ।

१०. शब्द - शक्तिको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 6.8 अतिरिक्त अध्ययन

६१. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

६२.उपाध्याय, डा. केशवप्रसाद – **साहित्य प्रकाश** ।

६३.अधिकारी, हेमाङ्ग - **पूर्वीय समालोचना सिद्धान्त-**।

६४.हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

६५.उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

६६. लुइँटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

६७.गोतम, लक्ष्मीप्रसाद - **कविताको सैद्धान्तिक विमर्श** ।

६८.न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

६९. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

यस अतिरिक्त **शब्दशक्ति र व्यङ्ग्यार्थ**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 6.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२१. शब्द - शक्तिको अर्थ र परिभाषा ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ६.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२२.शब्द – शक्तिको विभिन्न प्रकारहरू ।

.......................................................................................

.......

.......................................................................................

.......

.......................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ६.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२३.अमिधा र लक्षणा शब्द - शक्ति ।

.......................................................................................

.......

.......................................................................................

.......

.......................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ६.४.१ र ६.४.२ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२४.व्यञ्जना शब्द - शक्ति ।

.........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ६.४.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२५. व्यङ्ग्यार्थ ।

.........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ६.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – ७, काव्यमा ध्वनिको स्थान, उपयोगिता र महत्व, ध्वनिका भेद - उपभेदहर

## संरचना

7.0 उद्देश्य

7.1 परिचय

7.2 काव्यमा ध्वनिको स्थान

7.3 काव्यमा ध्वनिको उपयोगिता र महत्व

7.4 ध्वनिका भेद – उपभेदहरू

7.4.1 अविवक्षित वाच्य ध्वनि अथवा लक्षणामूला ध्वनि

7.4.2 विवक्षितान्यपर वाच्य ध्वनि अथवा अभिधामूला ध्वनि

7.5 उपसंहार

7.6 सार

7.7 अनुशीलनी

7.8 अतिरिक्त अध्ययन

7.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 7.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- काव्यको सामान्य परिचय
- काव्यमा ध्वनिको स्थान

- काव्यमा ध्वनिको उपयोगिता र महत्व
- ध्वनिका भेद - उपभेदहरू

## 7.1 परिचय

काव्य, कविता या पद्य, साहित्यको त्यो विधा हो, जसमा कुनै कहानी या मनोभावलाई कलात्मक रूपले कुनै भाषाका माध्यमद्वारा अभिव्यक्त गरिने गरिन्छ । भारतमा कविताको इतिहास र कविताको दर्शन धेरै पुराना मानिन्छ । यसको प्रारम्भ भरतमुनिदेखि भएको कतिपय विद्वानहरूले मानेका छन् । कविताको शाब्दिक अर्थ नै काव्यात्मक रचना या कविको कृति हो, जो छन्दहरूको शृंखलाहरूमा विधिवत बांधीने गरिन्छ । यस बाहेक काव्य त्यो वाक्य रचना पनि हो , जसबाट चित्त कुनै रस या मनोवेगले पूर्ण हुने गर्दछ ।

रसगंगाधर नामक कृतिमा 'रमणीय' अर्थलाई प्रतिपादक गर्ने शब्दलाई 'काव्य' भनिएको छ । काव्यमा 'अर्थको रमणीयता' अंतर्गत शब्दका रमणीयता पनि आउने गर्दछन् । यसर्थ मानिसहरूले यसको लक्षणलाई पनि काव्यको ध्वनि मानेको माइन्छ । कतिपय विद्वानहरूले भने यसको लक्षण बहुत स्पष्ट नभएको बताएका पनि छन् । साहित्य दर्पणाकार विश्वनाथको काव्य लक्षणलाई भने सबैभन्दा सठीक मानिने गरिन्छ । उनको मतअनुसार 'रसात्मक वाक्य नै काव्य हो ।' रस अर्थात् मनोवेगहरूका सुखद सञ्चारलाई काव्यको आत्मा मानिने गरिन्छ ।

ध्वनि काव्यको त्यो बस्तु हो जसमा ,शब्दहरूबाट निकलिएको अर्थका अपेक्षा वाच्य प्रधान हुने गर्दछन् । यसरी नै गुणीभूत व्यङ्ग्य काव्य भनेको त्यो

काव्य होव्यङ्ग्यको अपेक्षा लुकेको अभिप्राय बिना नै व्यङ्ग्य जसमा , चमत्कार भइ अर्थ बोध हुँदछन् । ध्वनिवादी आचार्य आनन्दवर्धनले काव्यको मुख्य स्वरूप ध्वनि हो भन्ने अवधारणा ल्याएका छन् । ध्वनि भनेको काव्यको अन्तरङ्ग वा आत्मगत तत्त्व हो र यिनले यही आत्मगत तत्त्वलाई बढी प्रमुखता दिए तापनि शब्द र अर्थको उपेक्षा गरेका छैनन् । आनन्दवर्द्धनले पूर्व चर्चित ध्वनि सिद्धान्तलाई लिपिबद्ध गरी ध्वनि विरोधी मतहरूको उल्लेख र खण्डनका साथ ध्वनिवादका रूपमा त्यसको स्थापना समेत गरे । आनन्दवर्द्धन ले ध्वनिको स्वरूप निर्धारण गर्दै यसलाई नै काव्यको आत्मा मानेका छन् । उनले जब शब्दले स्वयम् आफ्नो अर्थलाई गौण गरी विशेष अर्थ व्यक्त गर्दछ त्यस्तो प्रतीयमान अर्थ नै ध्वनि हो भनेका छन् ।

सोझो र अमिधा अर्थमा प्रयोद नहुने र विशेष अर्थमा ग्रहण गर्ने भाव व्यक्त नै ध्वनि हो । आचार्य आनन्दवर्द्धनले ध्वनिलाई स्फोटवादसँग जोड्दै व्याकरण जसरी तथ्यात्मक हुन्छ ध्वनि पनि त्यस्तै जीवन्त र सजीव हुने र विभिन्न अर्थको योगमा स्फुरित हुने बताएका छन् । ‘ध्वन्यते इति ध्वनि’, ‘ध्वननीति ध्वनि’ भन्दै विभिन्न अर्थमा ध्वनिको व्युत्पत्ति हुने बताउँदै आनन्दवर्द्धनले ध्वनिलाई व्यङ्य मानी यो महाकविहरूको वाणीमा पाइन्छ जुन नारीहरूको प्रत्येक अवयवको सुन्दरता भन्दा बेग्लै, लावण्य, हिस्सी जस्तो बाहिरी शब्द अर्थ भन्दा विलक्षण, अति स्वादिलो अलौकिक प्रतिभाको स्फुरण हुन्छ भनेका छन् ।

## 7.2 काव्यमा ध्वनिको स्थान

**ध्वनी** कम्पन हो, जसलाई सुन्ने ईन्द्रीय, कानले महसुस् गर्छ ।

मेकानिकल कम्पन र हावाको चाप द्वारा ध्वनी उत्पादन हुन्छ । हामीले ध्वनि कसरी सुन्छौ त ? ध्वनि सुनिनको लानि ध्वनिको स्रोतबाट हाम्रो कान सम्म ध्वनिको स्थान्तरण हुन जरुरी हुन्छ | ध्वनिको स्रोतबाट उत्पन्न भएको तरन्ग हावामा अवस्थित शुक्ष्महरू एक आपसमा एक पछि अर्को गर्दै ठोकिएर हाम्रो कान सम्म पुग्छ र ती सबैको मात्रा जति धेरै हुन्छ त्यतिनै तरंगको गति उतिनै छिटो हुन्छ |

ध्वनी ठोस, तरल र वायु बाट हिड्न सक्छ तर भ्याक्युमबाट भने सक्दैन । हावामा ध्वनीको गति ३३१.५ मिटर प्रति सेकेण्ड (०° सेल्सियसमा) हुन्छ। हावाको तापक्रम बढ्दै जाँदा ध्वनीको गति बढ्दै जान्छ । किनकि हावाको तापक्रम बढ्दै जादा मोल्युकल्सहरू छुट्टिदै जान्छ | ध्वनी एक लङ्गिच्युडनल् तरङ्ग हो । यसले रिफ्लेक्सन, रिफ्र्याक्सन, डिफ्र्याक्सन र इन्टरफरेन्स जस्ता गुणहरू देखाउँछ ।

संस्कृत काव्यशास्त्रमा ध्वनि - सिद्धान्त एक महत्वपूर्ण सिद्धान्तको रूपमा प्रतिष्ठित रहेको देखिन्छ । 'ध्वनि' शब्दको निष्पत्ति 'ध्वन' धातुमा 'इ' प्रत्ययको संयोगबाट भएको हो । ध्वनि शब्दको सामान्य अर्थ कानमा सुनाई पर्ने नाद या आवाजलाई पनि मानिन्छ । आनन्दवर्धनले ध्वनिको परिभाषा दिँदै यसो भनेका छन् :- "जुन रचनामा वाचक विशेष र वाच्य विशेष आफ्नो अभिधेय अर्थलाई गौण बनाएर काव्यार्थ (व्यंग्यार्थ) व्यक्त गर्दछ , त्यसलाई 'ध्वनि' भनिन्छ । ध्वनिको व्युपत्ति मूलक परिभाषाहरू यस प्रकार रहका छन् :-

६. **व्यञ्जक ध्वनि:-** "ध्वनति ध्वनयति वा य:स: व्यंजक:शब्द: ध्वनि:।"

अर्थात् ध्वनित हुने व्यञ्जक शब्द ध्वनि हो ।

७. **व्यञ्जक अर्थ:-** "ध्वनति ध्वनयति व य:स: व्यंजक:अर्थ: ध्वनि:।"

अर्थात् त्यो व्यञ्जक अर्थ ध्वनि हो, जो अन्य अर्थहरूलाई ध्वनित गर्दछ वा हुँदछ ।

८. **व्यङ्ग्यार्थ:-** "ध्वन्यते इति ध्वनि:।"

अर्थात् जो ध्वनित हुन्छ, त्यसलाई ध्वनि भनिन्छ ।

९. **व्यञ्जना व्यापार:-** "ध्वन्यते अनेन इति ध्वनि:।"

अर्थात् जसकोद्वारा ध्वनित गरिन्छ, त्यो ध्वनि हो ।

१०. **व्यञ्जना प्रधान काव्य:-** "ध्वन्यते अस्मिन् इति ध्वनि:।"

अर्थात् जुन काव्यमा रस, अलङ्कार एवम् वस्तु ध्वनित हुने गर्दछ, त्यो काव्य ध्वनि काव्य हो ।

यस प्रकार व्युपत्तिमूलक अर्थमा व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यङ्ग्यार्थ, व्यञ्जना व्यापर, व्यञ्जना प्रधान काव्य सबैमा ध्वनिको विस्तार पाइने गरिन्छ ।

आचार्य **मम्मट** को विचारअनुसार ध्वनि भनेको त्यो हो, जहाँ व्यंग्यार्थ वाच्यार्थको अपेक्षा अतिशय उत्तम अर्थात् चमत्कारपूर्ण हुने गर्दछ , त्यसैलाई विद्वानहरूले ध्वनि भनेका छन् । मूलत: काव्य, कविता या पद्य, साहित्यको त्यो विधा हो, जसमा कुनै कहानी या मनोभावलाई कलात्मक रूपले कुनै भाषाका माध्यमद्वारा अभिव्यक्त गरिने गरिन्छ । भारतमा कविताको इतिहास र कविताको दर्शन धेरै पुराना मानिन्छ । यसको प्रारम्भ भरतमुनिदेखि

भएको कतिपय विद्वानहरूले मानेका छन् । कविताको शाब्दिक अर्थ नै काव्यात्मक रचना या कविको कृति हो, जो छन्दहरूको शृंखलाहरूमा विधिवत बांधीने गरिन्छ । यस बाहेक काव्य त्यो वाक्य रचना पनि हो , जसबाट चित्त कुनै रस या मनोवेगले पूर्ण हुने गर्दछ । अर्थात् जुन चुनिगएको शब्दहरूका द्वारा कल्पना र मनोवेगहरूलाई प्रभावित गर्ने नै काव्य हो । यसैले काव्यमा सङ्गित ताल भन्ने कुराहरू रहन्छन् । यी सबै ,तरङ्ग , ध्वनिसित सम्बन्धित कुरा भएकोले काव्यमा ध्वनिको स्थान विशेषरूपमा रहेको पाइन्छ ।

रसगंगाधर नामक कृतिमा 'रमणीय' अर्थलाई प्रतिपादक गर्ने शब्दलाई 'काव्य' भनिएको छ । काव्यमा 'अर्थको रमणीयता' अंतर्गत शब्दका रमणीयता पनि आउने गर्दछन् । यसर्थ मानिसहरूले यसको लक्षणलाई पनि काव्यको ध्वनि मानेको माइन्छ । कतिपय विद्वानहरूले भने यसको लक्षण बहुत स्पष्ट नभएको बताएका पनि छन् । साहित्य दर्पणाकार विश्वनाथको काव्य लक्षणलाई भने सबैभन्दा सठीक मानिने गरिन्छ । उनको मतअनुसार 'रसात्मक वाक्य नै काव्य हो ।' रस अर्थात् मनोवेगहरूका सुखद सञ्चारलाई काव्यको आत्मा मानिने गरिन्छ । यसर्थ **काव्यप्रकाश**मा काव्यको तीन प्रकार मानिएको छ । ती हुन् –

१. ध्वनि ।

२. गुणीभूत व्यङ्ग्य र

३. चित्र ।

ध्वनि काव्यको त्यो बस्तु हो, जसमा शब्दहरूबाट निकलिएको अर्थका अपेक्षा वाच्य प्रधान हुने गर्दछन् । यसरी नै गुणीभूत व्यङ्ग्य काव्य भनेको

त्यो काव्य हो, जसमा व्यङ्ग्यको अपेक्षा लुकेको अभिप्राय बिना नै व्यङ्ग्य चमत्कार भइ अर्थ बोध हुँदछन् । चित्र काव्य चाहिँ उत्तम, अधम र मध्यम रूपमा रहेको हुन्छ । काव्य प्रकाशकारको भनाइअनुसरा रसको उद्रेकले होइन , काव्यमा अर्थ बोध सङ्गितात्मकलाको कारणले हुन्छ भनिएको छ । यसर्थ काव्यमा अन्य रस, छन्द, अलङ्कार भन्दा पनि ध्वनिको स्थान धेरै रूपमा माथि रहेको हुन्छ ।

काव्यमा ध्वनि विशेष भाषाका माध्य प्रकट हुने गर्दछ । लेखकले प्रयोग गरेका विभिद भाषाका कारण ध्वनिका रूपमा त्यो काव्यमा प्रयोग हुन्छन् भन्ने विद्वानहरूको भनाइ पाइन्छ । विश्वका प्रत्येक वस्तुमा विकास अनिवार्य तत्व भएजस्तै भाषामा पनि एक भाषाबाट अर्को भाषामा विकास हुनु र समभाषाकै विविध स्तरमा विकास हुनु परिवेशजन्य रहन्छ । वस्तुको विकास वा परिवर्तनका गति समाजमा एकै किसिमका हुँदैनन् । कुनै वस्तुमा बिस्तारै बिकास हुन्छ भने कुनैमा छिटो छिटो बिकास भएर जान्छ । बिस्तारै भएका बिकास निकै पछिमात्रै अनुभव गम्य हुन्छ । भाषाको बिकास क्रमिकरूपमा बिस्तारै हुन्छ । केही शताब्दी अघिका भाषिक लेख्य सामग्री हेर्ने हो भने त्यस बेलाको समाजबाट अहिलेको समाजमा आएको विभिन्न सामाजिक परिवर्तनका कारणले भाषामा पनि परिवर्तन आएको प्रष्ट छुट्याउन सकिने भइसकेको पाउँछौ । भाषा मानिसको नैसर्गिक आधारतत्व भएकोले यसलाई उसको निजी सम्पतिको रुपमा लिइन्छ ।

आव, खाव, घिव, जीव, लेव' जस्ता शब्दहरू आधुनिक नेपालीमा क्रमशः 'आउ, खाउ, घिउ, जीउ, लेउ' जस्ता रूपमा परिवर्तन भइसकेका छन् । यस्तै सूर्यमणि अधिकारीले अभय मल्लको अभिलेखमा यो भाषा यस्तो रहको बताएका छन्

- जै ब्रह्म जोइसि महिराज जोइसिकि शाखा चेलीको चेलो आदि भुँच" वाक्यमा प्रयुक्त शब्दहरूले तत्कालिन उच्चारण व्यवस्था र आधुनिक नेपाली उच्चारण व्यवस्थामा मात्र फरक औल्याउँदैनन्  शब्दार्थ तहमा आएका परिवर्तनको पनि संकेत गर्दछन् । त्यस्तै एकै समयमा प्रचलित भाषा सवै अवस्था वा परिस्थिति र सवै ठाउँमा एकै किसिमको नहुन पनि सक्छ । न्यौपानेकै अनुसार पूर्वेली भाषिकामा आधारित स्तरीय नेपालीको 'जान्छ' हुन्छ भने पर्वतेमा 'जान्च' हुन्छ । पूर्वेलीको 'जहान' माझालीमा 'झान' हुन्छ । संस्कृतमा एउटै 'गौ' शब्दका गावि, गोणि, गोता, गोपोतालिकाका भेदहरू थिए भने संस्कृतका पूर्वेली भाषिकामा 'दाति' थियो । यस्ता परिवर्तन कालान्तरमा गएर अत्यधिक अवस्थामा पुग्दा त्यसले आफ्नो परम्परागत मान्यता गुमाइ अन्य अर्थ धारण गर्दथ्यो । यसरी भाषामा परिवर्तन हुनु भाषा बिग्रिनु नभै भाषामा बिकास हुनु हो र परिवर्तन नै उन्नतिको वाहक हो । विभिन्न सामाजिक सन्दर्भका कारणले भाषिक परिवर्तन हुनुमा खास गरेर ध्वनि, रूप, अर्थ तथा शब्द आदिका स्तरमा आएका अर्थ्भिन्नताका साथै वाक्यका संरचनामा आएका भिन्नताले नै परिवर्तनको एकाइगत रूपको संकेत गर्दछ ।

भाषिक परिवर्तनलाई  वाह्य र आन्तरिक तथ्यहरूले निर्धारित गर्दछन् । भाषा कुनै स्थानबिशेषमा बोलिन्छ । त्यसैले त्यस ठाउँको स्थानीयताले भाषामा प्रभाव पार्दछ । भाषाको प्रयोग कुनै समाजमा नै हुन्छ । भाषालाई त्यस समाजको रहनसहन, भेषभूषा, खानपिन आदिद्वारा प्रभावित तुल्याउँछ, भाषा बोल्ने कुनै बिशिष्ट व्यक्ति पनि हुन्छन् । उनीहरूका व्यक्तित्व र आग्रहले पनि भाषाका विकासमा प्रभाव पार्दछ । यसैले भौगोलिक, ऐतिहासिक, राजनैतिक, सांस्कृतिकजस्ता बिशेष पक्षले भाषालाई परिवर्तित गर्दछ । यी कारणहरूलाई

बाह्य कारण मानिन्छ । कुनै दुईभाषाहरू वाह्य परिस्थितिमा रहेमा तिनीहरूमा समान किसिमको त्यही त्यही क्षेत्रमा परिवर्तन नहुन सक्छ । भाषिक परिवर्तनमा केही कारणहरू स्वयम्मा पनि अन्तरनिहित हुन्छन् । यिनै परिवर्तनका कारक तत्वलाई आन्तरिक कारण मानिन्छ । प्रमुख रूपमा भाषामा प्रयत्न लाधव, अनुकरणको अपूर्णता, लिपि, सादृश्य, अन्य भाषाको प्रभाव, नवीकरणको प्रवृत्ति भ्रामक व्युत्पत्ति, अनिश्चितता, सन्दर्भ वा परिवेश एवं सादृश्य प्रयोगका कारण भाषिक परिवर्तनमा आन्तरिक असरहरू देखा पर्दछन् । यिनै तथ्यहरूले खासखास परिणाम पनि प्राप्त हुन्छन् । त्यस्ता परिणाम र प्रतिक्रियाले भिन्न युगलाई प्रतिनिधित्व गर्दछ ।

*तसर्थ भाषिक परिणामहरू प्राप्त हुँदैजाने क्रममा उच्चारण स्थानमा परिवर्तन, घोषत्वमा परिवर्तन, प्रारणत्वमा परिवर्तन, समीभवन, बिपर्यास, आगम, समस्वरागम, अभिश्रुती, लोप, समध्वनिलोप, नासिकीभवन, महाप्राणि भवन, अल्पप्राणिभवन, घोषिभवन, अघोषिभवन तथा द्वित्वका रूपमा ध्वनिका स्तरमा परिवर्तन देखापर्दछन् । रूप परिवर्तन पनि भाषिक परिवर्तनअन्तरगतकै एउटा प्रकृया हो । तसर्थ रूप परिवर्तनका पनि आफ्ना परिणामहरू देखा पर्छन् । त्यसरी देखापर्ने भाषिक परिवर्तनका परिणामहरूमा प्राचीन तत्वको लोप, नवीन तत्वको प्रयोग, अतिरिक्त रूपको प्रयोग, अशुद्ध प्रत्ययको प्रयोग र अपवाद कम हुँदैगएर सरलीकरण र एकरूपताका स्तरमा परिवर्तन भई भाषिक परिवर्तनका परिणामहरू देखा पर्दछन् ।*

भाषाका बिभिन्न एकाइमध्ये शब्द अत्यन्त अस्थिर एकाइ हो । यसमा जति बिकास वा परिवर्तन हुन्छ त्यति अरू एकाइमा हुँदैन । शब्दको प्रयोगमा भाषाको आफ्नै आन्तरिक कारण मात्र हुँदैन । रीतिथिति खानपिन, बस उठ,

सभ्यताको बिकास, चेतना र सम्पकजस्ता अनेक कारणले पनि भाषामा परिवर्तन हुन्छ । शब्दको व्युत्पत्ति एक प्रकारले भइराखेको हुन्छ तर अर्थमा समय परिवेशले अर्कै अर्थ प्रकट गरिराखेको पाइन्छ । भाषाका ध्वनि, रूप, शब्दमा मात्र होइन अर्थ तथा व्याकरणमा पनि परिवर्तन हुन्छ । यसरी विविध कारणले शब्दार्थमा देखापर्ने परिमाणका रूपमा अर्थ संकोच, अर्थ्विस्तार, अर्थादेश पक्षका परिवर्तन भाषामा देखापर्दछन् ध्वनिमा पनि विभिन्न नयाँ ध्वनिको विकास भएको पाइन्छ । त्यस्तै रुप तथा व्याकरणमा पनि विभिन्न रुप तथा प्रत्यय र आधारहरूको निर्माण भाषाको विकासमा निरन्तरता दिईरहेको हुन्छ ।यस्तै वाक्यरचनासम्बन्धी परिणामहरू पनि पाइन्छ जस्तैः “पिउथर्पु राजकरि अक्रया भाखा पसा मै राइको आदेस् हुम, दांगका पेखक अडै अधिकारी महर महतौ सभौप्रति सुना र तामाशासन कनकपत्र कि, भाष् करि जयाकर पण्डित चतुसीमा पर्यन्त विशुद्ध आचँद्रार्क स्थायी सर्वबाधा विनिर्मुक्त करिमुक्त करि अक्रयाँ छु । पुण्य मल्ल कि शाखा यो भाषा प्रतिपाल जयाकर पण्डितको पूत् नाति भतिजा चेलिका चेला आदि भुँचन् । बस्यो रस्योदेखि कोही उल्टापलटि कर्न नपाँवन् । आफ्नै उचितै करि जयाकर पण्डितै ढुयन” (पुण्यमल्लको ताम्रपत्र वि.सं.१३९३) ।

उक्त अंशको अनुवाद आजको नेपाली भाषामा बालकृष्ण पोखेरेल(२०४३) ले पाँचसय वर्षमा यसरी गरेका छन् : *“पिउथर्पुमा राजभई करविहिन तुल्याएको भाखा पत्र बक्सियो, राजाको आदेश (भयो) हुम् दाङ्गका पेखक, अडै अधिकारी, महर, महत्तौ (इत्यादी थर भएका मानिस) गैरहेको । कनकपत्रको भाखागरी जयाकर पण्डितलाई चारै किल्लामा दोष नभएको, घाम र जुन रहेसम्म टिकिरहने सुन र तामाको शासन सबै बाधाहरूबाट मुक्तगरी दानगरी*

*अकर गरिदिएको छ्र । पुण्यमल्लका सन्तानले यस भाषालाई पालन गरोस् । जयाकर पण्डितका छोरा, नाति, भाइ, भतिजा, छोरीका छोरा इत्यादिले भोग गरून् । रस्ती - बस्ती बसाएको देखेर कसैले उल्टा पलटि गर्न नपाऊँन् । आफ्नो माफिक ठानी जयाकर पण्डितले चलन गरून् ।"*

माथिको उद्धृत प्राचीन अंश हेर्दा त्यो पनि नेपाली भन्न सजिलै नसकिएला किनभने आज त्यस रूपको नेपाली छैन । आजको नेपाली त्यस रूपबाट निकै परिवर्तित र विकसित भइसकेको छ । उक्त अंशका ध्वनिमा खास परिवर्तनजस्तो नदेखिए पनि शब्दमा परिवर्तन भएको छ । व्याकरणमा परिवर्तन भएको छ । त्यस्तै त्यसवेलाको लिङ्गव्यवस्था अहिले उस्तै किसिमको छैन । क्रियापदको प्रयोग आज भिन्नै किसिमको भएको छ, वचनव्यवस्था भिन्नै छ । तसर्थ वाक्यसंरचनामा समेत परिवर्तनका कारण भाषामा नयाँ परिणामहरू देखापरेका छन् ।  यसैगरी वाक्यांशका तहमा पनि विस्तारै परिवर्तन हुँदै खास अर्थलाई भावार्थमा बुझ्दा उखानका तहसम्म त्यस्ता वाक्यांश पुगिसकेको अनुभव हुन्छ ।तसर्थ माथिउल्लेखित तथ्यहरूको आधारमा संस्कृतमा देखिएको भाषाको सामाजिक सन्दर्भ अपभ्रम्शकालमा फरक रहेको पाइन्छ भने अपभ्रशकालमा पाइएका ध्वनि, शब्द तथा व्याकरण प्राचीनकालमा फरक सामाजिक स्थितिमा देखिन्छ । यस्तै प्राचीन कालको भाषाको समाजिक सन्दर्भले भाषाको ध्वनि, शब्द तथा व्याकरणमा पारेको प्रभाव मध्यकालीन नेपालीमा विस्तारै लोप तथा नयाँ भाषिक सन्दभहरूको प्रयोग देखिन्छ । मध्यकालीन नेपाली भाषाको सामाजिक सन्दर्भमा प्रयोग हुने भाषाको आधुनिक नेपालीमा कतै लोप तथा कतै आगमका रुपमा भाषामा देखापर्ने भाषिक प्रवृत्तिहरू समयक्रममा एकपछि अर्को गर्दै विस्तारै परिवर्तन

हुँदै गइरहने रहेछन् जस्ले भाषा विकासको नयाँनयाँ चरणमा प्रवेश गराउँदै मानवीय विकासलाई अगाडि बढाइरहेको बुझिन्छ ।

## 7.3 काव्यमा ध्वनिको उपयोगिता र महत्व

भाषणमा एक खण्ड आवाजको अनुक्रममा हुन्छ जुन असंख्य एकाइहरू मध्ये एक हो, जुन भाषण विभाजन भनिन्छ । प्रक्रियाको माध्यमबाट बोल्न वा बोल्ने भाषामा शब्दहरू, शब्दहरू वा शब्दहरूमा विभाजित गर्न सकिन्छ । मनोवैज्ञानिक रूपमा, मानिसहरू भाषण सुन्छन् तर भाषाबाट अर्थ सिर्जना गर्न ध्वनिको खण्डहरू व्याख्या गर्छन् । भाषाकार जॉन गोल्डस्मिथले यी खण्डहरूलाई वाणी स्ट्रिमको "ऊर्ध्वाधर स्लाइस" - को रूपमा वर्णन गरेको छ, जसमा विधि बनाएको छ जसमा दिमागले प्रत्येक एक विशिष्ट व्याख्या गर्न सक्दछ किनभने तिनीहरू एकअर्कासँग सम्बन्धित हुन्छन् ।

सुनवाई र बुझाइको बीच भेद फलोलोजी बुझ्न मौलिक हो । यद्यपि अवधारणा बुझ्न गाह्रो हुन सक्छ, यो अनिवार्य रुपमा बुझ्न को लागी कि भाषण विभाजनमा, हामी अलग ध्वन्यात्मक आवाजहरू बिच्छेदन गर्दछौं जुन हामी विचलित खण्डहरूमा सुन्न सक्छौं । उदाहरणको लागि शब्द "पेन" लिनुहोस् - जब हामी शब्द बनाउँछौं, हामी तीन अक्षरहरूलाई अनौठो खण्डको रूपमा बुझ्छौं र व्याख्या गर्दछौं "कलम ।" भाषण र फोनेटिक विभाजन, वा फोनोलोजीको बीच अर्को महत्वपूर्ण भिन्नता भनेको हो भने भाषण भाषाको मौखिक प्रयोग बोल्ने र बुझ्ने पूर्ण कार्यलाई बुझाउँछ, जबकि फोलोलोजीले नियमहरूलाई बुझाउँछ कि हामी कसरी यी कथनहरूलाई तिनीहरूको खण्डहरूमा आधारित व्याख्या गर्न सक्छौं । फ्रान्क पार्कर र क्याथिन रिलले यसलाई "गैर -भाषाकारहरूका लागि भाषाविद्" - मा अर्को तरिका राखे,

"बोल्दा शारीरिक वा शारीरिक घटनाले बुझाउँछ, र फोहोर विज्ञानले मानसिक वा मनोवैज्ञानिक घटनालाई बुझाउँछ ।" मूलतः, शब्द विज्ञानले मानव भाषा भाषा कसरी व्याख्या गर्ने मेकानिक्समा काम गर्छ ।

एन्ड्रयू एल सिहलरले आठ अंग्रेजी शब्दहरू प्रयोग गरे भनेर यो वर्णनलाई वर्णन गरे कि खण्डको कलात्मक तथ्याङ्क सजिलैसँग "राम्रो तरिकाले चुनेका उदाहरणहरू" मार्फत "पुस्तक इतिहासः एक परिचय" दिएका छन् । ती शब्दहरू "बिरालोहरू, केकहरू, स्ट्याक, कास्ट, कार्य, सोधिएको, खारेज र स्क्याट" शब्दहरू, "प्रत्येक चार, स्पष्ट रूपमा विचलित, घटकहरू - धेरै कच्चे फोंटेटिक्स [s], [k] [ t], र [æ] । " यी प्रत्येक शब्दहरूमा, चार पृथक घटकहरूले सिहेलरलाई "कडा सजावटहरू" भनिन्छ, "हामी आवाजको सन्दर्भमा अलग-अलग रूपमा व्याख्या गर्न सक्छौं । किनकी मानव मस्तिष्क भाषा को शुरुवात को शुरुवात मा एक भाषा को समझ मा विकसित, भाषा अधिग्रहण मा क्षेत्रीय फोलोलोजी को महत्व को बुझन को रूप मा शिशु मा हुन्छ । यद्यपि, विभाजन मात्र एक चीज होइन जुन शिशुहरूले आफ्नो पहिलो भाषा सिक्न मद्दत गर्दछ, तालिमले जटिल शब्दावलीलाई बुझ्न र प्राप्त गर्नमा महत्वपूर्ण भूमिका खेल्छ । "पहिलो शब्दमा भाषण धारणाबाट भाषा विकासमा," जर्ज होलिच र डेरेक ह्यूस्टन "शिशु-निर्देशित भाषण" को "वयस्कों मा निर्देशित" को रूप मा "निरंतर स्पष्ट रूप देखि चिह्नित शब्द सीमाहरु" को वर्णन गर्दछ। तथापि, शिशुहरूले नयाँ शब्दहरूको अर्थ अझै पनि अर्थ खोज्नु पर्छ, शिशु "तीव्र गतिमा तिनीहरूलाई (वा खण्ड) खोज्नु पर्छ ।"

दिलचस्प छ, होलिच र ह्यूस्टन जारी राख्दछन् कि अध्ययनहरूले देखाउँछ कि एक वर्ष भन्दा कम उमेरका शिशुहरूले सबै शब्दहरूलाई तीव्र भाषणबाट

विभाजित गर्न सक्दैन, यसको सट्टा मुख्य प्रमुख ढाँचाहरूमा निर्भर रहन्छ र उनीहरूको भाषाको तालमा संवेदनशीलताको अर्थमा फ्रो धाराप्रवाह भाषणको अर्थ राख्ने । यो मतलब छ कि शिशुहरूले स्पष्ट तनावको ढाँचाहरू जस्तै "चिकित्सक" र "मोमबत्ती" शब्दहरू बुझ्न वा पादरीसँग भाषाबाट पालना गर्दै "कम" वा "आश्चर्य" जस्तै कम सामान्य तनाव पैटर्नहरू बुझ्न वा एक मोनोटको व्याख्या बुझ्नको लागी अर्थ  बुझ्दछन् । यी सबै कुरा भाषाका माध्यम काव्यमा विशेष ध्वनिले गर्दा हुने हुनाले काव्यमा ध्वनिको उपयोगिता र महत्व रहेको पाइन्छ ।

संस्कृत काव्यशास्त्रमा काव्यको आत्मा विषयय विचार गर्ने विद्वानहरूले काव्य सिद्धान्तहरूमा 'ध्वनि सिद्धान्त' – लाई महत्वपूर्ण र उत्तम मानेका छन् । जुन आचार्यहरूले काव्यका आत्माको रूपमा ध्वनिलाई महत्त्व दिँदै उनीहरूका मतहरूकै आधारमा ध्वनि - सम्प्रदाय पनि प्रचलित भएको गएको देखिन्छ । ध्वनिवादी आचार्य **आनन्दवर्धन**लाई ध्वनि सिद्धान्तको प्रवर्तक आचार्य मानिने गरिन्छ । उनले आफ्नो 'ध्वन्यालोक' नामक ग्रन्थको रचना गरेका छन् । मूलरूपमा ध्वनि - सिद्धान्तको निम्ति ध्वन्यालोकलाई एक मात्र प्रमुख ग्रन्थ पनि मानिने गरिन्छ । आचार्य आनन्दवर्धनले ९ औं शताब्दीमा यस ध्वनि सिद्धान्तको स्थापना गरेको मानिन्छ । उनले विशेष तीन सम्प्रदायहरूको उल्लेखहरूलाई ध्वनि विरोधी मतको खण्डन गरेको पाइन्छ । ती हुन् –

२. अभावादी २. भक्तिवादी र ३. अनिर्वचनियतावादि ।

यी तीनै ध्वनि विरोधी मतको खण्डन क्रममा ध्वनि - सिद्धान्त पनि स्थापना हुनसकेको कतिपय विद्वानहरूले मानेका छन् । आचार्य

आनन्दवर्धनद्वारा प्रतिपादित ध्वनि - सिद्धान्तलाई समर्थन गर्ने आचार्यहरूमा आचार्य अभिनवगुप्तको स्थान महत्वपूर्ण रहेको पाइन्छ । उनी १० औं तथा ११ औं शताब्दीका आचार्य हुन् । अभिनवगुप्तले 'ध्वन्यालोक'– मा 'लोचन' नामक टीका लेखेका छन् । ध्वन्यालोकको यो टीका मूल ग्रन्थ भन्दा पनि अधिक सशक्त एवम् लोकप्रिय सिद्ध भएको पाइन्छ । अभिनवगुप्त मूलतः रसवादी आचार्य थिए । अतः रसका सम्यक् पुष्टिको निम्ति उनले ध्वनि - सिद्धान्तको महत्व प्रदान गरेका हुन् भन्न सकिन्छ । उनले ध्वनि सिद्धान्तको उपयोगिता र महत्वलाई बुझाउँदै यही सिद्ध गरेको पाइन्छ कि 'रस' वाच्य नभकर व्यङ्ग्य हुने गर्दछ । यस प्रकार उनले रस र ध्वनि बीचको अभिन्न सम्बन्धलाई पनि स्थापना गरेका पाउँछौं । अभिनवगुप्तले काव्यमा रस ध्वनिको महत्व बुझाउँदै वस्तु ध्वनि र अलंकार ध्वनिलाई पनि रसको पोषक तत्वका रूपमा स्वीकार गरेका छन् ।

११ औं शताब्दीको मध्य अवधिका आचार्य मम्मटले काव्यशास्त्रको क्षेत्रमा उल्लेखनीय योगदान र कार्यहरू गरेका छन् । उनको उदाय हुने समयसम्ममा केही आचार्यहरूका माध्यमद्वारा ध्वनि सिद्धान्तबारे धैरै विरोध भएको पाइन्छ । यसर्थ आचार्य मम्मटले ध्वनि सिद्धान्तको खण्डनात्मक विरोध गर्ने मतहरूको पनि विरोध गरेका छन् । उनले यसो गर्दै ध्वनि सिद्धान्तलाई अदिक रूपमा समर्थन गर्नै यसको निम्ति उनले 'काव्य - प्रकाशन' नामक ग्रन्थको निर्माण गरेको पाइन्छ । यस ग्रन्थमा महत्वपूर्ण तत्त्वहरूको आधारमा संस्कृत काव्यशास्त्रमा ध्वनि सिद्धान्तको पूर्न स्थापना गरेको पनि बुझिन्छ । उनले विशेष रूपमा ध्वनिलाई आधार बनाएर नै काव्यलाई पनि तीन भेदमा विभिक्त गरेका पाउँछौं । ती हुन् –

१. ध्वनि काव्य

२. गुणिभूत काव्य र

३. चित्रकाव्य

कतिपय आलोचकहरूले आचार्य मम्मटको गुणगान गाउँदै उनले ध्वनि काव्यलाई श्रेष्ठ मानेको पनि बताएका छन् । उनी पछि आचार्य पण्डितराज जगन्नाथलाई अन्तिम ध्वनि समर्थक आचार्य मानिने गरिन्छ । उनले आफ्नो 'रसगंगाधर' नामक ग्रन्थको निर्माण गरेका छन् । उनले मूख्य गरेर ध्वनिको आधारमा काव्यको तीन भेदहरूका स्थानमा चार भेदहरूको स्थापना गरेका छन् । प्राचीन ध्वनिवादि आचार्य 'रस' – लाई केवल असंलक्ष्य क्रम व्यंग ध्वनि पद्गत वाक्यगत नै मान्ने गर्थे । तर पण्डितराजले 'रस' - लाई संलक्ष्यक्रम व्यङ्ग्य ध्वनि अन्तर्गत पनि सिद्ध गरेका छन् ।

ध्वनि सम्प्रदायको स्थापना गर्ने प्रथम आचार्य आनन्दवर्धन हुन्। यिनले ध्वन्यालोक नामक ग्रन्थमा ध्वनिलाई काव्यको आत्मा मानी यससम्बन्धी विस्तृत व्याख्या गरेका छन्। उनले ध्वन्यालोकको विभाजन कारिका खण्ड र वृत्तिखण्डमा गरी ध्वनिको विविध पक्षको चर्चा गरेका छन्। सुरुसुरुतिर वृत्तिखण्ड अरू कसैले लेखेको हो भन्ने धारणा रहे तापनि अहिले दुवै खण्डका रचनाकार आनन्दवर्धन नै हुन् भन्ने मानिन्छ। यिनले ध्वनिको स्वरूप, भेदोपभेद तथा काव्यमा यसको स्थान आदिबारे गहन व्याख्या गरी ध्वनिलाई सैद्धान्तिक रूप दिएका छन् र ध्वनिवादका रूपमा यसको विकास गरेका छन्। एउटा काव्य सिद्धान्त वा वादका रूपमा प्रथम चर्चा र व्याख्या गर्ने सर्वप्रथम व्यक्ति आनन्दवर्धन भएकाले उनलाई नै ध्वनि सम्प्रदायका प्रवर्तक र ध्वनि

सिद्धान्तका प्रथम संस्थापक मानिन्छ। उनको ध्वनिवाद रसवादका विकसित हो भन्ने ठानिन्छ।

ध्वनिको प्रयोग आनन्दवर्धनभन्दा पहिला भएको पनि पाइन्छ। यसको प्रचलन पहिलादेखि नै भएको उल्लेख आनन्दवर्धन स्वयंले पनि गरेका छन्। ध्वनि शब्दको पृष्ठभूमिलाई केलाउँदा सर्वप्रथम यसको उल्लेख वैयाकरणहरूले स्फोटवाद (शब्दका द्वनिहरू सुन्दा अभिव्यञ्जित हुने अर्थबोध नै स्फोट हो भन्ने धारणा) सँग गाँसेर गरेका पाइन्छ। साहित्यतर्फ प्रतीयमान अर्थ वा व्यङ्ग्यात्मक अर्थका सन्दर्भमा यसको चर्चा भएको देखिन्छ। शब्दशक्तिअन्तर्गत लक्षणा र व्यञ्जनसँग ध्वनिको सम्बन्ध छ भन्ने मानिन्छ। काव्यशास्त्रमा भने भामह, उद्भट आदि अलङ्कारवादी आचार्यहरूले समासोक्ति, व्याजस्तुति र अप्रस्तुत अलङ्कारहरूमा ध्वनि निहित छ भन्ने सङ्केत गरेको पाइन्छ। यसरी ध्वनिको बीज  विचार पूर्वाचार्यहरूमा पाइए तापनि आनन्दवर्धनले त्यसको प्रतिपादन एउटा सिङ्गो साहित्य सिद्धान्तका रूपमा गरेका हुन्। उनी पूर्वप्रयोगबाट प्रभावित भए पनि उनले मौलिक ढङ्गमा यस सिद्धान्तको स्थापना गरेका छन्।

आनन्दवर्धनपछि अभिनवगुप्तले ध्वनि सम्प्रदायलाई अघि बढाउने काम गरेका छन्।  उनले आनन्दवर्धनका ध्वन्यालोकको ध्वन्यालोकलोचन भन्ने टीका र व्याख्या लेखेर ध्वनिवादलाई स्थायित्व प्रदान गरेका देखिन्छ। उनीपछि मम्मटले यस सम्प्रदायलाई खँदिलो किसिमले डोऱ्याएर विकासको चरमचुलीसम्म पुऱ्याएका छन्। त्यसैले उनलाई ध्वनिप्रस्थापन परमाचार्य समेत भनेको पाइन्छ। ध्वनिलाई शिखरमा पुऱ्याउने उनको महत्त्वपूर्ण योगदानलाई सम्झेर नै उनलाई ध्वनिका प्रस्थापक भनिएको हो। पछिल्ला

आचार्यहरूमा विश्वनाथ र जगन्नाथले ध्वनिको महत्त्व स्पष्ट पारी यस सम्प्रदायलाई विकसित तुल्याएका छन्।

## 7.4 ध्वनिका भेद – उपभेदहरू

मानिसको कानले २० हर्ज देखि २० किलोहर्ज फ्रिक्वेन्सि सम्मका ध्वनीलाई सुन्न सक्छ । फ्रिक्वेन्सि २० किलोहर्ज भन्दा बढि भएका ध्वनीलाई अल्ट्रासाउण्ड तरङ्ग भनिन्छ । फ्रिक्वेन्सि २ हर्ज भन्दा कम भएका ध्वनी तरङ्गलाई इन्फ्रसाउण्ड तरङ्ग भनिन्छ । मानिसको कानले अल्ट्रासाउण्ड र इन्फ्रसाउण्ड तरङ्गलाई सुन्न सक्तैन । तर जनावरहरू सँग अल्ट्रासाउण्ड र इन्फ्रसाउण्ड सुन्न सक्ने क्षमता हुन्छ |अल्ट्रासाउण्ड सुन्ने जनावरहरूमा कमेरो, ह्वेल,मुसा आदि पर्छन भने इन्फ्रसाउण्ड सुन्ने जनावरहरूमा कुकुर्,हात्ती,कुखुरा,गाई आदि पद्छर्न्| भुइचलो पनि इन्फ्रासाउण्ड अन्तर्गत पर्दछ | त्येसैले भुइचलो आउनु भन्द केही क्षीण् अगाडि यी जनावरहरू कराउने गर्दछ |

भारतीय काव्यशास्त्रको विभिन्न सिद्धान्तहरूमा सबैभन्दा प्रबल एवं महत्त्वपूर्ण सिद्धान्त ध्वनि सिद्धान्तलाई मानिन्छ । ध्वनि सिद्धान्तका आधार अर्थ ध्वनिलाई मानिएको छ । ध्वनिलाई बुझ्नका लागि शब्दहरूको भिन्न – भिन्न रूपहरू, त्यसको भिन्न – भन्न अर्थहरू र ती अर्थहरूबाट बोध हुने विभिन्न अर्थ व्यापारलाई पनि बुझ्नु आवश्यक हुँदछ । यस अर्थ व्यापारलाई शब्दको शक्ति भनिने गरिन्छ । भाषाको सार्थक एकाईलाई **शब्द** भनिन्छ । यो विभिन्न अक्षरहरूको समूहबाट निर्माण हुन्छ । वास्तवमा कुनै पनि अर्थ बुझाउने अक्षरहरूको समूह विषेशलाई शब्द भनिने हिनाले वक्ताले कुनै शब्द

उच्चारण गरेपछि श्रोतालाई परिस्तिथिअनुरूप अन्य कुराहरूको बोध हुनेगर्छ । यो नै शब्द हो ।

पूर्वीय साहित्यका आचार्य पतञ्जली, भृर्तिहरी, नागेशभट्ट आदिले शब्दका दुई रूप मानेका छन् । ती हुन् – ध्वनि वा नाद रूप अनि स्फोट रूप । ध्वनि औचार्य र मुर्त रूप हो भने स्फोट अनुचार्य र अमुर्त रूप हो । ध्वनि वा नाद रूप भाषाको श्रावणीक वस्तु हो भने स्फोट रूप अवधारणाको रूप हो । कुनै पनि शब्द वक्ता र श्रोतामाझ ध्वनि वा नाद रूप अनि स्फोट रूपद्वारा प्रतित हुन्छ । मूलरूपमा उच्चारित शब्दको कुनै न कुनै अर्थ हुनेहुनाले शब्द र अर्थबीचको सम्बन्धलाई शब्दशक्ति भनिन्छ । अतः वाक्यमा प्रयोग भएको शब्दका अर्थ बुझाउने शक्तिलाई शब्दशक्ति भनिने गरिन्छ । वाक्यमा शब्दको प्रतीति वाचक, लक्षक र व्यञ्जकको अर्थमा हुनेगर्छ । ध्वनि सिद्धान्तको स्थापना गर्ने श्रेय 'आनंदवर्धन' – लाई दिइन्छ । तर अन्य सम्प्रदायहरू जस्तै ध्वनि सिद्धान्तको जन्म पनि आनंदवर्धन भन्दापूर्व नै भएको पाइन्छ । यसबारे आनन्दवर्धन स्वयमले आफ्नो पूर्ववर्ती विद्वानहरूका मतोल्लेख गर्दै यसो भनेका छन् –

**'काव्यस्यात्मा ध्वनिरिति बुधैर्यः समाम्नातपूर्वः'**

अर्थात काव्यको आत्मा ध्वनि हो भन्ने मोर पूर्ववर्ती विद्वानहरूको मत छ । आनंदवर्धन पश्चात 'अभिनवगुप्त' – ले 'ध्वन्यालोक' – मा 'लोचन टीका' लेखेर ध्वनि - सिद्धान्तलाई प्रबल समर्थन गरेको देखिन्छ । आन्नदवर्धन र अभिनवगुप्त दुवैले रस र ध्वनि माझ अटूट सम्बन्ध दिखाएर यस मतलाई समर्थन गरेका छन् । आन्नदवर्धनले 'रस ध्वनि' - को सर्वश्रेष्ठ ध्वनि मानेका छन् , जबकि अभिनवगुप्तले रस - ध्वनिलाई 'ध्वनित' या

'अभिव्यंजित' मानेका छन् । परवर्ती आचार्य मम्मटले ध्वनि विरोधी मुकुल भट्ट, महिम भट्ट, कुन्तक आदिको युक्तिहरूलाई सतर्क खण्डन गर्नै ध्वनि सिद्धान्तको स्थापना गरेको प्रतीत हुन्छ । उनले व्यंजनालाई काव्यको निम्ति अपरिहार्य मानेका छन् । यसर्थ उनले 'ध्वनि प्रतिष्ठापक परमाचार्य' भनिने गरिन्छ ।

ध्वनिका भेद – उपभेदहरूबारे विभिन्न आचार्यहरूको आ – आफ्नै धारणाहरू रहेको पाइन्छ । कतिपय आचार्यहरूले यसको दुई भेद मानेका छन् भने कतिपय आचार्यहरूले चार वा पाँच पनि भेद मानेका छन् । आनन्दवर्धनले ध्वनिलाई काव्यका आत्मामा रूपमा स्वीकार गरेपछि यसबारे विभिन्न मत – मतान्तर पनि जन्मिएर गएको प्रतीत हुन्छ । व्यञ्जनालाई ध्वनिका आधारभूत तत्व मान्दै आनन्दवर्धनले व्यञ्जनाको मूलमा अभिधा र लाक्षणा शब्द शक्तिहरू मानेका बुझिन्छ । यस आधारमा उनले ध्वनिको दुई भेद देखाएका छन् । ती हुन् -

१. अविवक्षित वाच्य ध्वनि अथवा लक्षणामूला ध्वनि

२. विवक्षितान्यपर वाच्य ध्वनि अथवा अभिधामूला ध्वनि।

ध्वनिको भेदहरू र उपभेदहरूको तालिकाका माध्यमद्वारा हामी ध्वनिको भेद – उपभेदहरूलाई यस प्रकार अध्ययन गर्न सक्छौं –

**ध्वनिकोभेद** ।

१) अविवक्षित वाच्य ध्वनि　　२) विवक्षितान्यपर वाच्य ध्वनि

(लक्षणामूला ध्वनि)

(अभिधामूला ध्वनि)

। । । ।

अर्थान्तर संक्रमित अत्यन्त

तिरस्कृत असंलक्ष्यक्रम संलक्ष्यक्रम

वाच्य ध्वनि वाच्य

ध्वनि व्यंग्यध्वनि व्यंग्य ध्वनि

। । । । । ।

पद्गत वाक्यगत पद्गत वाक्यगत

। ।। । । । । ।

। । ।

रस रसाभास भाव भावाभास भावोदय भाव भाव

भाव. ।

शान्ति सन्धि

शबलता _______ । । ।

शब्द अर्थ शब्दार्थ

शक्ति शक्ति शक्ति

सम्भव सम्भव सम्भव

### 7.4.1 अविवक्षित वाच्य ध्वनि अथवा लक्षणामूला ध्वनि

Notes

जब कुनै कथनमा वाच्यार्थ कथ्य या विवक्षित हुँदैनन् , त्यहाँ **अविवक्षित वाच्य ध्वनि** हुने गर्दछ । यसै ध्वनिलाई लक्षणा मूला ध्वनि पनि भनिने गरिन्छ । किनकि यस ध्वनिको मूलमा लक्षणा शक्ति रहेको हुन्छ । अतः स्पष्ट यही छन् कि यस ध्वनिमा मुख्यार्थको बोध हुने गर्दछ र लक्षणाका प्रयोजन व्यङ्ग्यको रूपमा रहने गर्दछ ।

उदाहरण:- यदि कसैले 'हरि कुम्भकर्ण हो ' भन्यो भने यस वाक्यमा 'कुम्भकर्ण' शब्दमा 'बहुब्रीहि' समास पर्न जान्छ । जसको अर्थ हुन्छ - कुम्भ घड़ा जस्तै कान भन्ने । अर्थात् यस्तो व्यक्ति जो कुम्भकर्ण जस्तो छ अर्थात रावणको सानो भाई ।

अब यहाँ मुख्यार्थ बाध भएको पाइन्छ । कारण हरिको न त कुम्भ जस्तो कान छ र न त उ रावणको सानो भाई नै हो । यसरी मुख्यार्थमा बाध उत्पन्न भएर लक्षणा शक्तिका आश्रय लिएको र त्यसबाट निकलिएखो अर्थ 'निद्रालु' अर्थात् हरि निद्रालु प्रभृत्तिको छ भन्ने अर्थ बोध हुन्छ ह।

अविवक्षित वाच्य ध्वनि पनि दुई प्रकारका हुन्छन् । ती हुन् -

१. **अर्थान्तर सङ्क्रमित वाच्य ध्वनि**
२. **अत्यन्त तिरस्कृत वाच्य ध्वनि**

१. **अर्थान्तर सङ्क्रमित वाच्य ध्वनि:-**

जहाँ वाच्यले आफ्नो स्थिति बनाएर राखेर पनि अर्थान्तर विशेषमा सङ्क्रमित हुने गर्दछ, त्यहाँ 'अर्थान्तर सङ्क्रमित वाच्य ध्वनि' भएऱ जादछ।

उदा.:- **"सीता हरण तात जनि कहहु पिता सन् जाई ।**

**जो म राम त कुल सहित कहिहि दसानन आइन्**

यहाँ राम शब्दको अर्थ मात्र राम नामक व्यक्ति नभएर वरन् पराक्रमी त्यो राम हो, जसले शिव धनुषलाई तोड़ेको थियो । अर्थात् दशरथ पुत्र राम । यस प्रकार 'राम' पदले आफ्नो वाच्यको स्थिति बनाएर राखेर पनि अर्थान्तर विशेषमा सङ्क्रमित भएको पाइन्छ । अतः यसमा अर्थान्तर सङ्क्रमित वाच्य ध्वनि रहेको छ ।

अर्थान्तर सङ्क्रमित वाच्य ध्वनिको पनि दुई उपभेद रहेको छ । ती हुन् -

अ. पदगत अर्थान्तर सङ्क्रमित वाच्य ध्वनि ।

आ. वाक्यगत अर्थान्तर सङ्क्रमित वाच्य ध्वनि ।

२. **अत्यन्त तिरस्कृत वाच्य ध्वनि:-**

जहाँ वाच्य पूर्णतया तिरस्कृत एवम् त्याज्य हुने गर्दछ , त्यस ध्वनिलाई अत्यन्त तिरस्कृत वाच्य ध्वनि भनिन्छ ।

उदा.:- **"बाउ कृपा मूरति अनुकूला**

**बोलत बचन झरत जनु फूला ।"**

यहाँ फूलको अर्थ काकू वैशिष्ट्यसित शूल भएको पाइन्छ । कसैको वाणीबाट फूल झड़ने गर्दछ । अर्थात् तपाइको वाणी शूल जस्तै घोची रहेको छ । कष्ट दिइ रहेको छ । यहाँ फूल शब्द नितान्त तिरस्कृत भएर आफ्नो कोशगत अर्थलाई त्यागेर विलामार्थी भएको पाइन्छ । अतः यहाँ अत्यन्त तिरस्कृत वाच्य ध्वनि भएको पाइन्छ ।

**अत्यन्त तिरस्कृत वाच्य ध्वनि पनि अझ** दुई उपभेदमा विभक्त भएको हुन्छ । ती हुन् -

क. पदगत

ख. वाक्यगत

## 7.4.2 विवक्षितान्यपर वाच्य ध्वनि अथवा अभिधामूला ध्वनि

जहाँ व्यंग्यार्थको पूर्व मुख्यार्थ विद्यमान रहने गर्दछ अर्थात् मुख्यार्थ बाध हुने गर्दैनन् , त्यस ध्वनिलाई **विवक्षितान्यपर वाच्य ध्वनि अथवा अभिधामूला ध्वनि** भनिन्छ । जुन ध्वनिलाई लक्ष्यार्थ ग्रहणको आवश्यकता पर्दछ, त्यहाँ 'विवक्षितान्यपर वाच्य ध्वनि अथवा अभिधामूला ध्वनि' हुने गर्दछ ।

यस विवक्षितान्यपर वाच्य ध्वनि अथवा अभिधामूला ध्वनिको पनि दुई उपभेद रहेका छन् । ती हुन् –

१. **असंलक्ष्यक्रम व्यङ्ग्य ध्वनि।**

२. **संलक्ष्यक्रम व्यङ्ग्य ध्वनि।**

१. **असंलक्ष्यक्रम व्यङ्ग्य ध्वनि:-**

असंलक्ष्यक्रुम व्यङ्ग्यको अर्थ हुन्छ ,जहाँ व्यङ्ग्यको क्रम असंलक्ष्य रूपमा रहने गर्दछ । अर्थात जहाँ व्यङ्ग्य ध्वनिको क्रम कुनै स्पष्ट रूपमा प्रतीत हुँदैनन त्यलाई ,**असंलक्ष्यक्रम व्यङ्ग्य ध्वनि** भनिन्छ । यस ध्वनि अन्तर्गत रस, रसाभाव, भाव, भावाभास, भावशान्ति, भावोदय आदि आउने गर्दछ ।

२. **संलक्ष्यक्रम व्यङ्ग्य ध्वनि:-**

जुस ध्वनिबाट वाच्यार्थ र व्यङ्ग्यार्थका पूर्वापर क्रम स्पष्टतः लक्षित गर्न सकिन्छ, त्यो ध्वनि 'संलक्ष्यक्रम व्यंङ्ग्य ध्वनि' हुने गर्दछ । यो ध्वनि कोही समय शब्द शक्तिका माध्यम प्राप्त हुने गर्दछ भने कहिले अर्थका शक्तिले पनि ।


मूलरूपमा संलक्ष्यक्रम व्यङ्ग्य ध्वनिको पनि तीन उपभेदहरू छन् । ती हुन्-

क) शब्द - शक्ति सम्भव ।

ख) अर्थ - शक्ति सम्भव ।

ग) शब्दार्थ - शक्ति सम्भव ।

**ध्वनिको भेद**का आधारमा यसलाई वर्गीकरण गर्दा विशेष रस, वस्तु र अलङ्कार ध्वनि गरी तीन प्रकारले पनि विभक्त आचार्यहरूले गरेका पाउँछौं । ध्वनिको वर्गीकरण जटिल छ। यसका थुप्रै भेदोपभेद गरिएका छन्। सर्वप्रथम यसको अविवक्षितवाच्य र विवक्षितान्यपरवाच्य भन्ने दुई भेद गरी प्रत्येकको पुनः दुई दुई भेद गरिएकरो छ। अविवक्षितवाच्यका दुई भेद अर्न्थान्तरसंक्रमित वाच्य र अन्यन्त रिस्कृतवाच्य भन्ने दुई भेद गरिएका छन् भने विवक्षितान्यपरवाच्यका असंलक्ष्यक्रम र संलक्ष्यक्रम दुई भेद गरिएका छन्। यी दुईमध्ये रसध्वनि असंलक्ष्यक्रममा पर्छ भने वस्तुध्वनि र अलङ्कारध्वनि संलक्ष्यक्रममा पर्छन्। ध्वनिका प्रमुख भेदोपभेदलाई तलको आरेखमा देखाइन्छ-




उपर्यक्त आरेखमा ध्वनिको वर्गीकरण विभिन्न भेद तथा उपभेदमा गरिए तापनि यसमा निम्नलिखित प्रमुख तीन भेदहरूको सोदाहरण चर्चा गरिएको छ-

(1) **रसध्वनि**

रसध्वनिलाई असंलक्ष्यक्रम ध्वनि पनि भनिन्छ। यसमा वाच्यार्थ र व्यङ्ग्यार्थको प्रतीति  अगिपछि नभई सँगसँगै हुन्छ। यसरी प्रतीतिको क्रम

थाहा नभई असंलक्ष्य अर्थात अज्ञात रहन्छ। रसध्वनिको परिभाषा यसप्रकार छ-

काव्यकृतिमा रसको प्रधानता भई वाच्यार्थसँगै ध्वनित हुने व्यङग्यार्थलाई रसध्वनि भनिन्छ, जस्तै -

**यो एकान्त बिहार, यो चहकिलो शृङ्गार, यो चाँदनी**

**यो शैय्या फूलको लताभवन यो, यस्ती प्रिया कामिनी,**

**यो मौका, वय यो, महाप्रणय यो, स्वर्गीय यो कौतुक**

**यो सम्पूर्ण कुरा चटक्क भुल्ने धिक्कार नालायक।**

- लेखनाथ पौडयाल

माथिको उदाहरणमा वाच्यार्थबोधका सँगसँगै विप्रलम्भ शृङ्गार रसको पनि प्रतीति हुने हुँदा यो रसध्वनि हो। यसप्रकारका काव्य रचनामा रसको अभिव्यक्ति नै प्रधान लक्ष्य हुन्छ। यसमा वाच्यार्थबोध र रसबोधको क्रकम अगिपछि नभई सँगसँगै भएको छ।

(2) **वस्तुध्वनि**

वस्तु ध्वनि संलक्ष्यक्रम ध्वनिको एउटा प्रकार हो। संलक्ष्यक्रममा वाच्यार्थको बोध भएपछि व्यङ्ग्यार्थको बोध हुने हुँदा क्रम अगिपछि हुन्छ। वस्तुध्वनिको परिभाषा यसप्रकार छ - काव्यकृतिमा विषयवस्तुको प्रधानता भई वाच्यार्थपछि मूलतः विषयवस्तु ध्वनित हुने व्यङ्ग्यार्थलाई वस्तुध्वनि भनिन्छ । जस्तै –

**मिल्दैन पथिक! नक्कली पथरीलो गाउँमा यहाँ केही**

**बस, मह-गो-रसको धदारा स्वाद लिनामा भए स्नेही।**

- सोमनाथ सिग्देल

माथिको उदाहरणमा पथिकलाई यस गाउँमा नक्कली वस्तु पाइँदैन, मह, गोरस आदि रुचाउँछौ भने बस भन्ने वाच्यार्थ छ भने यहाँ नक्कलझक्कल नभएर महँगो, रस (नारी सुख) मा रुचि भए बस भन्ने भित्री आशयका रूपमा व्यङ्ग्यार्थ रहेको छ। यसरी रस वा अलङ्कार नभएर महँदो रसरूपी यौवन चाख्ने भए बस भन्ने विषयवस्तु नै प्रधान भएकाले यसमा वस्तुध्वनि रहेको छ।

(3) **अलङ्कारध्वनि**

अलङ्कारध्वनि संलक्ष्यक्रम ध्वनिकै अर्को प्रकार हो। यसको परिभाषा यसप्रकार छ – काव्यकृतिमा अलङ्कारको प्रधानता भई वाच्यार्थपछि मूलतः अलङ्कार ध्वनित हुने व्यङ्ग्यार्थलाई अलङ्कारध्वनि भनिन्छ । जस्तै –

**प्रभु भनि हरिलाई भावनामा बसाएँ**

**मन नमन दुवै यी नाथलाई चढाएँ**

**नय विनय दुवै यी छन् उहाँका पियारा**

**भनि हरदम गर्छन् भक्त सारा पुकारा।**

माथिको उदाहरणमा वाच्यार्थबोध भएपछि मन-नमन, नय-विनयमा विरोधालङ्कारगत व्यङ्ग्यार्थ रहेको छ। मुख्यतः अलङ्कार नै प्रधान भएकाले यसमा अलङ्कारध्वनि रहेको देखिन्छ।

## ध्वनि र गुणीभूत व्यङ्ग्य

ध्वनिको प्रधानता हुने क्व्यलाई ध्वनिकाव्य र ध्वनिको प्रधानता नहुने काव्यलाई गुणीभूत व्यङ्ग्यकाव्य भनिन्छ। प्रस्तुत सन्दर्भमा ध्वनि शब्दले ध्वनि वा व्यङ्ग्यार्थको प्रधानता र गुणीभूत व्यङ्ग्य शब्दले त्यसको अप्रधानतालाई बुझाउँछ। यस आधारमा काव्यका दुई मुख्य भेद ध्वनि र गुणीभूत भन्ने गरिएको पाइन्छ। यी दुवैका चर्चा तल गरिएको छ।

### (1) **काव्यश्रेणी तथा ध्वनि वा ध्वनिकाव्य**

माथि प्रस्तुत गरिएको ध्वनिसम्बन्धी सम्पूर्ण चर्चा ध्वनिकै वर्णन भएकाले त्यसलाई पुनरावृत्ति गर्नु युक्तिसङ्गत देखिँदैन। संक्षेपमा ध्वनि भनेको प्रतीयमान अर्थ पनि हो र त्यस्तो अर्थ भएको काव्य पनि हो। यहाँ मुख्यतः ध्वनि र ध्वनिकाव्यका श्रेणीहरूको परिचय दिइएको छ।

ध्वनिको वर्गीकरणसम्बन्धी पूर्व प्रस्तुत आरेखमा ध्वनि तथा ध्वनिकाव्यका भेदहरूको उल्लेख गरिसकिएको छ। आरेखमा प्रस्तुत भेदहरूमध्ये सर्वप्रथम भेद रसध्वनि, वस्तुध्वनि र अलङ्कारध्वनि मान्ने चलन रहेको छ। आनन्दवर्धनले पनि ध्वनि प्रधानता हुने काव्यलाई ध्वनिकाव्य र ध्वनिको प्रधानता नहुने काव्यलाई गुणीभूत व्यङ्ग्यकाव्य तथा वाच्यार्थ मात्र रहने

काव्यलाई चित्रकाव्य (शब्द सौन्दर्ययुक्त र अर्थ सौन्दर्ययुक्त काव्य) भनी काव्यका तीन श्रेणीहरू मानेका छन्।

पछि मम्मटले काव्यश्रेणी निर्धारण गरी ध्वनिकाव्यलाई उत्तम काव्य, गुणीभूत व्यङ्ग्यकाव्यलाई मध्यम काव्य र चित्रकाव्यलाई अधम वा अवर काव्यको संज्ञा दिएका छन्। यसै आधारमा जगन्नाथले पनि काव्यको श्रेणी विभाजन गरेका छन्। उनले ध्वनिकाव्य वा उत्तम काव्यलाई उत्तमोत्तम काव्य, गुणीभूत व्यङ्ग्यकाव्य वा मध्यम काव्यलाई उत्तम काव्य र चित्रकाव्यअन्तर्गत अर्थ सौन्दर्य भएको काव्यलाई मध्य काव्य र शब्द सौन्दर्य भएको काव्यलाई अधम काव्य भनेका छन्। उपर्युक्त प्रकारहरूमध्ये ध्वनिकाव्यलाई उत्तम वा उत्तमोत्तम काव्य मानी त्यसमा पनि रसध्वनि भएको काव्यलाई सर्वोत्तम ठानिन्छ।

ध्वनि भनेको व्यङ्ग्यार्थ प्रधान हुने अभिव्यक्ति हो। ध्वनि वा व्यङ्ग्यार्थ प्रधान रहेको काव्यकृतिलाई ध्वनिकाव्य भनिन्छ। ध्वनिका जति भेद हुन्छन् ध्वनिकाव्यका पनि त्यति नै भेद हुन्छन्।

(2) **गुणीभूत व्यङ्ग्य वा गुणीभूत व्यङ्ग्यकाव्य**

ध्वनि वा व्यङ्ग्यार्थ वाच्यार्थ सरह भएमा वा त्यसभन्दा कम भएमा गुणीभूत व्यङ्ग्य हुन्छ। गुणीभूत व्यङ्ग्यमा ध्वनि प्रधान नभएर गौण रूपमा रहेको हुन्छ। गुणीभूत व्यङ्ग्य निम्नलिखित आठ प्रकारका हुन्छन्-

(1) **इतराङ्ग** – वाक्यार्थमा एउटा रस अर्को रसको अङ्ग भई उपकारक भएमा इतराङ्ग गुणीभूत व्यङ्ग्य हुन्छ, जस्तै

**म तँलाई काट्छु, छ्याक्छ्याक गरी**

**तँ मुला होस् हा हा हा.....**

- कवि मोख

(2) **काक्वाक्षिप्त** – काकु (स्वरको विकार)द्वारा अर्थ उल्टिएमा काक्वाक्षिप्त गुणीभूत व्यङ्ग्य हुन्छ, जस्तै –

**कोइली बासने बेला छ आँप मुजुराउने**

**दोषी प्रिय बने व्यक्त तिनीको मन रुन्न नि।**

- गोविन्दप्रसाद भट्टराई

यसमा तिनको मन रुन्छ भन्ने अर्थ बुझिने हुँदा काक्वाक्षिप्त हो।

(३) **वाच्य सिद्ध्यङ्ग** – वाच्यार्थलाई सिद्ध गर्न आएको व्यङ्ग्यार्थ वाच्य - सिद्ध्यङ्ग हो । यो **गुणीभूत व्यङ्ग्य** हुन्छ, जस्तै –

सङ्केत समयको बुझ्ने आशोन्मुख देखिँदा मित्र

मुकुल बनाई करको आँखा चिम्ली पसिन् भित्र।

- सोमनाथ सिग्देल

(4) **सन्दिग्ध प्राधान्य** – वाच्यार्थ र व्यङ्ग्यार्थमध्ये कुन प्रधान हो भनी सन्देह भएमा सन्दिग्ध प्रधान गुणीभूत व्यङ्ग्य हुन्छ, जस्तै –

**तिनीको बिजुलीको चस्का जस्तो हातले**

**समातिन् भरतको नारीमा बडो चाखले**

**भरतको शरीरमा दौडियो बिजुलीको चस्को**

**तिनी भए झसङ्ग बिउँझे उनीका अङ्ग-प्रत्यङ्ग।**

- गोविन्दप्रसाद भट्टराई

(5) **तुल्यप्राधान्य** – वाच्यार्थ र व्यङ्ग्यार्थ बराबर वा समान रूपले प्रधान भएमा तुल्यप्राधान गुणीभूत व्यङ्ग्य हुन्छ, जस्तै –

**नेपाली कविता समुद्रलहरी उर्लिरहेका छन्**

**नानाख्यानक काव्यनाटक सुधा दिन्छन् सधैँ जीवन**

**यो खल्लो जलकूपकतो कुन – कहाँ होला चाहा तैपनि**

**बाटो मात्र बथानि बस्छ बटुवा तिर्खाउला की भनी।**

- गोविन्दप्रसाद भट्टराई

(6) **अस्फुट** – काव्य मर्मज्ञद्वारा परनि नबुझिने व्यङग्यार्थ भएमा अस्फुट गुणीभूत व्यङ्ग्य हुन्छ, जस्तै –

**भूभागमा बढिरहेछ सरस्वतीको, प्रत्यक्ष गुप्त पनि धार थरी-थरीको**

**जेहोस् प्रकाशपथमा रस धेरथोर, सामान्य लोकमतको यसमा छ जोर।**

- सोमनाथ सिग्देल

(7) **अगूढ** – जोसुकैले बुझ्ने खालको व्यङ्ग्यार्थ एभमा अगूढ गुणीभूत व्यङ्ग्य हुन्छ, जस्तै

**एक ता महिला बोली भारी साहित्यले भरी**

**हुँदा सुगन्ध के होला सुनमा यसरी सरी।**

- देवीद्त पराजुली

(४) **असुन्दर व्यङ्ग्य** – वाच्यार्थका तुलनामा व्यङ्ग्यार्थ कम चमत्कारी भएमा असुन्दर गुणीभूत हुन्छ, जस्तै –

**नाना कवीन्द्रहरूको विमलप्रकाश**

**पारीरहेछ सुकिलो भुवनावकाश**

**तारासमूह पनि गुम्म भईरहेछ**

**ज्योतिष्मती जुनकिरी कसरी हुनेछ।**

**-सोमनाथ सिग्देल**

## 7.5 उपसंहार

संस्कृत काव्यशास्त्रमा ध्वनि - सिद्धान्त एक महत्वपूर्ण सिद्धान्तको रूपमा प्रतिष्ठित रहेको देखिन्छ । 'ध्वनि' शब्दको निष्पत्ति 'ध्वन' धातुमा 'इ' प्रत्ययको संयोगबाट भएको हो । ध्वनि शब्दको सामान्य अर्थ कानमा सुनाई पर्ने नाद या आवाजलाई पनि मानिन्छ । आनन्दवर्धनले ध्वनिको परिभाषा दिँदै यसो भनेका छन् :- "जुन रचनामा वाचक विशेष र वाच्य विशेष आफ्नो अभिधेय अर्थलाई गौण बनाएर काव्यार्थ (व्यंग्यार्थ) व्यक्त गर्दछ , त्यसलाई 'ध्वनि' भनिन्छ । ध्वनिको व्युपत्ति मूलक परिभाषाहरू यस प्रकार रहका छन् हो :-

११. **व्यञ्जक ध्वनि:-** "ध्वनति ध्वनयति वा य:स: व्यंजक:शब्द: ध्वनि:।"

अर्थात् ध्वनित हुने व्यञ्जक शब्द ध्वनि हो ।

१२. **व्यञ्जक अर्थ:-** "ध्वनति ध्वनयति व य:स: व्यंजक:अर्थ: ध्वनि:।"

अर्थात् त्यो व्यञ्जक अर्थ ध्वनि हो, जो अन्य अर्थहरूलाई ध्वनित गर्दछ वा हुँदछ ।

१३. **व्यङ्ग्यार्थ:-** "ध्वन्यते इति ध्वनि:।"

अर्थात् जो ध्वनित हुन्छ, त्यसलाई ध्वनि भनिन्छ ।

१४. **व्यञ्जना व्यापार:-** "ध्वन्यते अनेन इति ध्वनि:।"

अर्थात् जसकोद्वारा ध्वनित गरिन्छ, त्यो ध्वनि हो ।

१५. **व्यञ्जना प्रधान काव्य:-** "ध्वन्यते अस्मिन् इति ध्वनि:।"

अर्थात् जुन काव्यमा रस, अलङ्कार एवम् वस्तु ध्वनित हुने गर्दछ, त्यो काव्य ध्वनि काव्य हो ।

यस प्रकार व्युपत्तिमूलक अर्थमा व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यङ्ग्यार्थ, व्यञ्जना व्यापर, व्यञ्जना प्रधान काव्य सबैमा ध्वनिको विस्तार पाइने गरिन्छ । आचार्य **मम्मट** को विचारअनुसार ध्वनि भनेको त्यो हो, जहाँ व्यंग्यार्थ वाच्यार्थको अपेक्षा अतिशय उत्तम अर्थात् चमत्कारपूर्ण हुने गर्दछ , त्यसैलाई विद्वानहरूले ध्वनि भनेका छन् ।

ध्वनि काव्यको त्यो बस्तु हो जसमा ,शब्दहरूबाट निकलिएको अर्थका अपेक्षा वाच्य प्रधान हुने गर्दछन् । यसरी नै गुणीभूत व्यङ्ग्य काव्य भनेको त्यो काव्य होजसमा व्यङ्ग्यको अपेक्षा लुकेको अभिप्राय बिना नै व्यङ्ग्य , चमत्कार भइ अर्थ बोध हुँदछन् । ध्वनिवादी आचार्य आनन्दवर्धनले काव्यको मुख्य स्वरूप ध्वनि हो भन्ने अवधारणा ल्याएका छन् । ध्वनि भनेको

काव्यको अन्तरङ्ग वा आत्मगत तत्त्व हो र यिनले यही आत्मगत तत्त्वलाई बढी प्रमुखता दिए तापनि शब्द र अर्थको उपेक्षा गरेका छैनन् ।

आनन्दवर्द्धनले पूर्व चर्चित ध्वनि सिद्धान्तलाई लिपिबद्ध गरी ध्वनि विरोधी मतहरूको उल्लेख र खण्डनका साथ ध्वनिवादका रूपमा त्यसको स्थापना समेत गरे । आनन्दवर्द्धन ले ध्वनिको स्वरूप निर्धारण गर्दै यसलाई नै काव्यको आत्मा मानेका छन् । उनले जब शब्दले स्वयम् आफ्नो अर्थलाई गौण गरी विशेष अर्थ व्यक्त गर्दछ त्यस्तो प्रतीयमान अर्थ नै ध्वनि हो भनेका छन् ।

## 7.6 सार

यस प्रखण्डमा **काव्यमा ध्वनिको स्थान, उपयोगिता र महत्व, ध्वनिका भेद - उपभेदहरू**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

❖ संस्कृत काव्यशास्त्रमा ध्वनि - सिद्धान्त एक महत्वपूर्ण सिद्धान्तको रूपमा प्रतिष्ठित रहेको देखिन्छ ।

❖ 'ध्वनि' शब्दको निष्पत्ति 'ध्वन' धातुमा 'इ' प्रत्ययको संयोगबाट भएको हो । ध्वनि शब्दको सामान्य अर्थ कानमा सुनाई पर्ने नाद या आवाजलाई पनि मानिन्छ ।

❖ जुन रचनामा वाचक विशेष र वाच्य विशेष आफ्नो अभिधेय अर्थलाई गौण बनाएर काव्यार्थ (व्यंग्यार्थ) व्यक्त गर्दछ , त्यसलाई 'ध्वनि' भनिन्छ ।

❖ ध्वनिको व्युपत्तिमूलक अर्थहरूमा **व्यञ्जक ध्वनि:-** "ध्वनति ध्वनयति वा य:स: व्यंजक:शब्द: ध्वनि:। अर्थात् ध्वनित हुने व्यञ्जक शब्द ध्वनि हो

। **व्यञ्जक अर्थ:-** "ध्वनति ध्वनयति व य:स: व्यंजक:अर्थ: ध्वनि:। अर्थात् त्यो व्यञ्जक अर्थ ध्वनि हो, जो अन्य अर्थहरूलाई ध्वनित गर्दछ वा हुँदछ ।

❖ **व्यङ्ग्यार्थ:-** "ध्वन्यते इति ध्वनि:।" अर्थात् जो ध्वनित हुन्छ, त्यसलाई ध्वनि भनिन्छ । **व्यञ्जना व्यापार:-** "ध्वन्यते अनेन इति ध्वनि:।" अर्थात् जसकोद्वारा ध्वनित गरिन्छ, त्यो ध्वनि हो ।

❖ **व्यञ्जना प्रधान काव्य:-** "ध्वन्यते अस्मिन् इति ध्वनि:।" अर्थात् जुन काव्यमा रस, अलङ्कार एवम् वस्तु ध्वनित हुने गर्दछ, त्यो काव्य ध्वनि काव्य हो ।

❖ व्युपत्तिमूलक अर्थअनुसरा व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यङ्ग्यार्थ, व्यञ्जना व्यापर, व्यञ्जना प्रधान काव्य ध्वनि ध्वनि हो ।

❖ आचार्य **मम्मट** को विचारअनुसार ध्वनि भनेको त्यो हो, जहाँ व्यंग्यार्थ वाच्यार्थको अपेक्षा अतिशय उत्तम अर्थात् चमत्कारपूर्ण हुने गर्दछ , त्यसैलाई विद्वानहरूले ध्वनि भनेका छन् ।

❖ ध्वनि काव्यको त्यो बस्तु हो जसमा ,शब्दहरूबाट निकलिएको अर्थका अपेक्षा वाच्य प्रधान हुने गर्दछन् ।

❖ ध्वनिवादी आचार्य आनन्दवर्धनले काव्यको मुख्य स्वरूप ध्वनि हो भन्ने अवधारणा ल्याएका छन् ।

❖ ध्वनि भनेको काव्यको अन्तरङ्ग वा आत्मगत तत्त्व हो र यिनले यही आत्मगत तत्त्वलाई बढी प्रमुखता दिए तापनि शब्द र अर्थको उपेक्षा गरेका छैनन् ।

- आनन्दवर्द्धनले पूर्व चर्चित ध्वनि सिद्धान्तलाई लिपिबद्ध गरी ध्वनि विरोधी मतहरूको उल्लेख र खण्डनका साथ ध्वनिवादका रूपमा त्यसको स्थापना समेत गरे ।
- आनन्दवर्द्धन ले ध्वनिको स्वरूप निर्धारण गर्दै यसलाई नै काव्यको आत्मा मानेका छन् । उनले जब शब्दले स्वयम् आफ्नो अर्थलाई गौण गरी विशेष अर्थ व्यक्त गर्दछ त्यस्तो प्रतीयमान अर्थ नै ध्वनि हो भनेका छन् ।
- ध्वनिको दुई भेदहरू छन् । ती हुन् - अविवक्षित वाच्य ध्वनि अथवा लक्षणामूला ध्वनि र विवक्षितान्यपर वाच्य ध्वनि अथवा अभिधामूला ध्वनि।
- जब कुनै कथनमा वाच्यार्थ कथ्य या विवक्षित हुँदैनन् , त्यहाँ **अविवक्षित वाच्य ध्वनि** हुने गर्दछ । यसै ध्वनिलाई लक्षणा मूला ध्वनि पनि भनिने गरिन्छ । किनकि यस ध्वनिको मूलमा लक्षणा शक्ति रहेको हुन्छ ।
- जहाँ व्यंग्यार्थको पूर्व मुख्यार्थ विद्यमान रहने गर्दछ अर्थात् मुख्यार्थ बाध हुने गर्दैनन् , त्यस ध्वनिलाई **विवक्षितान्यपर वाच्य ध्वनि अथवा अभिधामूला ध्वनि** भनिन्छ । जुन ध्वनिलाई लक्ष्यार्थ ग्रहणको आवश्यकता पर्दछ, त्यहाँ 'विवक्षितान्यपर वाच्य ध्वनि अथवा अभिधामूला ध्वनि' हुने गर्दछ ।

यस प्रखण्डको अध्ययनले **काव्यमा ध्वनिको स्थान, उपयोगिता र महत्व, ध्वनिका भेद - उपभेदहरू**बारे बुनियाँदी जानकारी प्राप्त भयो । ध्वनि र यसको

काव्यमा स्थान, उपयोगिता, महत्व साथै भेदहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 7.7 अनुशीलनी

१. ध्वनिको विभिद घटकहरूबारे चर्चा गर्दै यसको सिद्धान्तबारे सविस्तार चिनाउनुहोस् ।

२. ध्वनिको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषालाई केलाउनुहोस् ।

३. काव्यमा ध्वनिको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

४. ध्वनिको स्थान काव्यमा के कस्तो रहेको पाइन्छ ? विश्लेषण गर्नुहोस् ।

५. काव्य र ध्वनि माझ के - कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. नेपाली काव्यमा ध्लनिको उपयोगिता र महत्व कतिसम्म रहेको देखिन्छ ? चर्चा गर्नुहोस्।

७. काव्यमा ध्वनिको उपयोगिता विशेष रूपमा रहेको हुन्छ भन्दै यसबारे एउटा टिप्पणी लेख्नुहोस् ।

८. ध्वनिको भेद र उपभेदहरूबारे गतिलो लेख तयार गर्नुहोस् ।

९. काव्यमा ध्वनिको मुख्य विशेषताबारे लेख लयार पार्नुहोस् ।

१० अविवक्षित वाच्य ध्वनि अथवा लक्षणामूला ध्वनि र विवक्षितान्यपर वाच्य ध्वनि अथवा अभिधामूला ध्वनिबारे आफ्नो मनतव्य प्रस्तुत गर्नुहोस् ।

## 7.8 अतिरिक्त अध्ययन

७०.सिग्देल, सोमनाथ – **साहित्य प्रदीप ।**

७१.उपाध्याय, डा. केशवप्रसाद – **साहित्य प्रकाश ।**

७२. अधिकारी, हेमाङ्ग – **पूर्वीय समालोचना - सिद्धान्त ।**

७३. हिमांशु, राजुप्रधान - **साहित्य परिचय ।**

७४. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त ।**

७५. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास ।**

७६.गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श ।**

७७. न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रूपरेखा ।**

७८. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना ।**

७९.बदरीनाथ भट्टराई – **संस्कृत साहित्यको सिंहालोकन ।**

८०.गोविन्दप्रसाद शर्मा ढुङ्गेल – **छन्दोहार ।**

८१.हेमाङ्ग अधिकारी – **पूर्वीय समालोचना - सिद्धान्त ।**

८२.सरोजिनी मिश्रा – **साहित्य शास्त्र के सिद्धान्त ।**

८३.राजुप्रधान हिमांशु- **साहित्य परिचय ।**

८४.गोविन्दप्रसाद भट्टराई – **पूर्वीय साहित्य - सिद्धान्त ।**

८५. अभि सुवेदी – **पाश्चात्य काव्य - सिद्धान्त ।**

**८६.** ईश्वरकुमार श्रेष्ठ – **पूर्वीय एवम् पाश्यात्य साहित्य - समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली ।**

यस अतिरिक्त काव्यमा ध्वनिको स्थान, उपयोगिता र महत्व, ध्वनिका भेद - उपभेदहरूबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 7.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२६. ध्वनिको सामान्य परिचय ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ७.२ खण्डमा परिचय खण्जमा उत्तर खोज्न सक्नेछन् )**

२७. काव्यमा ध्वनिको स्थान ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ७.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२८.काव्यमा ध्वनिको उपयोगिता र महत्व ।

.................................................................................

.......

.................................................................................

.......

.................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ७.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२९.ध्वनिको भेद - उपभेदहरू ।

.................................................................................

.......

.................................................................................

.......

.................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ७.५ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

३०. अविवक्षित वाच्य ध्वनि र विवक्षितान्यपर वाच्य ध्वनि ।

..............................................................................................

.......

..............................................................................................

.......

..............................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ७.५ अन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**